CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुरको नवदुर्गा गण

The Navadurgā Gana of Bhaktapur

पुरुषोत्तमलोचन श्रेष्ठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुरको नवदुर्गगिण



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुरको नवदुर्गा गण

(The Navadurgã Gana of Bhaktapur)

श्रेष्ठदेश गुरु विद्यानाथ बज्रा
सप्रेम
पुरुषोत्तम

लेखक

पुरुषोत्तमलोचन श्रेष्ठ

प्रकाशक

बबिता श्रेष्ठ

भक्तपुर, वि.सं. २०६०

फोन ६६१०६९३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक
बबिता श्रेष्ठ
भक्तपुर

सर्वाधिकार © पुरुषोत्तमलोचन श्रेष्ठ

प्रथम संस्करण वि.सं. २०६०
प्रति : ९९९

मूल्य ने.रु. ५९९/-
US $ 20
संस्थागत मूल्य रु. ९९९।-

आवरण : ईश्वर पलिखेल, नेपालहोस्ट
आवरण तस्वीर : सूर्यप्रसाद श्रेष्ठ
कम्प्युटर टाइप सेटिङ्ग : नेपालहोस्ट प्रा.लि., भक्तपुर (फोन - ६६१४७००)
मुद्रण : यूसेप नेपाल, सानोठिमी, भक्तपुर (फोन - ६६३०३८८)

ISBN 99933-34-40-5
9 789993 334408

आवरण

अग्रभाग :- *थंथु राजकुलको सिद्धिचुक - भक्तपुर राजदरबार परिसरमा 'ङा लाकिगु' नाच प्रस्तुतीकरणको क्रममा नृत्यरत् श्वेत-भैरव, प्रतीक अर्थ : यन्त्राकार मूलनगर बस्ती + नवदुर्गा गण + नवदुर्गामय - जनजीवन = देश-बस्ती, देउता र मानिस एउटै ताल चाल र लयमा चलेका छन् ।*

पार्श्वभाग :- *नवदुर्गा गणको जीवन र मृत्युको मूलश्रोत तलेजु भवानीको मन्दिरमय, भक्तपुर राजदरबार प्रवेश गर्ने स्वर्णद्वार + अभिमत*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं. २०४४ साल, कोजागत पूर्णिमादेखि भक्तपुरमाणीको दर्शनपूजन गर्दै राजकीय परम्पराको झल्ली जरेर भक्तपुरको सांस्कृतिक गरिमा बढाउने स्व.राजा वीरेन्द्र र विजय राणी परिवारको स्मृतिमा समर्पित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक
अमिता श्रेष्ठ
भक्तपुर

सर्वाधिकार © एस्पोजिलोवन श्रेष्ठ

प्रथम संस्करण वि.सं. २०६०
प्रति : १६१

मूल्य रु. [illegible]
रु.डा. 20
नेपाली मुद्रा रु. १२६-

आवरण [illegible], नेपालगञ्ज
आवरण सज्जा [illegible]
कम्प्युटर टाइप सेटिङ नेपालगञ्ज प्रा.लि., भक्तपुर (फोन - ६६१४७००)
मुद्रण [illegible], भक्तपुर (फोन - ६६२०३८८)

ISBN [illegible]
9789993334408

आवरण

[illegible] :- थंबु राजकुलको [illegible] राजदरबार परिसरमा 'ज्ञा लाकिगु' नाच [illegible]करणको क्रमका [illegible] राजदरबार मूलनगर बस्ती + नवदुर्गा गण + [illegible] - जनजीवन - [illegible] र लयमा चलेका छन् ।

[illegible] - नवदुर्गा गणको [illegible] थंबु भवानीको मन्दिरमय, भक्तपुर राजदरबार [illegible] + अभिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं.२०४५ साल, कोजाग्रत पूर्णिमादेखि नवदुर्गाभवानीको दर्शनपूजन गर्ने राजकीय परम्पराको थालनी गरेर भक्तपुरको सांस्कृतिक गरिमा बढाउने स्व.राजा वीरेन्द्र एवं दिवंगत शाही परिवारको स्मृतिमा समर्पित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टेलिफोन नं. { २२८१८७
२२८७९६
पयाबस नं. ००९७७-१-२४०१८७

पत्र संख्याः–

श्री ५ महाराजाधिराजको
निजी सचिवालय

राजदरबार,
काठमाडौं, नेपाल ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर बिक्रम शाहदेव सरकारबाट "भक्तपुरको नवदुर्गा गण" नामक पुस्तकका निमित्त बक्सेको शुभकामना सन्देश

परम्परादेखि प्रचलित धर्म तथा संस्कृति हाम्रो गौरवशाली सम्पदा हो र यसको संरक्षण, सम्बर्द्धन र प्रचार गर्नु हामी सबैको कर्तव्य हो । यस परिप्रेक्ष्यमा उपप्राध्यापक डा. पुरुषोत्तम लोचन श्रेष्ठद्वारा तयार पारिएको "भक्तपुरको नवदुर्गा गण" नामक पुस्तक प्रकाशित हुन लागेको थाहा पाउँदा हामीलाई खुशी लागेको छ । यस पुस्तकको प्रकाशनले नवदुर्गा गणको परिचय र महत्व जनमानसमा फैलन गई यी धार्मिक धरोहरहरुको संरक्षण एवम् सम्बर्द्धनमा समेत सहयोग पुग्न सकोस् - यही हाम्रो शुभकामना छ ।

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

मलाई लाग्छ- हाम्रो नेपाल पूर्वकालदेखि नै प्राकृतिक तथा मानव निर्मित मूर्त एवं अमूर्त सांस्कृतिक सम्पदाले सम्पन्न सुन्दर राष्ट्र रहँदै आएको यथार्थतालाई पुष्टि गर्ने एउटा उत्कृष्ट उदाहरण भक्तपुरको प्रसिद्ध नवदुर्गा गण पनि हो । प्रकृति र संस्कृतिको एउटा अनुपम मेल यहाँ नवदुर्गा गणको प्रसङ्गमा पनि मिल्छ । बस्तीको भू-बनौट यन्त्राकार आकृतिमा सांस्कृतिकीकरण भएर जन्मदेखि मृत्युसम्मका संस्कार, शान्ति सुव्यवस्था आदि यावत् कुरा 'नवदुर्गामय' रूपमा विकसित एवं सर्वाधिक लोकप्रिय रहँदै आएको आदि तथ्यले पनि उपरोक्त कुराको जीवन्त उदाहरण प्रस्तुत गरिरहेकै छ । निःसन्देह यस एउटै गणका क्रियाकलाप एवं नाचमा सिङ्गो मध्यकालिक समाज, संस्कृति, लौकिक जीवनशैली, सुरक्षा व्यवस्था, संस्कार, लोक व्यवहार र चलन आदि अनेक कुराको जीवन्त छनकले यहाँ *अतीत* सजीव ढंगले वर्तमानमा पनि अस्तित्ववान् रहेको यथार्थ अनुभूति भएको छ । मेरो विचारमा हामीले 'म' को नितान्त व्यक्तिवादी धारणा र व्यवहारलाई त्यागेर, नवदुर्गा गण झैं शक्तिशाली संयुक्त परिवारबाट सिकेर 'हामी' बनी मिलेर अहिलेको कठिन चुनौतीपूर्ण परिवेशमा पनि पुनः नयाँ स्वर्णीमयुगलाई ल्याउन सक्छौं । किनकि सबैलाई थाहा भएकै कुरा हो - 'म' सधैं एक्लो र निसहाय हुन्छ, 'हामी' चाहिँ जस्तोसुकै संकटपूर्ण अवस्थामा पनि कत्ति पनि विचलित नभएर नवदुर्गा गण झैं एकीकृत शक्ति हुँदा जे पनि सम्भव छ । देश सपार्न र लोकहितका उपाय जान्न अरुको मुख ताक्नुपर्दैन । लोकको रक्षा गर्दै आएका हाम्रै नवदुर्गा गणलाई हेरेर देश र जनताको हित हुने कुरामा एउटै लोकसम्मत विचार राखी संयुक्त शक्तिका रूपमा अघि बढ्न सकेको खण्डमा सर्वत्र श्रीवृद्धि हुने कुरामा कसैको विमति नहोला ।

अनि अहिले भक्तपुरको जीवित नवदुर्गा गण देश र जनताको रक्षा गर्न, समृद्धि प्रदान गर्न, संकटमोचन गर्न त्यसरी एकीकृत शक्तिका रूपमा लोकजीवनमा पुनः प्रकट भइसकेको बडादशैंको यस पुनीत अवसरमा पुरुषोत्तमलोचन श्रेष्ठद्वारा लिखित प्रस्तुत ग्रन्थ **भक्तपुरको नवदुर्गा गण** इतिहासकै एक विद्यार्थी भएको कारणले पनि प्रकाशित गर्न पाउँदा मलाई अत्यन्त हर्ष र गर्वको आभास भएको छ । प्रकाशनको सुअवसर प्रदान गर्नुहुने विद्वान् लेखकप्रति म कृतज्ञ छु । त्यसैगरी प्रस्तुत ग्रन्थको निर्माणदेखि प्रकाशनसम्मका काममा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबैलाई म धन्यवाद दिन चाहन्छु ।

हालसम्म यस विषयमा स्वदेशी र विदेशी विद्वानहरूद्वारा एकाध लेख प्रकाशित भएको भए तापनि सबै पक्ष समेटेर ज्यादै मिहिनेत गरी लेखिएको पहिलो प्रामाणिक ग्रन्थ यही नै हो जस्तो मलाई लाग्छ । अन्तमा आशा छ, गरिमामय राष्ट्रिय संस्कृतिको जगेर्ना गर्दै लैजाने पुनीत कार्यमा यो ग्रन्थ पनि एक उपलब्धिपूर्ण - अंशको रूपमा सबैद्वारा स्वागत हुनेछ ।

धन्यवाद ।

कोजाग्रत पूर्णिमा, २०५९

बबिता श्रेष्ठ

भक्तपुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तावना

भक्तपुरको *नवदुर्गा गण*का बारेमा यथाशक्य शोधखोज गरी यस विषयको इतिहास, धर्म-संस्कृतिलाई प्रकाशमा ल्याउनु यस अन्वेषणको मूल प्रयोजन हो । त्यसैगरी लोप हुने अवस्थातर्फ बिस्तारै ओन्हालो लाग्न थालिसकेका राष्ट्रिय महत्वका स्थानीय इतिहास र संस्कृतिको जगेर्नाका लागि यस किसिमको अन्वेषण पनि आवश्यक छ भन्ने अभिप्रायले प्रस्तुत ग्रन्थ प्रकाशमा ल्याउनु परेको हो ।

सूक्ष्मरूपले यस नाचसित सम्बद्ध समूहबाट प्राप्त जानकारी, नाचको अध्ययन, अवलोकन एवं नवदुर्गा गण-अधीनस्थ वा प्रस्तुतीकरणका स्थान/इलाका (टोल, देश, नगर, प्रदेश) आदिको स्थलगत सर्वेक्षण, नेवार-सामाजिक-सांस्कृतिक जीवनका अनेक पक्षसित सिंगो जीवनचक्रले युक्त नवदुर्गा गणको तुलनात्मक अध्ययन-अवलोकन, सम्बद्ध स्थानविशेषका सर्वसाधारणबाट प्राप्त जानकारी, विशेषगरी नेपाल-उपत्यकाकामा प्रचलित अन्य गणनाचहरूसित तुलनात्मक अध्ययन आदि तथा यस विषयका अन्य मूल श्रोत सामग्री आदिको उपयोग यस ग्रन्थमा भएको छ ।

नवदुर्गानाच लगायत अन्य गणनाच सम्बद्ध विषयका रोचक पौराणिक कथाको अध्ययन मात्र नभएर मध्यकालीन टोल, नगर, प्रदेश आदिको भू-राजनैतिक, प्रशासनिक स्वरूपको अध्ययन पनि हो । मध्यकालीन नेवार-समाज र संस्कृतिका विविध पक्षको अध्ययन पनि हो । एउटै नवदुर्गा गण नाचको अवलोकनमा अहिले पनि सिङ्गो मध्यकालीन भक्तपुरको इतिहास, तान्त्रिक धर्म, लौकिक जीवनमा चलेका अनेक मान्यता एवं विधि व्यवहार, रहनसहन/खानापाना, मनोरञ्जन, नवदुर्गा गण-अधीनस्थ मूलनगरबस्ती एवं प्रदेशहरूको सीमारेखा एवं सुरक्षात्मक - वास्तुतन्त्रविधि, मूलमार्ग, उपमार्ग र प्रदक्षिणापथ, सांस्कृतिक मूलथलोको मान्यता आदि यावत कुराहरू सजीवरूपले हाम्रो सामुन्ने प्रस्तुत हुन आइपुग्छन्; नगरको तान्त्रिक बनौट र स्वरूपदेखि लिएर यसभित्रका टोल इलाका अनि त्यहाँ भित्रका सर्वसाधारणका जन्मदेखि मृत्युसम्मनका संस्कार पनि 'नवदुर्गामय' छ भन्ने मेरो अभिमत रहेको छ ।

भक्तपुरको मध्यकालीन संस्कृतिको ऐनासदृशः नवदुर्गानाच/*नवदुर्गा गण*का बारेमा पहिलो अन्वेषण आजभन्दा पन्ध्र वर्षअघि विद्यावारिधिको प्रयोजनका निमित्त गरेको थिएँ । यस सम्बन्धी फाट्टफुट्ट लेख आदि प्रकाशमा आए तापनि एउटा पृथक ग्रन्थ आवश्यक छ भन्ने कुराको आभास त्यसैबेलादेखि भएको थियो । संयोगवश मनको कुराले एघार वर्षपछि मूर्तरूप लियो - २०५५ सालमा विश्वविद्यालय अनुदान आयोगबाट यस विषयमा अनुसन्धान गर्ने अवसर पाएँ । अनि अरू काम छोडेर नवदुर्गा गणको अन्वेषण गर्नतिर लागें । अध्ययनकै क्रममा अनेक व्यवधान आए, गए । तर तीमध्ये बिर्सिनसक्नु एउटा घटना के भयो भने प्रस्तुत विषयको झण्डै ५० पृष्ठ जतिको ऐतिहासिक पक्ष लेखिसकेपछि यसलाई एउटा कालो ब्यागमा राखी सुझाव एवं प्रतिक्रियाका लागि आफ्ना गुरू प्रा.डा. तुलसीराम वैद्यकहाँ देखाउन उहाँको घर त्रिपुरेश्वर गएको थिएँ । तर त्यहाँबाट फर्कंदा बाटैमा मोटरसाइकलको पछाडि क्यारियरमा च्यापेर ल्याएको सो ब्याग कतै खसेर हराएछ । त्यतिबेला यस्तो प्रतीत भयो मानौं ममाथि संसार खसेको छ; अनगिन्ती दिनरातको मिहिनेतले तयार पारेको सो मूल कृति त्यसरी अचानक हराएको मारले मर्माहत् भएको म आफ्नो कृति पुनः पाउने मृगतृष्णामा कैयौं दिन मान्छेको भीड र मभित्रै 'कालो ब्याग' को झझल्को लिएर हराउन पुगेछु । किनकि म हुस्सु । मसित त्यसको अर्को प्रति थिएन । रेडियो,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
पत्रपत्रिकामा हराएको सूचना पनि फुक्न, छाप्न लगाएँ, तर कुनै पत्तो लागेन । धेरै दिनसम्म मन रोइरह्यो ...अनि आफ्नो परिवार र साथीभाइहरूले ढाडस दिएर हिम्मत बढाइदिँदा नवदुर्गाभवानीलाई स्मरण गर्दै पहिलेको भन्दा पनि अझ बढ्ता गहिरिएर लेख्ने अठोट लिएर लेख्न बसें । नवदुर्गा गणको वर्षक्रियालाई पनि तीनपल्टसम्म दोहोराएर (तीन वर्षसम्म) अध्ययन गरें । फलस्वरूप अहिले यो ग्रन्थ जन्मिएको छ ।

अन्त्यमा, अध्ययन अनुसन्धान एउटा अन्त्यहीन यात्रा हो; यसकारण प्रस्तुत अन्वेषण कार्य पनि यस विषयको एउटा पृथक् ग्रन्थको अभाव पूर्तिका लागि भएको एउटा सानो प्रयास मात्र हो; नवदुर्गाप्रति आस्था, श्रद्धा र भक्ति राख्ने सर्वसाधारणका लागि मात्र नभएर प्रस्तुत विषयका विविध पक्षमा अध्ययन अनुसन्धान गर्ने विद्वत वर्गका लागि पनि यो ग्रन्थ उपयोगी हुनेछ भन्ने मलाई आशा छ । कहीं कतै गल्ती भएको रहेछ भने त्यसको जिम्मेवार म स्वयं छु । सुधार वा संशोधन पछिल्ला संस्करणमा गर्दै लाने प्रण गर्दै निष्पक्ष मूल्याङ्कनको अपेक्षा राख्दछु ।

पुरूषोत्तमलोचन श्रेष्ठ
दशैं, २०५९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृतज्ञताज्ञापन

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारबाट *"भक्तपुरको नवदुर्गा गण"* नामक यस ग्रन्थका लागि शुभकामना सन्देश निगाह बक्स भएकोमा मौसूफ सरकारप्रति सभक्ति कृतज्ञता बिन्ति चढाउँदछु ।

वि.सं.२०४५ साल, कोजाग्रत पूर्णिमाका दिन स्व. राजा वीरेन्द्रले भक्तपुरको ग:छें टोलस्थित नवदुर्गा देवगृह सवारी भई नवदुर्गाभवानीको दर्शन-पूजन गरेर एउटा नयाँ सांस्कृतिक परम्पराको थालनी गरेपछि प्रत्यक्षदर्शी यस लेखकका मनमा त्यसैबेलादेखि यस विषयमा एउटा छुट्टै ग्रन्थ लेख्ने प्रेरणा मिलेको हो । यसो हुँदा प्रस्तुत कृति स्व. राजा वीरेन्द्र एवं दिवंगत शाही - परिवारप्रति श्रद्धा सुमन समर्पित गर्दछु ।

प्रस्तुत विषयक लघु अनुसन्धान परियोजना स्वीकृत गरी, अन्वेषण गर्न उत्प्रेरित गरी प्रकाशन स्वीकृति समेत प्रदान गरेकोमा **विश्वविद्यालय अनुदान आयोग**प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यस ग्रन्थ लेख्ने कार्यमा मलाई उत्साह र प्रेरणा प्रदान गर्नुहुने नित्यानन्द इन्स्टिच्यूट, पोर्टल्याण्ड,ओरेगन, अमेरिकाका स्वामी श्री चेतनानन्दज्यू प्रति आभारी छु । साथै मेरा गुरुहरू - त्रि.वि. इतिहास केन्द्रीय विभागका प्रमुख प्रा.डा. तुलसीराम वैद्य एवं त्रि.वि. संस्कृति केन्द्रीय विभागका प्रमुख प्रा.डा. मुकुन्दराज अर्यालज्यूहरूले ध्यान दिई आद्योपान्त पढि दिनु भएर यस सर्वेक्षणको निष्पक्ष मूल्याङ्कनसहित उपयुक्त सुझाव दिनुभएकोले; संशोधन गर्ने अवसर समेत पाएकोमा उहाँहरूप्रति म कृतज्ञ छु । यसैगरी त्रि.वि. इतिहास केन्द्रीय विभागका मेरा गुरु एवं मित्र सह-प्राध्यापक डा. भद्ररत्न वज्राचार्यज्यूबाट तान्त्रिक बौद्ध धर्म संस्कृतिका बारेमा प्राप्त जानकारी पनि अन्वेषणको क्रममा काम आएको छ । यसको निमित्त म उहाँप्रति कृतज्ञ छु ।

प्रस्तुत ग्रन्थलाई अझ बढ्ता उपयोगी बनाउन बेलाबखतमा उपयुक्त सुझाव आदि सहित श्रोत सामग्रीसमेत दिनुभएर सहयोग गर्नुहुने विद्वान् श्री हरिराम जोशीज्यूप्रति आभार प्रकट गर्दछु । त्यसैगरी नेपालभाषा एकेडेमीका सदस्य-सचिव श्री इन्द्र मालीज्यूले सुनाउनु भएको गथु जातिको लोकवादका लागि उहाँप्रति पनि धन्यवाद ज्ञापन गर्दछु ।

विद्वतपूर्ण त्याग र सहृदयता संयोगवश र दुर्लभैले मात्र प्राप्त हुने कुरो रहेछ । जुनबेला म यस विषयमा कलम चलाउँदै थिएँ, त्यसबखत (यसै विषयमा) दिवंगत श्रद्धेय विद्वान् श्री तीर्थलाल न:घ:भनीज्यू पनि अन्वेषणमा लाग्नु भएको तर यसरी मैले पनि लेखिरहेको छु भन्ने कुरा थाहा पाउनु भएपछि मेरो ग्रन्थ प्रकाशमा आएपछि मात्र आफ्नो अन्वेषण अघि बढाउने सोच राख्नु भएको थियो भन्ने कुरा मलाई मेरा मित्र योगेशराजबाट थाहा हुन आयो । सो कुरा थाहा पाउँदाको समयसम्मन् उहाँ सिकिस्त बिरामी भइसक्नुभएको थियो । अनि बिरामी हेर्न र सम्बद्ध विषयमा नयाँ कुरा सिक्न, जान्नका लागि म र मेरा मित्रद्वय विनोदराज शर्मा र योगेशराज मिली उहाँलाई भेट्न जाने दिन पनि निश्चित गर्‍यौं । तर दु:खको कुरो, त्यो दिन आएन । अहिले यस क्षणमा दिवंगत विद्वान श्री तीर्थलाल न:घ:भनीज्यूलाई स्मरण गर्दै उहाँको नयाँ पुस्ताप्रतिको विद्वत्तापूर्ण त्याग र सहृदयी भावनाप्रति अनुग्रहित रही श्रद्धा सुमन अर्पित गर्दछु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुर इपाछेंटोलका विद्वान् पण्डित श्री रत्नराज शर्मा एवं उहाँका पुत्र अनि मेरा परममित्र श्री विनोद राज शर्माज्यूहरूप्रति कृतज्ञ छु । शोधखोजको क्षेत्रमा सधैं साथ दिंदै आउनुभएका श्री विनोदराज शर्माज्यूले यो ग्रन्थ तयार पार्ने कार्यमा पनि प्रायः प्रत्येक क्षेत्रको स्थलगत अध्ययन-अवलोकन गर्न जाँदा साथ दिएर, श्रोत सामग्री संकलन गर्ने कार्यमा साथ दिएर, श्रोत-व्यक्तिकै रूपमा अनेक महत्वपूर्ण जानकारी दिएर सहयोग गर्नुभएको छ । अनेक महत्वपूर्ण जानकारी दिएर, स्थलगत अध्ययनमा जाँदा साथ दिएर, उपलब्ध श्रोत सामग्रीका बारेमा अनेक दृष्टिले व्याख्या विश्लेषण गर्ने आदि कार्यमा सहयोग गर्ने मेरा मित्र त्रिपुर-विद्यापीठ, सुकुलढोका-निवासी एवं तलेजुका पूजारी तथा भक्तपुर बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख श्री सुरेन्द्रवीर कर्माचार्य एवं तापालाछी टोल निवासी श्री योगेशराजज्यूहरुप्रति पनि आभारी छु । त्यसैगरी यस विषयमा मलाई उत्प्रेरित गर्ने हाइडेलवर्ग विश्वविद्यालय, जर्मनी/साउथ एसिया इन्स्टिच्यूटका मेरा विदेशी मित्र विदूषी मारियाना क्रोफ्ले पनि स्थलगत अन्वेषणमा साथ दिएर, बालकुमारीको चित्र दिएर केही मद्दत दिनुभएको छ । अतः उहाँप्रति पनि म आभारी छु ।

स्थलगत अन्वेषणका क्रममा महत्वपूर्ण जानकारी दिएर सहयोग गर्ने नवदुर्गानाचका सम्बद्ध नायोहरू - श्री पञ्चबहादुर वनमाला, श्री बुद्धिबहादुर वनमाला, श्री विकुलाल वनमाला तथा शिवराम वनमाला लगायत नवदुर्गानाचका समस्त वनमाला परिवार, नवदुर्गानाचमा तान्त्रिक पूजाविधान गर्ने - श्री जुलाल कर्माचार्य, ख्वाःपाः बनाउने - श्री पूर्ण चित्रकार, नाय्खिं बाजा समूहका श्री काजीलाल शाहीज्यूहरूप्रति पनि आभारी छु ।

तुलनात्मक अध्ययनका लागि शोधखोज गर्न जाँदा महत्वपूर्ण जानकारी दिएर सहयोग गर्ने हरसिद्धिका जलामि परिवार, खोकना रूद्रायणीका श्रीकाली परिवार, बाह्रवर्षे पचलीभैरवनाचका सम्बद्ध समूह, भद्रकाली, नरदेवीनाचका परिवार, मनमैजु इन्द्रायणी नाचसित सम्बद्ध समूह एवं श्री निरञ्जन मालीप्रति पनि आभार प्रकट गर्दछु । त्यसैगरी प्रस्तुत सर्वेक्षणलाई सफल तुल्याउनमा सहयोग गर्ने धुलिखेलका श्री हरिभक्त खोजु श्रेष्ठ, बनेपाका श्री रामचन्द्र बादे श्रेष्ठको परिवार, पनौतीका श्री तुलसीमाया कर्माचार्य, रामलाल कर्माचार्य, श्री गोविन्द वासुदेव कर्माचार्य, श्री माधवलाल कर्माचार्य, श्री रामशङ्कर कर्माचार्य, नालाका श्री गोपीकृष्ण श्रेष्ठ, कृष्णगोपाल श्रेष्ठ, साँगाका श्री पुष्प प्रधानज्यूहरु तथा भक्तपुर नगरका श्री केशवनारायण शर्मा, श्री चिरञ्जीवीराज शर्मा (इनाचोटोल), श्री हरि बनेपाली (तचपालटोल), श्रीमती प्रमिला कर्माचार्य (तुलाछेंटोल), श्री पुष्पलाल तिमिला (याछेंटोल), श्री सुरेश प्रधान (गछेंटोल), फोटोग्राफर श्री सूर्यप्रसाद श्रेष्ठ (सुकुलढोका), फोटोग्राफर सुश्री सुमी बनेपाली (तचपाल), श्री हरिगोविन्द श्रेष्ठ (कमलविनायक), श्री रामजी किलम्बु (तेखाचोटोल), श्री बाबुकाजी वज्राचार्य (इताछेंटोल), बलराम साचिनिया (इनाचो), प्र.उ. नारायणकुमार आचार्य (कान्तिपुर), सानुमान लामा (छालिङ), लक्ष्मीकेशरी श्रेष्ठ (दूधपाटी), सुरेन्द्रकाजी प्रधानाङ्ग (टौमढीटोल), माधव सुन्दर मल्ल - खौमा) लगायत भक्तपुरको नवदुर्गानाच/ *नवदुर्गा गण* प्रति आस्था राख्ने समस्त सर्वसाधारणहरूप्रति कृतज्ञता प्रकट गर्दछु ।

मलाई मेरो जीवनमा सही मार्गनिर्देश गरी यहाँसम्म पुऱ्याउने मेरा आद्य-उत्प्रेरक प्रातःस्मरणीय पूज्य पिता श्रद्धेय स्व.श्री बद्रीलोचन श्रेष्ठ एवं स्व.माता श्री इन्द्रमाया श्रेष्ठज्यूलाई यस क्षणमा स्मरण गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाहन्छु । मेरो जिम्माको घरायसी कामकाजका भारसमेत वहन गरी अन्वेषणका लागि यथेष्ट समय जुराई लेख्न प्रोत्साहित गर्नु हुने श्रद्धेय दाज्यू श्री उत्तमलोचन श्रेष्ठप्रति ऋणी छु । म जस्तै इतिहासका विद्यार्थी मेरी धर्मपत्नी श्रीमती बबिता श्रेष्ठबाट लेखनकार्यमा सदा भैं पाउँदै आएको सहयोग यसपल्ट पनि पाएको छु । प्रस्तुत कृति तयार पार्ने क्रममा श्रोत सामग्री क्रमबद्ध रूपले मिलाई, आवश्यक छलफल र व्याख्या गर्ने कार्यमा मात्र नभएर स्थलगत सर्वेक्षणमा जाँदा पनि साथ दिएर, अनि यो कृति समेत प्रकाशित गरी सहयोग गरेकी छिन् । यसरी तिनले पुऱ्याउँदै आइरहेको योगदानको कदर गर्दै धन्यवाद दिन चाहन्छु ।

विशेष गरी नेपाल भाषा अनुक्रमणिका/अर्थानुवाद तयार गर्ने अनि त्यसमा संभावित व्युत्पत्ति समेत थप्न मेरा परम मित्रद्वय क्रमशः श्री विनोदराज शर्मा र श्री योगेशराजको दिन रात मिहिनेत परेको छ । उहाँहरू दुवैको योगदानका लागि म आभार प्रकट गर्दछु । श्री योगेश राजले सम्पूर्ण ग्रन्थको भाषिक शुद्धाशुद्धि पनि हेरी दिएर थप गुन लगाउनु भएको छ । साथै अनुक्रमणिका मिलाउने महत्वपूर्ण कार्यमा दिनरात खटिएर विशेष सहयोग गरिदिनुहुने श्री सुरेन्द्रकाजी प्रधानाङ्गज्यूलाई पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी अन्त्यमा यस ग्रन्थको कम्प्युटर टाइप गरी सहयोग गर्ने नेपालहोस्ट, भक्तपुरका भाई श्री ईश्वर पलिखेल लगायतका सम्बद्ध परिवार तथा स्तरीय मुद्रण कार्य गरिदिने युसेप नेपाल, सानोठिमी भक्तपुरका श्री केशव सुवालज्यू लगायतका सम्बद्ध परिवारलाई पनि म हृदयदेखि धन्यवाद दिन्छु ।

-पुरुषोत्तमलोचन श्रेष्ठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

क्र.सं.	शीर्षक	पृष्ठसंख्या
	अध्याय १	
(क) ऐतिहासिक पृष्ठभूमि		
१.	मातृमतको विकास एवं लोकप्रियता	३
२.	*सप्तमातृका*	५
३.	*अष्टमातृका* र नवदुर्गा	७
४.	देवी महात्म्यको देवीकवच अनुसारका नवदुर्गा	१२
५.	अंशुवर्माद्वारा *नवदुर्गा गण*को प्रतिष्ठा	१५
६.	आनन्ददेवद्वारा नवदुर्गा पीठको प्रतिष्ठा	१५
७.	जीवित देवताको लोकप्रियता र नवदुर्गा नाचको शुरुवात्	२२
८.	किंवदन्ती	२४
९.	नवदुर्गा द्यःछें (देवमन्दिर)	२८
१०.	नामकरण	३२
	अध्याय २	
(ख) वर्ष-क्रिया		
१.	नवदुर्गानाचसित सम्बद्ध समूह	३७
२.	गाथा (वनमाला)	३७
३.	आचाजु	३८
४.	जोशी	३९
५.	हाकुज्याः कुम्हाः	३९
६.	चित्रकार	३९
७.	नाय्खिं बाजा	३९
८.	इपाछे टोलका राजोपाध्याय ब्राम्हण	४०
९.	नवदुर्गा नाचका गण	४०
१०.	जन्म + बाल्यकाल	४८
११.	नवदुर्गा नाचको वर्ष-क्रिया तालिका	४९
१२.	नवदुर्गा उत्पत्ति तालिका	५०
१३.	मोहनी (दशैं)	५२
१४.	नवदुर्गागणका ख्वाःपाः	५३
१५.	महाष्टमी : घंघलासि लः ल्हाय्गु	५४
१६.	महानवमी : खःमेय् ब्वाकेगु	५६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१७. ख्वा:पा: खुया येंकेगु ५६
१८. मोहनी (चालं) ५९
१९. ख्वा:पा: ल ल्हाय्गु ५९
२०. तलेजुबाट मन्त्रसिद्धि थाप्न अनुष्ठान ५९
२१. पायोजात्राको जुलुसमा *नवदुर्गा गण* ६३
२२. त:सि ल: ल्हाय्गु ६५
२३. दशकर्म विधान ६५
२४. द्य: ब्वय्केगु ६७
२५. बी हि त्वंकेगु ६७
२६. दे चा म्हुकेगु ६८
२७. यौवनकाल ६८
२८. डा लाकिगु त्व: तर्फ प्रस्थान ७४
२९. त्व: मुकेगु ७५
३०. चा पूजा ७६
३१. सुंगुर लखेट्ने ७६
३२. प्याखं ७७
३३. प्वा:स्याकिगु/वस: हिय्गु (पेट दुखाउने/लुगा धुने) ८४
३४. द्य:छें फिर्ती सवारी ८५
३५. बुढेसकाल ८८
३६. गुरु लितेगु ८८
३७. सि जा नकिगु ८९
३८. भेलु तं चाइगु ८९
३९. मृत्यु ९१
४०. अन्तिम यात्रा - न्हय्स: त्वा: चाहिकेगु ९१
४१. ख्वा:पा: उयेगु/जले बिज्याइगु ९२

अध्याय ३

(ग) जनजीवनमा *नवदुर्गा गण*

१. ९ संख्याको समूहको मान्यता प्रयोग र महत्व ९९
२. जनविश्वास १०५
३. नालाको 'मगधोवा' परिवारको कथा १०७
४. भक्तपुर इनाचोटोलको 'साचिनिया' परिवारको कथा १०७
५. बनेपा - अग्निकाण्ड, वैशाख, वि.सं. २०१७ १०८
६. नेपाल-भोट युद्धका मैदानमा 'धिन् ...ताल्ल !!!' १०९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७. दैवीय विपत्ति र *नवदुर्गा गण* १०९
८. केही अन्य रोचक पक्ष ११०
९. शासकवर्ग र *नवदुर्गा गण* ११३
१०. भक्तपुरका *नवदुर्गा गण* र स्व.राजा वीरेन्द्र ११६

अध्याय ४

(घ) उपसंहार १२३
(ङ) परिशिष्ट १३७
(च) सन्दर्भ-सूची १४५
(छ) अतिरिक्त खण्ड
अ) चित्र सूची १५१
आ) नक्सा सूची १५७
इ) नवदुर्गा गणनाचको वार्षिक 'डा लाकेगु' तालिका १५९
(ज) अनुक्रमणिका
१) सामान्य अनुक्रमणिका १६१
२) नेपालभाषा अनुक्रमणिका/अर्थानुवाद १७५
३) सामान्य स्थान-नाम अनुक्रमणिका १९९
४) नेपालभाषा स्थान-नाम अनुक्रमणिका २०३
५) व्यक्ति-नाम अनुक्रमणिका २०७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र सूची

क्र.सं.	शीर्षक	पृष्ठसंख्या
१.	शङ्खमूल सिकबहीको उमामहेश्वर	९
२.	*सप्तमातृका*गणद्वारा परिवारित उमामहेश्वर	९
३.	यन्त्राकार भक्तपुरको नक्सा	२१
४,क	नवदुर्गाज्वलको पीठस्थापित मन्दिर	२५
४,ख	नवदुर्गाज्वलको ब्रम्हायणी पीठ	२७
५.	इपाछें इलाकास्थित पस:छें आगमको 'नवदुर्गा छें'	२७
६.	गछेंटोलस्थित नवदुर्गा द्य:छें	२८
७.	भैल: ख: झ्या:	३०
८.	घंघलासि ल: ल्हाय्गु	४४
९.	त्रिपुरसुन्दरीको मुखाकृतिसहितको खिं बाजा	४५
१०.	इच्छुटोलमा नाच प्रदर्शित गर्ने क्रममा सिम्ब: दुम्ब:	४७
११.	भैल:कोंचा	५१
१२,क	*नवदुर्गा गण*का ख्वा:पा: बनाउने 'थासा' (साँचो)	५२
१२,ख	*नवदुर्गा गण*का 'ख्वा:पा:' हरू	५३
१३.	घंघला सि ल: ल्हायगु	५५
१४.	वाद्य, नृत्यसिद्धिका तान्त्रिक विधान	५६
१५.	ख:मेय् ब्वाकिगु जात्रा	५७
१६.	याछेंटोलको 'नवदुर्गा थ:छें' मा महानवमीको साँझ प्रदर्शित ख्वा:पा:	५८
१७.	पायो जात्राकी मूलदेवी 'पायोद्म'	६१
१८.	सभुंग: भैल: द्य: (क्रोधभैरव)	६४
१९.	नाचको पूर्वार्द्धमा सिफोद्य: अघिल्तिर नृत्य प्रस्तुत गर्दै वाराही	७८
२०.	नाच प्रदर्शनको तयारीमा (सिम्ब:) र (दुम्ब:)	७८
२१.	आफ्नो इलाकामा मान्छेरूपी माछालाई लखेटेर (ङा लाकिगु) फर्कदै दुम्ब;	८०
२२.	मान्छे रूपी माछालाई पुन: लखेट्दै (दुम्ब)	८१
२३,क	नाचको उत्तरार्द्धमा (सिफो द्य:) अघिल्तिर नाच्दै महाकाली	८१
२३,ख	थाथु लाय्कू (भक्तपुर राजदरबारपरिसर) मा नृत्यारम्भका क्रममा महाकाली	८२
२४.	'सुती भैलद्य: पिकायेगु' विधानका क्रममा सेतो खास्टो ओढेका श्वेतभैरव	८२
२५.	रिसाएकी महाकालीलाई फकाउने प्रयासमा लागेका श्वेतभैरव	८३
२६,क	श्रद्धालु दर्शनार्थीका भीडमाझ दक्षिणा-ग्रहणको सुरसारमा लागेका श्वेतभैरव	८५
२६,ख	महाकालीलाई फकाउन सेतो कुखुरा लिएर आइरहेका श्वेतभैरव	८६
२७,क	माछारूपी चञ्चल भीडमाझ जालोरूपी (पुलु) फाली माछा टिप्न	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

	तम्तयार श्वेतभैरव	८६
२७,ख	श्वेतभैरवलाई जिस्क्याइरहेको बालकभीड	८७
२७,ग	मान्छेरूपी माछा पक्रने प्रयासमा श्वेतभैरव	८७
२८.	अष्टमातृकाका प्रतीक आठवटा डोरी र विश्वध्वजाले युक्त विश्वनाथ भैरवको लिङ्ग	१०३
२९,क	भक्तपुरका नवदुर्गा गण विश्राम गर्ने धुलिखेलको 'श्री नवदुर्गा विश्राम पाटी'	१११
२९,ख	'फाचा वाहन लिकेगु' विधान गरिने धुलिखेलस्थित जरुन डाँडाको खुलास्थान	११२
३०.	धुलिखेलको रमणीय डाँडा - *'नवदुर्गा ज्वल गुं'*	११४
३१.	स्व. राजा वीरेन्द्र नवदुर्गा देवगृहको मूलद्वारबाट फिर्ती सवारी हुँदै	११७
३२.	**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकार** नवदुर्गा देवगृहको मूलद्वारबाट फिर्ती सवारी होइबक्सँदै	११९
३३,क	बाह्रवर्षे पचली भैरवको नाच - भक्तपुर राजदरबारमा	१२८
३३,ख	सांस्कृतिक मूलथलोप्रतिको सम्मान, मान्यता र गरिमा - पचली भैरव	१२९
३४,क	स्वर्णद्वारमा 'द्यः सगं बियगु' - विकसित हुनपुगेको सांस्कृतिक मेला	१३१
३४,ख	'गुमुल कौमारी' वा नवगण-कौमारीको एकीकृत रुप - 'गुन्चा बालकुमारी'	१३२
३४,ग	'द्यः सगं बियगु' का क्रममा प्रदर्शित ब्रम्हायणीका पौभा चित्र	१३३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नक्शा सूची

क्र.सं.	शीर्षक	पृष्ठसंख्या
१.	*अष्टमातृका* + त्रिपुरसुन्दरी = नवदुर्गा अवस्थित भक्तपुर	१८
२.	नवदुर्गा यन्त्र	२०
३.	वनमाला (गाथा) हरूको परम्परागत वासस्थान	३७
४.	गाथामुगः चह्रेका दिन गाथाहरूको परम्परागत प्रस्थान-मार्ग	५२
५.	मोहनीताका *नवदुर्गा गणका* क्रियाकलाप	५५
६,क	दशमीमा नगर-प्रवेश	५८
६,ख	पायो जात्रा - प्रदक्षिणा पथ	६०
७.	'तःसि लःल्हाय्गु' - प्रदक्षिणा पथ	६३
८.	चौबिस टोलहरूमा विभाजित मध्यकालीन भक्तपुर	६९
९.	नवदुर्गा प्रदक्षिणा पथ + डा लाकिगु त्वः	७०
१०.	डा लाकिगु त्वः	७१
११.	त्रिकोणमय डा लाकिगु त्वः	७३
१२.	मि बाय् मू बाहां लिकेगु	७६
१३.	श्वेतभैरवको 'डा लाकिगु' मार्ग	८४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय १

ऐतिहासिक पृष्ठभूमि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मातृमतको विकास एवं लोकप्रियता

शाक्त परम्परामा सृष्टि, शक्ति एवं सत्ताको सर्वेश्वरी (मूल श्रोत) मातालाई मानिएको छ। पिता त वीर्य-प्रयोजनका लागि मात्र हुन्; त्यसपछि गर्भधारण एवं उत्पादन मात्र नभएर स्तनपानदेखि अन्य स्याहार-सुसार आदि माताले नै गर्ने हुनाले यस अद्भूत एवं रहस्यमयी मातृशक्ति- विशेषताको कारण[१] मानव सभ्यताको आरम्भकालदेखि नै मातृदेवीको पूजा आराधना अनवरत रूपमा प्रचलित रहदै आएको दृष्टिगोचर हुन्छ। सैन्धव उत्खननमा प्राप्त नग्न नारीमूर्तिले[२] आजभन्दा झण्डै पाँच हजार वर्ष पूर्वदेखि नै मातृपूजा चल्न थालेको वा मातृशक्तिको महत्ता प्रतिष्ठित भइसकेको कुरा स्मरण गराउँछ।

वैदिक वाङ्मयमा पुरुषदेवताको तुलनामा[३] शक्तिसम्पन्न स्वतन्त्र कुनै देवीको उल्लेख भएको पाइदैन, केवल देवपत्नी वा सहायिकाका रूपमा मात्र देखा पर्न आएका छन्[४] तापनि मातृशक्तिको विकासक्रममा वैदिक धर्मको योगदान प्रकारान्तर रूपमै पनि निकै नै रहेको बुझिन्छ। ऋग्वेदका उषा –

१। यसो हुँदा तुलनात्मक रूपमा पनि पिताभन्दा माता नै प्राकृतिक, मनोवैज्ञानिक आदि अनेक दृष्टिबाट आफ्ना सन्तानका माझ स्नेही एवं ममतामयी हुन पुगेकी छिन्। मानव-सृष्टि, विकासक्रम तथा सभ्यताको सन्दर्भमा, पिताबाट होइन, आफूलाई जन्म दिने जननीबाट नै सन्तानले सर्वप्रथम माया पाएको हुन्छ; पिताको परिचय त्यसपछिको कुरो हो। शायद यसैकारण सन्तानको मुखबाट अनायास नै (दुःख एवं आपत्तिको समयमा) निस्कने "माँ" शब्दले यस ब्रम्हाण्डमा मातृशक्ति नै सर्वोपरि रहेछ भन्ने आभास दिलाउँदै आएको छ। यसैकारण पनि मातृशक्तिलाई नै देवी (शक्ति) वा 'पराशक्ति' को रूपमा (*ज्ञान, बल* र *क्रियाद्वारा* सबैलाई वशमा पार्न सक्ने) मान्ने परम्परा विकसित हुन पुगेको देखिन्छ। श्वेताश्वतरोपनिषद् (अध्याय ६) को निम्न वर्णनबाट पनि यस कुरोको ज्ञात हुन्छ -

न तस्य कार्य करणं च विद्यते न तत्समश्चाप्यधिकश्च दृश्यते।
परास्य शक्तिर्विविधैव श्रूयते स्वाभाविकी ज्ञानबलक्रिया च ॥८॥

२। विचारणीय कुरो के छ भने, सैन्धव युगदेखि परवर्ती कालका मातृशक्तिका मूर्तिमा *योनि* (प्रत्यक्ष वा प्रतीकात्मक रूपका), *ठूलठूला स्तन, फुकेका नितम्ब* (समष्टिगत रूपमा) देखापर्छन्। *नवदुर्गा गण*कै परिप्रेक्षमा पनि प्रमुख देवी *महालक्ष्मी* (*सिफो द्यः*) को मूर्तिमा देखापर्ने *प्वाल* र *कलश* 'योनि' को प्रतीकको रूपमा लिन सकिन्छ। यस बारेमा तल यथास्थानमा चर्चा गरिएको छ। यताबाट मातृशक्तिका मूर्तिहरूमा देखापर्ने ती चिन्ह सृष्टि एवं मातृत्वका प्रतीक हुन भन्ने कुरा जानिन्छ।

३। वेदकालीन समाज यसभन्दा अघिको प्राचीन मातृसत्तात्मक सिद्धान्तबाट भन्दा पनि पितृसत्तात्मक सिद्धान्तबाट अत्यधिक प्रभावित रहेको हुँदा यस कालमा पुरुषदेवताहरू नै मूलरूपमा बढ्ता लोकप्रिय रहेको ज्ञात हुन्छ। *ऋग्वेद*मा देवताहरूलाई तीन विभागमा विभक्त (स्वर्ग, वायु र पृथ्वी) गरिएको छ र तिनीहरूको संख्या तेंतीस मानिएको छ। प्रत्येक विभागमा एघार देवताहरू सम्बन्धित रहेको उल्लेख पाइन्छ। स्वर्गीय देवताहरूमा - *द्यौः, वरुण, आदित्य, सूर्य, सविता, पूषा, विष्णु, अश्विनौ, उषस्, रात्रि* आदि; वायुमण्डलीय देवताहरूमा - *इन्द्र, मरुत, रुद्र, वायु, अपानपात, पर्जन्य, आपः* आदि र पार्थिव देवताहरूमा - *अग्नि, सोम, वृहस्पति, पृथ्वी* आदि छन्। देवताका श्रेणीमा केही नदीहरू जस्तै - *सिन्धु, विपाश, शुतुद्री, सरस्वती* आदिलाई पनि सम्मिलित गरी ती नदीलाई साक्षात देवीकै रूपमा सम्बोधन गरिएका छन्।

- डा. शिवदत्त ज्ञानी, वेदकालीन समाज, वाराणसी, चौखम्बा विद्याभवन, ई.सं. १९६७, पृ. २६२
- सुधाकर चट्टोपाध्याय, इभोल्शन् अफ् हिन्दु सेक्ट्स्, न्यूदिल्ली, मुन्शीराम मनोहरलाल, ई.सं. १९७०, पृ.८

४। *ऋग्वेद*मा इन्द्र, वरुण आदि देवताका पत्नीहरूको कुनै स्वतन्त्र अस्तित्व देखापर्दैन। यदाकदा दुई देवताको स्तुति एक साथ हुन आएको पाइन्छ, जस्तै - *मित्रा वरुण, द्यावापृथिवी* आदि। *अदिति*को उल्लेख *दक्ष*को साथमा आएको छ। *ऋग्वेद*मा मातृदेवीलाई *देवानाम माता* भनिएको छ। *यजुर्वेद*मा अम्बिकालाई रुद्रको सहायिकाको रूपमा *रुद्रायणी, सर्वायणी* र *भवानी* सम्बोधन गरिएको पाइन्छ।

- डी.सी. सरकार, दि शाक्त पीठस्, दिल्ली, मोतीलाल बनारसीदास, ई.सं. १९७३, पृ.१०३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूक्त, गायत्री सूक्त एवं नदी सूक्त मातृदेवीको आराधनाका उदाहरण स्वरूप छन् ।[५]

वैदिक ग्रन्थका कतिपय स्थानमा मातृत्वपद र गृहिणीपद[६] आदिको सुन्दर विवेचना गरिएको पाइन्छ । त्यस्तै कतिपय वैदिक सूक्तमा वर्णित सप्तमातर[७], सप्तरश्मि[८], सप्तजिव्हा[९] तथा दश बाहु भएको देवी आदिले[१०] यसपछिका अनेक कालमा निश्चित संख्यामा विकसित हुँदै लोकप्रिय हुनपुगेका विशेषगरी *सप्तमातृका, अष्टमातृका* तथा नवदुर्गा आदि मातृशक्तिको पूर्व-झलक दृष्टिगोचर हुन्छ ।

मातृशक्तिलाई ऋग्वेदमा *'देवानाम माता', 'तन्माता' पृथ्वी* आदि सुन्दर ढंगले सम्बोधन गरिएको पाइन्छ ।[११] यताबाट वैदिककालदेखि नै मातृशक्तिका अनेक नाम एवं तिनका विभेद आदि देखा पर्न थालिसकेको थियो भन्ने कुरो ज्ञात हुन आउँछ ।

मातृशक्तिको अत्यधिक प्रचार एवं लोकप्रियता महाभारत पुराणकालमा हुन थालेको देखिन्छ । विशेषगरी यस कालमा सप्तमातृका एवं महिषमर्दिनीदेवीले बढ्ता प्रचार पाउनुको साथै शक्तिसम्पन्न स्वतन्त्र देवीको अस्तित्व पनि देखा पर्न थालिसकेको दृष्टिगत् हुन्छ ।[१२]

५। हरिराम जोशी, नेपालको प्राचीन अभिलेख, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०३०, पृ.१८८

६। वेदकालीन समाज पितृपक्ष-प्रधान परिवार-प्रथाको सिद्धातमा आश्रित रहेतापनि परिवारको आन्तरिक जीवनमा माता वा गृहिणीको स्थान सर्वोच्च रहेको थियो । यसैकारण ऋग्वेदमा तिनलाई *'जायदस्तं'* (स्त्री नै घर हो) भनिएको छ । ऋग्वेदको एक स्थानमा इन्द्रको सुखी गार्हस्थ-जीवनको यस्तो वर्णन पाइन्छ *'अपा:सोममस्तमिद्र प्रयाहि कल्याणीजांया सुरणं गृहे ते'* । (हे इन्द्र तिमीले सोम पिइसक्यौ; अब आफ्नो घर जाऊ जहाँ आनन्दको भण्डार कल्याणकारी तिम्री पत्नी छिन्) त्यस्तै पुत्रप्राप्तिको महत्वको कारण पनि स्त्रीको 'मातृपद' महत्वपूर्ण मानिन्थ्यो ।

७ *जज्ञानं सप्त मातरो वेधामशासत श्रिये*
अयं ध्रुवो रयोणां चिकेत यत् ॥४॥
(ऋग्वेद ९/१०२/४)
- हरिराम जोशी, 'ऐट डिभाइन् मदर्स्', रोलम्ब, भोलम् ११, संख्या १, जनवरी-मार्च, ई.सं. १९९१, पृ.८

८। *अमी ये सप्त रश्मयस्तत्रा मे नाभिरातता ।*
त्रितस्तद्वेदाप्त्य:स जामित्वाय रेभति वित्तं मे अस्य रोदसी ॥९॥
(ऋग्वेद १/१०५/९)
- सोही, पृ.८

९। *सप्त तेऽअग्ने सप्तं समिध:सप्त जिव्हा:सप्त ऋषय:सप्त धामं प्रियाणि ।*
सप्त होत्रा:सप्तधा त्वा यजन्ति सप्त योनी रापृणस्व घृतेन स्वाहा ॥७९॥
(यजुर्वेद, सप्तदशोऽध्याय:)

१०। *इयं या नीच्यर्किणी रूपा रोहिण्या कृता ।*
चित्रेव प्रत्यदश्यार्यत्यन्तदर्शसु बाहुषु ॥ १३ ॥
(ऋग्वेद ८/१०१/१३)
- ए.सि. बोस, दि कल् अफ् दि वेदस्, भारतीय विद्याभवन, ई.सं., १९६०, पृ.१७६

११। विचारणीय कुरो के छ भने जन्मभूमि वा संसारका धेरै स्वतन्त्र राष्ट्रलाई माताकै सदृश मानेर मातृपरक नामद्वारा सम्बोधन गर्दै आएको पाइन्छ । यताबाट पनि मातृशक्तिको महत्तामाथि प्रकाश पर्न आएको परिप्रेक्षमा प्राग-ऐतिहासिक कालदेखि नै यो संसार 'मातृशक्तिमयी' रहेछ भन्ने कुराको ज्ञान हुन्छ । विशेषगरी एसियाका अनेक देशमा शक्तिपूजनको व्यापक विस्तार भएको जानिन्छ; भारत र नेपाल चाहिँ यसको प्रमुख थलोको रूपमा विकसित हुन पुगेको थियो ।

१२। *महाभारत*मा शक्तिलाई कृष्णकी बहिनीको रूपमा उल्लेख गरिएको पाइन्छ । *ब्रम्हाण्डपुराण*मा शक्तिलाई तीनै लोकका जननी भनिएको छ ।[क] त्यस्तै, कृष्णको परामर्श लिएर अर्जुनले दुर्गाको स्तुति गरी भावी युद्धमा विजयी हुन प्रार्थना गरेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तमातृका

एकै मातृदेवीका अनेक संख्याका निश्चित समूहहरू वैदिककाल मै देखापर्न थालिसकेको भए तापनि[१३] सात संख्याको एक समूह - "*सप्तमातृका*" ले महाभारत पुराणकालदेखि स्पष्ट रूपमा निकै लोकप्रियता पाउँदै आएको देखिन्छ।[१४] पौराणिक ग्रन्थ एवं परवर्तीकालका तन्त्र-ग्रन्थका आधारमा *सप्तमातृका*का निम्नलिखित नाम[१५] एवं तिनका स्वरूप आदि[१६] प्रसिद्ध रहँदै आएको पाइन्छ :-

१. *ब्राम्ही* कमलपत्र सदृश कान्ति, दिव्य आभरणद्वारा अलंकृत, दिशा - आग्नेयी
२. *माहेश्वरी* शङ्ख र गोदुग्ध सदृश कान्ति, महातेजश्विनी
३. *कौमारी* पद्मगर्भ सदृश कान्ति, हार- केयुरले अलंकृत, दिशा - उत्तर
४. *वैष्णवी* स्निग्ध नीलोत्पल सदृश कान्ति, हार तथा कुण्डलले मण्डित, दिशा - दक्षिण
५. *वाराही* नील नीरद सदृश कान्ति, सम्पूर्ण आभरणद्वारा अलंकृत, दिशा - वारुणी
६. *इन्द्राणी* शङ्ख, कुन्द र इन्दु सदृश धवल हार एवं कुण्डलले आभूषित, दिशा- ऐन्द्री

कुरा *महाभारत*मा (*भीष्मपर्व* , अध्याय २३) परेको छ। यताबाट यस कालमा दुर्गा शक्तिसम्पन्न देवीको रूपमा देखा परिसकेकी थिइन् तथा मानिसले आफ्नो ईच्छापूर्तिका लागि तिनको प्रार्थना गर्न थालिसकेका थिए भन्ने कुरो जानिन्छ। *कुमारी, काली, कपाली, महाकाली, चण्डी, कात्यायनी, कराला, विजया, कौशिकी, उमा, कान्तारवासिनी* आदि नामले तिनको स्तुति गरिन्थ्यो।[घ] *विराटपर्व* (अध्याय ६) मा युधिष्ठिरले देवीको स्तुति गरेको कुरो परेको छ।

क) जोशी, पूर्वोक्त, पादटिप्पणी संख्या ५, पृ.१८९
ख) आर.जि. भण्डारकर, वैष्णव, शैव और अन्य धार्मिक मत, वाराणसी, भारतीय विद्या प्रकाशन, ई.सं. १९७७ पृ. १६३

१३। *ऋग्वेद*को (३/५५/४) एक सूक्तमा - "*अन्या वत्स भरति क्षेति माता*" उल्लेख हुन आएको परिप्रेक्षमा दुई माताको अस्तित्व रहेको जानिन्छ।
- हरिराम जोशी, हिन्दु देवीदेवता, काठमाडौं, श्री ५ को सरकार, सूचना विभाग वि.सं. २०४०, पृ.१९

१४। सात संख्याको एक समूहको अवधारणा वैदिककालमै प्रचलित भइसकेको थियो। *सप्तअग्नि, सप्तजिव्हा, सप्तऋषि, सप्तधाम, सप्तहोत्रा, सप्तयोनी* आदि यसका उदाहरण हुन्। *ऋग्वेद*मा अग्निदेवताका सात अग्नि-ज्वालाको उल्लेख भेटिन्छ। अग्निका सात जिव्हाका नामहरू (*काली, कराली, मनोजवा, सुलोहिता, सुधुम्रवर्णा, स्फुलिङ्गिनो, विश्वरुची*) सर्वप्रथम *मुण्डकोपनिषद्*मा उल्लेख भएको पाइन्छ।

काली कराली च मनोजवा च सुलोहिता या च सुधुम्रवर्णा।
स्फुलिङ्गिनो विश्वरुची च देवी लेलायमाना इति सप्त जिव्हाः ॥४॥
(*मुण्डकोपनिषद्, प्रथममुण्डके* द्वितीयः खण्ड)

अहिल्या, द्रौपदी, तारा, कुन्ती र *मन्दोदरी* यी आमा बनिसकेका पाँच नारीहरू 'पंचकन्या' को रूपमा प्रसिद्ध मानिन्छन्। यताबाट तत्कालीन समयमा *पंचमातृका*को मान्यता पनि लोकप्रिय रहेको जानिन्छ।

१५। *ब्राम्ही माहेश्वरी चैव कौमारी वैष्णवी तथा।*
माहेंद्री चैव वाराही चामुंडा सप्त मातरः ॥
- जोशी, पूर्वोक्त, पादटिप्पणी संख्या ७, पृ. ९

१६। डा. शिवशङ्कर अवस्थी शास्त्री, मन्त्र और मात्रिकाओं का रहस्य, वाराणसी, चौखम्बा विद्याभवन, ई.सं. १९६६, पृ.९९-१०२

भक्तपुरको *नवदुर्गा गण*मा समाविष्ट जीवित *सप्तमातृका* (*ब्रम्हायणी, माहेश्वरी, वाराही, कुमारी, इन्द्रायणी, महाकाली* र *वैष्णवी*) को समूहले पनि पूर्वकालदेखि नै *सप्तमातृका* संस्कृति निरन्तर रूपले पछिसम्म पनि लोकप्रिय रहँदै आएको विदित हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७. *चामुण्डा* प्रदीप्त करालवदना, दिशा - नैऋत्य

पौराणिक ग्रन्थहरूमा मातृकाहरूको उत्पत्तिका कथाहरू वर्णित भएको पाइन्छ। मत्स्यपुराण अनुसार[१७] भगवान रुद्र-शिवले अन्धकासुरसितको युद्धमा अन्धकासुरलाई मार्न अनगिन्ती मातृकाहरूलाई उद्भव गराए। ती मातृकाहरूले अन्धकासुरलाई वध गरिसकेपछि पनि आफ्नो क्रोधलाई थाम्न नसकी भयानक रूप धारण गर्दै सम्पूर्ण जगतकै सर्वनाश गर्ने प्रयास गरे। शिवले ती शक्तिलाई संभाल्न नसकेपछि सृष्टि एवं संहार गर्न सक्ने त्यसभन्दा पनि अधिक शक्तिशाली मातृकागण उत्पत्ति गरेपछि पहिले उत्पत्ति गरेका मातृकागणलाई शान्त पारे।

दानववध गर्न देवीले थप शक्तिका रूपमा *सप्तमातृका*को सृष्टि गरेको कथा *देवीमहात्म्य, मार्कण्डेय पुराण* आदि ग्रन्थका आधारमा थाहा पाइन्छ।[१८] त्यस्तै दानववध गरिसकेपछि ती मातृकाहरू पुनः देवीमै लीन हुन पुगेको वर्णन पनि पाइन्छ। पुरातात्विक साक्षका आधारमा काठमाडौं-उपत्यकामा पाइएका मातृदेवीका अनेक स्वरूपका प्राचीन मूर्तिमध्ये[१९] पनि विशेषगरी *सप्तमातृका*को व्यापक प्रचार

---

१७ एच.सी. दास, तान्त्रिजम्, स्टर्लिङ् पब्लिसर्स् प्रा.लि., ई.सं. १९८१, पृ. ४-५

१८। *एतस्मिन्नन्तरे भूप विनाशाय सुरद्विषाम्।*
भवायामरसिंहानामतिवीर्यबलान्विताः ॥१२॥
ब्रम्हशगुहविष्णूनां तथेन्द्रस्य च शक्तयः।
शरीरेभ्यो विनिष्क्रम्य तद्रूपैश्चण्डिकां ययुः ॥१३॥
(*देवीमहात्म्यम्*, अष्टमोऽध्यायः)

शुम्भ र निशुम्भ नामका दानववाट पीडित भएका देवगणले देवीको स्तुति गरे। त्यसपछि दानववध गर्न देवी (पार्वती) को शरीरबाट अम्बिका उत्पन्न भइन्। तिनी पार्वतीको शरीरको कोषबाट उत्पन्न भएको हुनाले 'कौशिकी' कहलाइन्। यसरी पार्वतीको शरीरबाट अम्बिका निस्कँदा तिनको शरीर कृष्णवर्णको रूपमा देखा परेको हुँदा 'कालिका' नाम रह्यो। युद्धताका शुम्भ र निशुम्भले तिनमाथि आक्रमण गर्न खोज्दा क्रोधले तिनको ललाट कृष्णवर्णको हुन पुग्यो; त्यताबाट नरमुण्ड-माला, व्याघ्रचर्म एवं हातमा खट्वांग धारण गरेकी 'करालमुखी काली' उत्पति भइन्। चण्ड मुण्ड दैत्यहरूको वध गरेको हुनाले अम्बिकाले तिनको नाम 'चामुण्डा' राखिदिइन्। *ब्राम्ही, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, नारसिंही* एवं *इन्द्रायणी* यी सात शक्तिहरू (महेश्वर, कुमार, विष्णु, वाराह, नरसिंह एवं इन्द्रका शक्तिहरू) तिनका विभूति कहलिन पुगे। (*मार्कण्डेयपुराण*, अध्याय ८२)

अन्धकासुरलाई वध गर्न ब्रम्हा, विष्णु, महेश्वर आदि देवताहरूले आ-आफ्ना शक्तिलाई प्रयोगमा ल्याएको परिप्रेक्ष्यमा सम्बद्ध पुरुष देवताहरूसित *सप्तमातृका*का वर्ण, हतियार, वाहन आदि पनि सुस्पष्ट हुन पुगेको बुझिन्छ। *बृहत्संहिता*को निम्न उद्धरणबाट पनि यस कुराको पुष्टि मिल्छ -

मातृगणःकर्तव्यःस्वनामदेवानुरूपकृतचिन्हः।
रेवन्तीऽश्वारुढो मृगयाक्रीडादिपरिवारः ॥५६॥
(अध्याय ५८)

- जोशी, पूर्वोक्त, पादटिप्पणी संख्या ७, पृ. ९

१९। पाटन च्यासलहिटीको *गजलक्ष्मीको मूर्ति* [क], हाँडीगाउँको *श्रीलक्ष्मीको मूर्ति* (ईसापूर्व प्रथम शताब्दी)[ख], हौगलबहाल (पाटन) की *मातृका* (ईसाको दोश्रो शताब्दी) कोटालटोल (हाँडीगाउँ) की *मातृका* (ईसाको दोश्रो-तेश्रो शताब्दी), हाँडीगाउँकी *महिषमर्दिनीदेवी* (ईसाको तेश्रो शताब्दी), बालाजुकी *हारीति* (ईसाको तेश्रो शताब्दी), आदि मातृशक्तिकै विविध स्वरूपका मूर्तिहरू हुन्। यताबाट उपत्यकाको तात्कालिक लौकिक जीवनमा ईसाको प्रारम्भिक समयदेखि नै मातृदेवीका अनेक स्वरूपका मूर्ति बनाई पूजा आराधना गर्ने चलन व्यापक रूपमा चलेको थियो भन्ने कुरा थाहा हुन्छ।

क) यस मूर्तिलाई लैनसिंह बाड्देलले प्राचीन नेपाली मूर्तिकलाको इतिहास (पृ. २६, चित्र संख्या १) मा ईसापूर्व पहिलो शताब्दीको उल्लेख गर्नु भएको छ; तर आफ्नो अर्को कृति दि अर्लि स्कल्पचर्स् अफ् नेपाल् (पृ. १७, चित्र संख्या ७) मा दोश्रो शताब्दीको भनेर मान्नु भएको छ। हरिराम जोशीले पेजेज् अफ् दि फर्गटन् पास्ट् (पृ. १३०) मा ईसापूर्व पहिलो शताब्दी नै मान्नु भएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवं लोकप्रियता ईस्वीको प्रारम्भिक समयदेखि नै हुन थालिसकेको थियो भन्ने कुरा यहाँ पाइएका २५ भन्दा बढी *सप्तमातृका*का प्राचीन मूर्तिहरूका आधारमा ज्ञात हुन आएको छ।[२०] *चाँगुनारायणका सप्तमातृकाका मूर्ति* (कौमारी, ब्रम्हायणी, माहेश्वरी र वाराही - ईसाको दोश्रो शताब्दीको अन्तिम चरण), *बगलामुखीका सप्तमातृका* (यहाँ फेला परेका ६ वटा मूर्तिहरूमध्ये वाराही र ब्रम्हायणीको मूर्तिमात्र खुट्याउन सकिएको छ - ईसाको दोश्रो-तेश्रो शताब्दी), *बल्खुका सप्तमातृका* (कौमारी, वैष्णवी, वाराही - ईसाको दोश्रो-तेश्रो शताब्दी), *कीर्तिपुर-गणेश मन्दिरका सप्तमातृका* (वैष्णवी, ब्रम्हायणी, कौमारी, माहेश्वरी, वाराही - ईसाको तेश्रो-चौथो शताब्दी), *जयबागीश्वरीका सप्तमातृका* (कौमारी, माहेश्वरी, वैष्णवी - ईसाको छैटौं शताब्दी), *मालिगाउँका सप्तमातृका* (कौमारी - ईसाको दोश्रो-तेश्रो शताब्दी), *हाँडीगाउँको सत्यनारायण मन्दिरको सप्तमातृका* (कौमारी - ईसाको तेश्रो शताब्दी), *पाटनको सुबहालहिटीको सप्तमातृका* (वैष्णवी - ईसाको तेश्रो शताब्दी), *हाँडीगाउँ नजिकै टुणालदेवीको मन्दिरमा प्राप्त सप्तमातृका* (माहेश्वरी, कौमारी - ईसाको चौथो शताब्दी), *कमलादी गणेशस्थानका सप्तमातृका* (वैष्णवी ? वाराही, कौमारी, माहेश्वरी ?- ईसाको पाँचौं शताब्दी), *महाबौद्ध र चाबहिल गणेश मन्दिरका सप्तमातृकाहरू* (ईसाको पाँचौं-छैटौं शताब्दी) आदि यसका उदाहरण स्वरूप देखापर्छन्।[२१]

अष्टमातृका र नवदुर्गा

मातृमतको निरन्तर विकास एवं त्यसका अनेक स्वरूपको लोकप्रियता को परिप्रेक्षमा *सप्त* –

ख) यस मूर्तिलाई पनि बाड्देलज्यूले प्राचीन नेपाली मूर्तिकलाको इतिहास (पृ. २७, चित्र संख्या ५) मा ईसापूर्व प्रथम शताब्दीको मान्नु भएको छ भने दि अर्लि स्कल्पचर्स अफ नेपाल (पृ. १९, चित्र संख्या ११) मा चाहिँ दोश्रो शताब्दीको मान्नु भएको छ।

- लैनसिंह बाड्देल, प्राचीन नेपाली मूर्तिकलाको इतिहास, काठमाण्डौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०३९, पृ. २४-२९, ४०-४३, ६०-६६
- सोही, दि अर्लि स्कल्पचर्स अफ नेपाल, न्यू दिल्ली, विकास पब्लिसिङ हाउस प्रा.लि., ई.सं. १९८२, पृ. १७, १९, चित्र संख्या ७, ११
- हरिराम जोशी, पेजेज् अफ् दि फर्गटन् पास्ट्, ललितपुर, शुशिलराम जोशी, ई.सं. १९९८, पृ. १३०

२०। बाड्देल, प्राचीन नेपाली मूर्तिकलाको इतिहास, पूर्वोक्त, पृ. ४५-५९

२१। *सप्तमातृका* एकै समूहमा रहने प्राचीन परम्परागत मान्यता अनुरूप एकै समयमा मूर्ति बनाई, एउटै स्थानमा एकै समयमा स्थापना गरिन्थ्यो भन्ने कुरा थाहा पाइन्छ। तर फेला परेका *सप्तमातृका*का मूर्तिहरू कतै पनि आफ्नो पूर्ण संख्यामा देखा परेका छैनन्। यस विषयका अन्वेषक बाड्देलका अनुसार - *त्यस युगका सप्तमातृकाका सातवटै मूर्तिको एउटै ठाउँमा स्थापना भए पनि आज समयको प्रभावले ती मूर्तिहरू छरिएर कोही कता पुगे, कोही त्यहीं अलपत्र परिरहेका छन्।* - सोही, पृ. ४६-५९

प्राचीनकालमा उपत्यकाका वासिन्दाहरू आ-आफ्ना टोल-इलाकामा *सप्तमातृका*का मूर्ति बनाई पूजा आराधना गर्दथे; यस किसिमको यो प्रवाह ईसाको प्रारम्भिक समयदेखि छैटौं शताब्दीसम्मन् खूब चलेको थियो भन्ने ज्ञात हुन्छ। मध्यकालमा आइपुग्दा तान्त्रिक धर्मको बढ्दो लोकप्रियताको साथै *अष्टमातृका, नवदुर्गा* ले जनवीवनमा निकै प्रसिद्धि पाउन थालेपछि वा जीवित देवताको लोकप्रियता बढ्न थालेपछि *सप्तमातृका*को मात्र बेग्लै मूर्ति बनाई पूजा गर्ने प्रवाह निकै कम हुन पुगेको आभास हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*मातृका*कै विकसित एवं निकै लोकप्रिय रूप उग्र तान्त्रिक स्वरूपका *अष्टमातृका* र *नवदुर्गा* पनि हुन्।[२२] आभिलेखिक, पुरातात्विक एवं अन्य साक्षका आधारमा *सप्तमातृका*को प्रचारको साथै यसको अनन्तर विशेषगरी *अष्टमातृका, नवदुर्गा, दशमहाविद्या* आदिको प्रचार यहाँ विक्रमको सातौं शताब्दीदेखि नै हुन थालिसकेको विदित हुन्छ। शङ्खमूल सिकःवहीस्थित *उमामहेश्वरको मूर्ति* (चित्र संख्या १), यसको पादपीठमा उत्कीर्ण अभिलेख[२३], तथा सो मूर्तिको सामुन्ने स्थापित *सप्तमातृकागण*का अमूर्तरूपका सात ढुङ्गे मूर्तिहरू (चित्र संख्या २) यस सन्दर्भमा उल्लेखनीय उदाहरणका रूपमा देखा पर्छन्। अभिलेखसहितको यस मूर्तिलाई (चित्र संख्या १) अलिकता गहिरिएर हेरेको खण्डमा हाम्रो सामु यसका निम्न दुई स्वरूपहरू दर्शनीय हुन आउँछन् - *बाह्य* एवं *गूढ*। बाह्यरूपमा उमामहेश्वरको स्वरूप दर्शन हुन्छ; प्रतीकात्मक रूपमा यसै स्वरूपबाट यसको गूढ वा मूलस्वरूप महेश्वरदेहबाट अभिन्न शिवमयी मातृकादेवीको दर्शन हुन्छ।[२४] यस मूर्तिमा शिवतत्व (पुरुषतत्व) लाई दर्शाइएको छ तापनि

२२। मातृशक्तिका अनेक स्वरूपहरूको प्रचार वा अत्यधिक लोकप्रियतामा तन्त्र एवं तान्त्रिक वाङ्मयको निकै ठूलो योगदान रहेको छ। यसैकारण मातृशक्तिका विविध स्वरूपमा पूजा, विधिविधान गर्ने तन्त्र साहित्य निकै विशाल पनि छ। शाक्त तन्त्रको दार्शनिक संसारमा मातृशक्तिलाई सर्वोच्च स्थानमा मान्यता दिंदै 'अ' देखि 'क्ष' सम्मन्का ५० अक्षरहरूलाई पचास मातृकाको रूपमा लिइएको पाइन्छ।[क] सोही अनुरूप पचास मातृकाको मान्यता प्रायः प्रचलित छ।[ख] त्यस्तै मन्त्रहरूको रचना पनि मातृकाक्षरबाट नै सम्भव हुने हुँदा मातृकास्वरूप (मन्त्रादिमय) देखापर्छन्। ५० पृथक् पृथक् वर्णका शक्तिरूप पृथक् पृथक् मातृकाका रूपमा विकसित हुने मान्यता अनुरूप *सप्तवर्ग* (अ,क,च,ट,त,प,य), *अष्टवर्ग* (अ,क,च,ट,त,प,य,श) र *नववर्ग* (अ,क,च,ट,त,प,य,श,क्ष) आदि प्रचलित रहेको पाइन्छ।[ग] *सप्तमातृका, अष्टमातृका* र *नवदुर्गा* यसै सदृश अधिष्ठात्री देवीका रूपमा देखापर्छन्। *सप्तमातृका*मा 'अ' वर्गको अधिष्ठान् *महालक्ष्मी*लाई र *अष्टमातृका*मा 'त्रिपुरसुन्दरी' (पराशक्ति वा महाशक्ति) लाई सम्मिलित गर्दा क्रमशः *अष्टमातृका नवदुर्गा*को रूपमा प्रकट हुने कुरा दृष्टिगोचर हुन्छ।

क) यसरी मन्त्र एवं शास्त्र मातृकाक्षरबाट नै प्रादुर्भाव हुने हुँदा "न विद्या मातृकापरा" (*स्वच्छन्दतन्त्र-पटल* ११, श्लोक १९९), "मातृका वर्णरूपिणि" (*ललितासहस्रनाम*, -श्लोक १६७) तथा 'अकारादिक्षकारान्ता मातृका वर्णरुपिणि' (*परात्रिंशिका*, टि, पृ.१९४) आदि उक्ति विभिन्न तन्त्रग्रन्थमा उल्लेख भएको पाइन्छ।

ख) 'पचास' लाई 'एकाउन्न' को परिलक्षक (पराशक्तिकै रूपमा) रूप मानी तार्किक परम्परा पनि प्रचलित रहेको परिप्रेक्षमा शरीरलाई *५१ शक्तिपीठ* मानेर तदनुरूप *मातृकान्यास* गर्ने मान्यता पनि रहेको बुझिन्छ।

ग) *स्वच्छन्दतन्त्र*को निम्न श्लोकबाट पनि यो कुरा जानिन्छ- अवर्गे तु महालक्ष्मीः कवर्गे कमलोभ्दवा। चवर्गे तु महेशानी टवर्गे तु कुमारिका॥ नारायणी तवर्गे तु वाराही तु पवर्गिका। ऐन्द्री चैव यवर्गस्था चामुण्डा तु शवर्गिका॥ एताः सप्तमहामातृःसप्तलोकव्यवस्थिताः॥

- अवस्थी शास्त्री, पूर्वोक्त, पादटिप्पणी संख्या १६-क, पृ. ८५-१०२

२३। *ॐ... राजपुत्रवज्ररथनाम्नो ... आसीत्तद्गोत्रजैनकेन याश्च वाग्वत्या मणिमत्याश्च सन्धिदेशे... मातरः स्थापिता आसन् मृन्मयास्ता : कालक्रमेण चिरन्तनतयाति विशोर्ष्णभग्नपतितपाणिपादा जाता इत्यम्भूताश्च... बभ्रुवर्म्मनाम्नासामेव मातृणाम्प्रतिसंस्कारक्रिया ... पुण्याभिवृद्धये पुनरन्यथा देव्यो मातरः शैल्याःकारिता इति संवत् वर्ष शत ४९५*

- धनवज्र वज्राचार्य (सं), लिच्छविकालका अभिलेख, काठमाडौं, नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०, संख्या ५३, पृ.२११

२४। शाक्तहरू उमालाई महालक्ष्मीकै सदृश मानी उमापति भैरव-देहबाट अभिन्न मान्दछन्। यसैकारण महेश्वर *सप्तमातृकाद्वारा* परिवारित *परालक्ष्मी*का साथमा विद्यमान रहन्छिन् भन्ने मान्यता प्रचलित रहेको पाइन्छ।[क] *स्वच्छन्दोद्योत* (१० पट, पृ. ४२३) को निम्न उद्धरणबाट पनि यो कुरा बुझिन्छ -

परालक्ष्मीर्ज्ञानदीप्तिमयी उमादेवी, तथा सह।
अतश्च उमैव सप्तधास्थिता सती उमापतेर्देहाविभिन्ना इत्यष्टशक्तिर्महेश्वरः।

- अवस्थी शास्त्री, पूर्वोक्त, पादटिप्पणी संख्या १६क, पृ.१००-०१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र संख्या १ : उमामहेश्वरको यस मूर्तिलाई सो मूर्तिको पादपीठमा उत्कीर्ण अभिलेखमा 'देव्यो मातर' (मातृकादेवी) व्यवहृत गरिएको छ । अभिलेख भएको भाग अहिले जमीनमुनि गाडिएकोले विलुप्त अवस्थामा छ ।



चित्र संख्या २ : अमूर्त प्रस्तरका *सप्तमातृका* गण परिवार सहित मूर्तरूपका उमामहेश्वर ।

क) यसप्रकारको मान्यता वा धारणाको क्रियात्मक पक्ष *नवदुर्गानाच*मा पनि प्रयुक्त भएको दृष्टिगत हुन्छ; यस नाचमा सम्मिलित गणहरूमा प्रमुख *महालक्ष्मी* पनि हुन् । तिनी *सप्तमातृकागण*ले मात्र नभएर *महादेव, भैरव, गणेश* र *कुमार* आदि पुरुष देवतासहितले पनि परिवारित छिन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेखमा कतै पनि यसको उल्लेख गरिएको छैन; 'देव्यो मातर' (मातृकादेवी) भनेर सम्बोधन गरिएको छ। यताबाट पुरुषतत्वलाई स्वीकार गरिएको तर स्त्रीतत्वको प्राधान्य रहेको[२५] मातृगणको तान्त्रिक स्वरूपको मूर्ति यो रहेछ भन्ने कुरो ज्ञात हुन आउँछ। यस सन्दर्भमा कालान्तरमा (मध्यकाल) अत्यन्त लोकप्रिय हुन पुगेको *अष्टमातृका* तथा *नवदुर्गा गण* एवं तिनका परिवारको पूर्व-झलक वा विकसित हुँदै जान थालेको रूप यसैमा दृष्टिगोचर हुन्छ।[२६]

पहिले स्थापना गरिएका मातृदेवीका मृन्मय-मूर्तिहरू कालक्रमले पुराना भएर बिग्रेका हुनाले अहिले फेरि अर्कै किसिमले ढुङ्गाका मातृदेवीहरू बनाइएको कुरा यस अभिलेखमा पर्न आएको परिप्रेक्षमा *नवदुर्गा गण*ले लगाउने *ख्वा:पा:*हरू (मुकुण्डो) को स्मरण एकातिर गराएको छ भने अर्कोतिर अनाकृत

२५। यताबाट यस मूर्तिले *शाम्भव-दर्शन*को स्मरण गराउँछ। शाक्त विधिविधान *शाम्भव-दर्शन*मा आधारित रहेको मानिन्छ। यस सिद्धान्त अनुसार शिव र शक्ति आद्य तत्व हुन्। *शिव* प्रकाशस्वरूप हुन्; विमर्शरूप *शक्ति*मा प्रविष्ट हुँदा *विन्दु*को रूप धारण गर्दछ। सोही अनुरूप *शक्ति शिव*मा अनुप्रविष्ट हुँदा विन्दु सम्बर्द्धित हुन्छ। यताबाट *नाद* (स्त्री तत्व) *निर्गत* हुन्छ। *विन्दु* र *नाद* मिलेर *मिश्र-विन्दु* बन्छ। स्त्री-पुरुषशक्तिको योग यो हो, जसलाई 'काम' भनिन्छ। पुरुष र स्त्रीतत्वको प्रतीक 'श्वेत' र 'रक्तविन्दु' यसको कला विशेष हो। *श्वेत, रक्त* र *मिश्रविन्दु* एकीकृत हुने अवस्थामा *कामकला* हो। यताबाट *सृष्टि* आरम्भ हुन्छ।
सर्वेश्वरी महाशक्ति कामकलाप्रधान सृष्टि गर्ने देवीको रूपमा प्रसिद्ध मानिन्छ। 'अग्नि' र 'चन्द्र' (रक्त र श्वेतविन्दु) तिनका *उरोज*, 'हार्धकला' तिनको *योनि* तथा 'संयुक्त विन्दु' *मुख* हो; जहाँबाट 'सृष्टि' आरम्भ हुन्छ। देवीदेवताहरूमा तिनी सर्वोच्च छिन् तथा *परा, ललिता, भट्टारिका* एवं *त्रिपुरसुन्दरी* नामले प्रसिद्ध छिन्। स्त्रीतत्व 'ह' (योनि) र शिवतत्व 'अ' मिलेर कामकला अर्थात् *त्रिपुरसुन्दरी* (प्रतीकात्मक रूप) उद्भव हुन्छ; जुन *शिव* र *शक्ति*को संयोगको फल हो; समस्त जीवजगत् *त्रिपुरसुन्दरी*को रूप मात्र हो...।
शाक्त मता लम्बीहरू ईश्वरलाई 'स्त्री' रूपमा मान्दछन्। आफूलाई *त्रिपुरसुन्दरी*सित अभिन्न ठान्छन्।
- आर.जी. भण्डारकर, पूर्वोक्त, पादटिप्पणी संख्या १२ ख, पृ. १६५-६६
'महेश्वरउमा' नभएर 'उमामहेश्वर' नाम नै हाम्रो यहाँ प्रचलित रहँदै आएको छ। त्यस्तै *लक्ष्मीनारायण, सीताराम, गौरीशङ्कर* आदि उदाहरणस्वरूप छन्। यी मातृ-प्रमुख नामहरू हुन्; यसरी संयुक्त रूपका यस्ता विशेष मूर्तिमा नामकै आधारमा पनि मातृशक्तिको प्राधान्य देखिन आएको सन्दर्भमा अभिलेखमा पनि सोही अनुरूप *मातर* (मातृदेवी) उल्लेख गरिएको दृष्टिगोचर हुन्छ।
मातृशक्तिका अनेक स्वरूपहरू अन्य सम्प्रदायका देवताहरूका साथमा प्रमुख रूपले लोकप्रिय हुँदै जान थालेको आभास पनि यस मूर्तिले गराएको छ।

२६। मातृगणको विकासक्रमको सन्दर्भमा *सप्तमातृका* र *अष्टमातृका* बीचको सम्भेद-काल विक्रमको सातौं शताब्दी हो भन्ने कुराको निर्देश यो मूर्ति लगायत यसको सामुन्ने रहेका सात ढुङ्गे मूर्तिहरूले गरेको आभास हुन्छ। तत्पश्चात् *अष्टमातृका* र *नवदुर्गा* (तथा यसभन्दा अधिक निश्चित संख्याका मातृगण) को व्यापक प्रचार हुँदै गयो।
असिताङ्ग, रुरु, चण्ड, क्रोध, उन्मत्त, कपाल, भीषण र *संहार* - यी *अष्टमातृका*का 'पति'-भैरवहरू हुन्। विचारणीय कुरो के छ भने शाक्त परम्परामा यी अष्ट-भैरवहरू आफ्ना शक्ति (*ब्रम्हायणी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्रायणी, महाकाली* (*चामुण्डा*) र *महालक्ष्मी*का सहायकका रूपमा मात्र देखापर्छन्।
सप्तमातृका सहितको *उमामहेश्वर*को यस मूर्तिले बढ्दो पारिवारिक विशेषता झल्काएको छ। यो मूर्ति एवं प्राचीनकालका *उमामहेश्वर*का अन्य मूर्तिहरूदेखि लिएर कालान्तरमा बनेका मूर्तिहरूको अध्ययन गरेको खण्डमा *नन्दी* र *कुमार*को अतिरिक्त *अष्टगण, एकजोडी सिंह, नृत्यकार, वाद्यकार, सेविका* आदि संख्यात्मक रूपले बढ्दै गएको देखापर्छ।[क] *नवदुर्गानाच* लगायत उपत्यकाका *गणनाच*मा पनि मातृकागणका परिवारहरू (*गणेश, महादेव, सिम्ब:* र *दुम्ब: -सिंघिनी, व्याघ्रिनी*, वाद्यकार *-खिं, त:* र *कार्यं* बाजा बजाउनेहरू आदि) दर्शाइएका छन्। यताबाट परवर्तीकालमा प्रचलित हुन पुगेका गणनाचको एउटा मूल-सूत्रधार *उमामहेश्वर-परिवार*सित पनि गाँसिएको थियो भन्ने बुझिन्छ।
क) डा. पुरुषोतम लोचन श्रेष्ठ, सिद्धपोखरी एक ऐतिहासिक विश्लेषण, भक्तपुर, भक्तपुर नगरपालिका, वि.सं. २०५४, पृ. २६-२७
- बाङ्गदेल, पूर्वोक्त, पादटिप्पणी संख्या १९ ख, पृ. ५७-६२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपका *अष्टमातृका* तथा नवदुर्गा (*अष्टमातृका + त्रिपुरसुन्दरी = नवदुर्गा*) का ढुङ्गे पीठहरूको पनि स्मरण गराउँछ ।[२७]

नवदुर्गा भवानी महिषासुरमर्दिनीदेवीको रूपमा प्राचीनकालदेखि नै प्रसिद्ध रहँदै आएको जानिन्छ । *दुर्गा, भगवती, अम्बिका, चण्डी* आदि नाम-स्वरूपले पनि तिनी महाभारत-पुराणकालदेखि नै पूजिँदै आएको पाइन्छ ।[२८]

विभिन्न देवताहरूको प्रचण्ड तेजपुञ्जबाट प्रकट भएकी जगन्माता दुर्गाभवानीले[२९] महिषको रूप धारण गरेका महिषासुरसितको संग्राममा दैत्य संहार गर्न नौ प्रकारका भिन्न भिन्न स्वरूपमा नवदुर्गारूप धारण गरेको तथा यसै रूपमा महिषासुरको वध गरेको प्रसिद्ध कथा हाम्रो यहाँ प्राचीनकालदेखि नै निकै प्रसिद्ध रहँदै आएको देखिन्छ ।[३०] यसै अनुरूप नवदुर्गा भवानीका अनेक नौ प्रकारका नाम स्वरूप पनि प्रचलित रहँदै आएको पाइन्छ । ती मध्ये केही निम्न नाम स्वरूप यसप्रकार छन् :-

---

२७। मानवसभ्यताको आरम्भदेखि अहिलेसम्मन् पनि अनवरत्रूपमा माटोले जीवनयापन, वास्तुरचना, धर्म-संस्कृति आदि अनेक क्षेत्रमा अपरिहार्य-स्थान पाउँदै आएको छ । यसो हुँदा यसले देवतुल्य महत्व पाउँदै आएको छ । सैन्धव-उत्खनन्मा फेला परेका मातृदेवीका मूर्तिहरू, लुम्बिनी बन्जरहीको उत्खनन्मा फेला परेको मातृदेवीको मूर्ति (ईसापूर्व तेश्रो शताब्दी-अनुमानित)[क] यी आदि प्राचीनतम मूर्ति लगायत उपत्यकाका *रातो मच्छिन्द्रनाथ, सेतो मच्छिन्द्रनाथ, जयबागेश्वरी, भीमसेन* (भक्तपुर-तचपालटोलस्थित) आदि प्रसिद्ध देवमूर्ति माटाकै हुन् । *नवदुर्गानाच* लगायत उपत्यकाका गणनाचहरूमा धारण गरिने *ख्वाःपाः* (मुकुण्डो) माटाकै हुन्; *घण्टाकर्ण चतुर्दशी*को दिनमा माटोकै महादेव (नवदुर्गानाच प्रयोजनका निमित्त) विधिपूर्वक पूजा गरिन्छ ।
मातृदेवीका माटाका मूर्ति बनाउने चलन पहिलेदेखि नै थियो भन्ने कुरा यस अभिलेखले देखाएको छ । त्यस्तै माटोको ठाउँमा ढुङ्गाका पीठदेवताहरू बनाई प्रतिष्ठा गर्ने नयाँ प्रवाह चल्न थालेको संकेत पनि दिएको बुझिन्छ ।
मनमा सिर्जित कल्पनालाई सजिलैसित मूर्त रूपमा प्रस्तुत गर्न सकिने वस्तु माटो पनि भएको हुँदा आरम्भमा यसैबाट पनि मानिसले मूर्तिकलाको थालनी गरेका हुन् भन्ने कुरा दृष्टिगत हुन्छ । सभ्य र समृद्धशाली बन्दै गएपछि यो प्रवाह ढुङ्गा, काठ र बहुमूल्य धातुहरूमा सर्दै गयो, सोही अनुरूप प्रतिष्ठाका प्रतीकका रूपमा पनि देखा परे तापनि यसको विशेष महत्व परम्परागत रूपमा यथावत रहँदै आयो, आदि कुरा दृष्टिगोचर हुन्छ ।

क) सत्यमोहन जोशी, नेपाली मूर्तिकलाको विकासक्रम, काठमाडौं, ने.रा.प्र.प्र, वि.सं. २०३२, पृ. १०-११

२८। मार्कण्डेयपुराणमा आधारित दुर्गा सप्तशतीको पाठ (नवरात्रको अवसरमा) अहिलेसम्म पनि प्रचलित रहेको पाइन्छ । - जोशी, पूर्वोक्त, पादटिप्पणी संख्या ५, पृ.१८९

२९। दानवराज महिषासुरले स्वर्गाधिपति इन्द्रलाई युद्धमा हराएर स्वर्गका अधिष्ठाता बन्न पुगेपछि पराजित देवताहरूले ब्रम्हाजीलाई अघि लगाई भगवान शिव र विष्णु-समक्ष यथावत वृत्तान्त सुनाउन पुगे । त्यसपछि दैत्यहरूसित क्रोधित हुन पुगेका शिव, विष्णु, ब्रम्हा, इन्द्र आदि देवताहरूका शरीरबाट महान तेज निस्किये; ती सबै मिलेर एकत्रित भएको जाज्वल्यमान तेजपुञ्ज एक नारीको रूपमा परिणत भयो । शिवको तेजबाट - *मुख*, यमराजको तेजबाट - *शिरको रौं*, विष्णुको तेजबाट - *भुजाहरू*, चन्द्रमाको तेजबाट - *दुई स्तन*, इन्द्रको तेजबाट - *कटिप्रदेश*, वरुणको तेजबाट - *जाँघ र तिघ्रा*, पृथ्वीको तेजबाट - *वक्षस्थल*, ब्रम्हाको तेजबाट - *दुई चरण*, सूर्यको तेजबाट - *औंलाहरू*, कुबेरको तेजबाट - *नासिका*, अग्निको तेजबाट - *तीननेत्र* प्रादुर्भाव भए । यसरी अन्यान्य देवताका तेजबाट कल्याणमयी देवीको आविर्भाव भएको कथा *दुर्गा सप्तशती*को आधारमा जानिन्छ ।

- पं. श्री रामनारायणदत्तजी शास्त्री पाण्डेय (सं.), श्रीदुर्गासप्तशती, गोरखपुर, गीताप्रेस, वि.सं. २०५५, द्वितीय अध्याय

३०। *स्कन्दपुराण*को *काशीखण्ड* अनुसार - रुरुका पुत्र दुर्ग नामका महादैत्यले देवताहरूलाई ज्यादै दुःख दिन लागेको हुनाले भगवान शिवले त्यस असुरलाई मार्नको लागि देवीलाई अन्हाए । देवी र दुर्गको बीच एक ठूलो संग्राम भयो जसमा देवीको हातबाट दुर्ग मारियो । यसैकारण तिनी *दुर्गा* नामले प्रसिद्ध छिन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवीमहात्म्यको देवीकवच अनुसारका *नवदुर्गा*[३१]

१. *शैलपुत्री* — शिरमा अर्धचन्द्र धारण गरेको, वृषभ-स्थिता, दाहिने हातमा त्रिशूल र बायाँ हातमा कमल-पुष्पले सुशोभित

२. *ब्रम्हचारिणी* — दाहिने हातमा अक्षमाला एवं बायाँ हातमा कमण्डलु

३. *चन्द्रघण्टा* — मस्तकमा घण्टा आकारको अर्धचन्द्र, सिंहवाहिनी, खड्ग, बाण, त्रिशुल आदि शस्त्र-अस्त्र आदिले विभूषित दश हातयुक्त

४. *कुष्माण्डा* — अष्टभुजाले विख्यात, कमण्डलु, धनुष, बाण, कमल-पुष्प, अमृतपूर्ण कलश, चक्र, गदा तथा रक्तयुक्त पात्र धारण गरेकी

५. *स्कन्दमाता* — स्कन्दमातृस्वरूपिणी, बालक स्कन्दलाई दुई हातहरूले काखमा च्यापेकी, बाँकी दुई हातमा कमल-पुष्प धारण गरेकी, सिंहमा चढेकी

६. *कात्यायनी* — शार्दूल वाहन भएकी, दानवघातिनी, चारभुजाले युक्त, अभय र वरदमुद्रा तथा कमल-पुष्प र खड्ग धारण गरेको

७. *कालरात्रि* — अत्यन्त भयानक स्वरूप भएकी, तर सदैव शुभ फल प्रदान गर्ने कृष्ण वर्णको, नासिकाबाट अग्निको भयंकर ज्वाला निकालिरहेको, त्रिनेत्र भएको, नग्न शरीर भएको, गधामा चढेको, चार भुजाले युक्त भएकी यी देवीले शरीरमा तेल घसेकी छिन्।

८. *महागौरी* — श्वेत-वृषभ वाहन भएको, समस्त वस्त्र एवं आभूषण आदि श्वेत, चार हात भएको, अभय र वरद मुद्रा एवं डमरु र त्रिशुल, धारण गरेकी

९. *सिद्धिदात्री* — कलम-पुष्पमा आसीन, सिंहवाहिनी यी देवी (सिद्धिदायिनी) ले सबै प्रकारको सिद्धि प्रदान गर्छिन्।[३२] चारभुजा भएकी यी देवी शङ्ख, चक्र, गदा र कमल-पुष्पले युक्त छिन्। यिनी सिद्ध छिन्। यिनी सिद्ध,

---

त्यस्तै *नवदुर्गा*को आविर्भावको विषयमा प्रचलित एक अर्को कथा अनुसार - भगवान शिवद्वारा आफ्नो पुत्र गणेशको वध गरिनाले विक्षुब्ध भएकी पार्वतीले शिवसमेत सम्पूर्ण देवताहरूको संहार गर्ने हेतु लाखौं शक्तिहरूलाई सृष्टि गरेकी थिइन्। ती देवीशक्तिहरूमध्ये *नवदुर्गा* प्रमुख मानिन्छ।

- हरिराम जोशीको संग्रहमा रहेको अप्रकाशित ग्रन्थ हिन्दु प्रतिमा लक्षण (नवदुर्गा प्रतिमा लक्षण) का आधारमा

३१। *प्रथमं शैलपुत्री च द्वितीयं ब्रम्हचारिणी।*
तृतीयं चन्द्रघण्टेति कूष्माण्डेति चतुर्थकम् ॥३॥
पंचमं स्कन्दमातेति षष्ठं कात्यायनीति च।
सप्तमं कालरात्रीति महागौरीति चाष्टमम् ॥४॥
नवमं सिद्धिदात्री च नवदुर्गाः प्रकीर्तिताः।
उक्तान्येतानि नामानि ब्रम्हणैव महात्मना ॥५॥
(*देव्याःकवचम्*)

३२। 'अष्टसिद्धि' को उल्लेख मार्कण्डेयपुराणमा परेको छ, ती निम्न हुन् - अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व र वशित्व। ब्रम्हवैवर्त्तपुराणमा यसको संख्या १८ उल्लेख भएको पाइन्छ, ती निम्न हुन् - १.. अणिमा २. लघिमा ३. प्राप्ति ४. प्राकाम्य ५. महिमा ६. ईशित्व ७. सर्वकामावसायिता ८. सर्वज्ञत्व ९. दूरश्रवण १०. परकायप्रवेशन ११. वाक्सिद्धि १२. कल्पवृक्षत्व १३. सृष्टि १४. संहारकरणसामर्थ्य १५. अमरत्व १६. सर्वन्यायकत्व १७. भावना १८. सिद्धि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गन्धर्व, यक्ष आदि र सुर-असुरहरूद्वारा सेवित छिन् ।

अपराजितापृच्छा (२२२, ३६) मा सबै नौ स्वरूपहरूमा दुर्गाभवानीलाई सिंहवाहिनी एवं चतुर्भुजाको रूपमा वर्णन गरिएको छ । यस ग्रन्थमा वर्णित नवदुर्गाभवानीका नाम तथा तिनका आयुध निम्न छन् ।[३३]

१. *महालक्ष्मी* वरद, त्रिशूल, खेटक र पानपात्र
२. *नन्दा* अक्षसूत्र, खड्ग, खेटक र पानपात्र
३. *क्षेमंकरी* वरद, त्रिशूल, पद्म र पानपात्र
४. *शिवदूति* कमण्डलु, चक्र, खेटक र पानपात्र
५. *महाचन्दा* खड्ग, त्रिशूल, घण्टा र जल
६. *भ्रमरी* खड्ग, डमरु, खेटक र पानपात्र
७. *सर्वमङ्गला* अक्षसूत्र, वज्र, घण्टा र पानपात्र
८. *रेवति* दण्ड, त्रिशूल, खट्वाङ्ग र पानपात्र
९. *हरसिद्धि* खड्ग, कमण्डलु, डमरु र पानपात्र

आगमादि ग्रन्थहरूमा वर्णित नवदुर्गाका नाम र आयुध यसप्रकार छन्[३४]

१. *महालक्ष्मी*[३५] त्रिशूल, खेटक, पानपात्र र वरदमुद्रा
२. *क्षेमंकरी* त्रिशूल, पद्म, पानपात्र र वरदमुद्रा
३. *हरसिद्धि* डमरु, कमण्डलु, खड्ग, पानपात्र र वरदमुद्रा
४. *रुद्रांशा* शूल, खड्ग, शंख र चक्र
५. *वनदुर्गा* शंख, चक्र, खेटक, बाण, पाश एवं अंकुश
६. *अग्निदुर्गा* चक्र, खड्ग, खेटक, बाण, पाश र अंकुश
७. *जयदुर्गा* शंख, चक्र, खड्ग र त्रिशूल
८. *विन्ध्यवासी दुर्गा* शंख एवं चक्र
९. *रिपुमारिणी दुर्गा* त्रिशूल र तर्जनीमुद्रा

नवदुर्गा सदृश *नवचक्रनायिका*[३६], *नवगौरी*[३७] आदिको मान्यता पनि प्रचलित रहँदै आएको पाइन्छ । *मन्त्रमहोदधि*मा दुईदेखि दश वर्षसम्मका कुमारी बालिकाहरूको पूजा-विधान उल्लेख छ । पूजा

३३। *आदौ तत्र महालक्ष्मीर्नन्दा क्षेमंकरी तथा ।*
शिवदूति महाचन्दा भ्रमरी सर्वमङ्गला ॥
रेवती हरसिद्धिश्च नवदुर्गा प्रकीर्तिताः ॥
(*अपराजिता,* २२२।२६-२७)

३४। जोशी, पूर्वोक्त, पादटिप्पणी संख्या २९ (नवदुर्गा प्रतिमा-लक्षण)

३५। 'महालक्ष्मी ' को ठाउँमा 'नीलकण्ठी ' उल्लेख भएको पनि पाइन्छ ।

३६। १. त्रिपुरा २. त्रिपुरेशी ३. त्रिपुरसुन्दरी ४. त्रिपुरवासिनी ५. त्रिपुराश्री ६. त्रिपुरामालिनी ७. त्रिपुरासिद्धा ८. त्रिपुराम्बा ९.महात्रिपुरभैरवी - यी नवचक्रनायिका हुन् । नवरात्रपर्वमा यिनको पूजा गर्ने चलन छ ।
- धनशमशेर ज.ब.रा., शारदीयदुर्गापूजापद्धति, काठमाडौं, ने.रा.प्र.प्र., वि.सं. २०३२, पृ. ?

३७। १. मुखनिर्मालिका २. ज्येष्ठा ३. सौभाग्य ४. श्रृङ्गार ५. विशालाक्षी ६. ललिता ७. भवानी ८. मङ्गला ९. महालक्ष्मी - यी नवगौरी हुन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा लिइने कुमारीका नामहरू निम्न छन् - १. *कुमारी* २. *त्रिमूर्ति* ३. *कल्याणी* ४. *रोहिणी* ५. *कालिका* ६. *शाम्भवी* ७. *दुर्गा* ८. *चण्डिका* ९. *सुभद्रा* [३८]

नवदुर्गाको विशिष्ट रूप महिषमर्दिनी वा भगवती हो। हाँडीगाउँको धनगणेश मन्दिरमा प्राप्त महिषमर्दिनीको मूर्तिलाई सर्वप्राचीन (ईसाको तेश्रो शताब्दी)[३९] मानिएको छ। केही समयपूर्व ललितपुरमा फेला परेको संवत् ४११ (वि.सं. ५४५) को एउटा लिच्छवीकालीन अभिलेखमा भगवतीदेवीको उल्लेख परेको छ।[४०] सो अभिलेखमा विधिवत् संस्थापना गरिएको भगवतीदेवीको *कारण पूजा*को पनि उल्लेख भएकोले उत्तरप्राचीनकालदेखि नै लौकिक जीवनमा तान्त्रिक धर्म लोकप्रिय हुँदै आएको बुझिन्छ।[४१] त्यस्तै पलाञ्चोक-भगवतीमन्दिरको संवत् ४२५ (वि.सं. ५८०) को अभिलेखमा विजयस्वामिनीले देवी भगवती *विजयेश्वरी* प्रतिष्ठापित गरेको कुरा परेको छ।[४२] यसप्रकार यी माथि उल्लेखित पुरातात्विक एवं आभिलेखिक साक्षहरूका आधारमा नवदुर्गाभवानीको उच्चतम् महिषमर्दिनी रूप उत्तरप्राचीनकालसम्म आईपुग्दा निकै लोकप्रिय भइसकेको थियो भन्ने कुरा थाहा पाइन्छ। तत्पश्चात् इतिहासको कालप्रवाहमा यो स्वरूप राजकीय एवं राष्ट्रियस्तरमै लोकप्रिय हुँदै आयो।[४३]

अंशुवर्माद्वारा *नवदुर्गा गण*को प्रतिष्ठा

- जोशी, पूर्वोक्त, पादटिप्पणी संख्या ५, पृ. १८९

३८। सोही, पृ. १८९-९०

३९। बाड्देल, दि अर्लि स्कल्प्चर्स् अफ् नेपाल, पूर्वोक्त संख्या १९ख, पृ.३५, चित्र संख्या-५९

४०। *सम्वत् ४११ ... भगवत्यै देव्यै सम्यक्कारण पूजादिक्रिया प्रवर्तनार्त्था ...*
- श्यामसुन्दर राजवंशी, 'लिच्छविकालीन अभिलेख', रोलम्ब, भोलम १५ नं.३, जुलाई-सेप्टेम्बर १९९५, पृ.२९

४१। '*कारणपूजा*' को उल्लेख तात्कालिक *शैव, शाक्त, बौद्ध* (तान्त्रिक बौद्धधर्म - वज्रयान) र *वैष्णव* मतका प्रमुख देवताहरूको सन्दर्भमा पर्न आएको कुरा लिच्छविकालीन अभिलेखहरूको अध्ययनको आधारमा थाहा पाइन्छ। विशेष कारणले पर्व-पर्वमा गरिने (नैमित्तिक पूजा) पूजालाई *कारणपूजा* भनिएको हो।[क] हरिराम जोशीका अनुसार - *कारणपूजा* तान्त्रिक धर्मको दुई मुख्य सम्प्रदाय - 'वाम' एवं 'दक्षिण' मध्ये प्रथममा *मद्य, मांस, मत्स्य, मुद्रा* र *मैथुन* नामक पंच मकारको सामग्रीले पूजा गरिने पूजाको नाम रहेको छ।[ख]
क) वज्राचार्य, पूर्वोक्त, संख्या २३, पृ.६३-६४
ख) जोशी, पूर्वोक्त, संख्या ५, पृ.५०

४२। वज्राचार्य, पूर्वोक्त, संख्या २३, पृ.६७
वज्राचार्यले यस अभिलेखलाई शाक्त सम्प्रदायसम्बन्धी पहिलो भनेर उल्लेख गरेका छन् (पृ.६९), तर संवत्का आधारमा अब ललितपुरमा फेला परेको अभिलेख नै पहिलो हुन आएको छ।
यस अभिलेखमा उल्लेखित भगवती *विजयेश्वरी*को मूर्ति अहिले त्यहाँ देखापर्दैन, मन्दिरभित्रको मूर्ति मल्लकालीन हो। सो मूर्तिमा भगवतीको महिषमर्दिनी स्वरूपलाई दशाईएको छ। *पलाञ्चोक-भगवती* प्राचीनकालदेखि नै प्रसिद्ध रहँदै आएको परिप्रेक्षमा विजयस्वामिनीद्वारा स्थापित पहिलो मूर्तिको स्वरूप महिषमर्दिनी नै थियो भन्ने कुरा सो मल्लकालीन मूर्तिको आधारमा जानिन्छ।

४३। दशैंताका, नवरात्रको नवौं दिनमा नवदुर्गा गणले महिषासुरको प्रतीक मानिने *खःमेय्* (निखुर राँगो) को विधिपूर्वक भोगबलि ग्रहण गरेर प्रत्येक वर्ष यस रूपलाई सजीव ढंगले जनजीवनसमक्ष साक्षात्कार दर्शन दिंदै आएकों छ। त्यस्तै, महान् राष्ट्रिय चाडको रूपमा मनाइने दशैंमा यसै रूपमा नवदुर्गाभवानीको पूजा आराधना गरिन्छ। यताबाट प्राचीनकालदेखि अहिलेसम्मन् पनि मातृशक्तिको यो विशिष्ट स्वरूप अनवरत रूपले निकै नै प्रसिद्ध रहँदै आएको कुराको प्रामाणिक पुष्टि मिल्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनेक धार्मिक सम्प्रदाय, उप-सम्प्रदायहरूको विकास एवं तिनमा देखा पर्ने तान्त्रिक प्रभावको दृष्टिले अंशुवर्माको राज्यकाल उल्लेखनीय रहेको कुरा उनका अभिलेख एवं अन्य साक्षका आधारमा थाहा पाइन्छ। पशुपतिनाथका परमभक्तका रूपमा देखिएका अंशुवर्मा अन्य धार्मिक सम्प्रदायप्रति पनि उदार थिए।[४४] आफ्नो राज्यकालमा उनले *नवदुर्गा, कौमारीगण* बसाली प्रत्येक वर्ष पूजा चलाउनु पर्ने व्यवस्था गरिदिएका थिए भन्ने कुरा वंशावलीका आधारमा थाहा पाइन्छ।[४५]

आनन्ददेव (वि.सं. १२०४-१२२४) द्वारा *नवदुर्गा*पीठको प्रतिष्ठा

लिच्छविकालमा चलेका स्वतन्त्र रूपका अनेक सम्प्रदाय उपसम्प्रदायहरू मध्यकालतिर आइपुग्दा त्यस रूपमा देखा पर्दैनन्, तन्त्रसिद्धान्तले प्रभाव पार्दै लगेको हुँदा मिश्रित रूपले चल्न थालेको दृष्टिगत हुन्छ।[४६] सम्प्रदायभेद गौण बन्न पुग्यो; शक्तिसहितका देवताहरूको लोकप्रियता अत्यधिक रूपमा बढ्न

४४। शाक्तमतसित शैवमतको सान्निध्य अनेक दृष्टिले रहँदै आएको देखापर्छ। अंशुवर्माको समयदेखि औपचारिक रूपमा पशुपतिनाथ राजकीय एवं राष्ट्रिय देवताको रूपमा मान्य हुँदै आएको परिप्रेक्षमा मातृशक्तिकै एक विशिष्ट रूप *श्रीदेवी* वा *श्रीमानेश्वरीदेवी*को राजकीय महत्व (इष्टदेवताका रूपमा) पनि यसैबेलादेखि (विक्रमको सातौं शताब्दी) बढ्न थालेको संकेत मिल्छ। हाँडीगाउँको अंशुवर्माको अभिलेखमा[क] राजदरबारसम्बन्धी विभिन्न देवताले पाउने भाग निश्चित गरी राखिदिएको सन्दर्भमा *श्रीदेवी* तथा *षष्टीदेवकुल* (मन्दिर) को उल्लेख आएको छ।[ख]

क) वज्राचार्य, पूर्वोक्त, पादटिप्पणी संख्या २३, पृ.३०१

ख) *षष्ठीदेवी* मातृकाविशेष हुन् - सोही, पृ.३०४

४५। *श्री राजा अंशुवर्मा... यिन राजाले वैशाख शुक्ल पूर्णिमामा... देवी प्रसन्न निमित्त कौमारीगण बसाई अनेक यज्ञादि क्रिया गरी बलिदान पूजानिमित्त नवदुर्गा बसाई बाह्याभ्यन्तर कर्म प्रतिवर्ष चलाया।*

- नयनाथ पौडेल (सं), भाषावंशावली (भाग १), काठमाडौं, पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२०, पृ.८४

पशुपति-वनकालीमा कङ्काल-स्वरूपिणि *काली*को एक जीर्ण मूर्ति छ। सो मूर्तिमा तिनी घुँडासम्म आउने जामा, कानमा कर्णपाश र घाँटीमा माला आदि आभूषणले सजिएकी छिन्।[क] तिनको पाउमुनि (वाहनका रूपमा) घोप्टो परेको *नग्न शव* देखाइएको छ। यसरी विभत्साकृतिको भावलाई दर्शाईरहेको यस मूर्तिलाई अंशुवर्माकी रानीले स्थापना गर्न लगाएका हुन् भन्ने इतिहासकारहरूको अनुमान रहेको छ।[ख] अंशुवर्माकी रानीले पशुपति वनकालीमा देवता स्थापना गरी (?) राख्न लगाएको एउटा अभिलेख छ।[ग] सोही देवता *काली* हुन् कि भन्ने अनुमान हुन्छ। जे होस्, *काली* पनि *नवदुर्गा गण* मध्येका एक प्रमुख गण हुन्। यसरी प्रकारान्तरमा यी प्रमाणले पनि अंशुवर्माको राज्यकालमा *नवदुर्गा*को स्थापना भएको थियो भन्ने कुरा दृष्टिगोचर हुन्छ।

क) यस मूर्तिमा देखापर्ने *काली*को वस्त्र एवं आभूषण आदिले अहिलेका *जीवित-मातृकागण*ले लाउने वस्त्र एवं आभूषणको स्मरण गराउँछ।

ख) मनवज्र वज्राचार्य, नेपालको मध्यकालीन कला, काठमाडौं, सूचना विभाग, पृ.१३१

ग) *प्रासादपिण्डं स्थलं... भार्य्या श्रीकलहाभिमानिनृपतेर्लब्ध्वा प्रसादोदय (म्)*

- वज्राचार्य, पूर्वोक्त, पादटिप्पणी संख्या २३, पृ.३६६-

४६। सम्बद्ध धार्मिक मतको उच्चतम देवताका नाम स्वरूप आदिमध्ये कुनै एक निश्चित विशेषता वा सिद्धान्त आदिका आधारमा अनेक स्वतन्त्र सम्प्रदाय उप-सम्प्रदाय विक्रमको सातौं शताब्दीसम्मन्मा यहाँ देखापरेका थिए।[क] शैव धर्मको - पाशुपत सम्प्रदाय, उपसम्प्रदायहरू (*मुण्डशृङ्खलिक, शृङ्खलिक, दान, वश, लकुलीश, सोमसिद्धान्त, माहेश्वर, वीरशैव,*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थाल्यो ।[४७] यसो हुँदा शैव र वैष्णव सम्प्रदायका अनुयायीहरूले मात्र होइन, तान्त्रिक बौद्धधर्म (वज्रयान) का अनुयायीहरूले पनि शक्तिलाई अभिन्न रूपमा ग्रहण गरी वज्रलाई *शून्यता* र *महासुख*को कल्पनाको सृजन एवं त्यसको प्रतीकको रूपमा मानी बहुअर्थीय धार्मिक दर्शन र सिद्धान्तको प्रतिपादन गरे ।[४८] त्यस्तै पंचमकारको बहुअर्थीय व्यापक प्रचलनको साथै अनेक विधि-विधानहरूसहित तान्त्रिक देवदेवीहरू उपास्य हुँदै आए ।[४९] यसले गर्दा पहिलेका सामान्य रूपका देवीदेवताहरूको तुलनामा उग्र स्वरूपका

मिश्रशैव, शिवसिद्धान्त आदि)[ब]; बौद्ध धर्मका *महायान, वज्रयान* वैष्णव धर्मका - *भागवत पांचरात्र, वासुदेव* आदि यसका उदाहरण हुन् ।

मुण्डहरूलाई शृङ्खलाका रूपमा आफ्नो शरीरमा धारण गर्ने एकथरी पाशुपतहरू 'मुण्डशृङ्खलिकपाशुपत' कहलिएका थिए । सोही अनुरूप सिक्रीका माला धारण गर्नेहरू 'शृङ्खलिकपाशुपत' कहलिएका थिए भन्ने कुरो जानिन्छ । साँगाको अंशुवर्माको अभिलेखमा भरखरै काटिएको तात-तातो रगत चुहिरहेको मुण्डमाला लगाएका महादेवको स्तुति परेको छ । यताबाट यिनीहरू मुण्डमालाधारी महादेव वा भैरवको उपासना गर्दथे भन्ने थाहा हुन्छ ।[ग]

मध्यकालीन नेपालका *भैरव* एवं *चण्डिका*का मूर्तिहरू तथा *नवदुर्गा, रुद्रायणी, हरसिद्धि* आदि गणनाचहरूमा मुण्डमाला, महापात्र (मानिसको खप्परबाट बनेको पात्र) सिक्रीका माला (सुन चाँदी आदि), चन्द्रमा आदि देखापर्छन् । यताबाट पनि मध्यकालमा आइपुग्दा मिश्रित रूपको तान्त्रिक धर्म प्रचलित रहेको पुष्टि मिल्छ ।

क) डा. पुरुषोत्तम लोचन श्रेष्ठ, भक्तपुरमा तान्त्रिक शक्तिको युग, (अप्रकाशित पी.एच.डी.शोधग्रन्थ) कीर्तिपुर, त्रि.वि. इतिहास शिक्षण समिति, वि.सं. २०५०, पृ.३४-७३

ख) भी.एस. पाठक, शैव कल्टस् इन नर्दन् इण्डिया, वाराणसी, डा. रामनरेश बर्मा, ई.सं. १९६०, पृ.३-५५
डा. जगदीशचन्द्र रेग्मी, नेपालको धार्मिक इतिहास, काठमाडौं, रत्न पुस्तक भण्डार, वि.सं. २०३९, पृ.१४-४६

ग) *मुण्डशृङ्खलिकको* सदृश *कापालिक* देखापर्छ । यिनीहरूका उपास्य देवदेवीहरू *भैरव* एवं *चण्डिका* रहेका छन् । - जोशी, पूर्वोक्त, पृ.४१३

४७। लिच्छविकालमा पुरुष देवताहरू विशेष लोकप्रिय रहे भने मध्यकालमा शक्तिको उपासना अत्याधिक बढेको हुँदा इन्द्रको शक्ति - इन्द्रायणी, ब्रम्हाको शक्ति - ब्रम्हायणी, माहेश्वरको शक्ति - माहेश्वरी, वराहको शक्ति - वाराही आदि मातृदेवीहरू विशेष लोकप्रिय रहँदै आएको जानिन्छ ।

४८। धार्मिक सम्प्रदायहरूमा तन्त्रमन्त्रले भित्रभित्रबाट बढी स्थान पाउँदै गएपछि एक सम्प्रदायका देवदेवी स्वच्छन्दरूपमा अर्को सम्प्रदायले ग्रहण गरी आफ्नै रीतले मान्ने, पूजा आराधना गर्ने एउटा नयाँ प्रवाह पनि उत्तर प्राचीनकालदेखि नै देखापर्न थालिसकेको कुरा आभिलेखिक प्रमाणकै आधारमा पनि थाहा पाइन्छ । *वज्रेश्वर, वज्रभैरव, अवलोकितेश्वर* आदि उदाहरणस्वरूप देखापर्छन् ।[क] परवर्तीकालमा शक्तिसहितका देवताहरू यसकारण पनि सबैका लागि मान्य हुन पुगेको दृष्टिगत हुन्छ । *कुब्जिका, गुह्येश्वरी, हरभैरव, महाभैरव, भीमसेन, गणेश, अष्टमातृका, नवदुर्गा दशमहाविद्या, वज्रयोगिनी, नृत्यश्वर* आदि उदाहरणका रूपमा देखापर्छन् ।[ब] शैव, शाक्त एवं बौद्ध तन्त्रको मिश्रित रूपको उदाहरण खोकनाको *रुद्रायणीदेवी* पनि हुन् । त्यस्तै अर्को उदाहरण *कुमारी* हो ।[ग]

क) शैवहरूले मान्दै आएका 'महाकाल' वज्रयानमा 'वज्रभैरव' नामले प्रसिद्ध रहेको जानिन्छ ।
- वज्राचार्य, पादटिप्पणी संख्या १३, पृ.१७७, ३७०, ४८२, ५२३

ख) श्रेष्ठ, पादटिप्पणी संख्या ४५क, पृ.७३

ग) भक्तपुरमा दशैंताका तलेजुका पुरोहित (ब्राम्हण, कर्माचार्य) कुमारीघरमा गई वज्राचार्य पुरोहितसहित संयुक्त रूपले *कुमारीपूजा* गर्ने चलन छ ।

उपत्यकामा प्रचलित गणनाचमा सम्प्रदायप्रभाव मिश्रित रूपमा रहँदै आएको पाइन्छ । यसो हुँदा ती गणनाच हिन्दु एवं बौद्ध दुवैथरीमा उतिकै पूज्य एवं लोकप्रिय छन् ।

४९। आध्यात्मिक रूपले शरीरभित्र विद्यमान - काम, क्रोध, लोभ, मोह र अहंकारलाई 'पंचमकार' को साक्षात् प्रतीक मानिन्छ । तान्त्रिक पूजाको मूल उद्देश्य दुःख दिने यी पाँच मनोवृत्तिलाई 'बलि' दिनु वा 'त्याग' गर्नु पनि हो । यताबाट यसको सम्बन्ध अन्तर्यागसित रहेको जानिन्छ । तर लौकिकजीवनमा बहिःपूजाको रूपमा यसको अत्यधिक प्रयोग रहँदै आएको हुँदा पशुबलिको अतिरिक्त नरबलि पनि दिन सकिने वीभत्स चलन यदाकदा प्रचलित रहेको बुझिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवीदेवताहरू प्रतिष्ठा गरी विशेषगरी अनाकृत रूपका देवीदेवता को पूजा उपासना गर्ने प्रवाह मध्यकालदेखि अत्यधिक रूपमा बढ्न थालेको ज्ञात हुन्छ। यसो हुनुको एउटा मुख्य अभिप्राय तात्कालिक केन्द्र (नेपाल उपत्यका) ले चाहेको अनिवार्य सुरक्षाशक्ति पनि थियो।

लिच्छवीकालमा जस्तो राजनैतिक शान्ति र एकता मध्यकालमा कायम रहन नसक्दा कान्तिपुर भेकबाट शासन गर्ने प्राचीन केन्द्रीय राज्यको अतिरिक्त तात्कालिक नेपालमण्डलभित्र केन्द्रमा आएको राजनैतिक कमजोरीकै परिणामस्वरूप पश्चिममा खस र दक्षिण-पूर्वी तराई भेकमा डोय नामका शक्तिशाली स्वतन्त्र राज्यहरू विक्रमको बाह्रौं शताब्दीको मध्यतिर खडा भइसकेका थिए।[५०] ती राज्यहरू अनेक दृष्टिले विकसित एवं बलिया मात्र नभएर लगातार आक्रामक पनि हुँदै आएकाले आफ्नो अवस्था मजबुत नपारे अस्तित्वमै खतरा आउन सक्ने अनुभव केन्द्रले गरेको बुझिन्छ।[५१] यसको फलस्वरूप विक्रमको बाह्रौं शताब्दीको उत्तरार्द्धमा केन्द्र फेरि एकपल्ट मजबूत भयो।[५२] आक्रमण प्रत्याक्रमण बराबर भइरहने हुँदा राजधानी पनि सुरक्षित ठाउँमा सार्नु अत्यावश्यक देखियो। निःसन्देह त्यसताका उपत्यकाका तीन शहरमध्ये सुरक्षाको दृष्टिले समेत उपयुक्त थलो भक्तपुर देखिन आएको परिप्रेक्ष्यमा[५३] राजा आनन्ददेवले नगरबस्तीको रूपमा विकसित भइसकेको भक्तपुरमा *त्रिपुर* नामको राजदरबार बनाई राजधानी बसालेका थिए भन्ने कुरा थाहा पाइन्छ।[५४]

भक्तपुरको मूलनगरबस्तीको बाह्य-घेराका आठ स्थानहरूमा *अष्टमातृका*का आठ शक्तिपीठहरू (आकृति गुप्त पारिएका - प्रस्तरका) तथा नगरबस्ती भित्रका घेराहरूमा मूर्तिसहितका आठवटा देवगृह वा मन्दिर (द्यःछें) देखा पर्छन्; मध्यभागमा चाहिं पीठ र देवगृहसहितले (आकृत, अनाकृत रूपको) *त्रिपुरसुन्दरी* विराजमान छिन्।[५५] (नक्सा संख्या १)

५०। धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, पांचाली शासन पद्धतिको ऐतिहासिक विवेचना, कीर्तिपुर, नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०३५, पृ.११४

५१। सोही, पृ.११५

५२। धनवज्र वज्राचार्य, 'मध्यकालका शुरुका केही अभिलेख', कन्ट्रिब्युसन्स् टु नेपलिज् स्टडिज्, भोलम ५, नं.१, डिसेम्बर १९७७, पृ.९७

५३। कान्तिपुर र ललितपुरको तुलनामा भक्तपुर थुम्को रूपको भएको, मूलबस्ती खोलाले घेरिएको हुँदा भौगोलिक दृष्टिले पनि यो त्यसबखत उपयुक्त देखिएको थियो भन्ने आभास हुन्छ।

५४। *राजा श्री आनन्ददेव... तेन भक्तापुरे ..... त्रिपुरसहित राजधानी प्रतिष्ठिता ॥*
.... त्रिपुर सप्तगण्ठकूट प्रतिष्ठितंच ॥
- धनवज्र वज्राचार्य, कमलप्रकाश मल्ल, दि गोपालराज वंशावली, काठमाडौं, नेपाल रिसर्च सेन्टर, ई.सं. १९८५, २५ पत्र

५५। यहाँ मात्र होइन, कान्तिपुर र ललितपुरका मूलबस्ती बाहिरका घेराहरूमा पनि *अष्टमातृका*का आकृति गुप्त पारिएका ढुङ्गेपीठहरू देखापर्छन्। यो कुरो विचारणीय देखिन्छ। आक्रमण प्रत्याक्रमण बराबर भइरहने त्यसबखतको युगमा सांग्रामिक सुरक्षाहेतु (बाह्य खतराबाट सुरक्षित तुल्याइराख्न) ती त्यस रूपमा स्थापित रहेको देखिन्छ।
*अष्टमातृका*को साथै *अष्टभैरव* पनि बस्तीका आठ स्थानहरूमा स्थापित छन्। त्यसैगरी *अष्टमसान* (प्रत्येक मसानमा एक एक *मसान-भैरव* रहने मान्यता छ) तथा बस्ती भित्रका निश्चित संवेदनशील स्थानहरूमा *अष्टगणेश, दशमहाविद्या, त्रिकुण्ड-गणेश* आदि तान्त्रिक देवीदेवताहरूका साथै मध्यभागमा (टौमढीटोल) *आकाशभैरव* वा *विश्वनाथभैरव* स्थापित छन्। विचारणीय कुरो के छ भने पतिभैरव साथमा रहे तापनि सम्बद्ध मातृकाको पीठ वा देवगृह अवस्थित इलाका तिनकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



नक्सा १ : १.ब्रम्हायणी २.माहेश्वरी ३.कौमारी ४. वैष्णवी ५.वाराही ६.ईन्द्रायणी ७.महाकाली ८.महालक्ष्मी ९.त्रिपुरसुन्दरी । बाक्लो घोप्ला घेराले अहिलेको नगरबस्तीलाई दर्शाइएको छ । (साभार : रोबर्ट आइ. लेभि - *मेसोकोज्म*, दिल्ली, मोतिलाल बनारसीदास प्रा.लि., ई.सं.१९९२, पृ.१५५) । यस नगरको प्राचीन यन्त्राकार वास्तुरचनास्थितिसित (नक्सा २) अहिलेको भौगोलिक अवस्थितिबीच (नक्सा १) समानता छ भन्ने कुरामा नागरीय वास्तुविदहरू समेत सहमत देखिन्छन् (मौलिक विचार साभार : गुरुचो योगेशराज) । यस भौगोलिक नक्सामा पनि त्रिपुरसुन्दरी मध्यभागमै छिन् । तिनलाई केन्द्र मानेर *अष्टमातृकापीठको* अवस्थितिमाथि दृष्टि दिंदा यन्त्रको आदर्श अनुरूपको कोणतिर नै स्थापित रहेको देखा पर्छन् ।

नामले प्रसिद्ध रहँदै आएको पाइन्छ । लौकिकजीवनमा मातृशक्तिको महत्व कतिसम्म लोकप्रिय रहेछ भन्ने कुरा यताबाट पनि थाहा पाइनुका साथै मातृदेवीको साथमा महेश्वर रहेतापनि *मातृदेवीकै* नाममात्र उल्लेख गरिएको माथि उल्लेखित सिकबहीको मूर्ति (चित्र संख्या १) यहाँनिर स्मरणीय हुन आउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यताबाट समष्टिगत रूपमा पूरै मूलनगरबस्तीमा *अष्टमातृका* + *त्रिपुरसुन्दरी* = *नवदुर्गाभवानीमय*[५६] रहेको कुरा दृष्टिगत् हुन आएको परिप्रेक्षमा नौवटै मातृकापीठको अवस्थितिको आदर्श अनुरूप भाव-प्रतीक रूपले मात्र नभएर क्रियात्मक रूपले पनि *यन्त्राकार* रूपमा (नक्सा संख्या २) प्रतिष्ठापित रहेको कुरालाई अहिलेको भौगोलिक अवस्थिति (नक्सा संख्या १) ले समेत पनि पुष्टि गर्छ। नगरबस्तीको यो तान्त्रिक स्थिति र स्वरूपलाई तात्कालिक परिस्थितिमा दृष्टिगत गर्दा तान्त्रिक सुरक्षाहेतु सांग्रामिक-सुरक्षाकवचकै रूपमा पनि स्थापित भएका हुन् भन्ने कुरो ज्ञात हुन आउँछ।[५७] यसो हुँदा तान्त्रिक तवरले सुरक्षित रहेको नगरलाई सुस्पष्ट झल्काई यन्त्र-चित्र लेख्ने चलन पनि लोकप्रिय रहँदै आएको बुझिन्छ। तीमध्ये एउटा उदाहरण भक्तपुरको नक्सा (चित्र संख्या ३) शीर्षकको चित्र पनि हो।

सुरक्षाकै दृष्टिले पनि नगरबस्तीको मध्यभागमा दरबार बनाउने प्राचीन वास्तुपरम्परा अनुरूप *यन्त्राकार* नगरको मध्यभाग अर्थात त्रिपुरसुन्दरीपीठ परिसरमा आनन्ददेवले राजदरबार बनाउन लगाएका थिए; यसो हुँदा सो दरबारको नाम *त्रिपुर (त्रिपुर राजकुल)* रह्यो भन्ने कुरा पनि यसै प्रसङ्गमा ज्ञात हुन आउँछ।

आनन्ददेवले देशरक्षा हेतु *नवदुर्गा गण* (पीठ) प्रतिष्ठा गरेको वर्णन वंशावलीहरूमा परेको छ।[५८] राइटले प्रस्तुत गरेको वंशावली अनुसार - राजा आनन्ददेवले भक्तपुरमा राजधानी, दरबार

५६। तान्त्रिकधर्मको लोकप्रियताको कारण एउटै देवता पनि अनेक स्वरूपमा पूजा उपासना गर्ने प्रवाह प्रचलित रहँदै आएको पाइन्छ। यसको एउटा उदाहरण *त्रिपुरसुन्दरी* पनि हो। दशैंताका नवरात्रिको नवौं रातमा हनूमान्घाटको त्रिवेणिमा तीर्थस्नान गरी तुलाछेंटोलस्थित *त्रिपुरसुन्दरीदेवी*को पीठदर्शन गर्ने चलन छ। सो रात्रिमा *त्रिपुरसुन्दरीदेवी* पनि प्रकट भएपछि (प्रचलित मान्यता अनुसार) 'नवदुर्गाभवानी' स्वरूपमा पूजा शुरु गर्ने चलन छ। त्यस्तै *दशमहाविद्या* (*काली, तारा, त्रिपुरसुन्दरी, भुवनेश्वरी, उग्रचण्डा, छिन्नमस्ता, धूमावती, वगला, मातङ्गी* र *कमला*) को पूजा उपासनाको क्रममा पनि एक महाविद्याको रूपमा *त्रिपुरसुन्दरीपीठ*मा पूजा गरिन्छ। भक्तपुरमा पाइएको एउटा पुरानो टिपोट-कागजमा तिनको शक्ति *ललितमहेश्वर* तथा मातृकाको रूपमा *कौमारी* उल्लेख गरिएको छ।[क] टौमढीटोलको प्रसिद्ध भैरवनाथको पूजा गर्दा *त्रिपुरसुन्दरी*लाई पनि पूजा गर्ने चलन छ। यी भैरवनाथको एउटा नाम *ललितमहेश्वर* पनि रहेको कुरा उक्त परिप्रेक्षमा जानिनुका साथै मन्दिर परिसरमा रहेको ढुङ्गे जलपात्रमा उत्कीर्ण लिच्छवीकालीन अभिलेखमा उल्लेखित *ललितमहेश्वर*[ख] ले पनि सोही कुरालाई पुष्टि गरेको छ।

क) श्रेष्ठ, पादटिप्पणी संख्या ४५ क, पृ. २०९

ख) योगेशराज, 'भैरवमन्दिरको लिच्छविकालीन अभिलेख', पासुका, वर्ष ३, अंक ६, फागुन, वि.सं. २०५५, पृ.८

५७। यसैकारण यहाँका वासिन्दाहरू अहिलेसम्मन् पनि यस नगरलाई 'नवदुर्गाभवानीले सदाकाल रक्षा गरिरहेको देश' भनेर गौरव गर्छन्।

५८। *॥ ओं श्री नवदुर्गा भक्तपुर ॥ यी परमेश्वरीहरू यस क्षेत्रका उपाध्याय ब्राम्हणका स्वेष्टदेवता हुन् ती ब्राम्हणहरूले सम्हालिराख्न नसकी श्री राजा आनन्ददेवका पालामा .... भ्रष्ट भै बाहिर आई मानिसहरू बराबर भक्षण गरी आएकोले सुनन्द आचार्यले तन्त्रोक्त विधिले सम्हाली स्थापना गरिदिएका हुन् ॥*

॥ ओं श्री अष्टमातृका पीठ भक्तपुर ॥ श्री राजा आनन्ददेवले ... देशरक्षा खातिर देश बाहिर फेरामा पीठ... देशका टोल-टोलमा सजिलो देवालय घर बनाई स्थापना गरिदिएका हुन्।

तपसील

माहाकाली - महाकाली धुम्कोमा पीठ ॥ भोलाछेंटोलमा देवालय घरमा मूर्ति ॥ वाराही - मङ्गलतीर्थ पारीमा पीठ ॥ तेखाचोटोलमा देवालय घरमा मूर्ति ॥ ब्रम्हायणी - देशपूर्वमापीठ ॥ टौलाछेंटोलमा देवालय घरमा मूर्ति ॥ माहेश्वरी - हनूमान्घाटदेखि पारी चौरमा पीठ ॥ इनाचोटोलमा .... मूर्ति ॥ वैष्णवी - चुपिङ्गालमा योसिंखेलमा पीठ ॥ तिवुक्छेंमा देवालय घरमा मूर्ति ॥ कौमारी - भौढोकामा पीठ ॥ क्वाछेंटोलमा देवालय घरमा मूर्ति ॥ ईन्द्रायणी - खौमाढोका बाहिर पीठ ॥ खौमाटोलमा देवालय घरमा मूर्ति ॥ माहालक्ष्मी - ईंनि देवीको खत बनाई बैशाख १ गतेमा प्रतिवर्ष यात्रा चलाउने समेत गरी रित चलाईदिए ॥ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बसालिसकेपछि एक रात उनलाई नवदुर्गाभवानीले दर्शन दिइन्। भवानीबाट पाएको सुझाव एवं आदेश अनुसार उनले देशरक्षाका लागि (बाह्य एवं भित्री सुरक्षा) यथास्थानमा *नवदुर्गा गण* (प्रतिमा) स्थापना गरिदिए।[५९]



नक्सा २: *नवदुर्गा-यन्त्र*, मूलनगरको यान्त्रिक अवस्थितिलाई दर्शाउने यस यन्त्रको अष्टकोणमा अवस्थित *अष्टमातृकगण*को अधिष्ठातृदेवी-*त्रिपुरसुन्दरी* त्रिकोणको मध्यविन्दुमा विराजमान छिन्। यसरी अष्टकोण र त्रिकोणको संयोगबाट *नवदुर्गा-यन्त्र*को स्वरूप देखापर्न आएको छ।

आनन्ददेवले *भैरवनाथ, दशमहाविद्या* (*धूमावती*) आदि प्रतिष्ठा गरेको कुरा पनि उल्लेख भएको पाइन्छ।
- योगी नरहरिनाथ (सं.), देवमाला वंशावली, मृगस्थली, श्री पीरमहन्त क्षिप्रानाथ योगिराज, वि.सं. २०१३, पृ.५२, ६८, १०४, १०५

५९। डेनियल राईट (सं.), हिष्ट्री अफ नेपाल, न्यू दिल्ली, कस्मी पब्लिकेसन्स, ई.सं. १९८३, पृ.१६३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चित्र संख्या ३: यन्त्राकार भक्तपुरको नक्सा *

१. नगरबस्तीबाहिर चारैतर्फ *पहाड, नदी, वनजंगल* आदिले घेरिएको छ ।

२. मूलबस्तीबाहिर (खोला पारि) *अष्टमसान* छन् । (तर वर्तमानमा ब्रम्हायणीघाट, चुपिंघाट, हनूमानघाट आदि बाहेक अन्यत्र लोप भइसकेका छन् ।)

३. उत्तरमा *खासाङ्खुसुङ* र दक्षिण *हनूमन्ते* खोलाहरूबीच मूलबस्ती बसेको छ ।

४. मूलबस्तीलाई *अष्टमातृकापीठले* सुरक्षित तुल्याइएको छ ।

५. मूलबस्तीको यस घेरामा *अष्टभैरव* र *अष्टसिद्धिले* सुरक्षा दिईरहेका छन् ।

६. यस घेरामा *अष्टगणेश* र *दशमहाविद्याले* रक्षा गरिरहेका छन् ।

७. त्रिकोणको तीनवटै कुनामा *त्रिकुण्ड-गणेश* (यी गणेशहरू *चलाखु, मुलाखु* र *बालाखु* स्थानमा अवस्थित रहेको भनिएतापनि पछिल्लो अन्वेषणबाट *याछें, चोछें* र *टिबुक्छें* टोलमा अवस्थित रहेको देखिन आएको छ । यसबारेमा **'त्रिकोणमय' ङा लाकिगु त्वः**मा चर्चा गरिएको छ) छन् ।

८. मध्यविन्दुमा सर्वोच्चदेवी *त्रिपुरसुन्दरी* विराजमान छिन् । तिनको दायाँ भैरव र बायाँ भद्रकाली छन् ।

* इपाछें टोल निवासी श्री रत्नराज शर्माको घरमा रहेको यो नक्सा चित्र उहाँका अनुसार ७७ वर्ष पहिले उहाँका पिता स्व. श्री मधुकुमार शर्माले आफ्नो घरमा रहेको पुरानो नक्सा चित्रको आधारमा एक चित्रकारलाई सो नक्सा चित्रको उक्त प्रतिचित्र लेख्न लगाएका हुन् । सत्ताइस वर्ष अघि सोही नक्सा चित्र बांरेको एउटा शोध लेख विदेशी विद्वान बर्नहार्ड कोल्भरले त्यस नक्सा चित्रका विभिन्न घेरामा स्थापित अष्टभैरव, अष्टगणेश, महाविद्या आदिलाई नेल्स गुश्चोले तयार पारेको भौगोलिक नक्साको अवस्थितिसित तुलनात्मक अध्ययन गरी प्रकाशमा ल्याएका छन् (हेर्नुहोस् - अतिरिक्त खण्ड : नक्सा सूची संख्या १,२) । चौध वर्ष अघि प्राचीन नेपाल, संख्या १०७, (भदौ-असोज, २०४५, पृ.३३) मा मैले पनि सो नक्सा चित्र छपाएको छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसप्रकार सुरक्षा व्यवस्थातिर विशेष दृष्टि दिइने त्यसबखतको परिस्थितिमा नगरको सुरक्षात्मक वास्तु रचनामा तान्त्रिक-सुरक्षा आधारलाई पनि अत्यावश्यक रूपमा प्रयुक्त गर्ने प्रवाह चलेको थियो;[६०] यसैकारण आनन्ददेवले यस नगरलाई राजधानी नगरको रूपमा प्रतिष्ठा गर्दा सदाकाल शत्रु, दैवीयविपत्ति आदि अनेक अनिष्टकारी तत्वबाट रक्षा गर्ने तथा सुख शान्ति एवं समृद्धि प्रदान गर्ने [६१] शक्तिसहितका उग्र तान्त्रिक देवीदेवताहरूका साथै *नवदुर्गापीठ (नवदुर्गा गण)* पनि प्रतिष्ठा गरिदिएका थिए (विक्रमको तेह्रौं शताब्दीको प्रथमचरण) भन्ने कुरा ज्ञात हुन आउँछ ।

जीवित देवताको लोकप्रियता र *नवदुर्गा* नाचको शुरुवात्

जीवलाई *ब्रम्ह* (परमात्मा) स्वरूप मान्ने वेदकालीन दृष्टिकोण वा सिद्धान्तलाई[६२] परवर्तीकालका तान्त्रिक स्वरूपका धार्मिक सम्प्रदायहरूले महान आदर्शको रूपमा व्यवहारमा प्रयोगमा ल्याउन थालेको दृष्टिगत हुन्छ । सोही अनुरूप शाक्त मतालम्बीहरूले पनि आफूलाई *स्त्री*रूपमा वा देवीकै अभिन्न अंश मानेर *अहं देवी न चान्योस्मि* (म नै देवी हुँ) भन्न थाले ।

मानवशरीरमा देवताले बास गरेको हुन्छ भन्ने मान्यता प्राचीनकालमै प्रचलित भइसकेको बुझिन्छ । यस मान्यताको क्रियात्मक-प्रयोगचाहिं सिद्ध-तान्त्रिकहरूको युग (आठौं-बाह्रौं शताब्दी)[६३] मा भएको देखिन्छ ।

६०। उपत्यकाका तीनवटै नगरहरू प्रामाणिक उदाहरणका रूपमा छन् । तान्त्रिक सुरक्षाहेतु विक्रमको तेह्रौं शताब्दीको प्रथमचरणसम्मन्मा *अष्टमातृका* वा *नवदुर्गापीठ* स्थापित नगरहरूले 'खड्गाकार' (कान्तिपुर), 'चक्राकार' (ललितपुर) र 'यन्त्राकार' (भक्तपुर) - आकृति पाइसकेका थिए । यसरी मूलनगर बस्तीहरूमा देखापरेको यस किसिमको नौलो प्रवाह अन्य नेवार बस्तीहरूका लागि पनि अनुकरणीय हुन पुगेको जानिन्छ । निसन्देह मध्यकालीन नेवार-नागरीय बस्ती बसाईमा देखापर्ने एक उल्लेखनीय विशेषता यो पनि हो भन्ने बुझिन्छ । त्यस्तै, देश र जनताको रक्षा पुरुष देवताहरूले होइन, मातृदेवीहरूले मात्र गर्न सक्छन् भन्ने धारणा एवं विश्वास तात्कालिक जनजीवनमा व्यापक रूपले प्रचारमा आइसकेको थियो भन्ने कुरालाई पनि मातृगणका ती ढुङ्गेपीठहरूले पुष्टि गरेको छ ।
सम्बद्ध ग्रन्थहरूमा :- ब्रम्हायणी-*पूर्व* , इन्द्रायणी-*पश्चिम*, माहेश्वरी-*उत्तर*, वाराही-*दक्षिण*, कौमारी-*आग्नेय*, वैष्णवी-*नैऋत्य*, महालक्ष्मी-*ईशान* र महाकाली-*वायव्यकोण*मा रहने वा स्थापना गर्ने कुराको उल्लेख पाइन्छ तापनि उपत्यकाका तीनवटै नगरहरूमा *अष्टमातृकागण* आ-आफ्नै ढंगले स्थापित रहेको देखा पर्न आएको छ ।[क] त्यस्तै अर्को विचारणीय कुरो के छ भने एक समयमा स्थापित मातृकापीठ कालक्रमले कारणवश आफ्नो आदर्श दिशा वा कोणबाट केही पृथक स्थानमा विस्थापित हुन पुगेको आभास हुन्छ । सम्भवतः वि.सं. १५१० मा यक्ष मल्लले पूरै नगरबस्तीलाई गढको रूपमा परिणत गर्दा किल्लाको पर्खाल बनाउँदै लाने क्रममा *महालक्ष्मी* र *वैष्णवी* अथवा *कौमारी* आफ्नो पूर्व मौलिक स्थानबाट विच्छिन्न हुन पुगेको अनुमान हुन्छ ।
क) जोशी, पादटिप्पणी संख्या ७, पृ.९-१०

६१। *अष्टमातृका* र नवदुर्गाको अतिरिक्त भैरवनाथ र उनका वाहन वीरवेताल पनि रक्षकदेवताका रूपमा प्रसिद्ध छन् ।

६२। विभिन्न देवीदेवताहरूको पृष्ठभूमिमा बहुदेवतावादको अवधारणाले दार्शनिक पुटद्वारा एकेश्वरवादमा परिणत हुँदै सर्वेश्वरवादलाई जन्म दिएपछि जीव ब्रम्हको तादात्म्यद्वारा अनेकत्वमा एकत्वको दर्शनलाई प्रस्तुत गऱ्यो । 'अहं ब्रम्हास्मि', 'सर्व खलु इदं ब्रम्ह', 'तत्वमसि' आदि वचनहरू उदाहरणस्वरूप देखापर्छन् ।

६३। धार्मिक मतहरूमा तान्त्रिक प्रवाहले असर पार्न थालेपछि देखापरेका अनेक नयाँ प्रवाहहरूमध्ये एउटा प्रवाह सिद्धहरूको परम्परा पनि हो । *वज्रयान*मा ८४ संख्याका सिद्धहरू प्रसिद्ध एवं सम्मानित छन् । त्यस्तै *नाथ शैव परम्परा*मा पनि ८४ भन्दा अधिक संख्याका सिद्धहरू देखापर्छन् । अनेक समयमा देखापरेका सिद्धहरूले तान्त्रिक धर्मलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योग एवं सिद्धिप्राप्तिका लागि सिद्धतान्त्रिकहरूले साधककै शरीरलाई पनि प्रयोगात्मक रूपमा कर्मस्थल तुल्याउँदै लान थालेपछि लौकिक जीवनमा शरीरको प्रयोगात्मक-महत्व धार्मिक-दार्शनिक दृष्टिले समेत बढ्न थालेको आभास हुन्छ ।[६४]

कुनै पनि देवीदेवताको मूर्ति मात्र बन्दैमा देवता हुँदैन । यसको निमित्त सो मूर्तिमा *जीवन्यास विधि* (प्राण प्रतिष्ठापन विधि) गरी देवत्व प्रतिष्ठापन (सम्बद्ध देवता चढाउने) गरिन्छ, त्यसपछि मात्र सजीव-देवता ठहरिन्छ । मूर्तिमा प्रतिष्ठापित *जीव*लाई चाहिएको बेलामा झिक्न वा राख्न (विधिवत्) पनि सकिन्छ ।[६५] यसरी माटो, *काठ, ढुङ्गा, धातु* आदिका मूर्तिहरूमा त देवताको जीवन्यास गरी देवता चढाउन सकिन्छ भने प्रत्यक्ष देखिने गरी मानिसमा नै देवता किन चढाउन सकिँदैन त भनेर मानिसमै देवता चढाउने प्रयोगात्मक पद्धतिको शुरुवात् तात्कालिक सिद्धहरूले गरे ।[६६]

तात्कालिक समयमा सफल मानिएको यस नयाँ पद्धतिको शुरुवात्पश्चात अनेक तान्त्रिक विधिविधानसहित जीवितदेवताको लोकप्रियता लौकिकरूपमा *जात्रा* वा *नाच* आदिको माध्यमबाट अत्यन्तै बढ्न थाल्यो । *धामी परम्परा, नुवाकोटको देवीजात्रा, उपत्यकाका कुमारी, गणेश, भैरव,* तथा *गणनाच* आदि उदाहरणस्वरूप देखापर्छन् ।[६७]

जनजीवनसम्म पुऱ्याई लोकप्रिय बनाउनमा निकै सफलता पाएका थिए । उनीहरूले सबै वर्ग र जातलाई समान रूपमा समेटेका हुनाले देवता वा सो सरह नै मान्यता पाउँदै आएको देखिन्छ । बाह्रौं शताब्दीमा भारतमा मुसलमानहरूको प्रभुत्व एवं दमन बढ्न थालेपछि सिद्धहरूको युग पनि ओझेलमा पर्न गयो; यसपछि नेपाल हिन्दू एवं बौद्धहरूको आश्रयस्थल मात्र नभएर तन्त्रकै केन्द्रस्थल बन्न पुग्यो ।

- राहुल सांकृत्यायन, पुरातत्व निबन्धावली, इलाहाबाद, किताबमहल, ई.सं. १९८५, पृ.११२-१६
- श्रेष्ठ, पूर्वोक्त, पादटिप्पणी संख्या ४५क, पृ.५९-६४

६४। यसो हुँदा आत्मनिरीक्षण वा आत्मोन्नतितर्फ समाज प्रेरित हुन पुगेको दृष्टिगोचर हुन्छ । *आत्मपूजा* वा *म्हपुजा* उदाहरणस्वरूप देखापर्छन् ।
शरीरका खास अंग प्रत्यंग (देवदेवीलाई आव्हान गरी बसाल्न, पूजा उपासना गर्न) जस्तै - **इन्द्रिय** (आँखा, कान, नाक, जिभ्रो, छाला, वाक्, हात, पाउ, गुद, लिङ्ग-योनि, मन), **नाडी** (सुषुम्ना, इडा, पिङ्गला), **षट्चक्र** (मूलाधार, अधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध र आज्ञा) आदि तान्त्रिक साधनाहेतु प्रयुक्त हुँदै आएको पाइन्छ ।

६५। यसरी झिक्न वा राख्नका लागि साधनको रूपमा कलश वा यन्त्रलाई प्रयोगमा ल्याएको जानिन्छ । थानगणेशको पूजा गर्दा न्यास गरेर कलशमा राखी ल्याउने चलन छ । मत्स्येन्द्रनाथलाई महास्नान गराउँदा, बाहिर ल्याउनुपर्दा कलशमा राख्ने चलन छ । कामरूपबाट नेपाल ल्याउँदा पनि कलशमै राखेर ल्याएको कथा प्रचलित छ । त्यस्तै सिम्रौनगढबाट तलेजुभवानीलाई (भक्तपुरमा सुरक्षित रूपले वा गुह्य रूपमा ल्याउनुपर्दा) *श्रीयन्त्र* रूपमा ल्याइएको मान्यता प्रचलित छ ।

६६। धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, नुवाकोटको ऐतिहासिक रूपरेखा, कीर्तिपुर, नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३२, पृ.११३

६७ वर्तमानमा पनि अत्यधिक लोकप्रिय रहँदै आएका जीवित देवताहरूलाई सम्बद्ध विशेषताका आधारमा तीन भागमा वर्गीकृत गर्न सकिन्छ ।[क] :-
१) सोझै र स्थायीरूपमा नै जीवितदेवताको मान्यता पाएका देवदेवीहरू - *कुमारी*[ख], *गणेश* र *भैरव*
२) स्थानीय देवदेवी (प्रतिनिधिस्वरूप) मानिसमै चढाएर देव-प्रतिनिधिको रूपमा मान्यता पाएका जीवितदेवताहरू - *नुवाकोटको भैरव भैरवी, कर्णाली प्रदेशका मष्टा, भवानी*[ग] आदि
३) अस्थायी रूपका जीवितदेवताहरू - *नवदुर्गा, मनमैजु, रुद्रायणी (शिकालोदेवी), नरदेवी, हरसिद्धि, पचलिभैरव, कार्तिकनृत्य (गं प्याखं)* आदि *गणनाचका ख्वा:पा::धारी (मुकुण्डोधारी) सम्बद्ध देवगणहरू*
क) श्रेष्ठ, पूर्वोक्त, पादटिप्पणी संख्या ४५ क, पृ.६४-७१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भुवनमल्ल (वि.सं. १५६२-१५७६)[६८] को राज्यकालमा ने.सं. ६३३ (वि.सं. १५७०) तिर (भक्तपुर राज्यमा) अनिकाल परेको हुंदा सो दुर्भिक्ष नाश पारी सहकाल ल्याउन उनले *नवदुर्गानाच* प्रारम्भ गरेका थिए। यो कुरा वंशावलीहरूका आधारमा जानिन्छ।[६९] यताबाट विक्रमको तेह्रौं शताब्दीको प्रथमचरणतिर स्थापित अमूर्त प्रस्तररूपका *नवदुर्गा परिवार* विक्रमको सोह्रौं शताब्दीको तेश्रो चरणतिर आइपुग्दा तन्त्रप्रधान नाचको माध्यमबाट जीवितदेवताको रूपमा लौकिकजीवनमा दर्शनीय हुनपुगेको दृष्टिगत् हुन्छ।[७०]

किंवदन्ती

नवदुर्गानाचको आविर्भावबारे एउटा चाखलाग्दो लोककथा प्रचलित छ। सो लोककथा यस

ख) भक्तपुरको *एकान्तकुमारी, गणकौमारी* तथा कान्तिपुरको *कुमारी, भैरव* र *गणेश* उल्लेखनीय उदाहरणका रूपमा देखापर्छन्। *कुमारी*को अंगप्रत्यंगमा देवदेवीले बास गरेको हु ठ भन्ने कुरा त्रिभुमिकविद्यापीठप्रतिष्ठाविधि (चौधौं शताब्दी) को निम्न उद्धरणबाट पनि थाहा हुन्छ -
ब्रम्हरंध्रे च ब्रम्हाणी रुद्राणी नेत्र्योः स्थिता॥ कर्णमूले च कौमारी वैष्णवी नाशिका स्मृता॥ मुखे वाराहीका देवी कंठे ऐन्द्रो तु संस्थिता हृदयस्था च चामुण्डा लक्ष्मी च नाभिमंडले गुह्ये विनायकं देवं गुदे कालं प्रतिष्ठितं
- गौतमवज्र वज्राचार्य, हनुमानढोका राजदरबार, काठमाडौं, नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३३, पृ.१७८

ग) अन्यत्रको तुलनामा पश्चिम नेपालमा *धामी धमिनी* निकै नै लोकप्रिय छन्। नुवाकोटमा त्यहाँका प्रसिद्ध भैरव र भैरवीलाई धामी र धमिनीमा चढाउने (सम्बद्ध वज्राचार्यले मन्त्रबलद्वारा) विधान गरिन्छ। सुदुरपश्चिमका जिल्लाहरूमा **मष्टा** र **भुवानी** (**नवदुर्गाभवानी**-*भवानी, कालिका, मालिका, खेसमालिनी, ठिंगाली, पुगेल्नी, हिमालिनी, कनकसुन्दरी* र *त्रिपुरसुन्दरी*) सर्वोच्च देवदेवीका रूपमा प्रसिद्ध छन्। यी देवदेवीहरू धामीका माध्यमबाट प्रकट हुन्छन्।
- स्थलगत अध्ययन अवलोकनका आधारमा (वि.सं. २०३५-०३६)

६८। भुवन मल्लको अर्को नाम सुवर्ण मल्ल हो। यिनका पिता रायमल्ल ने.सं. ६२४ (वि.सं. १५६१) सम्मन् पनि राज्य गर्दै थिए भन्ने कुरो सोही मिति उल्लेख भएको अभिलेखबाट ज्ञात हुन्छ।[क] तर ने.सं. ६२५ (वि.सं. १५६२) को चाँगुको अभिलेखमा भुवन मल्लको उल्लेख आएको छ; रायमल्ल देखापर्दैनन्।[ख] भुवन मल्लको मृत्यु ने.सं. ६३९ (वि.सं. १५७६) मा भएको थियो भन्ने कुरा *ध्यासफूमा* परेको छ।[ग] भरखरै फेला परेको एउटा मल्लकालीन ऐतिहासिक टिपोटमा पनि सोही मिति (सं. ६३९ माघशुक्ल दशमी) उल्लेख छ।[घ] यसरी उक्त प्रमाणहरूका आधारमा भुवन मल्लले वि.सं. १५६२ देखि वि.सं. १५७६ सम्म राज्य गरेका थिए भन्ने कुरा देखिन आएको छ।

क) डी.आर. रेग्मी, मेडिभल नेपाल, तेश्रो भाग, कलकत्ता, फर्मा के.एल. मुखोपाध्याय, ई.सं. १९६६, पृ.९३-९४
ख) सोही, पृ.९५
ग) *सं. ६३९ माघसु १० श्रीश्री भुवनमल्ल दिवंगत दिन* - सोही, पृ.५४
घ) .... *सम्वत् ६३९ माघ, शुक्ल, दशमी॥ भुवनमल्लस्॥* - योगेशराज - 'भक्तपुर मल्ल राजपरिवारसँग सम्बन्ध राख्ने ऐतिहासिक टिपोट', पासुका, वर्ष ४ अंक ५, माघ वि.सं.२०५६, पृ.५

६९। .... *सुवर्णमल्ल ... यिन राजाका पालामा अनिकाल आई ६३३ साल नेपालसंवत्मा यस्तो दुर्भिक्ष हुँदा ... नवदुर्गा गणमा अनेक विधान प्रमाण गरी नाच प्रारम्भ गरायो*
- भाषा वंशावली, भाग २, पूर्वोक्त, पृ.५३
- डेनियल राइट (सं.), हिष्ट्री अफ नेपाल, पूर्वोक्त, पृ.१८९

वंशावली एवं अनुश्रुतिको अतिरिक्त यस विषयमा प्रकाश पार्ने अन्य ऐतिहासिक सामग्रीहरू अहिलेसम्मन् पनि फेला पर्न सकेको छैन।

७०। यसै परिप्रेक्षमा उपत्यकामा सोह्रौं शताब्दीदेखि गणनाचहरूले व्यापक प्रचार एवं लोकप्रियता पाउँदै आएको जानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकारको छ ।[७] भक्तपुर शहरदेखि पूर्वमा अवस्थित नालागाउँ आसपासको एउटा जङ्गल (यो जङ्गल *नवदुर्गाज्वल* नामले प्रसिद्ध छ । सो जङ्गलको खोंचमा पीठस्थापित मन्दिर पनि छ - चित्र संख्या ४ क,ख) मा *नवदुर्गा गण* प्रकट भई नाच्ने तथा सो जङ्गलको बाटोबाट आवत्जावत् गर्ने जोसुकै मानिसहरूको भोगबलि समेत लिन थालेको हुँदा जनजीवन भयाक्रान्त हुन पुगेको थियो । एकपल्ट नालाकै एक *सिद्ध तान्त्रिक आचार्य नवदुर्गा गण*को फन्दामा परेछन् । देवी गणले उनको भोगबलि लिन खोज्दा "पहिले सबै देवीगणको पूजा गर्न पाऊँ !" भनी विन्तीभाव गरी आफ्नो अन्तिम इच्छा प्रकट गरेको हुँदा अवहेलना गर्न नसकी पूजा ग्रहण गर्न तयार भएछन् । सोही अवसरको लाभ उठाई मन्त्रशक्तिद्वारा आचार्यले *नवदुर्गा गण*लाई आफ्नो वशमा पारी हाले । त्यसपछि मन्त्रशक्तिकै माध्यमबाट देवीगणलाई सूक्ष्मरूपमा परिणत गरी *कलांली* (पूजासामग्री राख्ने भाँडो विशेष) मा विराजमान गराई नालास्थित आफ्नो घरमा लगी गुह्यरूपले नित्य पूजा अनुष्ठान गर्न थाले ।

चित्र संख्या ४क : *नवदुर्गाज्वल*मा अवस्थित पीठस्थापित मन्दिर, *अष्टमातृका*गणमा 'पीठ' र 'देवगृह' को मान्यता रहे झैं *नवदुर्गा गण*को रूपमा यसको देवगृह भक्तपुर *गःछेंटोल*मा (नवदुर्गा द्यःछें) छ भने यो पीठ चाहिँ मूल-स्थानको रूपमा मान्य *नवदुर्गा गण*को *आदि-पीठ*को रूपमा रहेको दृष्टिगत् हुन्छ ।

७। *नवदुर्गानाच* मात्र होइन उपत्यकाका अन्य गणनाचहरूको आविर्भावबारेमा पनि पृथक् पृथक् रोचक कथाहरू प्रचलित छन् । कथानककै आशय अनुरूप सम्बद्ध नाचका अनेक गतिविधि वा क्रियाकलाप आदि प्रतीक अर्थमा प्रवाहित भएको देखिन्छ । यसो हुँदा यहाँ यो लोकवाद वर्णनीय हुन आएको छ ।
नवदुर्गाभवानीलाई इपाछेंटोलका राजोपाध्याय ब्राम्हणहरूले *स्वेष्टदेवता*कै रूपमा मान्दै आएका छन् । प्रत्येक वर्ष गरिने *नवदुर्गा गण*को एउटा प्रमुख तान्त्रिक विधान *अन्नप्राशन कर्म* इपाछेंं-आगमचोकमा सम्बद्ध राजोपाध्याय ब्राम्हणद्वारा नै गर्ने चलन छ । नाचको यो प्रारम्भ-कथाले पनि मूल केन्द्र *इपाछेंटोल*लाई नै निर्देश गरेको देखिन आएको छ । यसो हुँदा इपाछेंटोलकै श्री रत्नराज शर्माज्यूबाट यो कथा श्रवण गरी उस्तै रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर आचार्यको अवसानपश्चात् नित्य पूजा अनुष्ठान गर्ने कोही नहुँदा *नवदुर्गा गण* मन्त्रपाशबाट उम्की पुन:आदि-स्थानमा पुगी पहिलेको भन्दा पनि उग्र भई स्वच्छन्द रूपले मानिसहरूको भोगबलि लिन थाले। त्यतिले मात्र नपुगेर मनुष्यकै रूप धारण गरी भक्तपुर जाने मनशाय मात्र लिएका मानिसलाई झुक्याई, साथमै लिई *ज्वल*मा लगी भोगबलि लिन थालेपछि नालामा लोग्नेमानिसहरूको संख्या पनि पहिलेको तुलनामा निकै नै घट्न थाल्यो। *यसो* हुँदा स्वास्नीमानिसले नै क्रिया गर्नुपर्ने अवस्था समेत आइपऱ्यो। यस्तै अवस्था आइपरेको एक घरमा भक्तपुर *इपाछेंटोलका सोमराज*[७२] नाम गरेका एक सिद्ध ब्राम्हण कर्म काण्ड गर्न पुगेछन्। संयोगवश् यो उनै आचार्यको घर थियो। त्यसपछि भयावह समस्या समाधान गर्ने सिलसिलामा सो समस्याको चूरो पत्ता लगाउन *सिद्ध सोमराज*ले उक्त घरमा कसैले हेर्न वा छिर्न नहुने भनी निषेधित गरिएको कुनै गुह्य चीज वा सो रहेको गुह्य ठाउँ छ कि भनी खोजनीति गर्दा त्यही *कलांली* भेट्टाएछन्। त्यसपछि उनले मन्त्रशक्तिद्वारा सबै देवीगणलाई आवाहन गरी पुन: सोही *कलांली*मा आहित गराई आफ्नो बासस्थान इपाछें[७३] मा ल्याई, स्वेष्टदेवताको रूपमा मानी कसैले नदेख्ने गरी गुप्त तथा सुरक्षितस्थानमा (भुईतल्लामा) विराजमान गराई नित्य पूजा अनुष्ठान गर्न थाले। अब भयान्विय अवस्था रहेन, सबैले सुरक्षित महशुस गर्न थाले। तर एक दिन सोमराजका मठ्याहा स्वास्नीले उत्सुकतावश् सो निषेधित गुप्तकोठा खोली हेर्दा *नवदुर्गा गण*ले तत्काल चाल पाई, गुह्यता भंग भएकोमा अत्यन्त क्रोधित भई त्यहाँबाट पूर्वदिशा आफ्नो आदि-स्थानतर्फ प्रस्थान गरे। सोही क्रममा क्रोधको आवेगमा *इपाछें आगम*को ढोकाबाट (चित्र संख्या ५) बाहिर निस्कन लाग्दा सो ढोका सामुन्ने देखा पर्न आएको अभक्षजीव सुंगुरकै समेत भोगबलि लिन पुगेछन्।[७४] यता सोमराजले यस कुराको चाल पाउने बित्तिकै तत्काल *नवदुर्गा गण*लाई फर्काउन अनेक अनुनय विनय गरे; उनको मन्त्रले पनि काम गरेन किनकी गुह्यता अब रहेन। त्यस्तै अभक्षजीव भक्षण गरिसकेको हुँदा पनि फर्कनु सम्भव रहेन। यसो हुँदा अब यस समस्यालाई अर्कै ढंगबाट समाधान गर्न *नवदुर्गा गण*ले बाणीद्वारा आज्ञा भए मुताबिक (स्वयं प्रकट नभईकन) - सबै देवीगण समावेश भएको एउटा तान्त्रिक नाच *वनमालाहरू (गाथा)* लाई सिकाई दुनियाँका अगाडि देखाइने भयो। यसको निमित्त *मोहनी* (कालो टीका) साधन गर्नुपर्ने भयो। सो *मोहनी*

७२। इपाछेंटोलको दक्षिणमा पूर्व-पश्चिम लाम्चो परेको एउटा गल्लीको नाम *स्वांमला* हो। प्रचलित लोककथाले सोमराजको वासस्थान *इपाछें-स्वांमलागल्ली* परिसर निर्देश गरेको हुँदा यसै चर्चित नाम -विशेषताको आधारमा यस गल्लीको नाम कालान्तरमा (सोमराज-सोमरा-वा सोमला-स्वांमला) *स्वांमला* हुन पुगेको दृष्टिगोचर हुन्छ।

७३। भक्तपुर राजदरबारको दक्षिणमा राजोपाध्याय ब्राम्हणहरू बसोबास गर्दै आएको वासस्थान समग्रमा *पसलछें* नामले मध्यकालमा चर्चित रहेको ज्ञात हुन्छ। गोपालराज वंशावलीको ४३ र ६९ पत्रमा तात्कालिक महत्वपूर्ण घटना वर्णन गर्ने क्रममा *पसलछें*को उल्लेख आएको छ। ४३ पत्रमा *पसलछें*का तात्कालिक एक ब्राम्हण 'श्री राजरहस्पति' को चर्चा परेको छ। यिनी रुद्रमल्लदेवका समकालिक थिए। मल्लकालमा राजपुरोहितकै रूपमा मान्य हुँदा बसोबास पनि राजदरबार नजिकै रहेको आभास हुन्छ। कालान्तरमा *पस:छें* वा *पलिसाछें* नामले चर्चित 'पसलछें' पूर्वमा टौमढीटोल, पश्चिममा इच्छुटोल, उत्तरमा राजदरबार र दक्षिणमा *स्वांमला*सम्म फैलिएको धेरै भू-भाग रहेको ठाउँको रूपमा देखिन आएको छ। त्यस्तै *पसलछें* भित्र पनि अनेक नामका छें हरू (*चुचाछें, तुंगछें, पुवहाछें, ताजाछें* आदि) छन्; तीमध्ये *इपाछें* पनि हो।

७४। क्रोधले कामकुरो बिग्रन्छ, किनकि यसको उन्मादमा होश हराउँछ। शायद यसै कथाको यो घटनालाई क्रियान्वित रूपमा *नवदुर्गा गण*ले ग्रहण गरी उक्त उपदेशात्मक यथार्थ आशयलाई लौकिकजीवनसमक्ष प्रस्तुत गरिरहेको छ। यसै घटना पश्चात् *नवदुर्गा गण*ले सुंगुर (मू बाहां) को भोगबलि लिएको हो भन्ने लोकवाद चलेको छ। त्यस्तै *नवदुर्गा गण*ले भोगबलि लिंदा हतियारको प्रयोग गर्दैनन्। सुंगुरको भोगबलि उपत्यकाका अन्य गणनाचहरूमा चलेको देखिंदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लगाएपछि देवप्रतिनिधिका शरीरमा *नवदुर्गा गण*ले प्रवेशगरी साक्षात् दर्शन दिने भयो। नाचलाई विधिपूर्वक व्यवस्थित रूपले संचालन गर्नको निमित्त *नवदुर्गा गण*को देवगृह नगरको पूर्वीभागमा अवस्थित्

चित्र संख्या ४ख : चित्रसंख्या ४'क' मा देखापर्ने मन्दिरभित्र स्थापित *नवदुर्गा गण* को आदिः पीठ। नवदुर्गा गणमा 'ब्रम्हायणी' हुने गणले सिद्धि प्राप्तिका लागि यस पीठमा आई पूजा अनुष्ठान गर्ने चलन छ। यसो हुँदा 'ब्रम्हायणी - नवदुर्गाज्वल' नाम बढ्ता प्रचलित रहेको जानिन्छ। नगरदेखि यो पीठ टाढा भएको हुँदा पछि अहिलेको ब्रम्हायणीपीठमा विधिवत् सारिएको कुरा सम्बद्ध वनमालाहरू बताउँछन्।



चित्र संख्या ५ : इपाछेँ आगमको पूर्वाभिमुख एक अवशिष्ट भग्न भाग। 'नवदुर्गाछेँ' को रूपमा पनि प्रसिद्ध यसै आगमबाट *नवदुर्गा गण* क्रुद्ध भई निस्केको लोक-कथन चलेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*ग:छेंटोल*मा स्थापना गरियो ।

नवदुर्गा घ:छें (देवमन्दिर)

मूलनगरबस्तीको पूर्व फेरामा अवस्थित *ग:छेंटोलमा* - नेवारी शैलीमा देखा पर्ने तीनतल्ले, एकछाने र तीन गजूर सहितको पूर्वाभिमुख मन्दिर *नवदुर्गा घो:छें* (*नवदुर्गा गण*को देवगृह) को रूपमा प्रसिद्ध रहिआएको छ । (चित्र संख्या ६)



चित्र संख्या ६ : नवदुर्गा घो:छें (देवगृह), ग:छें टोल ।

*नवदुर्गा गण*को यो देवगृह यसै टोलमा वा मूलबस्तीको पूर्वी भागमै किन स्थापना गरियो भन्ने कुरो विचारणीय देखिन्छ । विक्रमको बाह्रौं शताब्दीको उत्तरार्धदेखि पन्ध्रौं शताब्दीसम्मन् नेपाल-उपत्यकाले अनेकपल्ट बाहिरी आक्रमणहरूको सामना गर्नुपरेको थियो । *डोय* तथा *खस* राजाहरूका आक्रमणका साथै बङ्गालका सुलतान *शमसुद्धीन*को आक्रमण आदि उदाहरणस्वरूप देखापर्छन् ।[७५] यसरी बेलाबखतमा हुने बाहिरी आक्रमणका कारण नगरबस्तीहरू एकातिर गढबस्तीका रूपमा परिणत हुँदै

७५। उपत्यकामा डोयहरूको पहिलो आक्रमण वि.सं. ११६८ मा र खसहरूको पहिलो आक्रमण वि.सं. १३४४ मा भएको थियो भन्ने कुरा गोपालराज वंशावलीको ३२-३३, र २६ पत्रहरूका आधारमा थाहा पाइन्छ । त्यसपछि उनीहरूले यहाँ बराबर आक्रमण गरी राजनैतिक, धार्मिक, सांस्कृतिक आदि प्रभाव जमाउने चेष्टा गरेको बुझिन्छ । यस कार्यमा डोयहरू अगाडि थिए औ झण्डै एक शताब्दीसम्म उनीहरूले उपत्यकालाई आफ्नो प्रभावमा ल्याउन सफल पनि भएका थिए । वि.सं. १४०६ मा शमसुद्धीनले उपत्यकामाथि आक्रमण गरेका थिए । तात्कालिक नेपालको राजधानी भक्तपुर भएको तथा पूर्वतिरबाट नेपाल-उपत्यकामा पस्दा बाटोमै पर्ने हुनाले मुसलमान-आक्रमणको मार पहिले भक्तपुरमै परेको थियो ।
- धनवज्र वज्राचार्य, 'शमसुद्धीनको आक्रमण' पूर्णिमा, ८ पूर्णाङ्क, माघ, वि.सं. २०२२, पृ.१०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गएका थिए भने बस्तीभित्र बाहिरका सांग्रामिक दृष्टिले महत्वपूर्ण मानिएका किल्ला वा सो परिसरमा तान्त्रिक सुरक्षाहेतु) उग्र तान्त्रिक स्वरूपका देवीदेवताहरू पनि प्रतिष्ठा गर्ने लहर आएको थियो।[७६] भौगोलिक परिप्रेक्षमा पनि तात्कालिक यस नगरमा उत्तर र पश्चिमबाट भन्दा पनि पूर्व र दक्षिणभागबाट नै बढ्ता आक्रमणहरू भएको दृष्टिगत् हुन्छ। यसैकारण ती भागहरूमा सुरक्षा व्यवस्थालाई सुदृढ पार्न शासकहरूको ध्यान विशेषरूपमा केन्द्रित हुन पुगेको थियो भन्ने कुरा ज्ञात हुन आएको परिप्रेक्षमा पूर्वतर्फको सुरक्षा व्यवस्थालाई तान्त्रिक दृष्टिले समेत सुदृढ तुल्याईराख्न पहिलेदेखि नै *गढ* वा *किल्ला*को रूपमा रहदै आएको नगरबस्तीको पूर्वीभागको यसै *गःछें*टोलमा *नवदुर्गा गण*को देवगृह (सोही अभिप्रायले पनि) स्थापना गरिएको थियो भन्ने कुरा बुझिन्छ।

यस देवगृहको अग्रभागको भुईतल्लामा *काष्ठनिर्मित तोरणसहितका तीनद्वारहरू* देखापर्छन्। बीचको मुख्यद्वारबाट देवगृह प्रवेश गर्न पाँचतहको ढुंगेसिंढी बनेको छ।[७७] सो सिंढीसंगै बायाँपट्टि बत्ती राख्ने एउटा सानो ढुंगे थाम छ। सो थामको पूर्वाभिमुख भागमा १२ पंक्तिको अभिलेख पनि कुंदिएको छ।[७८] ढुङ्गेसिंढीको दायाँबायाँ धातुका एकजोडी कलात्मक सिंह छन्। यस भुईंतल्लामा एक तहको पेटी उठाइएको छ।[७९]

यस देवगृहको *मूलद्वार धातु*को पाताले छाएर सजाइएको छ। यस द्वारमा तीन थामको चौकोस हाली बनाइएको छ। सो चौकोसको तल दायाँपट्टि *वैष्णवी, कुमारी* तथा बायाँपट्टि *वाराही* र *इन्द्रायणी* देखा पर्छन्। कुमारीको साथमा *माहेश्वरी* र इन्द्रायणीको साथमा *महाकाली* छिन्। यसै भागमा *मकर*सित कुमारीको *मयूर* र इन्द्रायणीको *हात्ती* झगडा गरिरहेको दृश्य दर्शाइएको छ। बीचका थामहरू एकजोडी आकर्षक देखिने *उड्ने नाग (ड्रागन)* ले बेरिएका छन्। सुनको मोलम्मा लाएको कलात्मक तोरण यस मूलद्वारमाथि सजाइएको छ। त्यस तोरणको बीचमा *ब्रम्हायणी* छिन्;[८०] दायाँबायाँ *खड्ग* छन्। त्यस्तै एकजोडी *मकर, अप्सरा, नागनागिनी, गरुड* आदि यस तोरणमा दर्शाइएका छन्।[८१] तोरणमाथि गजूर

७६। यसो हुँदा राजधानीनगर बसाल्ने क्रममै उग्र तान्त्रिक स्वरूपका देवीदेवताहरू यहाँ स्थापना भएका थिए भन्ने कुराको चर्चा माथि पनि भइसकेको छ। वास्तुरचनाको प्राचीन परम्परा अनुरूप आनन्ददेव, रुद्रदेव आदि शासकहरूले यस नगरबस्तीलाई गढ किल्लाको रूपमा विकसित गर्दै लगेतापनि यक्षमल्लको पालामा आइपुग्दा पूरै नगरबस्तीलाई एक मजबूत गढको रूपमा परिणत गर्ने कार्यमा पूर्ण सफलता मिलेको थियो। नगरभित्रका अनेक टोलबस्तीहरू पनि विक्रमको सोह्रौं शताब्दीको प्रथम चरणसम्मन्मा सुरक्षाको दृष्टिले किल्लाका रूपमा देखापरिसकेका थिए। *चोछें, क्वाछें, त्रिप्रक्वछें (टिबुक्छें) क्वाठण्डौं, इताछें, भोलाछें, तौलाछें, गःछें* आदि यसका उदाहरण हुन्।

७७। यस ढुङ्गेसिंढीको चारौं तहमा नेवारी लिपिमा उत्कीर्ण *कुलमान प्रीधीमान* नामहरू छन्।

७८। कालक्रमले अभिलेखका अक्षरहरू ज्यादै नै खिइसकेका देखिन्छन्। मुश्किलैले पढ्न सकिएका जति 'परिशिष्ट १' संख्यामा दिइएको छ।

७९। धूलो, पानी र ओसबाट बच्न तथा नाच देखाउन र त्यसमा बसी जात्रा हेर्न यस्ता अनेक तहका पेटीहरू नेपाली मन्दिरहरूमा बनाइएका हुन्छन्।

८०। स्थानीय वासिन्दाहरूका अनुसार अहिले देखापर्ने मूर्ति नयाँ हो; पुरानो मूर्ति केही समयपूर्व चोरी भएको थियो।

८१। माछा, छत्र, ध्वजा, श्रीवत्स, कलश, शंख, चक्र र चामर अष्टमङ्गलका रूपमा नेवारी शैलीका मूलद्वारमा देखापर्छन्। अष्टमङ्गलको दायाँबायाँ सूर्य चन्द्र रहन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हालिएको छ ।

तोरणासनमुनी मूलद्वारको चौकोसको दायाँ बायाँ अष्टमङ्गल दर्शाइएका छन् ; दायाँ बायाँ एक जोडी द्वारदेव तथा *नासप्वाः* छन् ।[८२] नवदुर्गा देवगृहको मूलद्वारको दायाँबायाँ देखापर्ने दुई कलात्मक काष्ठद्वारहरूमध्ये दायाँपट्टिको द्वारको तोरणमा *माहेश्वरी* र *गणेश* तथा बायाँपट्टिको द्वार-तोरणमा *कुमारी* र *कुमार* छन् । दायाँपट्टिको द्वारको भित्रतर्फको छिंडीमा *खःमे* नामको रांगो पालिन्छ ।

यस देवगृहको पहिलो तल्लाको अग्रभागमा तीन कलात्मक तोरणसहितका *तिकिझ्याः* (आँखीझ्याल) हरू छन् । बीचको झ्यालको दायाँपट्टि तल भित्तामा ने.सं.१०३६ (वि.सं.१९७३) को एउटा स्वर्णपत्र टाँसिईराखिएको छ ।[८३] अन्य दुई झ्यालहरूभन्दा केही ठूलो त्यस बीचको झ्यालको मध्यभागमा सुनको मोलम्मा लाएको *पलेफो* (पद्यमाकृति) देखापर्छ । त्यस *पलेफो*को पनि मध्य भागमा *अष्टबाहु कुमारी* छिन् । यस झ्यालको दायाँबायाँ दुईवटा *छपाः झ्याः* (एकमुखे झ्याल) छन् । ती झ्यालका तोरणहरूमा *भैरव* विराजमान छन् । त्यस्तै ठूलो झ्यालको तोरणमा *वैष्णवी* तथा दायाँपट्टिको झ्यालको



चित्र संख्या ७ : मध्यकालीन नेपाली काष्ठकलाको एक उत्कृष्ट नमूना 'भैलखः झ्याः' ।

८२। प्रायःजसो नेवारीशैलीका देवस्थल, दरवार एवं सर्वसाधारणका घरका भित्ताहरूमा वायु प्रवाहित हुने यस्ता प्वालहरू देखा पर्छन् । यसलाई *नासः प्वाः* भनिन्छ । *नासः द्यः* (नृत्यनाथ) का अनेक रूपहरूमध्ये एउटा रूप 'वायु' पनि हो । अतः वायुरूपी नृत्यदेवको प्रतीक चिन्हका रूपमा यस्तो 'प्वाल' राख्ने चलन छ । यस्तो *नासप्वाः* राख्नाले गारो सुरक्षित रहन्छ भन्ने धारणा पनि प्रचलित रहेको बुझिन्छ ।

८३। परिशिष्ट २ संख्याको अभिलेख
यस देवगृहको माथि उल्लेखित ढुङ्गेसिंढीमा उत्कीर्ण *कुलमान* र *प्रीथीमान* बाबुछोरा रहेछन् भन्ने कुरा यस स्वर्णपत्रबाट ज्ञात हुन आएको छ । ढुङ्गेसिंढी राख्न लगाइएको समयतिर *कुलमान* जीवित नै थिए । उनको मृत्युपछि उनका जहान परिवारले देवदेवीसहितको सुनको मोलम्मा लाएको पाताले यस देवगृहलाई सजाएका थिए भन्ने कुरा यस स्वर्णपत्रको आधारमा जानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

 CC-0. In Public Domain. Digitization by eGangotri

तोरणमा *वाराही* र बायाँपट्टिको झ्यालको तोरणमा *इन्द्रायणी* देखा पर्छन्। यसै पहिलो तल्लाको उत्तरपट्टि *भैरवनाथको रथ अङ्कित एक अति सुन्दर र कलात्मक आँखीझ्याल* छ।[८४] सो झ्याल *भैलखःझ्याः* नामले प्रसिद्ध छ। (चित्र संख्या ७)

नवदुर्गा देवगृहको अग्रभागको दोश्रो तल्लामा तीनवटा *छपाझ्याः* (एकमुखे) हरू छन्। छाना अड्याउन अन्य देवमन्दिरहरूमा झैं *विलंपति* (टुँडालहरू) राखिएका छन्; तिनको संख्या १० छ। सलामी परेर गएको झिंगटीले छाएको छानामाथि सुशोभित तीन गजूर माङ्गलिक चिन्हका प्रतीक देखापर्छन्।

यस देवगृहको मूलद्वारबाट भित्र पसेपछि एउटा सानो चारपाटे चोकमा पुगिन्छ।[८५] त्यस चोकको बीचमा एउटा *पद्माकृति* देखापर्छ। चोकको आग्नेय कोणमा *विकुं* (पानी जाने निकास) छ। चोकको चारैतिर खुला दलान बनेका छन्।[८६] यस चोकबाट देखा पर्ने देवगृहको पूर्वपट्टिको भागमा तीनमुखे *पासूका झ्याः* (पंच झ्याल) तथा सो झ्याल माथिको तोरणमा मुख्यदेवीका रूपमा *कुमारी* छिन्। दक्षिणभागको पहिलो तल्लामा तोरणमात्र देखा पर्छ। यस तोरणमा *गणेश, कुमार,* र बीचमा *कुमारी* छन्। त्यस्तै पश्चिमपट्टिको भागमा पनि तोरण छ; सो तोरणमा *गणेश, ब्रम्हायणी* र *कुमार* देखापर्छन्। त्यस्तै उत्तरपट्टिको भागमा एउटा आंखीझ्याल छ। सो आँखीझ्यालमाथि एउटा ठूलो तोरण राखिएको छ। त्यस तोरणमा मुख्यदेवीको रूपमा *महिषमर्दिनी भगवती* छिन् औ तिनको दुवैतिर *भैरव* देखापर्छन्।

यस चोकबाट माथि पहिलो तल्लामा पुगेपछि पश्चिमाभिमुख एउटा कलात्मक *ताम्रद्वार* देखा पर्छ। त्यस *ताम्रद्वार*को दायाँबायाँ चौकोसमा लहरै नरमुण्ड-आकृतिहरू देखा पर्छन्।[८७] दुई ताम्रखापामा विभक्त यस द्वारको दायाँबायाँ एकजोडी सिंह छन्। द्वारमाथि एउटा कलात्मक तोरण छ। सो तोरण तात्कालिक स्थानीय एक बुद्धाचार्यले *नवदुर्गाभिवानी*लाई चढाएका थिए।[८८] यो कुरो सो तोरणमा उत्कीर्ण

८४। *नवदुर्गाभिवानी* र *भैरवनाथ* (विश्वनाथ भैरव वा आकाशभैरव) पनि भक्तपुरका सर्वोच्च देवीदेवता हुन्। तान्त्रिक परिप्रेक्षमा भैरवनाथ नवदुर्गा परिवारकै एक प्रमुख एवं अभिन्न देवताका रूपमा मान्य रहँदै आएका छन्। *नवदुर्गा गण*ले आफ्नो अनुपस्थितिमा भैरवनाथको विशाल लिङ्गो (बिस्केटको लिङ्गो) ठडिन सक्तैन भन्ने प्रबल तान्त्रिक अवधारणा रहेको पाइन्छ; जसको क्रियात्मक उदाहरण लिङ्गो ठड्याउन यसमा बाँधिएका *अष्टमातृकगण*का प्रतीक आठ डोरीहरू हुन्। ती आठ डोरीहरू तन्केपछि लिङ्गो पनि ठडिन्छ। त्यसपछि *नवदुर्गाभिवानी*को फिर्ता-सवारी हुन्छ। त्यस्तै नवरात्रिताका भैरवनाथलाई *नवदुर्गा गण*कै रूपमा पूजा चलाइन्छ। यसरी *भैरवनाथ* र *नवदुर्गा गण*बीचका यस्ता अनेक सम्बन्धलाई तान्त्रिक भाव रूपले दर्शाउन *भैरवनाथ*को प्रसिद्ध रथलाई यहाँ यस झ्यालमा प्रतीकात्मकरूपले सुन्दरढङ्गबाट प्रस्तुत गरिएको छ।

८५। यथार्थमा नेवारहरूको धार्मिक सांस्कृतिक आदि क्रियाकलापहरू चोकमा पनि सम्पन्न गरिने हुँदा नेवार-संस्कृति *चोक-संस्कृति*मा आधारित छ भन्दा शायद अतिशयोक्ति नहोला। यसो हुँदा नेवारी वास्तुरचनामा पूर्वकालदेखि नै चोकले अभिन्न अङ्गको रूपमा महत्व पाउँदै आएको छ। नेवार-बस्तीका दरबार, देवस्थल, टोल आदि स्थानहरूमा देखापर्ने (साना-ठूला र अनेक नामका) चोकहरू उदाहरणस्वरूप छन्; तीमध्ये एउटा चोक यो पनि हो। हरेक *चन्द्रेपुजा* यसै चोकमा गरिन्छ। त्यस्तै विशेष अवसरमा यसै चोकमा *नवदुर्गा गण*लाई विराजमान गराई पूजा अनुष्ठान गर्ने चलन छ। चोकको पूर्वमा जज्ञ गर्ने ठाउँ पनि छ; यहाँ *सिलाचा छ्वयेके* गरिन्छ।

८६। तीमध्ये उत्तरपट्टिको दलानका चारवटा थामहरू निकै सुन्दर र कलात्मक देखिन्छन्।

८७। दायाँतर्फ - १२ र बायाँतर्फ - १२ गरी जम्मा २४ वटा मुण्डहरू छन्। कुनैपनि पूर्ण मन्त्रमा '२४' अक्षर हुनुपर्छ भन्ने मान्यता प्रचलित रहेको सन्दर्भमा ती मुण्डहरू पनि २४ मन्त्राक्षरकै सदृश् दृष्टिचोचर हुन्छ।

८८। परिशिष्ट ३ संख्याको अभिलेख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेखका आधारमा थाहा पाइन्छ। यस्तै *नवदुर्गाभवानी*प्रति श्रद्धाभक्ति अर्पित गरी चढाएका घण्टाहरू पनि सो द्वारको दायाँबायाँ देखा पर्छन्। त्यस द्वारको बायाँपट्टि ढक्कन सहितको एक ढुंगे जलपात्र पनि छ। यस द्वारबाट भित्र प्रवेश गरेपछि देवकोठामा पुगिन्छ। यस कोठामा गणका मुख्य देवी *महालक्ष्मी* विमानखटमा पश्चिमाभिमुख अवस्थामा विराजमान रहेको देख्न सकिन्छ।[८९] तिनको पार्श्वभागमा *नवदुर्गा गण*का *ख्वा:पा:*हरू लहरै झुण्ड्याइएका हुन्छन्। ती *ख्वा:पा:*हरू पनि पश्चिमाभिमुख नै रहन्छन्। यस देवगृहको पहिलो तल्लाको वायव्यकोणमा अन्य भक्तजनहरू जान नहुने भनिएको एउटा कोठा छ।[९०] सो कोठामा जानको निमित्त दक्षिणाभिमुख एक काष्ठनिर्मित्त द्वार बनेको छ। त्यस द्वारको दायाँबायाँका चौकोसमा पनि ताम्रद्वारमा झैं नरमुण्ड-आकृतिहरू देखापर्छन्।[९१] देवस्थल परिसरमा धारा, सत्तल पाटी पौवा आदि पनि अभिन्न अंगका रूपमा देखापर्छन्। त्यस्तै यस देवगृहको प्राङ्गणमा उत्तरपट्टि पाटीसहितको एउटा ढुंगेधारा पनि बनेको छ। अहिले पानी आउन बन्द भइसकेको यस ढुंगेधारामाथि *विष्णुमूर्ति* स्थापित छ। यस पाटीसँग उत्तराभिमुख *बालकुमारीको पीठस्थापित मन्दिर* पनि छ।[९२] त्यस मन्दिरको कवलमाथि *वेतालवाहन अष्टबाहु भैरवको प्रस्तरमूर्ति* स्थापित छ। मन्दिरको दायाँतर्फको भित्तामा ने.सं.८५४ (वि.सं.१७९१) को एक शिलालेख छ।[९३] तात्कालिक *ग:छेंटोल*का पंचहरूले यस मन्दिरभित्र स्थापित *गुमूल कौमालि* (नवकौमारीगण) प्रीति गरी देवल प्रतिष्ठा गरेको कुरा त्यस शिलालेखमा परेको छ। त्यस्तै यस मन्दिरको बायाँतर्फको भित्तामा ने.सं. ८६८ (वि.सं.१८०५) को अर्को एक शिलापत्र छ।[९४] यस मन्दिरसँगैको माथि उल्लेखित पाटी तात्कालिक *वासुदेव, विश्वदेव, शिवदेव, रामदेव, धनदेव* र *मानसिंदेव* मानन्धरहरू मिलेर बनाएको कुरा त्यस अभिलेखमा परेको छ।

नामकरण

वर्तमानमा पनि उत्तिकै लोकप्रिय रहँदै आएको *नवदुर्गा गण नाच*को *इकुं प्याखं* नाम विशेष गरी

८९। *नवदुर्गा गण*को सवारी जुनसुकै स्थानमा चलाईंदा *महालक्ष्मी*लाई विमानखटमै राखेर लाने चलन छ औ स्थानग्रहण गर्दा पनि पश्चिमाभिमुख न रहन्छिन्।

९०। नवदुर्गा गण वा सम्बद्ध नाच संचालन गर्ने वनमाला समूहका लागि मात्र यो कोठा आगमकोठा वा भण्डारको रूपमा प्रयुक्त रहँदै आएको जानिन्छ।

९१। ताम्रद्वारको तुलनामा यो काष्ठद्वार पुरानो देखिन्छ। अत: यसै द्वारको अनुकरणमा ताम्रद्वार पछिमात्र बनेको हो भन्ने कुरा जानिन्छ।

९२। यस मन्दिरभित्र प्रस्तरका अमूर्त १२ वटा स-साना पीठदेवताहरू स्थापित छन्। ती पीठदेवताहरू समग्रमा बालकुमारी नामले प्रसिद्ध रहँदै आएको छ। यस मन्दिरको दायाँतर्फको भित्ताको ने.सं. ८५४ को शिलालेखमा ती देवताहरूलाई गुमूल कोमालि (नवकौमारीगण) को संज्ञा दिइएको छ। यताबाट मन्त्रमहोदधिको माथि उल्लेखित (पृष्ठ १९) नौ बालकुमारीहरूको स्मरण हुन्छ। त्यस्तै बाँकी तीन पीठहरूले गणेश, भैरव एवं कुमारको झझल्को गराएको छ।

९३। परिशिष्ट ४ संख्याको अभिलेख

९४। परिशिष्ट ५ संख्याको अभिलेख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मल्लकालमा बढ्ता प्रचलित रहेको जानिन्छ । निम्न उद्धरणहरूबाट यस कुराको प्रामाणिक पुष्टि मिल्छ ।

"थ्वते खडग यात्राया ...थ्वते यिकुं प्याखनया चान्हस याता ॥ थ्वते इकुन प्याखन न्हीनस चान्हस याता पूजा छाय थ्वते ॥ सम्वत ७८० फागुन सुदि ९ ॥" [९५]

"सम्वत् ७८७...इकुन प्याखन याता मालको ॥ माघकृष्ण, गोलदेवलया न्ह्यने, इकुनप्याखन हुकुन्हु, भैरव इन्द्राणी छेवोने माल, ... जेष्ठ शुक्ल, इछुस प्याखन हुकुन्हु, भैरव, इन्द्रायणी, पूजा छोयमाल... " [९६]

"श्वेत भैरव वाहन मालको ॥ थ्वते इकुं प्याखनया ॥ चान्हिस याता सामा विया ॥ श्रीश्रीसुमति जयजितामित्रमल्लदेवसन यिकुं प्याखन, वसत हेरका ॥ वालकुमारी हुयका ॥ पूजा छोय ॥... दिन सम्वत ८०१ फाल्गुण सुदि १३ प्याखन " [९७]

मल्लकालपछि पनि यो नाम प्रचलित रहँदै आएको कुरा निम्न उद्धरण-प्रमाणका आधारमा थाहा पाइन्छ

"सुवर्ण मल्ल वर्ष १५....यी राजाले....नवदुर्गा गणको अनेक विधान गरी राखी नाच प्रारम्भ गराइदिएको हो । यीप्पुंचा प्याखं भन्ने अझ तक छँदैछ ।" [९८]

तर इतिहासको कालप्रवाहमा यो नाम लोकजीवनबाट विलुप्त हुन पुगेको छ[९९] औं अध्ययन अनुसन्धानमै मात्र यसप्रकारले शेष रहन आएको दृष्टिगत् हुन्छ -

"भक्तपुरको हनूमान्घाटपारि पूर्वतिर 'इखुडो' भन्ने ठाउँ छ । नवदुर्गानाच देशबाहिर (मूलनगर बाहिर) सिकाइनु पर्छ भन्ने मान्यता प्रचलित रहँदै आएको परिप्रेक्षमा यो नाच सर्वप्रथम सोही स्थानमा सिकाइएको हुँदा यसै स्थान-नाम विशेषताको आधारमा 'इकुं प्याखं' नाम रहन गएको विदित हुन्छ ।" [१००]

"..... सुवर्ण मल्ल जुजु या पर्याले नवदुर्गा देवी पिंगु प्याखं दय्का ... प्रतिवर्ष हुइ केगु यात ।

९५। विजयादशमीको रात्रमा *तलेजु*कै साथमा *नवदुर्गा गण* पनि *खड्गयात्रा*मा सवारी हुन्छ । सो रात्रमा *नवदुर्गा गण*ले *तलेजुभवानी*बाट सिद्धि प्राप्त गर्न भक्तपुर राजदरबारमा (स्वर्णद्वार अगाडि) आउने चलन छ । यसरी सोही दिनमा दरबारबाट पूजाभाग प्रदान गर्ने सन्दर्भमा यस नाचको 'इकुं प्याखं' नाम उल्लेख भएको छ ।
- शंकरमान राजवंशी, 'भक्तपुरमा मल्ल राजासँग सम्बन्ध राख्ने धर:पौ (लगत) का केही ऐतिहासिक सारांश' पूर्णिमा, १६ पूर्णाङ्क, वि.सं. २०२४, पृ.३६८

९६। डी.आर. रेग्मी, पादटिप्पणी, संख्या ६७क, पृ.१०८

९७। डा.चुन्दा वज्राचार्य, जितामित्र मल्लकालीन धर:पौ, कीर्तिपुर, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०५३, पृ.१७१ ख

९८। बालचन्द्र शर्मा (सं.), 'काठमाण्डु उपत्यकाको एक राजवंशावली', प्राचीन नेपाल, संख्या ५, वि.सं. २०२५, पृ.६

९९। लौकिक जीवनमा मात्र होइन, नाचसित सम्बद्ध समूहमा समेत पनि यो नाम अपरिचित हुनपुगेको देखिन्छ ।

१००। डा. पुरुषोत्तम लोचन श्रेष्ठ, 'एउटा विलुप्त नाम इकुं प्याखं.....' जानकारी, अंक ६, वि.सं. २०५६, पृ.३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थुगु प्याखं यात इखुंचा प्याखं नं धाल ।"[१०१]

नवदुर्गाभवानीले *महिषासुर* नामको दैत्यलाई मारेको मूलकथासित यो नाच सम्बद्ध रही आएको छ । सो घटनालाई *नवदुर्गा गण*ले नवरात्र पर्वका दिन दृष्यगत रूपमै जनजीवनसमक्ष साक्षात्कार गराउँदै आएको छ । यसरी नाचमा देखापर्ने यसै विशेषताका आधारमा *नवदुर्गा प्याखं (नवदुर्गानाच)* नाम अत्यधिक प्रचारमा आएको विदित हुन्छ ।

१०१। पं. आशाकाजी वज्राचार्य, मल्लकालीन गं प्याखं, ललितपुर, पं.वै. आशाकाजी वज्राचार्य, वि.सं. २०३९, पृ.६६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय २

वर्ष– क्रिया

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवदुर्गानाचसित सम्बद्ध समूह

नवदुर्गानाचको वर्ष-क्रिया संचालनमा निम्न समूह प्रत्यक्ष एवं प्रकारान्तरमा सम्बद्ध रहँदै आएको पाइन्छ ।

गाथा (वनमाला)

नवदुर्गानाचको प्रारम्भकालदेखि नै यसलाई जनजीवनमा जीवन्त रूपमा प्रस्तुत गर्दै आइरहेको एक प्रमुख समूह *गाथा परिवार* हो ।[1] परम्परागत रूपमा *देवगण, वाद्यवादक, नाय:-नर्की* (परिवार-प्रमुख) आदि भूमिका निर्वाह गर्दै यस नाचलाई उनीहरूले संचालन गर्दै आइरहेका छन् ।[2] यसो हुँदा नवदुर्गा देवगृहको देखरेख आदिको जिम्मेवारी पनि सम्बद्ध *गाथाहरूले* नै परम्परागत रूपमा वहन गर्दै आएका छन् । परम्परागत रूपमा *गाथाहरूको* बसोबास मूलनगरको माथिल्लो भाग *(थ:ने)* मा नै (*ग:छें, इनाचो, चोरचा, खंचा, क्वाठण्डौं* आदि - नक्सा संख्या ३) रहँदै आएको देखिन्छ । नगर बाहिर चाहिँ ताथली, नंखेल, साँखु, बनेपा आदि स्थानमा पनि उनीहरुको बसोबास रहेको देखिन्छ ।



नक्सा ३ : गाथाहरूको परम्परागत बासस्थान (*नक्सा साभार :* गुश्चो, वासुकला, १९८७, पृ.५)

१। उपत्यकाको नेवार समाजमा यो शब्द बढ्ता प्रचलित रहँदै आएको परिप्रेक्ष्यमा यहाँ पनि उल्लेख गर्नुपरेको हो । भक्तपुरमा *गाथा* शब्द प्रचलित रहेको छ भने कान्तिपुर र ललितपुर लगायत अन्यत्र *गथु* भनिन्छ । यसरी *गथुहरूले* (माली जातका) संचालन गर्ने गणनाचहरू त्यतातिर *गथु प्याखं* नामले पनि प्रसिद्ध छन् । *थेचोको नवदुर्गानाच, बाह्र वर्षे पचलीभैरवको नाच* आदि यसका उदाहरण हुन् । यद्यपि समाजमा उनीहरूलाई शिष्टाचारवश सम्बोधन गरिने औपचारिक शब्द यो नभएर *वनमाला* वा माली हो । यसलाई उनीहरूले 'थर' कै रूपमा अँगाल्दै आएका छन् औ जनजीवनमा धार्मिक सामाजिक आदि अनेक अवसरमा चाहिने ऋतु अनुसारका फूल तथा फूलका माला उपलब्ध गराउने परम्परागत पेशा पनि उनीहरूकै हो । भक्तपुरको जनजीवनमा उनीहरू 'उजाजु' उपपदवाट ससम्मान सम्बोधित हुँदै आएको पाइन्छ ।

२। नवदुर्गानाचको वर्ष-क्रिया संचालनमा झण्डै ३५ जना जति गाथाहरू सक्रिय रूपले संलग्न रहेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गाथा परिवारमा साना केटाहरूलाई *कयूतापूजा* (ब्रतबन्ध) सम्पन्न हुनु अघिसम्मन् *ख्वा:पा:* बोकाउने सानातिना काम गर्न लगाई नाचका लागि प्रयोगमा ल्याइन्छ भने *कयूतापूजा* गरिसकेपछि ती देवगण भएर नाच्न पाउँछन् वा त्यस योग्यतामा पुगेको मानिन्छ। नाचमा देखा पर्ने गण संख्या कार्यप्रणाली एवं जिम्मेवारी आदिको आधारमा मुख्यगरी ३ भागमा विभक्त गर्न सकिन्छ - १.*बाजा बजाउने गण* (*खिं बाजा, त: बाजा* र *कार्यूँ बाजा* बजाउने - संख्या ३) २.*ख्वा:पा: धारण गर्ने गण* (संख्या - १३) र ३.*नायो + नकीं*। यसरी नवदुर्गानाच संचालनमा १८ जना *गाथाहरू* प्रत्यक्ष रूपले संलग्न रहने देखिन आएको छ।

*नवदुर्गा गण*ले *नृत्यसिद्धि* एवं *देवत्वसिद्धि*कै लागि समेत पूजा अनुष्ठान गरी मान्दै आएको प्रमुख देवता *सुजमाह्रीटोल*को *झट्टप्वा:* (नासद्य:) हुन्।[३] अत: यस नाचमा भाग लिई वाद्यवादन एवं नृत्य प्रस्तुत गर्न चाहने इच्छुक सम्बद्ध *गाथाहरू*ले आ-आफ्नो कलामा निपुण हुनका लागि पूर्वाभ्यास गर्नु पर्दछ तथा यसको निमित्त यसै *नासद्यो:*मा लगी (वाद्यवादन एवं नृत्यसिद्धिका लागि) पूजा अनुष्ठान गर्ने चलन छ। नवदुर्गानाचसित सम्बद्ध *गाथा*-समाजमा जति घरहरू छन्, सोही अनुसार आलोपालो गरी वर्ष-क्रिया संचालन गर्ने चलन छ।[४] नाचमा भित्र्याउनको निमित्त *थातेगु* (विधिवत् भित्र्याउने) विधान गरिन्छ। त्यस्तै, नाचको निमित्त भर्ना भईसकेकाहरूमा जस्ले जुन देवताको प्रतिनिधित्व गर्ने हो, उसले सम्बद्ध देवताको पीठमा गई पूजा अनुष्ठान गर्नुपर्छ तथा सोही अनुरूप नृत्य, ध्यान, भाव आदि सिक्नु पर्छ।

नेवार समाजमा *नायो*की स्वास्नीलाई *नकीं* मान्ने चलन छ, तर यस नाचको सन्दर्भमा प्रचलित रहँदै आएको परम्परा केही फरक देखिन्छ। अर्थात ती दुई लोग्ने स्वास्नी नै हुनुपर्छ भन्ने बाध्यता रहेको देखिँदैन।[५] त्यस्तै हरेक वर्ष *नायो* फेर्ने व्यवस्था रहेको पाइन्छ भने *नकीं*को सन्दर्भमा यस किसिमको बाध्यता रहेको देखिँदैन। नवदुर्गानाचको वर्ष-क्रिया बारेमा *नायो* र *नकीं* ज्ञाता हुनु जरुरी छ, तथा उनीहरूकै निर्देशनमा सबै कार्य गरिन्छ। नवदुर्गानाच *नायिकाप्रधान नाच* हो भन्ने कुरा दार्शनिक परिप्रेक्ष्यमा पनि दर्शनीय हुन आएको प्रतीकात्मक पुष्टि *नकीं*को महत्वपूर्ण भूमिकाले गरेको पाइन्छ। उदाहरणको निमित्त - नवदुर्गाको नित्य पूजा र आरति *नकीं*ले नै गर्छिन्। *नवदुर्गा गण*लाई *मोहनी* (कालो टीका) लगाउने *नकीं* नै हुन्। रातो वस्त्रको तिनको पहिरन *शक्ति*कै प्रतिरूप पनि हो।

आचा:जु (कर्माचार्य)

नवदुर्गा नाचमा तान्त्रिक पूजा कर्म *आचा:जु (कर्माचार्य)* ले परम्परागत रूपमा चलाउँदै आएको छ।[६] *ब्रम्हायणीपीठ, झट्टप्वा: नासद्य:, इच्छु, विकुमाछें* स्थित *अजाजुद्य: (दिपङ्कर महाविहार)* आदि स्थान

३। नवदुर्गानाचका कर्माचार्य श्रीजुलालबाट प्राप्त जानकारीको आधारमा।

४। कारणवश आफ्नो पालो परेको वर्षमा नभ्याएमा पछि लिने गरी फेर्न पाइने आपसी समझदारी पनि प्रचलित रहेको पाइन्छ।

५। तर नकीं हुनको निमित्त 'सधवा' हुनुपर्छ भन्ने मान्यता प्रचलित रहेको पाइन्छ।

६। यसको चर्चा तल यथास्थानमा आउँदैछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मा नवदुर्गानाच सम्बद्ध तान्त्रिक पूजा अनुष्ठान चलाउने,[७] नाचसित सम्बद्ध *गाथाहरू*लाई दीक्षा *(देखा)* प्रदान गर्ने आदि कर्म *आचा:जू*द्वारा चलाइन्छ। त्यस्तै, जनजीवनमा *नवदुर्गा गण* अनुपस्थित रहँदाको समयमा (१ महिना ७ दिन)[८] *नवदुर्गा द्य:छें* मा गई नित्यपूजा पनि *आचा:जु*ले नै गर्छ।

जोशी

नवदुर्गानाचको वर्ष-क्रिया संचालनको सन्दर्भमा शुभ-कर्मका लागि शुभ-मुहुर्त जुराई दिने कार्य यस नाचसित सम्बद्ध *जोशि*ले गर्छन्।

हाकुज्या कुम्हा:

नवदुर्गानाचका सम्बद्ध *गाथाहरू*लाई *ख्वा:पा:* (मुकुण्डो) बनाउनको निमित्त चाहिने माटो विधिपूर्वक पूजा गरी दिने परम्परागत कार्य यिनीहरूको हो।[९]

चित्रकार

नवदुर्गानाचका सम्बद्ध *गाथाहरू*ले विधिवत् दिएको माटोबाट *ख्वा:पा:* बनाईदिने कार्य सम्बद्ध *पुं* (चित्रकार) ले गर्छ।[१०] यसको अतिरिक्त *नवदुर्गा गण*को अन्य पूजा अवसरमा पनि *सिम्ब, दुम्ब, श्वेतभैरव, कालभैरव* आदिको चित्र लेखेर दिने कार्य *पुं* (चित्रकार) ले गर्छ।

नायखिं बाजा (अगुवा बाजा)

नवदुर्गानाचमा *नायखिं बाजा*[११] नाचसित सम्बद्ध *नाय्* (खड्गी) हरूले विशेष अवसरमा *नवदुर्गा गण*को अगुवाई गरी नगरका परम्परागत निश्चित सडक गल्लीहरूमा बजाउँदै आउने चलन छ।

७। नवदुर्गानाचका सम्बद्ध आचा:जू श्री जुलाल कर्माचार्यज्यूका अनुसार - ब्रम्हायणीपीठमा - अष्टमी, नवमी र दशमीमा, झट्टप्वा: नासद्य:मा - तीज र अष्टमीमा, इच्छुटोलमा - भलभल अष्टमीको दिनमा तथा पंजरां चन्हेमा अजाजुद्य: कहाँ पूजा कर्म चलाइन्छ।

८। भलभल अष्टमीदेखि घण्टाकर्ण चतुदर्शीबीचको १ महिना ७ दिनसम्म नवदुर्गा गण अनुपस्थित रहने उक्त अवधिलाई प्रतीकात्मक रूपमा गर्भावस्थाको समयको रूपमा पनि मान्न सकिन्छ।

९। भक्तपुरमा प्रजापति थरका नेवारहरूको एक समाज माटोको काम गर्ने परम्परागत पेशाका आधारमा 'हाकुज्या' (कालो माटोको काम गर्ने) र 'ह्याउँज्या' (रातो माटोको काम गर्ने) विशेषणले विख्यात छन्।

१०। यसको चर्चा तल पनि आउँदैछ।

११। नायखिं बाजा बजाउने सम्बद्ध समूहले *खिं* बाजाको साथमा *कार्य* बाजा पनि बजाउँछन्। तन्त्रप्रधान धर्मबाट प्रभावित नेवार समाजको अनेक सांस्कृतिक धार्मिक उत्सवका सम्बद्ध अवसरमा *नायखिं बाजा* बजाउने चलन गरिमामय मानिन्छ। सम्बद्ध उत्सव वा यात्रा (जात्रा) को स्वरूप अवस्था अनुसार यसको बोल (सुर-ताल) पनि फरक-फरक ढंगले बजाउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टमीको दिनमा *नवदुर्गा गण*को *घंघला ल:ल्हाय्गु* विधान गरिन्छ । यसै दिनदेखि *नवदुर्गा गण*को सवारी चलाइँदा सवारीको अग्रपंक्तिमा रहेर सम्बद्ध *नाय्ह*रूले *नायखिं* बाजा बजाउँदै आएको देख्न सकिन्छ । *नवदुर्गा गण*लाई *बी हि त्वंकिगु* विधान गरेको भोलिपल्ट *ख:मेय्* को शीरभाग लिइसकेपछि *नायखिं बाजा* बजाउने कार्य विसर्जन भएको मानिन्छ ।[१२]

इपाछें टोलका राजोपाध्याय ब्राम्हण

*नवदुर्गा गण*को वासस्थानकै रूपमा (*नवदुर्गा छें*) पनि प्रसिद्ध रहँदै आएको *इपाछेंटोल*का सम्बद्ध राजोपाध्याय ब्राम्हणहरूको आगम चोकमा गरिने *नवदुर्गा गण*को *अन्नप्राशन विधान*[१३] यथार्थमा मूलगुरुकै प्रथम मान्यताको दार्शनिक-प्रतीक प्रदर्शन पनि हो । यसको एउटा भावात्मक एवं प्रतीकात्मक दृश्य-पक्ष एवं विधान *भलभल अष्टमी*को दिनमा पनि दर्शनीय हुन आउँछ; जुन *गुरु लितेगु* [१४] (गुरुबाट पहिले प्राप्त गरेको मन्त्रशक्तिलाई आफ्नो अवसानपूर्व पुन: फिर्ता गर्ने) विधि हो । यसप्रकार *नवदुर्गा गण*को वर्ष-क्रिया संचालनमा माथि उल्लेखित वर्ग वा समूहको अतिरिक्त समाजका *अनेक व्यक्ति* वा *द्रष्टा, परम्परागत धार्मिक, सांस्कृतिक संस्थान* (राजदरबार वा तलेजु, वानेलायकू, बिजुक्छेंआगम, क्वाछेंआगम आदि) एवं स्थलहरू आदि पनि प्रत्यक्ष एवं प्रकारान्तरमा अभिन्न रूपले सम्बद्ध रहँदै आएको देखिन्छ ।

नवदुर्गानाचका गणहरू

नवदुर्गानाचमा निम्नलिखित १९ गणहरू परिवारित छन्[१५] :-

१.*सिफोद्य::* २.*भैरव (कालभैरव)* ३.*महाकाली* ४.*वाराही* ५.*ब्रम्हायणी* ६.*माहेश्वरी* ७.*कुमारी* ८.*वैष्णवी* ९.*इन्द्रायणी* १०.*गणेश* ११.*महादेव* १२.*श्वेतभैरव* १३.*सिम्ब (सिंह)* १४.*दुम्ब (बाघ)* १५.*खिं बाजा* १६.*त: बाजा* १७.*कार्यूँ बाजा* १८.*महापात्र* १९.*नर्की* ।

चलन छ । सुखद् अवसरमा (शुभ-बाजाकै रूपमा) बजाइने बोल र शवयात्राका बेलामा बजाइने बोल बेग्लै हुन्छ । समाजका अन्य प्राणी सरह *नवदुर्गा गण*ले आफूलाई पनि पृथक् मानेको छैन; प्रचलित सामाजिक सांस्कृतिक दर्शनलाई *नवदुर्गा गण*ले पनि स्वीकार गरी लोकजीवनमा प्रस्तुत गर्दै आएको छ । अत: *नवदुर्गा गण*ले मृत्युवरण गर्दा (भगस्थीको दिनमा) पनि *सी-बाजा* (शवयात्रामा बजाइने बाजा) को रूपमा *नायखिं* समूहले बाजा बजाएर लाने चलन छ । त्यस्तै तात्कालिक समयमा सार्वजनिक सूचना प्रवाह गर्दा पनि *नायखिं* बाजा बजाइन्छ; सो चलनलाई *नायखिं च्वेकेगु* भनिन्छ ।

१२। *नायखिं* बाजा बजाउने समूहका श्री काजीलाल शाहीबाट प्राप्त जानकारीका आधारमा ।

१३। यसको चर्चा तल आउँदैछ ।

१४। यसको चर्चा तल आउँदैछ ।

१५। नवदुर्गा गणको यो क्रम परम्परागतरूपमा पंक्तिबद्ध भएर जाने चलनको आधारमा यहाँ दिइएको हो । - प्रत्यक्ष अवलोकन आधारमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस नाचमा *भैरव*देखि *दुम्क*सम्म गरी जम्मा १३ गणहरू *ख्वा:पा:* धारक छन्।[१६] यसरी *ख्वा:पा:* धारण गर्ने विशेषताकै आधारमा पनि यस नाचमा *सप्तमातृका* (*महाकाली, वाराही, ब्रम्हायणी, माहेश्वरी, कौमारी, वैष्णवी र इन्द्रायणी*) दर्शनीय हुन आउँछ।

नवदुर्गानाच वा गणका एक प्रमुख देवी *महालक्ष्मी* हुन्।[१७] यी देवी *सिफोद्य:* नामले प्रसिद्ध छिन्।[१८] यिनको रजतमूर्ति मुखाकृतिविहिन (गुह्यरूपको) छ; औ मुखाकृति दर्शनीय हुनुपर्ने सो भाग *प्वालरूपको* छ।[१९] यस मूर्तिमा यी देवी दायाँ घुँडा अलिकता खुम्चने गरी दुवै पैतलाले सिंहका शिरमा टेकी उभिएकी छिन्। ती एकजोडी सिंहका आकृति बीचमा कमलको फूल देखा पर्छ। कमलासन+सिंहासनमुनीको आसनमा *वेताल* र उनको दायाँबायाँ एकजोडी सिंह छन्। छ हात भएकी यी देवीको माथिल्ला दुई हातहरूमा - ढाल र तरवार, बीचका दुई हातहरू - विन्दु+पात्र मुद्रामा र तल्ला दुई हातहरूमा पाश र खट्वाङ्ग देखापर्छन्। देवीको मूर्तिलाई तोरणाकृतिले सजाइएको छ। सो तोरणाकृतिको थामको दायाँबायाँ एकजोडी मयूर (विपरित दिशातर्फ फर्किरहेका) का सुन्दर आकृति देखापर्छन्।

तोरणाकृति सहितको *सिफोद्य:*को यस रजतमूर्ति *छेप्*सहितको ठूलो तोरणले पनि सजिएको छ। तोरणको दायाँबायाँका थाममा (दायाँ १७ + बायाँ १७ = ३४) मुण्डमाला (पित्तलको धातुले बनेका) देखापर्छन्। त्यस्तै, देवीले पनि मुण्डमाला धारण गरेकी छिन्। तिनको सामुन्ने एकजोडी खड्ग एवं बायाँपट्टि '*कायँ*' बाजा र '*त:*' बाजा राखिएको हुन्छ।

१६। नवदुर्गानाच मात्र नभएर उपत्यकाका अन्य गणनाचहरूमा पनि मातृगणका साथमा अन्य गणहरू (सिंघिनी, व्याघिंनी, गणेश, भैरव, श्वेतभैरव वा नृत्यनाथ आदि) परिवारित देखापर्छन्। खोकनाको रुद्रायणीदेवी (शिव+काली - शिकाली - *शिकालीप्याखं*) तथा ललितपुरको हरसिद्धि (जलांप्याखं) का नाचमा मूलदेवी (काली वा दुर्गा) का साथमा शिव वा रुद्र पनि तान्त्रिक परिप्रेक्ष्यमा दर्शनीय हुन आउँछन्।

१७। तान्त्रिक परम्परामा *महालक्ष्मीको नवार्णमन्त्र* (आग्नेयआम्नाय अनुरूप) मुख्य मानिन्छ। यस आधारमा तिनको महिषासुरमर्दिनी रूप झल्कन्छ।

- धनशमशेर ज.ब.रा., मन्त्रविद्यारहस्यम्, काठमाण्डौं, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०३४, पृ.३२

१८। यी देवीको पार्श्वभागमा रातो कपडाले बेढिएको एउटा कलश रहन्छ (यसभित्र विधिवत् एउटा माछा छाडिएको हुन्छ, जुन सदा जीवित नै रहन्छ भन्ने लोकमान्यता रहँदै आएको पाइन्छ। यसलाई 'आत्मा' कै प्रतीक पनि मानिन्छ जुन सधैं *सिफोत्वां* नामले प्रसिद्ध फूलका पातले छोपेर राखिन्छ। यसलाई पूर्णकलशकै रूपमा पनि मानिन्छ। यसै विशेषताका आधारमा यी देवीको नाम स्थानीय लोकजीवनमा 'सिफोद्य:' प्रसिद्ध रहँदै आएको दृष्टिगोचर हुन्छ।

१९। तान्त्रिक परम्परामा देखापर्ने गूढ कुराहरू प्रतीकवादको माध्यमबाट रुढ रहेका देखिन्छन्। यसको एउटा उदाहरण यो प्वाल पनि हो। शैवहरूले 'लिङ्ग' लाई साक्षात् महेश्वर माने झैं शाक्तहरूले 'योनि' (उत्पति स्थान) लाई साक्षात् भगवती वा जगत्मातकै रूपमा पनि मान्दै आएको पाइन्छ। दार्शनिक परिप्रेक्ष्यमा योनिको एउटा प्रतीकात्मक रूप *पूर्णकलश* वा *गुह्यश्वरी* पनि हो। सतीदेवीको गुह्य-अंग पतन भएको महास्थानको रूपमा प्रसिद्ध देवपत्तनस्थित गुह्यश्वरीपीठलाई महामाया नवदुर्गा-भवानीकै मूलथलोको रूपमा पनि मानिन्छ। भक्तपुरको नवदुर्गा गणको तान्त्रिक विधिविधान यसै गुह्यश्वरीपीठसित पनि सम्बद्ध रहँदै आएको पाइन्छ औ सर्वप्रथम प्रस्तुत गरिने नाचको शुरुवात पनि यहींबाट हुन्छ। नवदुर्गा गणमा प्रमुख देवी महालक्ष्मी वा सिफोद्य:को एउटा तान्त्रिक गूढतम् रूप 'पूर्णकलश' वा 'गुह्यश्वरी' पनि हो भन्ने कुरा यी देवीको साथमा अभिन्न रूपले रहने (माथि उल्लेखित) पूर्णकलशले पनि पुष्टि गर्छ। यसप्रकार 'योनि' कै प्रतीकात्मक रूप (सृष्टि) वा सो सदृश गुह्यश्वरी रूपलाई गुह्य रूपले दर्शाउन सो भाग 'प्वाल' रूपमा बनेको दृष्टिगोचर हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवदुर्गानाचका एक प्रमुख गण *भैरव* (*कालभैरव*) पनि हुन्।[२०] सर्वसाधारणमा *मू बाहां* सहित *नवदुर्गा गण*को पूजाभाव गर्न आउँदा भैरवलाई समर्पण गरिन्छ।

तत्पश्चात् भैरवले *सिफोद्यःकहाँ* पूजा चलाई *मू बाहांको भोगबलि* ग्रहण (*बाहां प्वःसः काय्गु*) गर्छन्;[२१] खुशी भई नृत्य प्रर्दशन गर्छन्; प्रसादको रूपमा *धउबजि* (दहीच्यूरा) बाँड्छन्[२२] र अन्त्यमा *पात्र हिकेगु* (महापात्रमा जाँड राखी गणले क्रमैसित पिउने) गरेपछि *मू बाहां* सहितको पूजा समापन हुन्छ।

२०। वर्ष-क्रिया अन्तर्गत गणको पूजा चलाईंदा सम्बद्ध चित्रकारद्वारा चित्रित (कागजका) निम्नलिखित *भैरव, श्वेतभैरव, सिम्ब, दुम्ब, जव-सुन्दरी, खव-सुन्दरी* आदिका चित्राकृतिहरू पनि *झट्टप्वाः नासःद्यः, नवदुर्गा द्यःछें* आदि सम्बद्ध स्थानहरूमा[क] टाँस्ने चलन छ। तीमध्ये *भैरव* (कृष्णवर्ण) तथा *श्वेतभैरव* (श्वेतवर्ण) का चित्राकृतिहरूमा निम्न कुरा दर्शनीय हुन आउँछन् :- *भैरवका* वाहन *बेताल* र *श्वेतभैरवका* वाहन सर्प छन्। भैरवद्वयका हातमा खड्ग, *ढाल, डमरु, कमल* तथा *विन्दु* र *पात्र* देखापर्छन्। दुवैले हात्ती र बाघका छाला ओढेका र दुवै मुण्डमालाले सुशोभित छन्।[ख] माथि आकाशमा गरूड, कौवा उडिरहेका तथा तल स्याल, कुकुरहरू मासु लुछाचुँड गरिरहेका छन्। अष्टबाहु भैरवद्वयमध्ये भैरवको अघिल्तिरमात्र मकलमा आगो दन्किरहेको देखाइएको छ।

*नवदुर्गा द्यःछें*को पहिलो तल्लाको इशानकोणस्थित दक्षिणाभिमुख ढोकाको दायाँ (*जव*) बायाँ (*खव*) खापामा टाँसिने (मस्तकमात्र चित्रित) सुन्दरीका सुन्दर चित्राकृतिलाई *जव-सुन्दरी* र *खव-सुन्दरी* भन्ने चलन छ। ती चित्राकृतिहरूमा सुन्दरीका उस्तै किसिमका तर विपरित रूप-विशेषताहरू झल्काइएका छन्। जस्तै, *जव-सुन्दरीहरूमा* - बायाँ ओठ बाङ्गो, कपालका रौंका झुप्पा बायाँ गालामा छुन पुगेको, बायाँपट्टि दाह्रा निस्केको, आँखा टेढो आदि तथा यिनै विशेषता *खव-सुन्दरीहरूमा* दायाँतर्फ दर्शाइएका छन्। त्यस्तै, दायाँपट्टि *दुम्ब* र बायाँपट्टि *सिम्ब*को चित्राकृति (मस्तकमात्र) टाँस्ने चलन छ।

यसप्रकार उक्त परिप्रेक्ष्यमा *भैरव, श्वेतभैरव*का वाहन, आयुध, वर्ण, मुद्रा, रूप, भाव आदि सम्बद्ध चित्राकृतिका आधारमा पनि दर्शनीय हुन आएको छ। त्यस्तै, 'स्त्री' जातिमा देखापर्ने विविध विशेषता मनोवैज्ञानिक ढंगबाट *जव-सुन्दरी* र *खव-सुन्दरीका* चित्राकृतिले सामाजिक जीवनमा प्रतीकभाव प्रस्तुत गर्दै आएको ज्ञात हुन आउँछ।

क) यहाँ वर्णन गरिएका *चित्राकृतिहरू* (*नवदुर्गा द्यःछें*को पहिलो तल्लाको इशानकोणस्थित दक्षिणाभिमुख ढोकाका खापा र भित्तामा टाँसिएका) *द्यःछें*का नायः श्री बुद्धिबहादुर वनमालाज्यूका अनुसार वि.सं.२०५६ सालको *गणेश चतुर्थी*ताका *नासःद्यः* पूजा गरी टाँसिएका हुन्।

ख) साँगाको अंशुवर्माको अभिलेखमा वर्णित-भरखरै काटिएको तात्तातो रगत चुहिरहेको मुण्डमाला लाएको, हात्तीको छाला ओढेको, रौद्र रूपको महादेवको स्मरण यहाँनिर हुन आउँछ।

- वज्राचार्य (सं.), लिच्छविकालका अभिलेख पूर्वोक्त, पृ.३३६-३३७

२१। मुख्यलाई नेवारीमा 'मू' भनिन्छ। त्यस्तै देवदेवीलाई चढाइएको वा पन्छाइएको जीवलाई 'बाहां' भनिन्छ। नवदुर्गानाचको सन्दर्भमा *मू बाहां* शब्द सुंगुरकै लागि मात्र प्रयुक्त हुँदै आएको विदित हुन्छ। त्यस्तै मू बाहांको भोगबलि यस नाचमा भैरवले मात्र लिने चलन छ। भोगबलि लिने कार्यलाई *'प्वःसः काय्गु'* भनिन्छ। भैरवले *मू बाहांको* पोश वा भोगबलि लिने दृश्यले भयमिश्रित रोमांच पैदा गर्छ। भोग लिने क्रममा भैरवले आफ्नो नडले मू बाहांको कोखाको छाला कोट्याई तानी लुछेर प्वाल पार्छन्। अनि हात भित्र घुसारेर मुटु बाहिर निकाल्छन्। त्यो मुटु *सिफोद्यःलाई* अर्पित (यसरी अर्पित गरेको केही क्षणसम्म पनि सो मुटु चलि नै रहेको हुन्छ) गर्छन्। यसरी भोग लिँदा कहिलेकाहीं व्यवहारिक कठिनाइ परेमा भैरवलाई वाराहीले सघाउँछिन्। त्यस्तै बिना हतियार, आफ्नै नंग्राले भोग लिने यस विशेषताले नृसिंह अवतारको स्मरण गराएको छ।

२२। *भैरवले मू बाहांको* कोखा प्वाल पारी छातीभित्र हात घुसारेर मुटु निकाल्दा उनको हात *मू बाहांको* रगतले लतपतिएको हुन्छ र त्यही रगतले लतपतिएकै हातले दहीच्यूरा मुछेर बाँड्छन्; जसलाई सबैले पवित्र प्रसादको रूपमा श्रद्धापूर्वक ग्रहण गरेका हुन्छन्। यो कुरो विचारणीय छ। यताबाट वर्तमानका परम्परागत माथिल्लो जातमा सुंगुरप्रति *छुन नहुने* वा *अभक्षजीवको* धारणा प्रचलित रहेतापनि तात्कालिक मल्लकालमा यसको मासुलाई पवित्र मानी खाने चलन *पानी चल्ने* र *नचल्ने* सबै जातमा प्रचलित रहेको थियो भन्ने कुरो दृष्टिगोचर हुन आउँछ। यस कुराको थप प्रामाणिक पुष्टि *मल्लकालीन धरःपौ* (लगत) मा परेका सम्बद्ध प्रमाणका आधारमा डा. चुन्दा वज्राचार्यले निम्न रूपमा गर्नुभएको छ - "मल्लकालमा सुंगुरको मासु राम्रो प्रचलनमा ल्याइन्थ्यो ..... सुंगुरको मासु ..... त्यसबेला.... उच्च जातिका व्यक्तिहरूलाई पनि खुवाउन प्रयोग गरेको देखिन्छ .... सुंगुरको मासु राजाको भोजमा ब्राम्हणलाई समेत दिइएको विवरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवदुर्गानाचमा भैरवको अतिरिक्त अति उत्तेजित भई रौद्र स्वरूप प्रदर्शन गर्ने उग्रमातृगणहरूमा *महाकाली* र *वाराही* पनि हुन्। तुलनात्मक रूपमा वाराही भन्दा पनि महाकाली अझ उग्र स्वरूपमा देखापर्छिन्। तिनले कुखुराको *प्व:स:* (बलि) लिँदा यसको शीर्षभागमा आफ्नो दाँत गाडेर लुछी रक्तपान गर्छिन्।

नवदुर्गानाचमा महादेवको *ख्वा:पा:* धारण गर्ने छुट्टै प्रतिनिधि हुँदैन; यसलाई गणेशले आफ्नो कम्मरको बायाँभागमा झुण्डयाएका हुन्छन्। प्रत्येक पल्ट प्रदर्शित गरिने *ङा लाकेगु* (माछा पक्रने) नाचको आरम्भमा गणेशले नृत्य प्रस्तुत गर्छन्। त्यसपछि वाराहीले पनि छुट्टै नृत्य प्रदर्शित गर्छ।

नवदुर्गानाचमा जीवको भोग लिने गणहरूमा *सिफोद्य:*, *भैरव*, *महाकाली* र *वाराही* देखापर्छन्; *माहेश्वरी*लाई यस किसिमको भोगबलि नचल्ने हुँदा अलग्गै पंचामृत राखेर पूजा गर्ने चलन छ।

नवदुर्गा गण पंक्तिबद्ध रूपले सवारी हुँदा *श्वेतभैरव* हुनेले *ख्वा:पा:* लगाउने चलन छैन; *ङा लाकेगु* नाच प्रस्तुत गर्नको निमित्त मात्र लगाइन्छ। यिनको श्वेतवस्त्रले *नृत्यनाथ*को स्वरूपलाई पनि प्रतिनिधित्व गरेको जानिन्छ। यसैकारण नवदुर्गा-परिवारमा यिनी नृत्य सिकाउने गुरु वा *नृत्यनाथ-स्वरूप*मा पनि मर्यादित छन्।

यस नाचमा *सिम्ब* र *दुम्ब* द्वारपाल वा रक्षकगणका रूपमा देखापर्छन्। *ङा लाकेगु* नाच प्रदर्शन गर्दा *सिम्ब* चूप लागेर बस्छन्; *दुम्ब*ले चाहिं *ङा लाकेगु* गर्छन्।

"*धिं ....ताल्ल !!!*" *खिं*, *त*, र *कार्यूँ* बाजाको (चित्र संख्या ८) मिश्रित तालवाट निस्कने यो परम्परागत प्रसिद्ध बोल नवदुर्गानाचकै पर्यायलङ्कारको रूपमा जनजीवनमा स्मरणीय रहँदै आएको विदित हुन्छ। यी ३ बाजा बजाउने बाजागणले नाचको परिस्थिति वा अवस्था अनुसार पृथक् पृथक् बोल प्रस्तुत गर्छन्। जस्तै बाजाकै परम्परागत तालमा नृत्य प्रस्तुत गर्ने *नवदुर्गा गण द्य:छेंवाट* कतै निश्चित स्थानमा प्रस्थान हुँदा, निश्चित स्थानमा पुग्दा, *ङा लाकेगु* गर्न सवारी हुँदा बिसाउने स्थानमा (आदि अवस्थाहरूमा) पृथक् पृथक् बोल बाजागणले निकाल्छन्। त्यस्तै *सी जा* [२३] (अन्तिम भात भोजन) खाएर मन्त्रसिद्धि गुमाएपछि बाजाबाट उत्पन्न बोलको ताल नै बेताल (ताल नमिल्ने गरी) हुन पुग्छ वा त्यस प्रकारले बजाइन्छ।

नवदुर्गानाचको *खिं* बाजामा एकजोडी सिङ हालिएको हुन्छ। सिङ हालिएका यस्ता बाजामा तान्त्रिक पूजाकर्म एवं भोगबलि पनि चल्ने हुँदा सोही अनुरूप यस *खिं बाजा* (चित्र संख्या ९) मा सिङ हालिएको हो भन्ने कुरो जानिन्छ। त्यस्तै यस बाजाको अग्रभागमा धातुनिर्मित देवीको एक सानो मुखाकृति पनि टाँसिई राखिएको छ। नवदुर्गानाचका आचाजुका अनुसार यिनी *त्रिपुरसुन्दरी* हुन्।[२४]

पाइन्छ। मासु नै नखाने ब्राम्हणवर्गलाई यहाँ सुंगुरको मासु राखेर ब्राम्हणभोज दिइएको उल्लेख छ। ..... नवदुर्गा भवानीको पूजा गर्दा अहिले पनि सुंगुरभोग दिएर सबै जातले प्रसादको रूपमा ..... ग्रहण गर्दछन्।"

- वज्राचार्य, जितामित्र मल्लकालीन धर:पौ, पूर्वोक्त, पृ. ११,२४,३०

२३। यसको चर्चा तल यथास्थानमा आउँदैछ।

२४। *सप्तमातृका* + सिफोद्य: (महालक्ष्मी) + त्रिपुरसुन्दरी = *नवदुर्गाभवानी*को तान्त्रिक स्वरूप यस आधारमा पनि दर्शनीय हुन आउँछ। यसरी त्रिपुरसुन्दरी अवस्थित बाजाकै तालमा नवदुर्गा गण नाच्ने, अनवृत्त रहने तथा बाजा बिना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चित्र संख्या ८ : *'घंगला ल:ल्हायगु '* पूजा विधिको (महाअष्टमी) क्रममा *नवदुर्गा गणका आचाजुले* बाजाको पूजाकर्म चलाउँदैछन्। कारणवश यस चित्रमा *कायँ* बाजा देखापरेन ; *खिं* बाजा र *त* बाजा मात्र देखा पर्न आएको छन्। त्यस्तै सेतो *'घाजि नं '* लगाएका देवगण हुने वनमालाहरुले आचाजुबाट *घंगला* ग्रहण गर्न आ-आफ्नो पालो पर्खिरहेका देखिन्छन्। स्थान – झट्टप्वा: नास:च: (तौलाछें टोल)।

तान्त्रिक देवदेवीले धारण गर्ने आयुधमध्ये एक प्रमुख आयुध *पात्र* (कचौरा आकारको भाँडो) पनि हो। तान्त्रिक परम्परामा संकेतको ठूलो महत्व रहने हुँदा[२५] *नर-कपालपात्र* (मानिसको खप्पर) सोही सदृश देखापर्छ।[२६] गुह्यरूपमा चलाइने पूजाकर्म आदिमा मात्र नभएर नवदुर्गा आदि गणनाचहरूमा पनि नर-कपालपात्र प्रयोगमा ल्याउने चलन रहेको पाइन्छ।[२७] नवदुर्गा नाचका सम्बद्ध समूहले यसलाई *पात्र*

निष्प्राण देखापर्ने आदि कुरा क्रियात्मक एवं प्रतीकात्मक दृष्टिले समेत दृष्टिगत हुन आउँछ। त्यस्तै, नृत्यनाथको 'शक्तिस्वरूप' लाई पनि त्रिपुरसुन्दरीको यस मुखाकृतिले अभिव्यक्त गरिरहेको आभास पर्छ। यस बाजामा मुखाकृतिको मुनि टाँसेर राखिने *ख:मेयु* राँगोको छालाले प्रतीकात्मक रूपमा देवीको 'महिषमर्दिनी' स्वरूप पनि दर्शनीय हुन आउँछ।

२५। साधकहरूमा संकेतकै आधारमा (*मन्त्र, यन्त्र, ध्यान, मुद्रा, वर्ण, आयुध* आदि) पनि सम्बद्ध रहस्य वा ज्ञान खुल्ने र ती 'गुरुमुखगम्य' (*संकेतविद्या गुरु वक्त्रगम्या*) - परम्परामा निहित रहेको बुझिन्छ।

- धनशम्शेर ज.ब.रा., मातृकाक्षरहस्यम्, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं.२०३०, पृ. छ, ज।

२६। खप्पर, मुण्ड, मुण्डमाला, पात्र वा कपालपात्रलाई ज्ञान, बुद्धि, विवेक, सत्वगुण आदिकै संकेत रूपमा पनि मान्ने चलन रहेको विदित हुन्छ।

- सोही, पृ. ण, द।

२७। कचौराको जस्तै आकार हुने मानवखप्पर लोग्ने मानिसकै हुनुपर्छ भन्ने मान्यता रहेको बुझिन्छ। विधिवत् निकालिएको यस्तो *पात्र* लाई पवित्र मानी यसमा जाँड-रक्सी राखी विधिवत् *चक्रपूजा* गरी, क्रमैसँग पिउने चलन छ। यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

 CC-0. In Public Domain. Digitization by eGangotri



चित्र संख्या ९ : सिङ सहितको यस खिं बाजाको अग्रभागमा त्रिपुरसुन्दरीको मुखाकृति देखापर्छ । मुखाकृति मुनिको भाग *'ख:मेयू'* नामको राँगोको छालाले टाँसिएको छ । सो छालाभित्र *नवदुर्गा गण*ले लगाउने *मोहनी* (शोधन गरी राखिएको विजयको प्रतीक कालो टीका) राखिएको हुन्छ । त्यस मुखाकृतिको दायाँ बायाँ देखापर्ने एकजोडी लामो कागतलाई 'दृष्टि' भनिन्छ । नवदुर्गानाचका आचाजुका अनुसार सम्बद्ध पुँ (चित्रकार) बाट प्राप्त सो दृष्टि (यसमा आँखाका चित्र लेखिएका हुन्छन्) यस बाजामा त्यसरी विधिवत् नराखेसम्म 'घंघला ल ल्हायेगु' विधान गर्नु हुँदैन । खिं बाजाको बायाँपट्टि 'त:' बाजा तथा बाजागण देखापर्छन् । खिं बाजाको सिङमाथि तथा *त:* बाजा पछाडि बाजागणले शीरमा लाउने पंचरङ्गी धागोले बनेको गोलाकार शीरपोश पनि देखापर्छन् ; त्यसलाई उनीहरू 'बेतालि' भन्दछन् ।

यसलाई *पात्र हिकेगु* भनिन्छ । वज्रयानीहरू यस्तो विधिलाई *चक्र हिकेगु* (श्रेष्ठ, वि.सं. २०५०, पृ.४५) भन्दछन् ।
उक्त परिप्रेक्ष्यमा उत्तर प्राचीनकालमा मुण्डमालाधारी महादेवको उपासना गर्ने एकथरी शैवानुयायीहरू (मानिसको खप्परका माला लाएर हिँड्ने, खप्परलाई कचौरा वा भाँडाकुँडाको रूपमा प्रयोगमा ल्याउने विशेषता भएका *मुण्डशृङ्खलिक* वा *कापालिकहरू*)[क] - को प्रभाव (मिश्रित रूपले) परवर्तीकालमा यसप्रकारले पनि प्रचलित रहँदै आएको दृष्टिगत् हुन्छ । गोरखनाथलाई 'इष्टदेवता' को रूपमा मान्ने कुस्लेहरू सम्प्रदाय-विशेषताका आधारमा *कापालिक मत* अन्तर्गत देखापर्छन् ।[ख]

क) शक्तिसंगमतन्त्रको निम्न उद्धरणबाट पनि यस सम्प्रदायको विशेषता झल्कन्छ - "कपालपात्र सम्भोजी मद्यमांसेषुतत्पर: स्त्रियोनि दर्शको नित्यं मुण्डमाला धर:सदा श्मशानाग्नि प्रभोजिय:स च कापालिक:स्मृत" - रांगेय राघव - गोरखनाथ और उनका युग, दिल्ली, आत्माराम एण्ड सन्स, ई.सं. १९६३, पृ.६५

ख) भक्तपुरको बोलाछेँ टोलस्थित 'तालादफो' नामको थुम्कोमा स्थापित गोरखनाथको पादुकालाई यहाँका कुस्ले एवं खड्गीहरूले *इष्टदेवता*को रूपमा मानी सो पादुकासँगै स्थापित *भैरवनाथ*को मूर्तिलाई सुंगुरको भोगबलि चढाउने (बिस्केट जात्राको अघिल्लो दिन) चलन अद्यापि छ । तर *कपालपात्र* हातमा लिई, शरीरमा *भष्म-लेपन* गरी, *पंचरङ्गी जामा* लगाई, शिरमा *गणेश, कुमार, पार्वती, सर्प* अंकित *हस्तिहाडको मुकुट* धारण गरी, *नरमुण्डअंकित हस्तिहाडको कम्मरपेटी* लगाई, *त्रिशुल, डमरु, चिम्टा, झोला* आदि लिई **महादेव** सदृश रूप धारण गरी भिक्षा लिन जाने चलन (बोलाछेँटोलका श्री ज्ञानबहादुर कपालीबाट प्राप्त जानकारीको आधारमा) चाहिँ अहिले आएर हराइसकेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दछन्। यो पात्र त्रिखुटी-आसनमा राखिएको हुन्छ। *नवदुर्गा गण* कतै सवारी हुँदा गणका एकजना सम्बद्ध वनमालाले डमरु बजाउँदै त्रिखुटी-आसनसहितको सो पात्रलाई आफ्नो साथमा लिएर गइरहेको देख्न सकिन्छ। अरु बेलामा यो पात्र *सिफोद्यः* को दायाँपट्टि राखिएको हुन्छ।[२८]

नवदुर्गानाचका सम्बद्ध आचाजु एवं वनमालाहरूका अनुसार प्रत्येक वर्ष-क्रियामा नयाँ पात्रको आवश्यकता पर्दछ औ अति गुह्य तान्त्रिक विधिबाट यसलाई प्राप्त गरिन्छ।[२९]

यस नाचमा गण हुने वनमालाहरू नृत्यसिद्धि-विधान सम्पन्न हुनु अघिसम्मन् सेतो *घाजि नं* (मुजा परेको वस्त्र - जामा - चित्र संख्या ८) पहिरनमा देखापर्छन्। अन्य गणनाचहरूमा झैं यस नाचको वेषभूषामा पनि वर्णप्रधान विशेषता मूल रूपमा दर्शनीय हुन आउँछ। यसो हुँदा नृत्यनाथ वा नृत्य,

---

२८। यसप्रकार *गुह्यश्वरी*कै रूपमा पनि मान्य *सिफोद्यः*सँगै राखिने हुँदा यसलाई 'गुह्यश्वरीपात्र' पनि भन्ने चलन रहेको बुझिन्छ। पात्रमा जाँड-रक्सी राखी पिउने (मद्यपान) चलनले तान्त्रिक *वाममार्ग*हिरू (पंचमकारको सामग्रीले पूजा गर्ने) को व्यापक प्रभाव (उत्तरप्राचीनकालदेखि) रहँदै आएको कुरा (जोशी, वि.सं. २०३०, पृ.५०) एकातिर थाहा पाइन्छ भने, अर्कोतिर *नरबलि* प्रचलित रहेको संकेत पनि मिल्छ। भरखरै काटिएको तात्तातो रगत चुहिरहेको मुण्डमाला लाएको महादेवको स्तुति परेको सांगाको अंशुवर्माको अभिलेख (वज्राचार्य, वि.सं. २०३०, पृ. ३३६-३७) बाट यो कुरा प्रकारान्तरमा ज्ञात हुन आउँछ। त्यस्तै, अंशुवर्माकै पालामा वत्सलापीठमा प्रतिवर्ष *नरबलि* प्रचलित रहेको कुरा वंशावली (भाषावंशावली, पृ.८४) मा परेको छ। पूर्वमध्यकालमा पनि नरबलि प्रचलित रहेको कुरा गोपालराज वंशावलीका अनेक पत्रका आधारमा जानिन्छ। ने.सं. ७८० मा भक्तपुरको महाकालीपीठमा केही मानिसहरू *बलि* चढाइएका थिए (डा. पुरुषोत्तम लोचन श्रेष्ठ, 'अरिंहिटीका अभिलेखहरू' भक्तपुर, संख्या १२५, वि.सं. २०५४, पृ.४३) भन्ने कुरा प्रामाणिक रूपले थाहा हुन आएको परिप्रेक्ष्यमा मल्लकालमा नवदुर्गा गणमा 'नरबलि' प्रचलित रहेको कुरा ज्ञात हुन आउँछ। विक्रमको उन्नाइसौं शताब्दीको उत्तरार्द्धतिर नेपाल-उपत्यकामा आएका विदेशी लेखक हेमिल्टनले 'बलभद्र' नाम गरेका *गाथा*बाट प्राप्त निम्नलिखित कौतुहलपूर्ण जानकारी प्रस्तुत गरेका छन् - "…. गणनाचमा सम्मिलित गाथाहरू नर-कपालपात्रमा जाँड-रक्सी राखी उन्मत्त नहुञ्जेलसम्मन् पिउँछन् र उत्तेजित भई नाच्छन् …. बलि चढाइएका पशुको रगत पिउँछन् …. बलि चढाउँदा आचार्यले मन्त्र पढ्छन् ….. भैरवी (महाकाली) हुने गाथाले भोग लिन्छन् …. बाह्र वर्षमा एकपल्ट राजाले विधिवत् बलि चढाउँछन्; त्यसका लागि दुईजना मानिस, दुईवटा राँगो, दुईवटा बोका, दुईवटा भेंडा, दुईवटा कुखुरा, दुईवटा हाँस र दुईवटा माछा चढाइन्छन्। सबभन्दा पहिले मन्दिर (द्यःछें) बाहिर पशुपन्छीको बलि चढाइन्छ ; मुकुण्डोधारी-गाथाहरूले तिनका रगत पिउँछन्। त्यसपछि बलि चढाइने मानिसहरूलाई लठ्ठ पारी देवगृहभित्र लान्छन्; त्यहां भैरवी हुनेले उनीहरूको घाँटी रेट्छन्; तिनका रगतका सिर्काहरू मूर्तिहरूमा छर्कन्छन्। त्यसपछि उनीहरूका खप्परलाई कचौराको रूपमा ल्याई पूजाकर्मका बेला त्यसमा जाँड-रक्सी राखी पिउँछन्। …." (हेमिल्टन - एन् एकाउन्ट् अफ् दि किङ्गडम् अफ् नेपाल्, न्यू दिल्ली, एसियन एजुकेशनल सर्भिसेज, रिप्रिन्ट ई.स. १९९०, पृ.३४, ३५)

उक्त परिप्रेक्ष्यमा, बलभद्रले बारम्बार सुनाएका उक्त कुराहरूले एक विदेशी विद्वान्लाई अन्यौलमा पारेता पनि वा विश्वास गर्न गाह्रो भएतापनि (सोही, पृ.३५, ३६) त्यही कुरा तात्कालिक उपत्यकाको सांस्कृतिक जीवनका पुस्तामा मात्र नभएर अहिलेका पुस्तामा समेत अपत्यारिला छैनन् भन्ने मत चाहिँ यस लेखकको छ।

२९। इपाछेंटोलका सम्बद्ध *राजोपाध्याय* श्री विनोदराज शर्मा, *आचाःजू* श्री जुलाल (कर्माचार्य), *वनमाला* श्री बुद्धिबहादुर (नायः) बाट प्राप्त जानकारी एवं प्रचलित लोककथन अनुसार-मानिसको खप्पर निकाल्न (पात्र प्राप्तिका लागि) तीन पटकसम्मन् *गुह्य पूजाविधि* चलाइन्छ। *पहिलो चरण*मा - *स्वांमलागल्ली*को गणेशमन्दिरमा (धनविनायक) 'रात्रिपूजा' चलाइन्छ। पूजाकै सन्दर्भमा शुभ-साइत मिलाई खप्पर लिनका लागि कसैले थाहा नपाउने (गुह्य) स्थानतर्फ प्रस्थान गर्छन्। पहिलो चरणको प्रयास सफल नभएमा *दोश्रो चरण*मा - *कोलाछेंटोल*को गणेशस्थानमा गई पहिलेकै विधिबाट पूजाकर्म चलाइन्छ वा दोहराइन्छ। तर दोश्रो प्रयास पनि विफल भएमा *तेश्रो वा अन्तिम चरण*मा - *झ्यासिमलाचा-गल्ली* (खौमाटोलको *इन्द्रायणी द्यःछें* देखि दक्षिण) को कुनामा अवस्थित *भैलचा-गन्धः* (यस स्थानमा गणेशको साथमा भैरव तथा सोसँगैको उत्तरपट्टिको भित्तामा *हैमाद्यः* पनि छन्) स्थानमा पूजा चलाई सुनिश्चित रूपले खप्पर प्राप्त गरिन्छ। यसरी यो तेश्रो वा अन्तिम प्रयास कहिल्यै खेर जाँदैन।

यसप्रकार जनजीवनमा प्रचलित रहँदै आएको उक्त कथनले पनि (नवदुर्गा गणमा चक्रपूजा चलाउन, त्यसमा जाँड-रक्सी राखी पिउन, गुह्यपूजा आदि चलाउन नर-कपालपात्र नभै नहुने औ १९ गणमध्येका एक गण यो पनि रहँदै आएको परिप्रेक्ष्यमा) नवदुर्गा गणमा नरबलि प्रचलित थियो भन्ने कुराको झझल्को दिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संगीतकै प्रतीक *श्वेतवर्ण* बाजागण (*नृत्यश्वरी* सदृश) र *श्वेतभैरव* (नृत्यनाथकै सदृश) दृष्टिगत् हुन्छ। नृत्यसिद्धि पछिका क्रियाहरूमा (कतै सवारी हुँदा, *ङा लाकेगु* गर्दा, नृत्य प्रस्तुत गर्दा आदि अवसरमा) बाजागण बाहेक अन्य गणहरूले *पंचरंगी जामा* लाएका हुन्छन्। बाजागण चाहिं सदैव सेतो *घाजि नं* पहिरनमै देखापर्छन् औ शीरमा *बेतालि* लगाएका हुन्छन्।

यस नाचका प्रत्येक गणले रातो झोला र रुमाल (दिएको राख्न र पुछ्न) जीउमा झुण्डयाएका हुन्छन्। चाँदीका *बाजु, मू बाजु सिक्री, जन्त्र, मुकुट, मुण्डमाला, हाडमाला, घंगला* आदि लगाएका हुन्छन्। *खड्ग, वज्र, डमरु* आदि समाउँछन् औ आ-आफ्नो ध्यान, भाव, वर्ण, मन्त्र, मुद्रा आदि अनुरूप अनुशासित-भूमिका निर्वाह गरेका हुन्छन्।

चित्र संख्या १० : विमानखटमा विराजमान सिफोद्यःको अघिल्तिर पार्श्व भाग मात्र देखापर्ने *सिम्बः* हुन्। उनले लगाएको *बेंकःनं* (कम्मरभन्दा माथिको लुगा) को पार्श्व भागमा चन्द्राकार चिन्ह देखापर्छ। उनी सँगैका अर्का गण *दुम्बः* हुन्। उनी '*ङा लाकेगु*' गर्ने सुरमा देखा पर्छन्। दुवै गणले *मटु* (मुकुट), *ख्वाःपाः* (मुकुण्डो) धारण गरेका छन्; पंचरङ्गी जामा, *जां घंगला* (कम्मरको), *बाजु, मू बाजु, ङापुसिखः* (माछा पल्टे जस्तै पल्टिने सिक्री) आदि लगाएका छन्; *ख्वाःहुत्ता* (रुमाल) झुण्ड्याई *जनि* (पटुका) बाँधेका छन्। स्थानः इच्छुटोल।
जिताभित्र मल्लकालीन धरःपौको एक ठाउँमा यी दुई गणका नाम उल्लेख गर्ने सन्दर्भमा '*सिंभार*', '*दुंभार*' भनिएको छ (वज्राचार्य, वि.सं.२०५३, पृ.८८)। अहिलेको जनजीवनमा प्रचलित सिम्बः दुम्बः त्यसैको छोटकरी रूप हो।

उपत्यकाका अन्य गणनाच लगायत नवदुर्गानाचका गणहरूका वस्त्र, आभूषण एवं *ख्वाःपाः* आदिमा अर्ध-गोलाकार *चन्द्रमा* (सोम) को चिन्ह (चित्र संख्या १०) देखापर्छन्। यो कुरो विचारणीय छ।[३०]

३०। शैव (पाशुपत) सम्प्रदायमा मुण्डमालाधारी महादेवको उपासना गर्ने शैवानुयायीहरू *मुण्डशृङ्खलिक* कहलिए झैं चन्द्रमाको साथमा महादेव (चन्द्रशेखर) लाई (*सोमसिद्धान्त*) मान्ने शैवहरू उत्तरप्राचीनकालमा *सोम* (उम सोमा-क्रसोमखड्क) कहलिएका थिए भन्ने कुरो पशुपति छत्रचण्डेश्वरको (जिष्णुगुप्तको पालाको) अभिलेखबाट (वज्राचार्य - पूर्णिमा, १४ पूर्णाङ्क, वि.सं. २०२४, पृ.१२४-२५) ज्ञात हुन आएको छ। सो अभिलेखमा एकैसाथ चार शैव सम्प्रदायहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्म + बाल्यकाल[३१]

गाथामुगः चन्हे (घण्टाकर्ण चतुर्दशी) अघिसम्मन् रोपाईं कार्यमा व्यस्त रहने उपत्यकाको नेवार-कृषक जनजीवनमा यस पर्वले कृषिकार्यबाट विश्रान्ति एवं चाडपर्वहरूको शुभारम्भको संकेत लिएर आएको हुन्छ ।[३२] वर्षभरिका १२ चतुर्दशीहरूमध्ये *गाथामुगः चन्हे*[३३] पहिले पर्न आउने तथा अन्य चाडपर्वहरू यसपछिमात्र शुरु हुने यस कुराको एउटा प्रामाणिक पुष्टि नवदुर्गानाचको सन्दर्भमा पनि मिल्छ ।

नवदुर्गानाचमा गणहरूको उत्पति एवं *ख्वाःपाः* निर्माण, पूजा अनुष्ठान आदि अनेक क्रमबद्ध विधिविधानहरूको शुभारम्भ (संख्या ५- नवदुर्गा उत्पत्ति तालिका) यस दिन *महादेवको उत्पत्तिको* क्रमसँगै हुन्छ ।

उक्त दिनमा सेतो *घाजि नं* (जामा) लगाएका देवगण हुने वनमालाहरुको समूहले पूजा सामग्री सहितको *भैल कोंचा* (चित्र संख्या ११) बोकी *नवदुर्गा द्योःछेंबाट कुमाछें-तालाक्व* टोलमा प्रस्थान गर्छन् । त्यहाँ त्यस यामको पहिलो पवित्र कालोमाटो पूजा गर्छन् ।[३४]

(*लकुलीश, मुण्डशृङ्खलिक, सोमसिद्धान्त* र *शृङ्खलिक*) देखा पर्न आएको परिप्रेक्ष्यमा (डा. रेग्मी, वि.सं. २०३९, पृ.२६,२७, ३९) *सोमसिद्धान्त* सम्प्रदायको अति निकट सान्निध्य ती सम्प्रदायहरूसित रहेको तथा तान्त्रिक स्वरूपको सम्प्रदाय यो रहेछ (भि.एस.पाठक, ई.सं. १९९०, पृ.२३) भन्ने कुरा जानिन्छ । **नवदुर्गानाचका** गणमा देखापर्ने *चन्द्रमाको चिन्ह, पंचसूत्र धागो* (*पासूका*), *नर-कपालपात्र, चाँदीको सिक्रीका माला* वा *मेखला* आदिले पनि उत्तरप्राचीनकालमा अनेक विशेषतासहित देखापरेका शैव सम्प्रदायहरूको मिश्रित प्रभाव मध्यकालमा परिसकेको थियो भन्ने कुरो दृष्टिगोचर हुन्छ । *नवदुर्गा गण*मा मात्र नभएर जनजीवनमा प्रचलित पूजाकर्मका बेलामा पनि 'चन्द्राकार' चिन्ह लेख्ने चलन छ । चान्द्रमान अनुसार चल्ने हुँदा यसको व्यापक प्रभाव त्यस रूपमा पनि देखा पर्न आएको आभास हुन्छ ।

३१। नवदुर्गा गणको उत्पत्ति एवं संस्कार (नृत्यसिद्धि, अन्नप्राशन, इहि, सिद्धिप्राप्ति आदि) लाई (गाठामुग चन्हे देखि प्रतिपदासम्मन्) यहाँ जन्म र बाल्यकालको रूपमा लिइएको हो ।

३२। यसो हुँदा नै लोकजीवनमा 'बाछि या छगु छगु नखाः वइगु' (हरेक पन्ध्रदिनमा एउटा-एउटा पर्व आउँछ) भनेर यस पर्वलाई विशेष महत्व दिई मान्ने चलन छ ।

३३। शिवलिङ्गकै एक अवतरित रूप *घण्टाकर्ण*लाई लिङ्गायतहरू (*वीरशैव*) पंचाचार्यमध्येका एक प्रमुख *आचार्य*का रूपमा मान्दछन् । विक्रमको सातौं शताब्दीतिर *वीरशैव* वा *लिङ्गायत* मत दक्षिण भारतको साथै नेपालमा पनि लोकप्रिय स्थितिमा थियो भन्ने कुरा यस विषयका आभिलेखिक प्रमाणका आधारमा थाहा पाइन्छ । त्यस्तै पूर्वमध्यकालमा आइपुग्दा यस मतको प्रमुखस्थल (टौमढीटोलको *जंगममठ*) को रूपमा भक्तपुर देखापरिसकेको थियो । (डा. पुरुषोत्तम लोचन श्रेष्ठ - 'भक्तपुरमा वीरशैव मतको विकास र प्रभाव', खोपुङ, अंक ८, वि.सं. २०५६, पृ.७-८)
पूर्व मध्यकालतिर नै *घण्टाकर्ण*को पर्वपूजा चलिसकेको औ त्यस दिन 'मुण्ड' झुण्ड्याउने जस्ता विधान लोकजीवनमा प्रचलित भइसकेको थियो भन्ने कुरो *गोपालराज वंशावली*को ६१ पत्रको निम्न उल्लेखबाट जानिन्छ - "गण्ठकर्ण चवदश कोहनु म्वण्ड चिन्ने" (*घण्टाकर्ण चतुदर्शीको दिन मुण्ड झुण्ड्याउने*) **शिव**लाई *भूतप्रेत, पिशाच* वा *राक्षस, डाकिनी, बोक्सी* आदिका पनि अधिपति मान्ने धार्मिक मान्यता प्रचलित रहँदै आएको परिप्रेक्ष्यमा परवर्तीकालमा आइपुग्दा *घण्टाकर्ण*को 'महादेव' रूप ओझेलमा पर्न आएको तथा *राक्षस*रूप नै बढ्ता प्रचारमा आएको दृष्टिगोचर हुन्छ ।

३४। गुश्चो, वासुकला, ई.सं. १९८७, पृ.१४०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवदुर्गा गणको वर्ष-क्रिया तालिका*

जन्म

गाथामुग चन्हें — महादेव उत्पत्ति पूजा अनुष्ठानको शुभारम्भ

पंजरां चन्हे

नलास्वाँ चन्हे

बाल्यकाल (मोहनी)

शारदीय नवरात्र

अष्टमी	घंघला ल ल्हायगु
नवमी	ख मे ब्वाकेगु, ख्वा:पा: खुया यंकेगु
दशमी	पायो जात्रा (तलेजुबाट सिद्धि प्राप्त गर्ने अनुष्ठान)
एकादशी	त:सि ल ल्हायगु (सायमी र कुम्हा)
द्वादशी	त:सि ल ल्हायगु (नाय र जोशी)
त्रयोदशी	अन्नप्राशन, इही यायेगु (दशकर्म विधान)
चतुर्दशी	----
पूर्णिमा	घो: ब्वयेकेगु (अजाजु घो:, दिपङ्कर, नासघो:)
प्रतिपदा	बी हि त्वंकेगु

स्वाति चन्हे

बाला चन्हे

यौवनकाल

योमन्ही पुन्ही — पौष ३० — त:ास ल:ल्हायगु (आचाजु)

दिसि चन्हे — माघ १ →

लैं चन्हे

सिला चन्हे

पाहाँ चन्हे

सुजमान्ही
तचपा:
क्वाठण्डौ
गछें
दथुत्वाचा
इनाचो
गोलमढी
याछें

टौमढी
तालाक्व
मुलाखु
ग:हिटी
क्वाछें
टिबुक्छें

विलाछें
खौमा (यावी)
इटाछें

('ङा लाकेंगु' गर्न विराजमान हुने मूल नगरका २१ टोलहरू -जेंला, भोलाछें र भार्वाचो टोल वर्तमानमा छुटेका देखिन्छन् , तापनि यी ३ टोलको प्रतिनिधित्व तचपा:, याछें र मुलाखु टोलबाट हुँदै आएको बुझिन्छ)

मूल नगर बाहिर विराजमान हुने स्थानहरू

देवपत्तन
ठिमी
नगदेश
बोडे
तुप्या
भुलाकोंचा
टोखा
कविलास
चपरिगुं
गोकर्ण

साँखु
चाँगु
चाकाया

सांगा

नाला
धुलिखेल

बनेपा
खड्पु
पनौति

चैत्र २७ - वैशाख ५ : विस्केट जात्रा भैरव + भद्रकाली

मातातिं चन्हे

सिठी चन्हे

सिठी नख

भलभल अष्टमी

दिल्ला चन्हे

यालाछें
तुलाछें
चोछें

इच्छु

बूढेसकाल

भलभल अष्टमी (भगस्यी) - सि जा नकेगु, ख्वा:पा: उयेगु, जले बिज्याकेगु

मृत्यु

*(क) साभार : नेल्स गुरचो र गणेशमान बासुकला 'दि नवदुर्गा अफ् भक्तपुर - स्पाटियल् इम्प्लिकेसन्स् अफ् आन् अर्बान् रिसुयल्' विरोन् शेफ्टवरलाग् - जर्मनी, ई.सं.१९८७, पृ.१५

(ख) प्रस्तुत वर्ष-क्रिया तालिकालाई परिमार्जित रूप दिने कार्यमा श्री विनोदराज शर्माज्यू तथा नवदुर्गानाचका आचाजु (कर्माचार्य) श्री जुलाल कर्माचार्यज्यूबाट पनि आवश्यक सहयोग लिइएको छ। तुलनात्मक अध्ययनका लागि गुरचो र बासुकलाले प्रस्तुत गर्नुभएको तालिका (१९८७ ई.सं., पृ.१५) हेर्नुहोस्।

(ग) अतिरिक्त खण्डको - नवदुर्गा गणनाचको वार्षिक 'ङा लाकेगु' तालिका पनि हेर्नुहोस्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवदुर्गा उत्पत्ति तालिका[१]

तिथि	देवदेवी	स्नानतीर्थ	ख्वा:पा:[२]	आरतिदर्शन (पीठ)
घण्टाकर्ण				
चतुर्दशी	महादेव		महादेव	
गणेश				
चतुर्दशी	गणेश		गणेश	
प्रतिपदा	ब्रम्हायणी	ब्रम्हकुण्ड	ब्रम्हायणी	ब्रम्हायणीमन्दिर
द्वितीया	माहेश्वरी	महेशकुण्ड	माहेश्वरी	माहेश्वरीमन्दिर
तृतीया	कुमारी	कनककुण्ड	कुमारी	पीठपरिसर
चतुर्थी	वैष्णवी	चुपिंघाट	वैष्णवी	योसिंखेल
पंचमी	वाराही	मंगलतीर्थ	वाराही	वाराहीमन्दिर
षष्ठी	इन्द्रायणी	कासांखुसी	इन्द्रायणी	पीठपरिसर
सप्तमी	महाकाली	कालीघाट	महाकाली	
			सिम्ब:	
			कालभैरव	
			दुम्ब:	
अष्टमी	महालक्ष्मी	पेंकिचोला[३]	श्वेतभैरव	महालक्ष्मीमन्दिर
नवमी	त्रिपुरसुन्दरी	हनूमान्घाट	ख्वा:पा:	पीठपरिसर
		त्रिवेणी	हस्तान्तरण	
दशमी	महादेवी[४]	भैरवकुण्ड	सिद्धिप्राप्ति + विजययात्रा	

१। प्रस्तुत तालिका तयार पार्नमा श्री विनोदराज शर्माज्यूले सघाउनु भएको हो ।

२। सम्बद्ध चित्रकारले *भाद्रशुक्ल अष्टमी (कागाष्टमी)* देखि मुकुण्डो बनाउने कार्य आरम्भ गरी महानवमी सम्मन्मा (१३ वटै मुकुण्डो) तयार पार्छन् ।

३। *कासांखुसी*को सिद्धपोखरीमा तथा *पेंकिचोला*को कमलपोखरीमा (*यातुवहार*) प्रचलित हुन पुगेका छन् ।

४। *महालक्ष्मी* र *त्रिपुरसुन्दरी* स्वस्वरूपमै रहने हुँदा ख्वा:पा: बनाइँदैन । त्यस्तै तान्त्रिक पूजाक्रमले दशमीमा महादेवीको रूपमा (*महामाया नवदुर्गाभावानी*) पूर्णता प्राप्त हुने वा सिद्ध हुने कुरा जानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चित्र संख्या ११ : ठूलो आकारको चन्द्राकार चिन्ह अङ्कित यस माटोको घ्याम्पोमा जाँड राखिएको हुन्छ । विधिवत् पूजा गरिएको यस घ्याम्पोलाई भैरवनाथ सदृश मानी 'भैल कोंचा' भनिएको जानिन्छ । यसमा रहेको जाँड गणले पिउँछन्, प्रसादको रूपमा बाँडिन्छ । नवमीको दिनमा मारिने 'ख:मेय्' राँगोको रगत यसमा जम्मा गरी 'बी हि त्वंकेगु' विधानका दिन गणले पालैपालो पिउने चलन छ ।

सम्बद्ध *कुम्हा: नाय:* (कुमाल्हेनाइके) बाट माटो संकल्प गरी हस्तान्तरण गर्ने विधान (*चा फ्याय् पूजा*) गरिन्छ । तर त्यसअघि याछें टोलस्थित *नवदुर्गा थ:छें* (सम्बद्ध चित्रकारद्वारा *नवदुर्गा गणको ख्वा:पा:* बनाउने सत्तल (*चपलि*) वा घर[३५] तर्फ प्रस्थान (नक्सा संख्या ४) गर्छन् । सम्बद्ध चित्रकारले त्यहाँ (*नवदुर्गा थ:छें मा*) विधिवत् माटोको महादेव (मुखाकृति वा *ख्वा:पा:*) बनाएर राखेका हुन्छन् । अनि *नायखिं बाजा* सहित *भैल कोंचा* बोकी आएका सम्बद्ध *गाथा* वा वनमालाहरूले ल्याएका बलि (कुखुरा २) सहितको पूजाभागले सो माटोको महादेवको पूजा चलाइन्छ ।[३६] यसप्रकार *गाठामुग चह्नेको* दिनमा महादेवको उत्पत्ति वा त्यस सम्बन्धी विधिविधानको क्रम सँगसँगै चित्रकारद्वारा *नवदुर्गा गणका ख्वा:पा:हरू* (चित्र संख्या १२) बनाउने कार्यको शुभारम्भ *कागाष्टमी* देखि हुन्छ र महानवमीसम्मन्मा विधिवत् तयार पारिसक्छन् ।[३७]

३५। नवदुर्गा गणका ख्वा:पा: यसै सत्तलमा सम्बद्ध चित्रकारद्वारा गुह्यरूपमा बनाई विधिवत् सम्बद्ध गाथाहरूलाई दिएर पठाउने चलन छ । यसो हुँदा यो टोल र त्यो सत्तल यहाँको जनजीवनमा नवदुर्गा गणको सृष्टिस्थल वा जन्मथलो तथा माईतीटोल (थ:छें) को रूपमा पनि प्रसिद्ध रहेको छ ।

३६। प्रतिवर्ष नवदुर्गा गणका ख्वा:पा: बनाउँदै आएका श्री पूर्ण चित्रकारका अनुसार उक्त दिनमा तलेजुबाट पनि पूजाभाग ल्याइन्छ । त्यसपछि पूजा चलाई प्रसाद दिएर पठाउने चलन छ ।

३७। माथि प्रस्तुत गरिएको नवदुर्गा उत्पत्ति तालिका हेर्नुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



नक्सा संख्या ४ : *गाथामुगः* (चन्हे) को दिन *गाथाहरू*को परम्परागत प्रस्थान मार्ग । नक्सा साभार : गुश्चो, बासुकला (ई.सं.१९८७, पृ.७)

चित्र संख्या १२ (क) : *नवदुर्गा गण*का *ख्वाःपाः* बनाउने '*थासा*' (साँचो) स्थान : नवदुर्गा 'थःछें'; याछें टोल

मोहनी (दशैं)

नेपालमा मनाइने चाडपर्वहरूमा *मोहनी* वा दशैं पनि प्रमुख मानिन्छ । यस चाडमा पूजिने प्रमुख देवी महिषासुरमर्दिनी *नवदुर्गाभवानी* हुन् । विशेषगरी काठमाडौं-उपत्यकामा *नवरात्र* वा *नवरथ*भरि (प्रतिपदादेखि महानवमीसम्मन्) सम्बद्ध शक्तिपीठमा गई स्नानतीर्थ एवं आरतिदर्शन पूजन गर्ने चलन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ[३८] भने नवदुर्गानाचको सन्दर्भमा मूल मातृशक्तिको उत्पत्ति (*अष्टमातृका + त्रिपुरसुन्दरी = नवदुर्गाभवानी*), सिद्धिप्राप्ति, महिषासुरवध (प्राप्त-शक्तिका आधारमा शत्रुउपर विजयको प्रतीक), विजययात्रा आदि अनेक विधिविधानसहित साक्षात् वा जीवित नवदुर्गाभवानीकै रूपमा जनजीवन समक्ष प्रकट हुने प्रमुख समय पनि *मोहनी* वा दशैं हो। अझ तान्त्रिक विधिविधानका दृष्टिले विशेषगरी अष्टमीदेखिन् नै *नवदुर्गा गण* (तान्त्रिक रूपबाट पूर्णत्व प्राप्त गरी जनजीवनमा साक्षात्कार हुन) सक्रिय देखापर्छन् ।

नवदुर्गा गणका स्वाःपाः

चित्र संख्या १२ (ख) : १. *महादेव* (रंग विशेष-फुस्रे सिन्दुर) २. *गणेश* (सेतो) ३. *ब्रम्हायणी* (पहेंलो) ४. *माहेश्वरी* (सेतो) ५. *कुमारी* (कलेजी) ६. *वैष्णवी* (हरियो) ७. *वाराही* (कलेजी) ८. *इन्द्रायणी* (फुस्रे-सिन्दुर) ९. *महाकाली* (कलेजि) १०. *सिम्बः* (सेतो) ११. *कालभैरव* (कालो) १२. *दुम्बः* (रातो) १३. *श्वेत भैरव* (सेतो) ।

३८। भक्तपुरको सन्दर्भमा संख्या ५ को सोही तालिका हेर्नुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(*नवदुर्गा थःछेंमा* श्री पूर्ण चित्रकारद्वारा बनाइएका यी *ख्वाःपाः* वि.सं. २०४४ सालको महानवमीका दिन सम्बद्ध गाथाहरूलाई विधिवत् दिएर पठाउनु अघि (*ख्वाःपाः खुया यंकेगु*) उहाँको (चित्रकार) अनुमति लिई यसै लेखकद्वारा खिँचिएका हुन्। यसरी लोकजीवनमा पुजिनु अघि नै खिँचिएका हुँदा तान्त्रिक भाव झल्कने यी *ख्वाःपाः* साऱ्है नै सुन्दर देखिएका छन्। ख्वाःपाः प्रदर्शन (*ख्वाःपाः ब्वयगु*) गर्दा निम्न क्रमानुसार दर्शाउने चलन छ।

महादेव, गणेश, माहेश्वरी, वाराही, इन्द्रायणी, महाकाली र कालभैरवका निधार '*तेश्रो नेत्र*' ले युक्त छन्; कुमारी, सिम्ब, दुम्ब, र श्वेतभैरवका निधार चाहिँ *चन्द्राकार टीकाले* सजिएका छन्। त्यस्तै ब्रम्हायणी र वैष्णवी '*तिलकधारी*' देखापर्छन्। महादेव र श्वेतभैरवका *जुंगा र दाऱ्ही* एकै प्रकारका र चिटिक्क पर्ने गरी सुहाइरहेका छन्। कुमारी, वाराही, महाकाली, कालभैरव र श्वेतभैरव *दाऱ्हायुक्त* छन्। सिम्बःको नाकको टुप्पो *नीलो* र दुम्बको चाहिँ *हरियो* छ। सबै *ख्वाःपाःमा* देखापर्ने गोलो *ठूलठूला आँखा* तथा भयजनित-हाँसो मनोवैज्ञानिक रूपले नै मोह गराउने खालका छन्।

महाअष्टमी : *घंगला सि लःल्हायगु* (नक्सा संख्या - ५)

संगीत (गीत, वाद्य र नृत्य) तथा देवत्वसिद्धिका लागि प्रसिद्ध मानिएको तौलाछें टोलको *झट्टप्वाः नासद्यः* स्थानमा[३९] नवदुर्गानाचका आचाजु एवं देवगण हुने सम्बद्ध वनमालाहरू यस दिन यहाँ उपस्थित हुन्छन् (चित्र संख्या १३)। सिद्धि थाप्ने विधानका क्रममा आचाजुले तीन प्रमुख बाजा (*खिं, त* र *कायँ* - चित्र संख्या ८, ९) र घंगलाहरू *नासद्यः* अघिल्तिर राखी तान्त्रिक विधिपूर्वक पूजा गर्छन् (चित्र संख्या - १४)।[४०]

त्यसपछि सर्वप्रथम तीन प्रमुख बाजा वाद्यगणलाई *ल ल्हाय* (विधिपूर्वक प्रदान गर्ने) गरी (संगीतसिद्धि प्राप्तिस्वरूप) दिन्छन्। अनि अन्य सम्बद्ध *गाथाहरूलाई* क्रमैसँग नृत्य सिद्धिप्राप्ति स्वरूप घंगला प्रदान (*घंगलासि लःल्हायगु*) गरिन्छ। यसपछि *नासःद्यःलाई* भेंडाको भोग दिइन्छ।[४१] सो भोग दिइसकेपछि बाजा र घंगला प्राप्ति गरेका गाथाहरूले मान्यतास्वरूप *नासद्योः* अघिल्तिर बाजा बजाई नृत्य प्रस्तुत गर्छन्।

अष्टमीको यसै रातमा तन्त्रविधि अनुसार (मन्त्रशक्तिद्वारा) भवानीलाई कलशमा प्रतिष्ठा गर्ने

३९। नृत्य संगीतका पनि अनेक विधा छन्। यसो हुँदा भक्तपुरमा *झट्टप्वाः नासद्यः*को अतिरिक्त निम्न स्थानका नासद्यः निम्न विषयको सिद्धिप्राप्तिका लागि विशेष रूपले उपासित छन् - तापालाछी टोलको नासद्यः - प्वंगा बाजा, चोछेंटोलको नासद्यः - म्वाहालिबाजा, खिछेंटोलको नासद्यः - वाद्यवादन, इनाचोटोलको नासद्यः - सफल अभिनय आदि।

४०। नवदुर्गा गणका प्रायः सबैजसो विशेष पूजा अनुष्ठान साँझपख वा रातमा गर्ने चलन रहेको देखिन्छ। *ख्वाःपाः खुया यंकेगु, इहि, अन्नप्राशन, बी हि* आदि उदाहरणका रूपमा देखापर्छन्। त्यस्तै अष्टमीको तिथिमा गरिने यो विधान पनि साँझपखदेखि गरिन्छ। पूजाविधान केही लामो हुन्छ।

४१। महाअष्टमीको दिन यसरी भेंडाको भोग चढाउने क्रममा सो भेंडाको गर्दनको आधा भाग जति रेटेर जीवन र मृत्युको दोसाँधको अवस्थामा पुऱ्याइन्छ। त्यसपछि सोही क्षणमा नाचसित सम्बद्ध गाथाहरूले आफ्नो समूहभित्रका कुनैपनि गुह्य कुरा अरु समक्ष प्रकट नगर्ने र गरेको खण्डमा सो भेंडाको जस्तै हविगत् हुनेछ भनेर किरिया खान्छन् (*पा फयकेगु*)। यसरी किरिया खाने वा शपथ ग्रहण गर्ने चलन अन्य गणनाचहरूमा पनि प्रचलित रहेको देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधान गरिन्छ । यो विधान प्राणप्रतिष्ठा पूजापद्धति अन्तर्गतकै एक विधि हो भन्ने बुझिन्छ ।



नक्सा संख्या ५ : *मोहनी* (दशैं) ताका *नवदुर्गा गण*का क्रियाकलाप (*घंगला लःल्हायगु* - महाअष्टमी, *ब्वाःपाः बुया यंकेगु* - महानवमी, *अन्नप्राशन* + *इहि* - त्रयोदशी, *द्यः ब्वयकेगु* - पूर्णिमा, *बी हि त्वंकिगु* - प्रतिपदा) नक्सा साभार : गुश्चो र वासुकला, ई.स. १९८७, पृ ८



चित्र संख्या १३ : तौलाछेंटोलको *भट्टप्वाः नासःद्यः* अगाडि *घंगला सि लःल्हायगु* पूजा विधान सम्पन्न गर्ने क्रममा उपस्थित आचाजु (बीचमा - कपाल खौरेका) एवं सम्बद्ध *गायहरू* (सेतो जामा लगाएका) तथा उक्त विधि हेर्न जम्मा भएका भक्तजनहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र संख्या १४ : नृत्यसिद्धिका क्रममा *आचाजु*ले बाजाका साथै घंगला राखी तान्त्रिक विधिपूर्वक पूजा गर्छन्। त्यसपछि सम्बद्ध गाथालाई *'ल ल्हाये'* (प्रदान) गरी दिइन्छ।

महानवमी : *ख:मेय् ब्वाकेगु* (निखुर राँगो दौडाउने)

नवदुर्गा देवगृहको दायाँपट्टिको द्वारको भित्रतर्फको छिँडीमा *ख:मेय्* नामको राँगो पालेर राख्ने कुराको चर्चा माथि पनि भइसकेको छ। महानवमीको दिन नवौं देवी *त्रिपुरसुन्दरी* पनि सिद्ध वा प्रकट भई *नवदुर्गाभवानी*को रूपमा पूर्ण हुने औ त्यस रूपमा महिषासुर वध गर्ने प्रचलित धार्मिक लोकमान्यता अनुरूप यस दिन सो राँगोलाई महिषासुरको प्रतीक मानेर विधिवत् बलिपूजा गरी, खुट्टामा लामो डोरीले बाँधी, देवगृहबाट बाहिर निकाली दौडाएर वा लखेटेर ब्रम्हायणीस्थान (पीठस्थल) मा पुऱ्याइन्छ।[४२] (चित्र संख्या : १५)

ख्वा:पा:खुया यंकेगु (मुकुण्डो चोरेर लैजाने)

*नवदुर्गा गण*को जन्मस्थल वा *थ:छें* (माइतीघर) को रूपमा स्थानीय लोकजीवनमा प्रसिद्ध रहेको याछें टोलको *नवदुर्गा थ:छें* (नक्सा संख्या ४) मा सम्बद्ध चित्रकारले *नवदुर्गा गण*का १३ वटै *ख्वा:पा:* बनाउने काम (नवदुर्गा उत्पत्ति तालिका) सिद्धयाइसकेपछि साँझतिर ती सबै *ख्वा:पा:* सोही *नवदुर्गा थ:छें*को *चपलि* (दलान) मा ल्याई सार्वजनिक प्रदर्शनका निमित्त क्रमबद्ध रूपमा सजाएर (*ख्वा:पा:ब्वयेगु*)

४२। यस राँगोलाई जाँड रक्सी पनि खुवाइने हुँदा भीडको माझ भीडले घिच्याउँदै लखेट्ने हुँदा झन् बढ्ता उत्तेजित भई उफ्रँदै, तर्सिँदै वेगले भाग्ने गर्छ। यसरी रोमान्च पैदा गर्ने यो जात्रा यस दिन मनाइने प्रमुख जात्राको रूपमा लोकप्रिय रहँदै आएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चित्र संख्या १५ : 'ख:मेय् ब्वाकेगु जात्रा', यस भीडमा महिषासुरको प्रतीक यस राँगोलाई कोही घिच्याउँदैछन् , कोही तान्दैछन् , कोही उत्सुकतावश हेर्दैछन् । सबैको मूल लक्ष्य चाहिँ यसलाई यहाँबाट (द्यो:छें बाट) ब्रम्हायणीपीठसम्म पुऱ्याउनु हो ।

राखिन्छ । यसपछि विशेषगरी सम्बद्ध टोल र वरपरका श्रद्धालु भक्तजनहरूले दर्शन, पूजाआजा (चित्र संख्या १६) गर्छन् । यसै रातमा नवदुर्गानाचका सम्बद्ध *गाथाहरू ख्वा:पा:* लिन *नवदुर्गा थ:छें* आइपुग्छन् । उनीहरूले आफ्नो साथमा *सम्हय्बजि* [४३] पनि ल्याएका हुन्छन् । अनि प्रदर्शित *ख्वा:पा:*का मुखसम्मन् पुग्ने गरी *सम्हय्बजि* चढाएर *थ:छें* वा माइती टोललाई सन्तुष्ट (संकेतात्मक रूपमा) पारिसकेपछि

४३। तन्त्रप्रधान नेवार-धार्मिक एवं सांस्कृतिक जनजीवनमा *सम्हय्बजि* (चिउरा+सभुं, कालो भटमास, *छुयाला* (आगोमा पोलेको मासु), अदुवा र रक्सी वा जाँड सहितको चमेना) ले पनि अपरिहार्य रूपमा प्रमुख स्थान पाउँदै आएको छ । सम्बद्ध देवदेवीलाई यो चढाउनु (पंचतत्वको प्रतीक) तन्त्रभित्रैको कुरो हो; मन्त्रसाधन गरी यो देवदेवीलाई चढाउनुपर्छ भन्ने मान्यता प्रचलित रहेको पाइन्छ ।

- बलदेव जुजु, सुरेन्द्रमान श्रेष्ठ, नेपा:या तान्त्रिक द्य:व तान्त्रिक पूजा, यें, च्वमिपिं, ने.सं. ११०५, पृ.११-१३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चित्र संख्या १६ : याछें टोलको *नवदुर्गा थ:छें*को चपलिमा महानवमीको साँझ ख्वा:पा:हरू प्रदर्शनका निमित्त राखेपछि श्रद्धालु भक्तजनहरू दर्शन पूजन गर्दैछन् ।



नक्सा संख्या ६ : प्राण-प्रतिष्ठा पूजाद्वारा जीवत्व प्राप्त गरेपछि तलेजुबाट मन्त्रसिद्धि प्राप्त गरी तलेजुकै (*पाय:* - प्रतिमाको) साथमा 'खड्ग जात्रा' वा विजय यात्रा (*पाय: जात्रा*) मा सरिक हुँदा नवदुर्गा गणको परम्परागत यात्रा पथ (*नगर प्रदक्षिणा पथ*) । नक्सा साभार: गुश्चो र बासुकला, १९८७, ई.सं., पृ.९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बद्ध चित्रकारले विधिवत् *ख्वा:पा:*हरूमा दृष्टिप्रदान गर्ने विधान (*मिखा कांकेगु*) गर्छन् ।[४४]

यसपछि चित्रकारले विधिवत् *गाथाहरू*लाई *ख्वा:पा:हरू ल:ल्हाये* (हस्तान्तरण) गरिदिन्छन् । *गाथाहरू*ले ती *ख्वा:पा: ग: कोंल्ह* (धेरै सामान अटाउने खर्पन) मा राखेर बोकी ब्रम्हायणीपीठतर्फ लाग्छन् ।[४५] यहाँ पुगी यहाँको *ब्रम्हकुण्ड*मा ती *ख्वा:पा:* प्रदर्शन (*ख्वा:पा: व्वयेगु*) गरिन्छन्; सम्बद्ध आचाजुद्वारा ब्रम्हायणीको *ख्वा:पा:*लाई अन्य *ख्वा:पा:*को बीचमा राखी गुह्यतवरले प्राणप्रतिष्ठा गर्ने विधान गरिन्छ ।[४६] विधि विधानकै क्रममा जात्रा गरी ल्याइएको '*ख:मेय्* ' (राँगो) को भोगबलि पनि ब्रम्हायणी पीठमै दिइन्छ । भोगबलि सहितको गुह्य विधान 'मांसाहुति' यज्ञ गरी सम्पन्न गरिन्छ ।

मोहनी (चालं) विजयादशमी (नक्सा संख्या : ६)

ब्रम्हायणीपीठमा *नवदुर्गा गण*को गुह्य पूजाकर्म सकिने बेलासम्मन्मा दशमीको झिसमिसे बिहानीको शुरुवात्सँगै यस पीठस्थलमा दर्शनार्थी, भक्तजनहरू भरखरै जीवत्व प्राप्त गरेका *नवदुर्गा गण*का *ख्वा:पा:* र ब्रम्हायणीपीठको दर्शन पूजन गर्न आइसकेका हुन्छन् ।[४७]

ख्वा:पा:ल:ल्हायगु (मुकुण्डो हस्तान्तरण)

विजयादशमीको दिनमा गरिने यस विधान अन्तर्गत *नवदुर्गा गण*नाचका आचाजुले यस नाचमा सम्बद्ध गणको भूमिका निर्वाह गर्ने *गाथाहरू*लाई विधिपूर्वक *ख्वा:पा:* सुम्पन्छन् ।

तलेजुभवानीबाट मन्त्रसिद्धि थाप्ने अनुष्ठान

नवदुर्गानाचका आचाजुबाट विधिवत् *नवदुर्गा गण*का *ख्वा:पा:* प्राप्त गरेका *गाथाहरू* साँझ परेपछि ब्रम्हायणीपीठबाट *ख्वप-लाय्कू* (भक्तपुर राजदरबार) तर्फ प्रस्थान गर्छन् । यसरी प्रस्थान हुने क्रममा मूलनगरको पूर्वी प्रवेशद्वार (*ब्रम्हायणी-ध्वाखा*) मा पुगेपछि आ-आफ्ना अनुहारमा सम्बद्ध गणका

४४। गुह्यतवरले गरिने यो विधान सम्बद्ध चित्रकार र गाथाहरू बाहेक अरुले हेर्न हुँदैन भन्ने लोकविश्वास रहेको छ ।

४५। यथार्थमा गाथाद्वारा ख्वा:पा: लैजाने यस चलनमा 'चोरीपन' नभएर 'भलाद्मीपन' नै दर्शनीय हुन आउँछ तथापि यसलाई *ख्वा:पा: खुया यंकेगु* भन्ने लोकवाद चलेको छ ।

४६। मृत्युपछि जन्म वा पुनर्जन्म पनि सुनिश्चित छ भन्ने यसै धारणा अनुरूप भगस्थीमा यसै ब्रम्हकुण्डमा जलप्रवेश गरेका नवदुर्गा गण यसै विधानद्वारा पुन: जलबाट बाहिर निस्कने प्रतीकात्मक दार्शनिक अवधारणाको दृष्टिगोचर हुन्छ ।

४७। महानवमीको दिनमा नवदुर्गा देवगृहदेखि ब्रम्हायणी पीठसम्म जात्रा गरी, लुछी-टोकी पुऱ्याइएपछि गोप्य पूजाका क्रममा वध गरिएको ख:मेय् (राँगो) को कंकालमात्र यस दिन यस पीठस्थलमा देखापर्छ । नवदुर्गा गणका सम्बद्ध गाथाहरूले सो राँगोको मासुका स-साना टुक्रा यस दिन यहाँ दर्शन गर्न आएका भक्तजनहरूमा प्रसादको रूपमा बाँड्ने चलन छ । सो प्रसाद घर लगी सुकुटी बनाई; धूलो पारेर घ्यूमा मुछी धूप बनाइन्छ र लक्ष्मीपूजाको दिनमा बाल्ने चलन छ । त्यसरी धूप बाल्दा घरका भूतप्रेत भाग्ने, शत्रु नाश हुने, लक्ष्मी (धनसम्पत्ति) ले बास गर्ने आदि लोकविश्वास चलेको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ख्वा:पा: लगाउँछन् ।[४८] यसप्रकार पूर्वी प्रवेशद्वारबाट सर्वप्रथम मूलनगर प्रवेश गरेका *नवदुर्गा गण*



नक्सा संख्या ७ : *पाय:* (तलेजु भवानीको प्रतिरूप) जात्रा वा खड्गजात्रा सँगै *नवदुर्गा गणले विजययात्रा*को रूपमा देश (नगर) परिक्रमा गर्ने प्रदक्षिणा पथ । नक्सा साभार : गुश्चो र बासुकला (१९८७ ई.सं.) पृ.१० ।

नगरको माथिल्लो टोल (*थ:ने*) का *तचपाल* > *इनाचो* > *गोल्मढी* > *सुखुध्वाखा* (सुकुलढोका) + *टिबुक्छें* > *क्वाछें* > *टौमढी* > *बाहाता:* हुँदै *इपाछें-आगमको पिखालखु* (संघार) घुमेर *ख्वप-लाय्कूस्थित* तलेजुमा पुग्छन् ।[४९] (नक्सा संख्या ६) ।

शाक्त तान्त्रिक प्रवाहको मूलथलोको रूपमा रहँदै आएको भक्तपुरको तन्त्रप्रधान धर्म संस्कृतिको पनि कर्मप्रधान मूल केन्द्र *ख्वप लाय्कुकी* श्री तलेजु भवानी हुन् ।[५०] *श्रीयन्त्र* रूपमा मात्र नभएर[५१] महिषासुरमर्दिनी दुर्गाभवानी वा नवदुर्गा स्वरूपमा पनि पुजिने हुँदा तलेजुभवानीको विजययात्रा

४८। यसअघि ती ख्वा:पा: सम्वद्ध गणले पाखुरामा च्यापी बोकेर आएका हुन्छन् ।

४९। नवदुर्गा गण सवारी हुँदा परम्परागत प्रदक्षिणा-पथमा पर्ने प्रमुख देवदेवीलाई नाचेर मान्यता प्रदर्शन गर्ने चलन अनुरूप यसरी ब्रम्हायणीपीठ देखि तलेजुसम्मन् पुग्दा सो मार्गमा पर्ने प्रमुख देवदेवी जस्तै - तचपालको वानेलाय्कुकी तलेजु, इनाचोको 'सोंग:' लोंह, मसान भैरव, सुकुलढोकाको दहीविनायक-गणेश, क्वाछेंको चण्डी-भगवती, टौमढीटोलका भैरवनाथ, सभुंग: भैलद्य: आदिलाई नाचेर मान्यता प्रकट गर्छन् ।

५०। तलेजु अन्यत्र पनि छन् । तर नेवार मल्ल राजा+परिवारहरूले मान्दै आएको मूल तलेजु (इष्टदेवता) ख्वपलाय्कूकी तलेजु हुन् । ख्वपलाय्कूको मूलचोकको दक्षिणपट्टिको भाग (आगममन्दिर) को पहिलो तल्लाको बीचमा तलेजुभवानी विराजमान छिन् । त्यसको ठीक तल भुईंतल्लाको कोठामा खड्ग-स्थापना गरी पूजा चलाइने हुँदा *खं:कुथि* नाम प्रचलित रहेको जानिन्छ ।

५१। यताबाट *अष्टमातृका* + त्रिपुरसुन्दरी - *नवदुर्गा स्थापित यन्त्राकार-भक्तपुर नगर*को सूक्ष्म यान्त्रिक स्वरूप *श्रीयन्त्ररूपी तलेजुभवानी*मा दृष्टिगोचर हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चलाइन्छ।[५२] यिनका उच्चतम बहु-तान्त्रिक स्वरूप दर्शनीय हुन आउँछन्। सोही अनुरूप विजयादशमीको रातमा नेवार लोकजीवनमा उक्त जात्रा *पाय: जात्रा* (चित्र संख्या १७) नामले प्रसिद्ध रहँदै आएको छ।[५३] विजयादशमीको रातमा सर्वसाधारण सबैले प्रत्यक्षरूपमा दर्शन गर्न सकिने तलेजुभवानीको प्रतिरूप *पाय:* (चित्र संख्या १७) हो।



चित्र संख्या १७ : भक्तपुरको *पाय:जात्राका* '*पाय:घ:*' अन्दाजी ३ हात लामो छ। तलेजुभवानीकै साक्षात् रूप मानिने यस '*पाय:* ' लाई रातो कपडाले बेढ्निएको र युद्ध-कवच पहराइएको हुन्छ।

५२। दुर्गाशप्तशती; चण्डीका आधारमा भगवती श्री दुर्गाले - मधु-कैटभ, महिषासुर, धूम्रलोचन, चण्ड र मुण्ड, रक्तबीज, निशुम्भ-शुम्भ आदि दैत्यहरू वध गरी विजय प्राप्त गरेको प्रतीक स्वरूप नेवार सांस्कृतिक जीवनमा विजयादशमी 'मोहनी' को अतिरिक्त 'चालं' नामले पनि प्रसिद्ध छ।

५३। तन्त्रप्रधान नेवार-धार्मिक जीवनको एक अभिन्न लोकप्रिय सांस्कृतिक पक्ष *खड्ग पूजा* पनि हो भन्ने कुरालाई प्राय: प्रत्येक सर्व-साधारणका घरमा गरिने *शस्त्र पूजा* वा *खड्ग पूजा* र त्यसको प्रयोग वा *खड्गचालन* तथा यसै '*पायो* ' (*खड्गजात्रा*) ले पनि पुष्टि गर्छ।
सांग्रामिक शक्ति र सुरक्षाको मूल आधार र त्यसको प्रतीकको रूपमा मात्र नभएर साक्षात् देवी (शक्ति) कै रूपमा (मल्लकालमा) 'खड्ग' को महत्व विशिष्ट रूपमा रहेको हुँदा सोही अनुरूप यसको धार्मिक-सांस्कृतिक एवं राजकीय महत्व (*खड्गस्थापन, खड्गचालन, खड्गसिद्धि* आदि तथा राजचिन्ह वा राजप्रतिनिधिको प्रतीक रूपमा) रहँदै आएको बुझिन्छ।
ललितपुर, कीर्तिपुर आदि स्थानमा महानवमीको दिनमा पनि *पायोजात्रा* गर्ने चलन छ। तर हाँडीगाउँमा चाहिँ गाईजात्राको समयमा मात्र गर्ने चलन छ। शायद यसैकारण पनि *कहीं नभएको जात्रा हाँडीगाउँमा !* चलेको आभास हुन्छ। त्यस्तै *असनको पायोजात्रा* > 'असञ्चालं' (अन्नपूर्णा यात्रा) *मोहनी*को भोलिपल्ट मात्र गर्ने चलन छ।
- मौलिक विचार साभार : हरिराम जोशी (सं.), जोशी रिसर्च इन्स्टिच्यूट, ललितपुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त रातमा *तलेजु-आगम मन्दिरको खं कुथि* नामको कोठाबाट तान्त्रिक विधिपूर्वक पूजा गरिएका *बलिपात्र* एवं शस्त्र-अस्त्रसहित तलेजुको प्रतिरूप *पाय:घ:* तलेजुका कर्माचार्यले राजोपाध्यायलाई (खड्गजात्राका लागि) हस्तान्तरण गरेपछि *पायो* वा *खड्गजात्रा* आरम्भ हुन्छ ।

उक्त खड्गजात्रा आरम्भको क्रममा तलेजुका सम्बद्ध राजोपाध्यायले *पायो घ:*लाई आफ्नो काँधमा बोकेर तलेजु-*मूलचोक*बाट *बेको चुक*[५४] आइपुगेपछि *सिम्रौनगढ*देखि तलेजु-भवानीको दर्शन गर्न आएको (प्रतीक - भावार्थमा) तलेजुका सम्बद्ध *चौगुथि* थरका प्रतिनिधिहरूलाई दर्शन, पूजन गर्न दिइन्छ ।[५५] त्यसपछि *पायो घो:* स्वर्णद्वार पुग्छन् जहाँ अघिदेखि नै पंक्तिबद्ध रूपमा प्रतीक्षारत् *नवदुर्गा गण*लाई पालैपालो गरी मन्त्रसिद्धि प्रदान गर्छन् ।[५६] अनि त्यसबेलाको चन्द्रमाको स्थिति वा गतिका आधारमा (शुभयात्राका बेलामा चन्द्रमालाई दायाँ पारेर वा सन्मुख पारेर जाने चलन अनुरूप) नगरको *थ:ने* (माथिल्लो-नगर) वा *कोने* (तल्लो-नगर) तर्फ *पायोजात्रा*को जुलुस (नक्सा संख्या ७) निस्कन्छ ।[५७]

५४। उनान्नसयवटा चोक भएको राजदरबारको रूपमा प्रसिद्ध ख्वपलाय्कूका हाल बचेखुचेका चोकमध्ये एउटा चोक यो पनि हो । बाङ्गो परेको हुँदा 'बेकोचुक ' नामले प्रसिद्ध यो चोक मूलचोक र भैरवचोकको पूर्वपट्टि रहेको छ ।

५५। तलेजुभवानीको दर्शन, पूजनका लागि उनीहरूले आफ्नो साथमा *त:सि* (बिमिरा) सहितको पूजाभाग पनि खर्पणमा बोकी आएका हुन्छन् । अनि दर्शन, पूजनकै क्रममा पायो बोकेका 'राजोपाध्याय' पुरोहित र उनीहरूका बीच यसप्रकारको एउटा रोचक संवाद चल्छ -

'*राजोपाध्याय* ' *पुरोहित* - छपुं गना नं वया ? (तिमीहरू कहाँबाट आयौ ?)
चौगुथि-नाइके - तलेजुभवानी थथे पिहां बिज्याइगु ध:गु न्यङ दर्शन याय धक सिमांगढं (सिम्रौनगढ) वया (तलेजुभवानी यसरी बाहिर सवारी हुने थाहा पाएर सिम्रौनगढदेखि दर्शन गर्न आयौं) ।
'*राजोपाध्याय* ' *पुरोहित* - खला मखुला । खसा आनायागु चलन परिस्थिति न्हपा-न्हपा थें तुं जुला मजुला ? दान्छि या गुफाकि लला मलला ? (हो कि होइन ? हो भने त्यताको चलन परिस्थिति पूर्ववत् छ कि छैन ? एक दामको नौ पाथी पाइरहेको छ कि छैन ?)
चौगुथि-नाइके - अ तक्क चले जुय वाय च्वंगु द । दान्छि या गुफाकि न ल नि । (अहिले पनि पहिलेकै जस्तै छ; एक दामले नौ पाथी पनि पाइरहेकै छ ।)
'*राजोपाध्याय* ' *पुरोहित* - खसा पूजा-पाजा यङ हुं । (त्यसो भए लौ त पूजा गरेर जानु)

निसन्देह सांस्कृतिक जीवनको उक्त दृश्यात्मक-प्रमाणले पनि तात्कालिक तिरहुत (डोय) राज्यको राजधानी सिम्रौनगढ र भक्तपुर राज्यबीच धार्मिक सांस्कृतिक सम्बन्ध एवं प्रभाव विशेषरूपमा रहँदै आएको थियो भन्ने कुरालाई सम्झाइरहेको छ ।

- पुरुषोत्तम लोचन श्रेष्ठ, 'भक्तपुर तलेजुमा गरिने दशैंपूजा विधान', रोलम्ब, भोलम ११, नं ३, जुलाई-सेप्टेम्बर, ई.सं. १९९१, पृ.७-८

५६। यसरी 'मन्त्रसिद्धि' (खड्गसिद्धि) प्राप्त गर्ने क्रममा गणका प्रत्येकले *पाय:*लाई विशेष-ढंगबाट (अंकमाल गरे झैं गरी) स्पर्श गर्दै नृत्यभाव-विशेषले उफ्रन्छन् । सो दृश्य निकै रोमांचक हुन्छ । नवदुर्गा गणको 'जीवत्व', 'देवत्व' को औपचारिक मान्यता मन्त्रसिद्धिबाट नै हुने कुरा ज्ञात हुन आएको परिप्रेक्ष्यमा यस विधानको केन्द्रीय वा राजकीय महत्व रहेको दृष्टिगत् हुन्छ ।

५७। विशेषगरी सांस्कृतिक दृष्टिले समुन्नत नेवार बस्ती अनेक महत्वपूर्ण जात्रा, चाडपर्व संचालनका निमित्त पनि अत्यावश्यक रूपमा *थ:ने* र *कोने*मा विभाजित हुनपुगेको दृष्टिगत हुन्छ । उपत्यकाका तीनवटै प्राचीन *मूलनगर* तथा यसका वरपरका *शाखानगर* वा बस्ती उदाहरणका रूपमा देखापर्छन् ।
*पायोजात्रा*को 'प्रदक्षिणा-पथ' को आरम्भ-स्थल *ख्वपलाय्कु*को स्वर्णद्वारलाई मूलकेन्द्र मानेर १२ राशीलाई ४ दिशामा विभक्त गर्दा (**पूर्व** - *मेष, सिंह, धनु*, **दक्षिण** - *वृष, कन्या, मकर*, **पश्चिम** - *मीन, तुला, कुम्भ*, **उत्तर** - *कर्कट, वृश्चिक, मिथुन*) त्यसबखत चन्द्रमा अवस्थित रहन आएको *दिशा* + *राशी*का आधारमा चन्द्रमालाई सन्मुख वा दायाँ पारेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाय:जात्राको जुलुसमा नवदुर्गा गण

यसप्रकार तलेजुभवानीको गुह्य प्रतिरूप *पायो*बाट *मन्त्रसिद्धि* (*खड्गसिद्धि*) प्राप्त गरेपछि निस्कने *पायोजात्रा*को जुलुसमा जीवितदेवता *नवदुर्गा गण पायो*कै एक अपरिहार्य अभिन्न-सहभागीका रूपमा साथ लाग्छन्। यस जुलुसको अगुवाई *नाय* (खड्गी) वाद्यवादकहरूले *नायखिं बाजा* बजाएर आएका हुन्छन्; अर्का *नाय*ले *ख:मेय्* राँगोको टाउको हरियो बाँसको नोलमा झुण्ड्याएर ल्याएका हुन्छन्; त्यसको पछि *डमरु* र *पात्र* लिएका *गाथा, सिफोद्य:, भैरव, महाकाली, वाराही, खिं, त:* र *कायँ बाजा* बजाउने तीन वाद्यवादक, त्यसपछि - (तलेजुका) युद्धकवच धारण गरी हातमा वज्र समातेका *दुगुहय: "न्या नं"* (फलामे पोशाक) लगाएका; देश तथा नगर-शान्तिका लागि पूजा गरिराखेको *बौ कुण्डा* (पूजासामग्री) लिएका, *राजचल, ताल्चाभडेल, ख्वपद्यो:* [५८], *चिराख* बालेका आदि तलेजुका सम्बद्ध *रकमी* सहित *पायोद्य:* बोकेका *राजोपाध्याय* र उनका *सहायक ब्राम्हणहरू, तलेजुको घोडा,* [५९] आदि तथा



<u>नक्सा संख्या ८</u> : *नवदुर्गा गण*को '*त:सि ल:ल्हाय्गु* ' (नवदुर्गाका विविध विधि विधानमा विशेष योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई कदर स्वरूप '*त:सि* ' फल प्रदान गर्ने) स्थान+प्रदक्षिणा पथ । नक्सा साभार : गुश्चो र वासुकला (१९८५ ई.सं.), पृ. ११

पायोजात्रा चलाइने कुरा ज्ञात हुन आउँछ। तसर्थ, चन्द्रमा **पूर्व** (सन्मुख) वा **दक्षिण** (दायाँ) दिशा+राशीमा रहेछ भने *थ:ने*तर्फ र त्यस्तै **पश्चिम** (सन्मुख) वा **उत्तर** (दायाँ) दिशा+राशीमा रहेछ भने *कोने*तर्फ लाने चलन रहेको दृष्टिगत् हुन्छ। यस दृश्यात्मक सांस्कृतिक प्रमाणले *थ:ने* र *कोने*को मूल विभाजन-विन्दु **स्वर्णद्वार** रहेको देखिन्छ।

<u>५८।</u> आश्चर्यको कुरो के छ भने यी उपाधिधारी व्यक्तिलाई राजा *नान्यदेव* (डोय राज्यका संस्थापक) भन्ने चलन पनि छ। ललितपुरमा रातो मत्स्येन्द्रनाथको (जात्राताका) *दृष्टि खेलेगु विधान* गर्न जाने पनि यिनी नै हुन्। यो कुरा विचारणीय छ। यताबाट अन्य धार्मिक सांस्कृतिक प्रभावका साथै नेपाल-उपत्यकामा लोकप्रिय खड्गजात्रामा पनि डोय-संस्कृतिको प्रभाव दृष्टिगोचर हुन्छ।

<u>५९।</u> तर जुलुससँगै यसरी सेतो घोडा पनि घुमाउने चलनचाहिँ अहिले विलुप्त भइसकेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुलुसको अन्तिम पंक्तिमा पाँच मातृकागण (*ब्रम्हायणी, माहेश्वरी, कुमारी, वैष्णवी र इन्द्रायणी*) र अपरिहार्य रूपमा *गणेश* आएका हुन्छन्। जुलुस *थःने*तर्फ प्रदक्षिण हुने निश्चित भएमा (*था न्हयाय्केगु*) स्वर्णद्वारको बायाँबाट - *थाथुलाय्कु*[६०] > *बालाखु*[६१] > *तुलाछें*[६२] > *भोलाछें* > आदि टोल हुँदै *तचपाल* पुगी त्यहाँबाट फर्कने क्रममा - *इनाचो* > *गोल्मढी* > *सुकुलढोका* > *टिबुक्छें* > *क्वाछें* हुँदै

चित्र संख्या १८: *सभुगः भैलःद्यः* (*क्रोध भैरव*), काशीस्थित मस्तक विहीन *विश्वनाथ भैरव*कै मस्तक-स्वरूप यी भैरवनाथ हुन् भन्ने लोकवाद प्रचलित छ। सोही अनुरूप प्रस्तुत चित्रमा पनि अनाकृत-प्रस्तरको यस भैरवको मस्तकमा चाँदीका त्रिनेत्र, नाक, औंठी आदि जोडेर मस्तक-आकृति प्रदान गरिदैछ। *पायः जात्रा*को अन्तमा *नवदुर्गा गण*ले यस भैरवलाई परिक्रमा गरेपछि आफ्नो घर *नवदुर्गा द्यःछें* तर्फ प्रस्थान गर्छन्।

टौमढी टोलस्थित *सभुंगः भैलःद्योः*[६३] (चित्र संख्या १८) को पीठस्थलमा आइपुग्छन्। त्यस्तै *कोने*तर्फ प्रदक्षिण हुने निश्चित भएमा (*को न्हयाय्केगु*) स्वर्णद्वारको दायाँबाट - *दथुलाय्कू* (मध्यभागको राजदरबार) > *खौमा* > *इताछें* > (र *इताछें* टोलको दक्षिणपट्टिको भिरालो-बाटो हुँदै)

६०। ने.सं. ७९८ (वि.सं. १७३५) मा राजा जितामित्र मल्लले बनाउन लगाएको थंथु राजकुल (थंथु राजदरबार) को लोकजीवनमा चलेको प्रसिद्ध नाम यो हो। यो दरबार अहिले विलुप्त-अवस्थामा छ।

६१। बालाखु-गणेशलाई दाहिने तथा त्यसदेखि पूर्वतर्फको कुलक्ष्मीलाई बायाँ पारेर सो जुलुस अघि बढ्छ।

६२। तुलाछेंटोलस्थित त्रिपुरसुन्दरीपीठलाई दाहिने पारेर जुलुस अघि बढ्छ।

६३। मूलबाटोको पूर्वी किनारामै स्थापित यस नामले स्थानीय लोकजीवनमा प्रसिद्ध यो भैरव नगरमा स्थापित अष्टभैरवमध्येका एक हुन्। तान्त्रिक परिप्रेक्ष्यमा 'क्रोध भैरव ' नाम+स्वरूपमा मात्र नभएर आकाशभैरव वा विश्वनाथ भैरव रूपमै पनि प्रसिद्ध छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

 CC-0. In Public Domain. Digitization by eGangotri

तेखाचो > *मंगलाछें* > *नासमना* > *बोलाछें* आदि टोल हुँदै *सभुंग: भैल:द्य:* - पीठस्थानमै पुग्छन्। यहाँबाट *पायोजात्रा*को जुलुस छुट्टिन्छ; *नवदुर्गा गण*का कालभैरवले विधिवत् *सभुगं: भैल:द्य:*लाई पूजा गरी, फूलप्रसाद ग्रहण गरेपछि (*स्वाँ कोकाय्गु*)[६४] आफ्नो देवगृह *नवदुर्गा द्यो:छें* तर्फ (*नवदुर्गा गण*) प्रस्थान गर्छन्; *तलेजु-पाय:* पनि *ख्वप लाय्कूस्थित* आफ्नो आगम-मन्दिरतर्फ (*वाहाताल, लास्कुढोका* हुँदै) लाग्छन्।[६५]

त:सि ल:ल्हायगु (नक्सा संख्या ८)

समाजका अनेक वर्ग, परिवार वा व्यक्ति आदिबाट प्राप्त सहयोग वा योगदानलाई शिष्ट एवं अनुशासित ढंगवाट कदर गर्ने सभ्य समाजको एउटा सुसंस्कृत परम्परालाई *नवदुर्गा गण*ले पनि अनुसरण गर्दै आइरहेको कुरा यस विधानमा पनि दृष्टिगत हुन्छ। जस अनुसार *मोहनी* (विजयादशमी) को भोलिपल्ट (एकादशी) साँझ परेपछि *नवदुर्गा गण द्य:छें*बाट प्रस्थान गर्छन् र *तचपाल टोल* हुँदै *गोल्मढी* र *तालाक्व टोल*मा पुग्छन्। जहाँ सम्बद्ध *स:मि* (*मानन्धर*)[६६] र *कुम्ह: नाय:* [६७] लाई शुद्ध मानिने फल *त:सि* प्रदान गर्छन्। द्वादशीको दिनमा पनि (अघिल्लो दिनमा झैं) साँझ परेपछि *नवदुर्गा गण द्यो:छें*बाट आफ्नो परम्परागत प्रदक्षिणा-पथ हुँदै *यालाछें* र *नागपुखु* (*थालाछें टोल*) मा पुग्छन् जहाँ *नाय* [६८] एवं *जोशी* [६९] र फुलाई *त:सि* प्रदान गर्छन्।[७०]

दशकर्म विधान

६४। यस दृश्यात्मक-प्रमाणका आधारमा भक्तपुरका उच्चत्तम तान्त्रिक देवता : टौमढीटोलका भैरवनाथ + क्रोधभैरवको जीवित-स्वरूप (तान्त्रिक परिप्रेक्ष्यमा) नवदुर्गा गणका कालभैरवमा दर्शनीय हुन आउँछ।

६५। यसप्रकार तलेजु र नवदुर्गा गण एकात्मक भई यात्रा गर्ने आरम्भस्थल 'स्वर्णद्वार' हो भने यस एकात्मक रूपको यात्राको विभाजन-विन्दु यस प्रमाणका आधारमा टौमढीटोल परिसर रहेको देखिन आएको छ। तसर्थ थ:ने र कोने छुट्याउने मूल-स्थल स्वर्णद्वार मात्र नभएर टौमढीटोल परिसर पनि हो भन्ने कुरा यतावाट थाहा पाइन्छ। बिस्केटजात्राताका *थ:ने* र *कोने*का वासिन्दाहरूले भैरवनाथको रथ तान्ने आरम्भ-स्थल पनि यही इलाका हो; यस चलन-प्रमाणले पनि उक्त कुराको पुष्टि गर्छ।

६६। नवदुर्गा गणको जुलुसमा *कहँ बाजा* (तुरही) बजाएर शोभा बढाउँछन्।

६७। नवदुर्गा गणको *ख्वा:पा:* बनाउन चाहिने माटो प्रदान गर्छन्। यस बारेमा माथि पनि चर्चा भइसकेको छ।

६८। नवदुर्गा गणको विशेष सवारी (जुलुस) चलाइँदा नायखिं बाजा बजाउँछन्। यस बारेमा पनि माथि चर्चा भइसकेको छ।

६९। यिनले नवदुर्गा गणका शुभ-कर्म वा विधि विधानका तिथि र शुभ साइत जुराइदिन्छन्। यस बारेमा पनि माथि चर्चा भइसकेको छ।

७०। गुश्चो र वासुकलाका अनुसार - यसरी पूरकका रूपमा देखापर्ने ती दुई दिनमा -एकादशी, द्वादशी) *नवदुर्गा गण*ले पूरै नगर परिक्रमा गरिसकेको हुन्छ। यसले नागर-जीवनका भिन्न *जातीय चरित्र*लाई एकातिर व्यक्त गरिरहेको छ भने अर्कोतिर *नवदुर्गा गण*को उपस्थितिमा सबै क्षेत्रका सहभागी हुने हुँदा एकता प्रदर्शन पनि दर्शनीय हुन आउँछ।
- गुश्चो र वासुकला (ई.सं. १९८७), पूर्वोक्त, पृ.१४५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

 CC-0. In Public Domain. Digitization by eGangotri

कुनै एक समाजमा प्रचलित संस्कारले पनि त्यस समाजको परिचय पाइन्छ । जीवन र मृत्युका निरन्तर प्राकृतिक चक्रमा हरेक वर्ष *जन्म* र *मृत्यु*लाई वरण गर्दै आइरहेको जीवित *नवदुर्गा गण* सामान्य मानिस सरह आफू पनि नेवार समाज र संस्कारभित्रकै एक अभिन्न सदस्यको रूपमा प्रस्तुत हुँदै सोही अनुरूप *दशकर्म विधान* [७१] बाट पनि संस्कारित हुँदै आएको पाइन्छ । आश्विन कृष्ण त्रयोदशीको तिथिमा गरिने *जंको जा नकेगु* (*मचा जंको*) (अन्नप्राशन), *इहि* (बेलविवाह) आदि[७२] विधान उदाहरणका रूपमा देखापर्छन् ।

जंको जा नकेगु विधान इपाछेंटोलका राजोपाध्यायहरूको आगमचोकमा र *इही यायेगु* विधान चाहिँ त्यसदेखि पूर्वपट्टि *बिजुक्छें आगम*मा (नक्सा संख्या ५) गर्ने चलन छ । जस अनुसार साँझ परेपछि *नवदुर्गा गण* देवगृहबाट अनुशासित एवं पंक्तिबद्ध भई आफ्नो परम्परागत जुलुससहित प्रदक्षिण-पथमा पर्ने प्रमुख देवदेवीलाई सम्मान प्रकट गर्दै *इपाछें-आगमचोक क्षेत्र*मा आइपुग्छन् ।[७३] अन्नप्राशन विधानका लागि सो चोकमा आउनु अघि त्यस क्षेत्रका क्षेत्रपाललाई परिक्रमा गरी[७४] सिधै *ख्वपलाय्कू-मूलचोक*मा पुग्छन् । त्यहाँ *नवदुर्गा गण*लाई *इमू* (ज्वानु), *चाकु* र *चि पालु* (नून अदुवा) आदिको भोजन गराइन्छ ।[७५] यसरी मूलचोकमा *नवदुर्गा गण*को छैंटी, नामकरण आदि विधान सम्पन्न भइसकेपछि[७६] त्यहाँबाट इपाछेंको आगमचोकमा अन्नप्राशन विधानका लागि गण सदस्यहरू आइपुग्छन् । यस चोकमा *राजोपाध्याय-नाइक*बाट विधिवत् '*जंको जा नकेगु* ' विधान गरिन्छ ; पूजाविधानका क्रममा *नवदुर्गा गण*ले वर्षको पहिलो *मू:बाहाँ* ग्रहण गर्छन्;[७७] दही च्यूरा ग्रहण (*चिपं थिकेगु*) गर्छन्[७८] ; *पात्र*मा जाँड राखी पिउँछन् (*पात्र हिकेगु*) ।

७१। १. गर्भाधान २. पुंसवन ३. सीमन्तोनयन ४. जातकर्म ५. नामकरण ६. निष्क्रमण ७. अन्नप्राशन ८. चूडाकर्म ९. ब्रतबन्ध १०. विवाह ।

७२। त्यस्तै 'बान्हा तय्गु ' (गुफा राख्ने) विधान गर्न यसै तिथिमा *क्वाछें आगम*मा पनि नवदुर्गा गण जाने चलन रहेको बुझिन्छ । तर अहिले यो चलन विलुप्त भइसकेको देखिन्छ । नवदुर्गानाचका भूतपूर्व 'नाय:' श्री विकुलाल वनमाला एवं इपाछेंका श्री विनोदराज शर्माबाट प्राप्त जानकारीका आधारमा ।

७३। यस जुलुसको अगुवाइ पनि *नायखिं बाजले* गरेको हुन्छ: साथै *ख:मेय्*को टाउको पनि हरियो बाँसको नोलमा झुण्ड्याएर (सम्बद्ध नायले) ल्याएको देख्न सकिन्छ ।

७४। यहाँ पूर्वकालमा एउटा 'लासकुस ध्वाखा' (स्वागतद्वार) पनि रहेको थियो भन्ने कुराको पुष्टि प्रचलित लोकमतका अतिरिक्त त्यहाँ देखापर्ने ढोकाका अवशेष-चिन्हका आधारमा पनि मिल्छ । अहिले सो *ध्वाखा* विलुप्त अवस्थामा रहे तापनि *पायो* (तलेजुभवानी) र यसको घोडालाई यहीं स्वागत गर्ने चलन छ । सोही अनुरूप नवदुर्गा गण पनि यसै 'स्वागतद्वार' बाट (क्षेत्रपाल परिक्रमा गरी) तलेजु मूलचोक प्रवेश गर्छन् । त्यस्तै स्थानीय लोकजीवनमा प्रचलित *लास्कुध्वाखा*कै पूर्वरूप 'लसकुस ध्वाखा' रहेको ज्ञात हुन्छ । - मौलिक विचार साभार : विनोदराज शर्मा (इपाछेंटोल, भक्तपुर)

७५। बच्चा जन्मेको छैठौं दिनमा 'छैटी' (षष्ठीदेवीको पूजा गरेर) गरी चढाउनुपर्ने र खानुपर्ने मुख्य कुरा यी पनि हुन् । यसरी तलेजुमा पहिलो भोजन ग्रहण गरेपछि मात्र सर्वसाधारणले चढाएका भोजन नवदुर्गा गणले ग्रहण गर्ने कुरा जानिन्छ ।

७६। इपाछेंटोलका श्री विनोदराज शर्माबाट प्राप्त जानकारीका आधारमा ।

७७ 'राजोपाध्याय' नाइकेले सो मचा जंको विधान संचालन गर्नका लागि नवदुर्गा गण यसरी पूजा कर्म कालभैरवबाट चलाइन्छ र पूजाका कालभैरवलाई पूजा हस्तान्तरण गर्छन्; सकिएपछि पुन: 'राजोपाध्याय' नाइकेलाई पूजा फिर्ता गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इपाछें आगमचोकमा उक्त लामो विधिविधान सम्पन्न भइसकेपछि *इही यायेगु* (वेलविवाह गर्ने) विधानका लागि *नवदुर्गा गण बिजुक्छें आगमतर्फ* लाग्छन् ।

द्यः ब्वय्केगु[७९] (नक्सा संख्या ५)

पूर्णिमाको दिनमा, तचपाल टोल परिसरका सम्बद्ध बौद्ध धर्मावलम्बी का तर्फ बाट(वज्राचार्य परिवार) *नवदुर्गा गण*लाई निमन्त्रण गरी वर्षको पहिलो *द्यः ब्वय्केगु* गर्ने चलन छ ।[८०]

बी हि त्वोकिगु[८१]

ब्रम्हायणीपीठमा, महानवमीको रातमा भोगबलि चढाइएको *खःमेयू* राँगोको रगत *'हि कोंचा '* (रगत राख्ने माटोको भाँडो) मा जम्मा पारेर राखेको हुन्छ । सोही पुरानो रगत (*बी हि*) ८ दिन पश्चात् प्रतिपदाको रातमा *नवदुर्गा द्यौछें* देखि दक्षिणपट्टिको चोकमा तान्त्रिक विधिपूर्वक *नवदुर्गा गण*ले पिउँछन् । यसै विधानलाई *बी हि त्वंकेगु* भनिन्छ ।[८२]

मू बाहां (सुंगुर) को भोगबलि *कालभैरव*ले आफ्नो नङ्ले सो जीवको कोखा कोट्याई छाला च्याती, प्वाल पारेर लिँदा छातीभित्र हात घुसारेर मुटु निकाल्छन्; अनि पश्चिमाभिमुख *सिफोद्यः*लाई चढाउँछन् । त्यसपछि प्रत्येक गणले यसको रगत-ग्रहण (भावअर्थमा - भोजनमुद्रामा) गर्छन् ।

७८। नेवार-समाजमा, अन्नप्राशन विधानको मूल महत्व दही च्यूरामा निहित रहेको देखिन्छ । सोही अनुरूप 'जोपटु ' (एक जोडा दही) च्यूरामाथि राखेर नवदुर्गा गणलाई दिइन्छ । कालभैरवले मू बाहांको रगतले लतपतिएको हातले दहीच्यूरा मुछेर प्रत्येक गणलाई दिन्छन्; त्यसपछि यो सर्वसाधारणलाई पनि प्रसादको रूपमा बाँड्छन् ।

७९। नवदुर्गानाचको सन्दर्भमा 'द्यः ब्वयेकेगु' भन्नाले - इच्छा हुने सर्वसाधारण जो कोहीले पनि नवदुर्गा गणलाई निमन्त्रण गरी विभिन्न उपचारले सुसज्जित गरी विशेष पूजासहित भोजन गराउने (वार्षिक पूजा, कर्ममा व्यवधान नपर्ने गरी अन्य कुनै पनि उपयुक्त अवस्थामा) भन्ने कुरा बुझिन्छ ।

८०। सम्बद्ध टोलका वज्राचार्य परिवारका पूर्वजहरूले गणका लागि गहना बनाइदिने हुँदा विशेष सम्बन्ध रहँदै आएको बुझिन्छ ; वि.सं. १९८८ मा *मेखला* (कम्मरपेटी) पनि चढाइएको थियो; अतः सोही स्मरणोत्सवका रूपमा *नवदुर्गा गण*लाई निमन्त्रण गरी *'द्यः ब्वयकेगु '* गर्ने चलन रहँदै आएको बुझिन्छ ।

- गुश्चो र वासुकला, पूर्वोक्त, पृ.१४६

८१। नेपालभाषामा तातो रगतलाई बुझाउनु पर्दा *'स्वाःहि '* र त्यस्तै पुरानो रगतलाई बुझाउनु पर्दा *'बी हि'* भनिने कुरा जानिन्छ ।

- मौलिक विचार साभार - विनोदराज शर्मा, इपाछेंटोल, भक्तपुर

८२। यस विधानमा तान्त्रिक पूजाकर्म *आचाःजू*ले चलाउँछन् । यस चोकको मध्यभागमा *सिफोद्यः*लाई विराजमान गराइन्छ; त्यसपछि *गण* बिस्तारै *तचपाल* टोलतर्फ लाग्छन् । त्यताबाट फर्केपछि *गछें* र *तौलाछें* टोल छुट्याउने स्थानमा, छिमेकी टोल-घरबाट चढाइएको *मूबाहां*को भोगबलि ग्रहण गर्न *भैरव* लम्की झम्की नाच्छन् । त्यसपछि *ब्रम्हायणी*ले *आचाःजू*लाई *तःसि* फल प्रदान गर्छन् । मध्यरातमा *द्यःछें*बाट *हि कोंचा*मा राखेर ल्याइएको *'बी हि '* पिउन आतुर भएर गणहरू झुम्मिन थाल्छन्; यसरी उत्तेजित गणहरूलाई तिनका अनुचरहरूले संयमित पार्ने प्रयास गर्छन्; मुख्य पूजा सम्पन्न भएपछि *आचाःजू*ले वाद्यवादक गणलाई पूजा गरी *पात्र*मा जाँड राखी पिउन दिन्छन्; त्यसपछि गणहरू झुम्मिएर *'बी हि '* पिउन तँछाडमछाड गरी आइपुग्छन् र पिउँछन् । अनि प्रफुल्ल मुद्रामा *'प्याख '* प्रस्तुत गर्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दे चा मुकेगु - नवदुर्गा गणको नगर-यात्रापथ

यन्त्राकार मूलनगरको सुरक्षात्मक वास्तुरचना तान्त्रिक परिप्रेक्ष्यमा 'नवदुर्गामय' छ भन्ने कुराको व्यवहारिक रूपमा देखापर्ने दृश्यात्मक-उदाहरण *नवदुर्गा गण*को नगर-यात्रापथबाट पनि मिल्छ। आश्विनशुक्ल एकादशी तथा द्वादशी *भलभल अष्टमी* - 'भगस्थी'का दिनमा - चौबिस टोलमा[८३] विभक्त मध्यकालीन मूलनगर (नक्सा संख्या ९, १०) मा *नवदुर्गा गण*को यात्रा दर्शनीय हुन आउँछ। तीमध्ये *पहिलो यात्रा* (एकादशी र द्वादशी) - देश वा नगरको शान्ति सुरक्षाका लागि 'नगर-आगमन', 'इलाका-निर्धारण' र 'सुरक्षा-प्रदान' आदिका रूपमा देखापर्छन् भने *दोश्रो यात्रा* - 'आफ्नो निर्धारित इलाका (मूलनगर) बाट प्रस्थान' (वर्षको अन्तिम बिदाइ-दर्शन) का रूपमा देखापर्छन्।[८४]

यौवनकाल[८५]

डा लाकिगु त्वः (*नवदुर्गा गण*का माछा मार्ने स्थान), (नक्सा संख्या १०)। *मोहनी* - क्रियाकलाप पश्चात् पूर्णरूपमा संस्कारसित *नवदुर्गा गण* आफ्नो यस चरमोत्कर्ष कालमा (माघे संक्रान्तिदेखि *सिठि नखा* पछिसम्मन्) मूलनगरका *२१ टोल* तथा नगरबाहिरका *१९ वटा गाउँ* मा[८६] प्रस्थान गर्छन्[८७] र नाच देखाउँछन्।

उक्त विधान पश्चात् *खःमेय्* राँगोको टाउकोलाई २१ टुक्रामा छुट्याइन्छ; ती शिरभाग *नवदुर्गा गण, आचाःजु* र *नायले* (बाँडचुँड गरी) ग्रहण गर्छन्। (श्री जुलाल कर्माचार्यबाट प्राप्त जानकारीका आधारमा)

८३। *नवदुर्गा गण*को यात्रापथ र नाच प्रदर्शित हुने टोलचोक सम्बन्धमा'*त्वः मुकेगु* ' लाई मूल आधार मानेर गरिएको स्थलगत सर्वेक्षणबाट देखिन आएका २४ टोलका मौलिक नाम निम्न छन् - १.*सुजमाह्री* २.*तचपाः* ३.*जेंला* ४.*क्वाठण्डौ* ५.*गःछें* ६.*दथुत्वाचा* ७.*इनाचो* ८.*गोमाह्री* ९.*याछें* १०.*भोलाछें* ११.*तःमाह्री* १२.*तालाको* १३.*मूलाखू* १४.*भार्वाचो* १५.*गःहिटी* १६.*क्वाछें* १७.*टिबुक्छें* १८.*विलाछें (दथु लाय्कु)* १९.*खौमा (याबी, कुथुलाय्कु)* २०.*इताछें* २१.*यालाछें* २२.*तुलाछें* २३.*चोछें* र २४.*इच्छु*।

- मौलिक विचार प्रभाव > गुश्चो र वासुकला (ई.स. १९८७) पृ.१४९-१५६, र विनोदराज शर्मा

८४। यताबाट समग्र नगरबस्ती + समाज + सांस्कृतिक उत्सव एवं संस्कारबीच नवदुर्गाको सर्वोपरि सान्निध्यता सदाकाल रहँदै आइरहेको आभास हुन्छ।

८५। नवदुर्गाको सक्रिय-सार्वजनिक प्रदर्शन संस्कार मोहनीको दुई महिनापछिदेखि छ महिनासम्मन् चल्ने हुँदा उक्त उत्कर्षकाललाई यहाँ 'यौवनकाल' को रूपमा लिइएको छ।

८६। वर्तमान अवस्थामा *नवदुर्गा गण*का ३ वटा *डा लाकिगु त्वः* (२४ टोलका परिप्रेक्ष्यमा) - *जेंला, भोलाछें* र *भार्वाचो* '*२१ वटा डा लाकिगु त्वः* मध्ये' का - *तचपाः, याछें* र *मुलाखु*मा समाहृत हुनपुगेका देखिन्छन्। इतिहासको कुनचाहि कालखण्डमा यो *२४ संख्या* खुम्चिएर *२१ संख्या*मा सीमित हुनपुग्यो भन्ने कुरा ठोस प्रमाणका अभावमा अनुत्तरित नै रहेको देखिन्छ; तापनि यो *२१ डा लाकिगु त्वः*मै '२४ टोल' को मान्यता स्पष्ट रहँदै आएको दृष्टिगोचर हन्छ।
*नवदुर्गानाच*का सम्बद्ध वनमालाहरूका अनुसार - *नवदुर्गा गण*को सवारी पहिले **दोलखा** प्रदेशमा पनि हुन्थ्यो। तर त्यता सवारी हुने समयताका यता भक्तपुरमा *बिस्केट जात्रा* हुने भएकाले *नवदुर्गा गण*को अनुपस्थितिमा यहाँको *बिस्केटजात्रा* नै संचालन हुन सकेन। सोही कारणले बाध्यतावश बन्द गर्नुपरेको हो। त्यस्तै पहिलेको जस्तो व्यवस्था नमिलेका कारण केही वर्ष अघिदेखि - *टोखा, तुप्या, बुढानीलकण्ठ* र *गोकर्ण* आदि स्थानमा लाने चलन पनि बन्द भइसकेको कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वनमालाहरू बताउँछन् । यसप्रकार उक्त परिप्रेक्ष्यमा, *नवदुर्गा गण* सवारी हुने बाह्य प्रदेश पहिले अधिक थिए औ अहिले आएर १९ स्थानबाट पनि घटिसकेको रहेछ भन्ने कुरा ज्ञात हुन आउँछ ।

८७ विचारणीय कुरो के छ भने, कुनै बेला (मल्लकालमा) राजनैतिक दृष्टिले भक्तपुर राज्य अन्तर्गत रहेका उक्त अधिकांश प्रदेश अहिले पनि तर सांस्कृतिक रूपमा चाहिँ नवदुर्गा गण-अधीनस्थ इलाकाका रूपमा रहँदै आएको कुरा यस सवारी-चलन प्रमाणका आधारमा जान्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



टोलहरू
१. भार्वाचो
२. इटाछें
३. तेखाचो
४. मंगलाछें
५. खौमा
६. लास्कुढोका
७. बोलाछें
८. लाकुलाछें
९. टौमढी
१०.क्वाछें
११.तुलाछें
१२.यालाछें
१३.चोछें
१४.भोलाछें
१५.याछें
१६.टिबुक्छें
१७.गोल्मढी
१८.इनाचो
१९.तचपाल
२०.थालाछें
२१.क्वाठण्डौ
२२.गछें
२३.तौलाछें
२४.जेंला

नक्सा संख्या ९ : भक्तपुर नगरपालिकाबाट गठित 'स्मारक क्षेत्र निर्धारण, अध्ययन, अनुसन्धान र सुझाव टोली' द्वारा प्रस्तुत यस नक्सामा दर्शाइएका चौबिस टालमध्यका सात टोलहरू :- तेखाचो, मंगलाछें, लास्कुढोका, बोलाछें, लाकुलाछें, थालाछें र तौलाछें (मासिक भक्तपुर, वर्ष १८, अङ्क ३, माघ, वि.सं. २०५६, पृ.५१, नक्सा १४) हरूमा नवदुर्गानाचका सिफोद्यः विराजमान हुने (खः जुकेगु) चलन छैन, त्यस्तै 'त्वः मुकेगु' हुने मूल आरम्भस्थलका रूपमा पनि देखापर्दैनन् । यी प्रमाणका आधारमा माथि उल्लेख गरिएका (पाद टिप्पणी संख्या ८४) सात टोल : सुजमान्ही (तौलाछें), दथुत्वाचा (थालाछें), तालाक्वः मुलाखु, गःहिटी, विलाछें र इच्छु नै 'मा त्वः' (मातृटोल वा मुख्य टोल) का रूपमा देखापर्छन् औ अनुसन्धान र सुझावटोलीले उल्लेख गरेका उक्त सात टोल यिनै (मा त्वः) अन्तर्गतका (वा त्वः) (उपटोल) हुन् भन्ने कुरा (नवदुर्गानाच हुने मूल टोल-स्थान प्रमाणका आधारमा) बुझिन्छ । एनि हालाण्डद्वारा लिखित भक्तपुर अ टाउन् चेन्जिङ्ग प्रोसेस् इन्फ्लुयन्स्ड् बाइ भक्तपुर् डेभलपमेन्ट् प्रोजेक्ट् (बैंकक, ई.सं.१९८२) ग्रन्थको पृष्ठ संख्या ५ मा प्रस्तुत नक्सा सहितको २४ टोलका नामसूची अनुरूप नै यस नक्सामा पनि सोही सूची प्रस्तुत गरिएको छ । तर नवदुर्गानाच प्रदर्शन हुने टोलको क्रमसित यो नामसूची मेल खाँदैन । नाच प्रदर्शन हुने पहिलो टोल सुजमान्ही र अन्तिम टोल इच्छु हो । तर उक्त सूचीमा इच्छु टोल छैन । अतः तुलनात्मक जानकारीका निमित्त यसै ग्रन्थको पाद टिप्पणी संख्या ८४ मा प्रस्तुत २४ टोलको नामसूची हेर्नुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



नवदुर्गानाच टोल (डा लाकिगु त्वः)

१. सुर्यमढी दबु अगाडि
२. गछें चोक
३. दत्तात्रय अगाडि
४. सोंगलोंह (द्योछें अगाडि)
५. गोल्मढी (गणेश मन्दिरको पूर्व)
६. टिबुक्छें (दुरूपव द्यो सँगै)
७. क्वाछें द्योछें अगाडि
८. टौमढी (भैरव मन्दिर अगाडि)
९. गःहिटी (नरसिंह मन्दिरको पूर्व)
१०.तालाको, जेठागणेशको उत्तर
११.इच्छु
१२.मुलाखू गणेश अगाडि
१३.इटाछें नारायण मन्दिरको पश्चिम
१४.खौमा गेट पूर्व (पद्म हाइस्कूल गेटको अगाडि)
१५.लाय्कू (लाल बैठकको पश्चिम मोहडामा)
१६.लाय्कू (हाल गुठी संस्थानको अगाडि)
१७.तुलाछें
१८.चोछें (तीन दोबाटोमा)
१९.याछें (याछें गणेशको पश्चिम)
२०. महालक्ष्मी र नागपोखरीको बीचमा
२१.क्वाठण्डौ (पोखरीको पश्चिम)

नक्सा संख्या १० : भक्तपुर नगरपालिकाबाट गठित 'स्मारक क्षेत्र निर्धारण, अध्ययन, अनुसन्धान र सुझाव टोली' द्वारा प्रस्तुत यस नक्सा (मासिक भक्तपुर, ऐजन, नक्सा सं.१२) मा रेखाङ्कित बाक्लो घेराले नवदुर्गा गणको नगर-यात्रापथ ('दे चा हुकेगु') लाई दर्शाउँछ । २४ टोलमा विभक्त मूलनगरको यो परम्परागत सांस्कृतिक-यात्रापथ पायोजात्रा (हेर्नुहोस् नक्सा सं. ६,७) र 'सापारु' (गाईजात्रा) आदि महत्वपूर्ण सांस्कृतिक-उत्सवका जुलुसताका पनि दर्शनीय हुन आउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



नक्सा संख्या ११ : नवदुर्गा गणका 'माछा मार्ने स्थान' - 'ङा लाकिगु त्वः' - सम्बद्ध टोलको मूल स्थान वा चोकमा सिफोघोः विराजमान हुने दृश्यात्मक-प्रमाणका आधारमा श्र १.सुजमाङ्गी (दबुबाट पश्चिम) २.तचपाः (दत्तात्रेय मन्दिरको ठीक सामुन्ने) ३.क्वाठण्डौ (पोखरीको पश्चिम) ४.गःछें (नारायणःन्दिरको पश्चिम) ५.दयुत्वाचा (महालक्ष्मी घोःछेंको पश्चिम) ६.इनाचो (माहेश्वरी घोःछें अगाडि) ७.गोमाङ्गी (गणेशमन्दिरको बायाँपट्टि) ८.याछें (गणेशमन्दिरको पश्चिम) पहिलो आरति-प्रदान ९.तमाङ्गी (भैरवमन्दिरको ठीक सामुन्ने) १०.तालाक्वः (जेठागणेश घोःछेंदेखि पूर्व) ११.मुलाखु (गणेशमन्दिरको ठीक सामुन्ने) १२.गःहिटी (लक्ष्मीनरसिंहमन्दिरको पूर्वपट्टि) १३.क्वाछें (कुमारी घोःछेंको ठीक सामुन्ने) १४.टिबुक्छें (दहीविनायक गणेशको ठीक सामुन्ने दायाँपट्टि) दोश्रो आरति-प्रदान १५.विलाछें -दयुलाय्कु) (भण्डः पुखु जाने मूलद्वारको ठीक सामुन्ने) १६.यावि (खौमा - कुथुलाय्कु) चारधाम अन्तर्गतका रामेश्वर + जगन्नाथमन्दिरको ठीक सामुन्ने, उत्तरपट्टि) १७.इताछें (गणेश घोःछेंको ठीक सामुन्ने, दक्षिणपट्टि) १८.यालाछें (थायुलाय्कू) (बालाखु गणेशमन्दिरदेखि ठीक दक्षिणपट्टि) १९.तुलाछें (नारायणमन्दिरको दायाँ, उत्तरपट्टि) २०.चोछें (छुमागणेश मन्दिरबाट दक्षिणपट्टि) अन्तिम आरति प्रदान २१.इच्छु (इच्छुफल्चाको ठीक सामुन्ने, पश्चिमपट्टि) । नक्सा साभार - नेल्स गुश्चो, मार्फत > लेभि र राजोपाध्याय - मेसोकोजम, पूर्वोक्त, पृ.२३३, नक्सा सं.१४ । मौलिक विचार साभार - विकुलाल वनमाला, जुलाल कर्माचार्य, विनोदराज शर्मा, सुरेन्द्रवीर कर्माचार्य । स्थलगत अध्ययन र स्थानीय बासिन्दाहरूबाट प्राप्त जानकारीका आधारमा । नवदुर्गा गणले क्रमशः माघ १ गतेबाट सुजमाङ्गी, तचपाः र क्वाठण्डौ गरी तीन स्थानमा लगातार 'ङा लाकिगु' गर्दा (हेर्नुहोस् 'नवदुर्गा गणको वर्ष-क्रिया तालिका') 'त्रिकोणाकार' आविर्भाव हुन्छ । यस कुराको पुष्टि यसै नक्सामा देखाइएको १.सुजमाङ्गी २.तचपाः ३.क्वाठण्डौलाई विन्दु मानी रेखाङ्कन गर्दा दर्शनीय हुन आउने 'त्रिकोणाकार-यन्त्र' ले पनि मिल्छ । विचारणीय कुरा के छ भने यन्त्रको निर्माण गर्न सर्वप्रथम 'विन्दु' आवश्यक हुने भएकोले भावात्मक रुपमा तलेजु-मूलचोकमा यस अघि गरिने 'ङा लाकिगु' को सूक्ष्म-क्रियालाई 'विन्दु' को रुपमा मान्न सकिन्छ । यसप्रकार तलेजु-मूलचोक, सुजमाङ्गी, तचपाः र क्वाठण्डौमा नवदुर्गा गणको 'ङा लाकिगु' नाचले 'विन्दुयुक्त-त्रिकोण' निर्माण गरिसकेपछि अन्य टोलहरुमा 'बार' तथा परम्पराका आधारमा सवारी भई नाच प्रस्तुत गर्न जाने चलन रहेको देखिन्छ । हेर्नुहोस् अतिरिक्त खण्ड 'नवदुर्गा गणनाचको वार्षिक 'ङा लाकेगु' तालिका ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

 CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुर नगरबाहिरका प्रदेशमा नाच देखाउन लैजाने क्रममा *नवदुर्गा गण*को पहिलो प्रस्थान मार्गशुक्ल नवमी वा दशमीका दिन '*ग्वल*' (देउपाटन) मा चल्छ ।[८८]

त्यस्तै *योमाह्नी पुन्हि* (धान्य-पूर्णिमा) देखि *दिसि चन्हे*सम्मन्मा *ठिमी* (*लायूकू*), *नगदेश* र *बोडे* (*लायूकू*) आदि प्रदेशमा; त्यसपछि *टोखा*[८९] तथा *लैं-चन्हे*पछि (सांखुको माघ स्नान मेलाताका) *सांखु*[९०] र *सिलाचन्हे* (महाशिवरात्रि) देखि *माताति चन्हे* (मातृऔंसी) सम्मन्मा - *सांगा, नाला, धुलिखेल, खडपु, चौकोट, बनेपा* र *पनौती* आदि प्रदेशमा सवारी हुने (*खःजुकेगु* + *त्वःमुकेगु* + *डा लाकिगु* = ३ दिन)[९१] चलन रहेको देखिन्छ । भक्तपुरको मूलनगरका '*२१ डा लाकिगु त्वः*' मध्ये *नवदुर्गा गण*को पहिलो औपचारिक सार्वजनिक सवारी र नृत्य प्रदर्शन हुने (माघे संक्रान्तिका दिन) *सुजमाह्नी*मा हो ।[९२] तर यस टोलमा नाच प्रदर्शन गर्न आउनु २ दिन अघि (पौष २९ वा ३० गते) गोलमढी टोलको *सितिखु गल्ली*मा *याका मिसाया द्यो ब्वयेकेगु* एवं *सुजमाह्नी* टोलको *त्वाचा* स्थान विशेषमा *वापिचा पाछाय्केगु, तःसि हाकुतिनेगु* आदि विधान (नक्सा संख्या ८) गरिन्छ ।[९३]

८८। लिच्छविकालदेखि मल्लकालसम्मन् पनि देउपाटनक्षेत्र नवगृह -नवगृहस्थान नामले प्रसिद्ध रहँदै आएको ज्ञात हुन्छ (वज्राचार्य - लिच्छविकालका अभिलेख, पूर्वोक्त, पृ.४७६) । विक्रमको तेह्रौं शताब्दीको प्रथमचरणतिर राजधानी वा राजदरबार भक्तपुरमा रहेतापनि राज्याभिषेक समारोह चाहिँ यसै स्थानमा गर्ने चलन रहेको परिप्रेक्ष्यमा प्राचीनकालको एउटा राजकीय मुकाम (राजदरबार) यसै क्षेत्रमा रहेको - (एक महत्वपूर्ण प्राचीन सांस्कृतिक मूल स्थलको रूपमा पनि रहँदै आएको) कुरा जानिन्छ । विचारणीय कुरो के छ भने नवदुर्गा गणले पनि आफ्नो पहिलो मान्यता एवं सम्मान यसै प्राचीन क्षेत्रका (पशुपतिनाथसहित) राजराजेश्वरी (नवदुर्गा), जयबागेश्वरीलाई प्रकट गर्दै आइरहेको सन्दर्भमा पनि यस क्षेत्रको प्राचीन सांस्कृतिक महत्व कुनै न कुनै रूपमा जीवन्त रहँदै आएको रहेछ भने दृष्टिगत् हुन्छ ।

८९। *नवदुर्गा गण टोखा*मा सवारी भइसकेपछि त्यताबाट फर्कने क्रममा *बूढानीलकण्ठ, तुप्या* र *गोकर्ण* पनि सवारी भई नाच प्रस्तुत गर्ने चलन छ । तर उचित व्यवस्था नमिलेका कारण (आर्थिक) केही वर्ष यतादेखि *टोखा* जाने चलन बन्द वा विलुप्त हुनपुगेको छ । त्यस्तै, आधुनिक कालमा आइपुग्दा मोटरबाटोको सुविधाका कारण सम्बद्ध बाह्य-प्रदेश प्रस्थान हुने *नवदुर्गा गण*को परम्परागत 'पैदल यात्रापथ' पनि या त ओझेलमा परिसकेका छन् या त ती पनि विलुप्त भइसकेका छन् । उदाहरणका लागि देउपाटन जाने मार्गलाई (परम्परागत-पैदल) लिन सकिन्छ । सम्बद्ध वनमालाहरूका अनुसार सो स्थानमा पुग्न *ठिमी नगदेश* हुँदै (ठाउँ-ठाउँमा सर्वसाधारणका पूजा ग्रहण गर्दै) *मनोहरा* तरी *गौचरण* हुँदै *पशुपतिनाथ*लाई परिक्रमा गरी जानुपर्दथ्यो । तर .....अहिले ओझेलमा परिसकेको छ; *गौचरण* पनि विमानस्थलका रूपमा परिणत भइसकेको परिप्रेक्ष्यमा *नवदुर्गा गण*को सो सांस्कृतिक यात्रापथ अतिक्रमण हुनपुगेको छ ।
यसप्रकार *टोखा* सवारी हुने चलन विलुप्त हुनपुग्दा त्यतातिरको मार्गमा पर्ने *तुप्या, गोकर्ण* आदि स्थानमा सवारी हुने चलन पनि स्वतः बन्द हुनपुगेको छ ।

९०। नवदुर्गा गण साँखु सवारी हुँदा चाँगु भएर सवारी हुने तथा त्यताबाट फर्कंदा पनि चाँगुमा डा लाकिगु नाच प्रस्तुत गरी फिर्ती सवारी हुने चलन छ ।

९१। विकुलाल वनमालाबाट प्राप्त जानकारीका आधारमा ।

९२। चान्द्रमानको तिथिबाट चल्ने नवदुर्गा गणको (यस दिनमा सुजमाह्नीटोलमा सम्पन्न हुने) पहिलो सार्वजनिक नृत्य प्रदर्शन चाहिँ सौरमान अनुसार चल्दै आएको देखिन्छ ।

९३। नवदुर्गा गणका ब्रम्हायणीले विधिपूर्वक सर्वसाधारण माझ (तःसि) फल आकाशमा फाल्छन्; सो फल जसले पाउन सक्छ उसको छोरो जन्मन्छ भन्ने लोकविश्वास छ । त्यस्तै यसै टोलमा 'त्वाचाय् कुमारी तुलेगू' विधान गरिसकेपछि देवगृहतर्फ नवदुर्गा गण प्रस्थान गर्छन् । निःसन्देह यी सबै विधान लोकसम्मान प्रदर्शन गर्नुको साथसाथै एकताको प्रतीकका रुपमा पनि दृष्टिगोचर हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुजमाह्नी पश्चात् *नवदुर्गा गण* निम्नलिखित टोलमा *डा लाकेगु* नाच प्रदर्शनका निमित्त सवारी हुन्छन् :– *तचपा:, क्वाठण्डौ, ग:छें, दथुत्वाचा, इनाचो* र *याछें*। याछेंटोलमा *डा लाकिगु* नाच प्रस्तुत गरिसकेपछि पहिलो चरण पूरा हुन्छ। यसैको मान्यता-प्रतीकस्वरूप *सिफोद्य:*लाई पहिलो आरति प्रदान गरिन्छ।[९४] यसैगरी दोश्रो चरणको नाच प्रदर्शन नगरको *थने* र *कोने* छुट्टिने टौमढीटोलबाट आरम्भ हुन्छ र टिबुक्छें टोलमा (दोश्रोपल्ट आरती प्रदान गरेपछि) टुङ्गिन्छ; तेश्रो चरणको आरम्भ *विलाछें*बाट हुन्छ र *चोछें*मा अन्तिम आरति प्रदान (नक्सा संख्या ११, १२) गरिन्छ।[९५] अनि यसै क्रममा वर्षको अन्तिम *डा लाकिगु* नाच प्रदर्शन इच्छुटोलमा हुन्छ जहाँ उक्त नाच प्रदर्शनको लगत्तैपश्चात् आरति प्रदान गर्ने विधान नभएर विसर्जन-विधानका गुह्य तान्त्रिक क्रम शुरु हुन थाल्छन्। *नवदुर्गा गण*ले नगरका २१ *डा लाकेगु त्व:*लाई चरणबद्ध रूपमा तीन चरणमा विभक्त गरी नाच प्रदर्शन गर्ने कुरा ज्ञात हुन आएको सन्दर्भमा आरति प्रदान गरिने ३ मुख्य स्थान *याछें, टिबुक्छें* र *चोछें*लाई कोणात्मक रूपमा आबद्ध गर्दा (नक्सा संख्या ११) सो ३ चरणका नाचमा 'त्रिकोण-यन्त्र' को तान्त्रिक स्वरूप (नक्सा संख्या १२) आविर्भाव हुन्छ।[९६]



नक्सा संख्या १२ : *'त्रिकोणमय डा लाकेगु त्व:'*[९७]

९४। 'आरति च्याकिगु स्वये म:' (आरति बालेको हेर्नुपर्छ) भनेर सर्वसाधारण जनताहरू कुरेरै भएपनि सो दृश्य हेर्छन्।

९५। यद्यपि यस तेश्रो चरणको अन्तिम *डा लाकिगु त्व:* इच्छु हो; अत: सिद्धान्तत: अन्तिम आरति प्रदान चोछें टोलमा नभएर यसै टोलमा हुनुपर्ने दृष्टिगत हुन आएतापनि इच्छुटोलमा नाच प्रदर्शनपश्चात् नवदुर्गा गण समाप्तितर्फ लाग्नेहुँदा आरति प्रदानको कुनै औचित्य व्यवहारिक रूपमा समेत देखिँदैन। यसो हुँदा लोकजीवनबाट टाढिनु अघि नै चोछेंटोलमा आरति प्रदान गर्नुपरेको कुरा दृष्टिगोचर हुन्छ।

९६। नवदुर्गानाचका गणले प्रस्तुत गर्ने नृत्यशैलीतर्फ अलिकता गहिरिएर हेरेपछि त्यहाँ पनि त्रिकोण-शैली स्वरूप दर्शनीय हुन आउँछ। यताबाट तान्त्रिक परिप्रेक्ष्यमा नगरको वास्तुव्यूह संरचना (यन्त्राकार नगरको त्रिकोणमय-मूलस्थान परिसर) मा मात्र नभएर नवदुर्गानाचमा पनि 'त्रिशक्ति-स्वरूप' (महाकाली + महालक्ष्मी + महासरस्वती) दृष्टिगोचर हुन्छ।

९७। तन्त्रप्रधान *नवदुर्गानाच*मा *गण*का हरेक गतिविधि एवं नाचसित सम्बद्ध विधिविधान आदि सूक्ष्म सांकेतिक प्रतीकवादमा आधारित देखिन्छ। यसो हुँदा तीन चरणमा नाच प्रस्तुत हुने २१ टोललाई *याछें* + *टिबुक्छें* + *चोछें*मा आरति प्रदान गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'डा लाकिगु त्वः' तर्फ प्रस्थान

*नवदुर्गा गण*को नाच प्रदर्शित हुने प्रत्येक टोल - *'डा लाकिगु त्वः'* मा नाच प्रदर्शन गर्न जानु (*डा लाक वानेगु*) ८ दिन अघि नै निम्तोको रूपमा *दिं छु वानेगु* वा *कि क वानेगु* भनेर आगमन-दिन निर्धारण गर्न जाने चलन रहेको देखिन्छ।[९८] त्यसपछि निर्धारित गरिएको निश्चित दिनको झिसमिसे साँझमा *नवदुर्गा गण* क्रमैसँग देवगृहबाट बाहिर आउँछन्। त्यसरी आउने क्रममा सर्वप्रथम दायाँ हातले *डमरु* बजाउँदै बायाँ हातले *पात्र* समातेका सम्बद्ध *गाथा* देखापर्छन्; अनि उनको पछि *सिफोद्यः*लाई छाता ओढाएर ल्याइएको हुन्छ; त्यसपछि *सिम्ब, दुम्ब* र *कौमारी* आउँछन्;[९९] *भैरव, महाकाली* र *वाराही* आउँछन्; अनि उनीहरूका पछि *ब्रम्हायणी, माहेश्वरी, वैष्णवी* र *इन्द्रायणी* देखापर्छन्; अन्तमा *गणेश* आउँछन्; उनी आफ्नो कम्मरको बायाँपट्टि भागमा महादेवको *ख्वाःपाः* झुण्ड्याएर आएका हुन्छन्। त्यसपछि सबै देवगण देवगृह बाहिरको पूर्वतर्फ खुल्ला चोक-सडकमा *भैरव*को पछिल्तिर लाम लाग्न पुग्छन्। त्यहाँ छोटो आरम्भ-नृत्य प्रस्तुत गरिसकेपछि *गःछें चोक* हुँदै तचपाः टोलस्थित *"सलां गन्धः"*[१००] मन्दिरस्थानमा पुग्छन् र सो गणेशलाई विधिवत् पहिलो मान्यता प्रदान गर्छन्।[१०१] त्यसैगरी

विधान-प्रमाणका आधारमा कोणात्मक रूपले समेत आबद्ध गर्दा (नक्सा संख्या ११) 'यन्त्राकार नगर' को मध्यभागको *त्रिकोणमय स्वरूप* दृष्टिगत हुन आउँछ। विचारणीय कुरो के छ भने शीर्षभागमा 'अर्धचन्द्राकार' सहितको *त्रिकोण-यन्त्र*लाई (यन्त्र निर्माणको बाह्य स्वरूप सिद्धान्त अनुरूप) पनि *पूर्णयन्त्र*को रूपमा मान्ने चलन रहेको बुझिन्छ। तान्त्रिक कर्मकाण्डमा प्रयोग हुने सोही सदृशको (नक्सा संख्या १२) अर्धचन्द्राकार त्रिकोण-यन्त्र उदाहरणका रूपमा देखापर्छन्। यस सन्दर्भमा (नवदुर्गानाचको परिप्रेक्ष्यमा) *याछें +टिबुक्छें +चोछेंलाई* त्रिकोणात्मक रूपमा आबद्ध गर्दा सो त्रिकोणको शीर्षभागमा *त्रिपुरसुन्दरी* अवस्थित रहेको (नक्सा संख्या ११) देखिन आएको यस प्रमाणका आधारमा पनि शीर्षमा अर्धचन्द्राकार (*त्रिपुरसुन्दरी*) सहितको यो *त्रिकोण-यन्त्र* 'पूर्णयन्त्र' को रूपमा दर्शनीय हुन्छ। निसन्देह नगर र नाचबीचको गुह्य तान्त्रिक सान्निध्यताले पनि पूरै नगरबस्ती *नवदुर्गा गणको नृत्यस्थल*को रूपमा रहेको जानिन्छ।
एउटा *श्री यन्त्र* '९ वटा त्रिकोण' मिलेर बनेको हुन्छ। यसै परिप्रेक्ष्यमा यन्त्राकार नगरको मध्यभागको तान्त्रिक अवस्थितिलाई यस *त्रिकोण-यन्त्र*का आधारमा दृष्टिगत् गर्दा (स्थान-अवस्थितिका आधारमा समेत) *चलाखु, बालाखु* र *मुलाखु* स्थानका नभएर *याछें, टिबुक्छें* र *चोछेंस्थानका* गणेश नै यस नगरका "त्रिकोण-गणेश" रूपमा देखापर्छन्। त्यस्तै, *नवदुर्गा गण*को वस्त्राभूषण+पूजा अनुष्ठान आदिमा प्रयोग हुने अर्धचन्द्राकार चिन्हले पनि अधिष्ठात्रीदेवी *त्रिपुरसुन्दरी*को 'त्रिकोण-यन्त्र' को सांकेतिक झझल्को गराउँछ।

९८। जस अनुसार सम्बद्ध *गाथहरू* पूजासामग्री राख्ने भाँडो - *छाप्रि*मा 'पासूका' (पंचरंगी पवित्र धागो) र फूलप्रसाद राखी टोलबासीहरूमा बाँड्न आउँछन्। यसलाई उनीहरू 'स्वं ब्यू वानेगु' पनि भन्ने गर्छन्। यताबाट सम्बद्ध टोलबासीहरूले आफ्नो टोल इलाकामा *नवदुर्गा गण* फलानो दिनमा सवारी हुन्छ भन्ने कुरा औपचारिक रूपमा थाहा पाउँछन्। यद्यपि आगमनको चार दिन पूर्व वा आगमन-दिनको बिहानको समयमा मात्र त्यसरी फूलप्रसाद ल्याउने चलन पनि रहेको देखिन आएको सन्दर्भमा वर्तमान चलन व्यवहारमा केही अन्तर आइसकेको आभास हुन्छ।
*नवदुर्गा गण*को सो *छाप्रि*मा ९ वटा सुन्दर आकृति कुँदिएका छन्। सम्बद्ध वनमालाहरू ती आकृतिलाई *नवग्रह* (सूर्य, सोम, मंगल, बुध, वृहस्पति, शुक्र, शनि, राहु, केतु) का प्रतीक मान्दछन्। यताबाट *नवग्रह*का पनि अधिष्ठात्रीदेवी 'नवदुर्गाभवानी' हुन् भन्ने कुरा पनि दृष्टिगत् हुन्छ।

९९। अन्दाजी १०-१२ वर्ष उमेरका ३ जना केटाहरूले सिम्ब, दुम्ब र कौमारीका ख्वाःपाः बोकेर आएका हुन्छन्। नवदुर्गा गणको आफ्नो परम्परागत मूलमार्गमा ती केटाहरू अघि लागेर, हुत्तिएर दौड्दै र पथिकहरूसँग जगात उठाउँदै आइरहेको देख्न सकिन्छ। उक्त परिस्थितिमा सो मार्गबाट नवदुर्गा गणको सवारी हुँदैछ भन्ने कुरा सर्वसाधारणमा बोध हुन्छ।

१००। यी देवता आदि-गणेशका रूपमा प्रसिद्ध छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोश्रो मान्यता *तचपा:* टोलस्थित *वानेलाय्कूकी तलेजुभवानी*लाई प्रदान गर्छन्।[१०२] यसप्रकार *नवदुर्गा गण* आफ्नो गन्तव्यस्थलतर्फ लाग्ने क्रममा आफ्नो यात्रापथका दायाँ बायाँ स्थापित मूल-देवदेवीलाई मान्यता एवं शिष्टाचार प्रकट गर्दै[१०३] अन्तत: निर्दिष्ट स्थल वा टोलमा आइपुग्छन्।

त्व:मुकेगु (टोल-परिक्रमा)

यसप्रकार निर्धारित टोलमा *नवदुर्गा गण*को आगमनपश्चात् सो टोलको परम्परागत-निश्चित स्थानमा *सिफोद्य:*को विमानखट राखिन्छ, जसलाई - *ख: जुकेगु* भनिन्छ।[१०४] त्यसपछि *नवदुर्गा गण* एकपल्ट छोटो नाच प्रस्तुत गर्छन्, जसलाई *द्यो: ल्हाय्गु* भनिन्छ।[१०५]

अनि टोल-परिक्रमाको प्रक्रिया - *त्व:मुकेगु* शुरु हुन्छ।[१०६] यस क्रममा *नवदुर्गा गण*ले टोलबासीबाट पूजामान ग्रहण गर्दै आएका हुन्छन्।[१०७]

१०१। कुनैपनि कार्यको थालनीमा सर्वप्रथम यिनै आदि-गणेशको पूजा, मान्यता हुन्छ। नवदुर्गा गणले यी गणेशलाई मान्यता गर्ने क्रममा *सिफोद्य:* यसै गणेशको सामुन्नेमा (पश्चिमाभिमुख) रहने गरी बिसाउँछन् र महाकालीले नृत्य-प्रदर्शन गर्छन्।

१०२। भक्तपुरमा, तलेजु-आगमनको सन्दर्भमा - तलेजुभवानीको पहिलो बासस्थान वानेलाय्कू रहेको लोकवाद पनि चलेको पाइन्छ। विचारणीय कुरो के छ भने पूर्व मध्यकालतिर भक्तपुरका तीन प्रमुख धार्मिकस्थल - *वान्दिमस्थान, चनिगलस्थान* र *शिवगलस्थान*का रूपमा प्रसिद्ध रहेको तथा प्रशासनिक सरलताका दृष्टिले पनि बस्तीभित्रका टोल ती तीन स्थान अन्तर्गत समूहगत रूपमा समाहित हुनपुगेका देखिन्छन्। तीमध्ये *वान्दिमस्थान*को मूल 'धार्मिक-केन्द्र' वानेलाय्कू रहेको दृष्टिगोचर हुन्छ। यस विषयमा गहन अध्ययन-अन्वेषणको आवश्यकता छ।

१०३। यसबारेमा माथि चर्चा भइसकेको छ। तर यसै सन्दर्भमा विचारणीय कुरा के छ भने नवदुर्गा गणले आफ्नो आविर्भावकालपूर्व (नाच शुरु हुनु अघि) स्थापित एवं गुह्य तान्त्रिक सम्बन्ध स्थापित रहेका देवदेवीलाई मात्र मान्यता प्रकट गर्दै आएको दृष्टिगत् हुन्छ। उदाहरणका लागि नवदुर्गा गण टौमढीटोलमा सवारी हुँदा भैरवनाथलाई मात्र मान्यता प्रकट गर्छ तर त्यससँगैको (पाँचतल्ले मन्दिर) सिद्धिलक्ष्मीदेवीलाई चाहिँ मान्यता प्रकट गरेको देखिँदैन। यद्यपि मान्यताकै प्रसंङ्गमा, तचपा: टोलका गुरु दत्तात्रयनाथ नवदुर्गानाच शुरु हुनु अघिका प्रसिद्ध देवता हुन्। तर यस टोल-चोकमा आइपुग्दा नवदुर्गा गणले दत्तात्रयनाथलाई नभएर सँगैको सोही क्षेत्रस्थित वानेलाय्कुकी तलेजुभवानीलाई मात्र मान्यता गर्ने चलन रहेको देखिन आएको छ। यताबाट दत्तात्रेयनाथसित नवदुर्गा गणको गुह्य तान्त्रिक सान्निध्यता नभएका कारण मान्यता गर्ने चलन नरहेको बुझिन्छ।

१०४। नवदुर्गानाचको परिप्रेक्ष्यमा सम्बद्ध टोललाई पनि यन्त्रकै आदर्श अनुरूप मान्दा सो खट अवस्थित रहने स्थान उक्त टोलको मध्य-विन्दुको रूपमा देखापर्छ।

१०५। यसलाई 'मंगलाचरण' को रूपमा लिन सकिन्छ।

१०६। उदाहरणका लागि - *नवदुर्गा गण* तुलाछेंटोलमा सवारी हुँदा *त्रिपुरविद्यापीठ-आगम*को उत्तर-पूर्वस्थित मूलसडकको किनारमा रहेको इनार अगाडि आइपुग्छन् र त्यहाँबाट *भुसननी* (भुपतेश्वर महादेवस्थापित चोकपरिसर) > *त्रिपुरविद्यापीठ आगमचोक* > *त्रिपुरसुन्दरीपीठ* > *खिछें* र त्यहाँबाट *प्वाकचाद्य:* हुँदै अन्तमा *त्रिपुरसुन्दरी देवगृह*को उत्तरपट्टिको *फल्चा* (पाटी) सामुन्नेको इनार अगाडि आइपुग्छन् जहाँ *सिफोद्य:*को खट राखिएको हुन्छ।
उक्त प्रसंगमा, *नवदुर्गा गण* कुनै एउटा टोलमा आइसकेपछि सो टोलको सिमाना नाघेर अन्यत्र जाँदैनन्; सिमाना छुन पुग्दा टक्क अड्छन् र फर्कन्छन्। त्यस्तै कुनै एउटा टोल - जस्तै - *टिबुक्छें* टोलमा *नवदुर्गा गण* आउँदा सोही टोलका वासिन्दाहरूले मात्र *नवदुर्गा गण*को पूजा गर्छन् सो टोलसँगैका अन्य टोल (जस्तै - *गोमाह्री, यालाछें, तुलाछें, क्वाछें*) का बासिन्दाहरू आएर पूजा गर्दैनन्। यताबाट (*त्व:मुकेगु* + *ङा लाकेगु* - पथ प्रमाणका आधारमा) नगरका सम्बद्ध टोलहरूको निश्चित इलाका एवं अवस्थिति बारेमा प्रामाणिक जानकारी प्राप्त गर्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चा पूजा

टोल-परिक्रमाको क्रममा टोलका सडक, गल्ली, चोक हुँदै टोलवासीहरूवाट पूजा ग्रहण गरिसकेपछि विमानखट बिसाएको स्थानमा आइपुग्छन् र *सिफोद्यः*लाई सो खटमा विराजमान गराइन्छ ।[१०८] त्यसपछि मध्यरातमा तान्त्रिक विधिपूर्वक गरिने रात्रि-कर्म विधान - *चा पूजा* शुरु हुन्छ । *चा पूजा*कै क्रममा *कुमारी तुइकेगु* विधान पनि गरिन्छ ।[१०९]



नक्सा संख्या :१३ *'मि:बाय् मू:बाहाँ लिकेगु'* (मेथीबारीमा सुंगुर लखेट्ने) । नक्सा साभार : गुश्चो र वासुकला (१९८५ ई.सं. पूर्वोक्त, पृ. १५७, नक्सा संख्या ९)

सुंगुर लखेट्ने - *मू:बाहाँ लिकेगु* (नक्सा संख्या १३)

*नवदुर्गा गण*ले नगरका निश्चित टोल इलाकामा नाच-प्रदर्शनका निमित्त आएको दिनमा (सन्ध्याकालमा) *मू बाहां लिकेगु* विधान गर्ने चलन छ । स्थानीय लोकजीवनमा निकै नै लोकप्रिय रहँदै आएको यो विधान अहिले पनि उत्तिकै रोचक एवं मनोरंजनपूर्ण देखिन्छ । यस विधानअनुसार

---

१०७ गुठी, परम्परा अनुसार एवं इच्छा हुने जोसुकै टोलबासीले (पूजाका सायै) मू बाहां पनि दिने चलन छ । यसरी *त्व:मुकेगु* गर्दा *सिफोद्यः*लाई बोकेर ल्याइन्छ ।

१०८। जुन स्थानमा *डा लाकिगु* नाच देखाउने हो, त्यहीं *ख:जकेगु* गर्ने चलन छ । प्राय: प्रत्येक टोलमा 'गणेश मन्दिर क्षेत्र' मा खट राखिने देखिन आएको परिप्रेक्ष्यमा नाचका निमित्त गणेशकै सन्निधान पनि चाहिने कुरो दृष्टिगोचर हुन्छ ।

१०९। 'कुमारी-नृत्य' - *कुमारी तुइकेगु* विधान हो । यस विधानअनुसार *कुमारी*ले आफ्नो यन्त्र-आदर्श अनुरूप *सिफोद्यः* अघिल्तिर नाच्छन् । सो रोचक नृत्यमा 'कामकलाको केही प्रभाव' रहँदै आएको अनुमान हुन्छ ।
मध्यरातमै गरिने विधिविधानका सन्दर्भमा, *भद्रकाली*का अतिरिक्त अन्य *मातृकागण भैरव*का साथमा (आ-आफ्ना निश्चित यन्त्र-आदर्शका आधारमा) नाच्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परम्परागत-निर्धारित इलाकामा (नगरछेउका खेतबारी वा खुल्ला मैदान) सम्बद्ध टोलवासीहरूका तर्फबाट सुंगुर छाडिन्छ।[११०] यसरी सुंगुर छाडिएको सो इलाकामा सो सुंगुर लखेटेर समात्न *नवदुर्गा गण* आइपुग्छन्।[१११] अनि त्यस इलाकामा एकत्रित भएका भीडले "लियो-लियो ; पायो-पायो" भनेर कुर्लंदै[११२] *नवदुर्गा गण*लाई जिस्क्याउँछन्, उत्तेजित तुल्याउँछन्। अन्तमा भीडले सो सुंगुरलाई उम्कन नसकिनेगरी घेरेर *भैरव*समक्ष समर्पित गर्छन्। यसरी भीडले लखेटिएर भयाक्रान्त हुँदै अत्तालिंएर चर्को चित्कार निकालिरहेको त्यस सुंगुरलाई भैरवले तत्कालै गमक्याई हाल्छन् र *सिफोद्यः* अघिल्तिर लगी आफ्नो हातका नंग्राले सो जीवको कोखा कोट्याई, छाला च्याती हात घुसारेर मुटु बाहिर निकाली (*सिफोद्यः* लाई) चढाउँछन्।

यसप्रकार *मूःबाहाँ* को भोगबलि लिइसकेपछि *नवदुर्गा गण* आफ्नो परम्परागत विश्रामस्थल (*पालि*) तर्फ लाग्छन्। त्यहाँ आ-आफ्ना *ख्वाःपाः*लाई यथास्थानमा राखिसकेपछि सुर्योदय नहुन्जेलसम्मन् विश्राम गर्छन् वा सुत्छन्।

प्याखं (नाच) ' "डा लाकेगु प्याखं" प्रदर्शन - दोश्रो दिन

बिहानपख *नर्की* ले नित्यपूजा गरिसकेपछि नृत्य-आरम्भ गणेशले गर्छन्। त्यसपछि क्रमशः *ब्रम्हायणी, माहेश्वरी, कुमारी, विष्णुवी (भद्रकाली), गणेश* र *वाराही* (चित्र संख्या १९) ले नाच प्रदर्शन गर्छन्।[११३] अनि *डा लाकिगु* नाट्य-प्रदर्शनका लागि *सिम्बः* र *दुम्बः* (चित्र संख्या २०) देखापर्छन्। यस क्रममा *सिम्बः* चूप लागेर बस्छन्; *दुम्बः*ले *डा लाकेगु* गर्छन्।[११४]

नेवार लोकजीवनमा निकै नै प्रसिद्ध एवं नाचकै पर्यायालङ्कारकै रूपमा समेत प्रयुक्त रहँदै आएको *डा लाकेगु* शब्दले सामान्य अर्थमा 'माछा मार्ने' वा समात्ने भन्ने कुरा बुझिन्छ। *नवदुर्गा नाच*को प्रसङ्गमा यस अत्यन्त लोकप्रिय प्रदर्शनमा 'मान्छेरूपी' माछा मार्न वा समात्न (प्रतीकात्मक दार्शनिक

११०। यसरी सुंगुर छाडेर सो सुंगुरलाई लखेट्ने निश्चित इलाका स्थलगत अन्वेषणका आधारमा निम्नलिखित ११ स्थानमा देखापर्न आएको छ- *अष्टमातृका*गणका पीठका ८ इलाका; भैरवनाथको इलाका - चुपिंघाट १ र सिम्ब+दुम्बका इलाका - *सिम्ह ख्यः+ दुम्ह ख्यः*२
उक्त प्रसङ्गमा *इन्द्रायणी पीठ*को इलाका - *यामिख्यः* बाहेक अन्यत्र इलाकामा एक-एकवटा मात्र सुंगुर छाड्ने चलन छ। तर *यामिख्यः*मा खौमाटोलको सरस्वतीमन्दिरको तर्फबाट - १, सम्बद्ध टोलवासीका तर्फबाट - १ तथा सोही टोल एवं टोल परिसरका ७ बहाल (*१.कुथुबहाल २.दथुबहाल ३.थथुबहाल ४.सन्तनबहाल ५.नासमनाबहाल ६.खौमाबहाल ७.दुवसीबहाल*) का तर्फबाट ७ वटा गरी जम्मा ९ वटा सुंगुर छाड्ने चलन छ। यताबाट अन्यत्रको भन्दा *यामिख्यः*मा सम्पन्न हुने *मू बाहां लिकेगु* विधान पृथक एवं भव्य देखापर्छ।

१११। यसरी लखेट्ने क्रममा मुकुण्डो लगाइँदैन; त्यस्तै बोल्दैनन् वा कुराकानी हुन नपाओस् भन्नाका लागि (ध्यान भङ्ग नहोस् भन्ने अभिप्रायले) रुमाल मुखमा च्यापेका हुन्छन्।

११२। अहिले प्रचलनमा आएको यस नेपाली शब्दको पूर्व रूप नेपालभाषाको लोक-नाट्योक्ति *लित... लित....काल....काल....* हो कि भन्ने अनुमान हुन्छ।

११३। तर हिजोआज गणेश र वाराहीका अतिरिक्त अन्य गणहरूले त्यसरी नृत्य प्रदर्शन गर्न छाडिसकेको देखिनआएको छ।

११४। यस विधाको पहिलो प्रदर्शन (मध्यान्हकालतिर) *दुम्बः*ले गर्छन्, दोश्रोपल्ट (सन्ध्याकालतिर) श्वेतभैरवले गर्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र संख्या : १९ दोस्रो दिनको नाचको पूर्वार्द्धमा *सिफोद्यः* (महालक्ष्मी) अघिल्तिर वाराही नाच प्रस्तुत गर्दैछिन्। स्थान :- इच्छुटोल।

चित्र संख्या : २० *सिम्बः* र *दुम्बः* > 'डा लाकेगु' -प्रदर्शनको तयारीको क्रममा। स्थान :- इच्छुटोल।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिप्रेक्ष्यमा) जालीरूपी *पुलु* (मान्द्रो)[११५] आ-आफ्नो *डा लाकेगु* - प्रदर्शनका क्रममा (*दुम्बः* र *श्वेतभैरक्ले*) मान्छेको भीड जम्मा भएको ठाउँतिर फाल्छन्। यहाँनिर आइपुग्दाको दृश्यले बडो जोशपूर्ण, उत्तेजक एवं मनोरंजनपूर्ण 'खेल' वा 'जात्रा' कै रूप लिन पुगिसकेको हुन्छ।[११६] उत्तेजित भीडका केटाकेटी एवं तन्नेरीहरूले आ-आफ्ना मुख थपथपाएर 'हा.... हा....' गर्दै, जिस्क्याउँदै पक्रनका निमित्त चुनौती दिइरहेका हुन्छन्; त्यस्तै *दुम्बः* वा *श्वेतभैरक्ले* (आ-आफ्नो *डा लाकेगु*का क्रममा) चनाखो भीडको चुनौतीलाई स्वीकार गर्दै, आफ्नो समीप आउन हातको इशाराले प्रति-चुनौती दिंदै हुत्तिएर लखेट्न पुग्छन्।[११७] यसरी जिस्काउने-लखेट्ने यो रोमान्चकारी खेल (चित्र संख्या २१, २२, २७) का क्रममा लखेट्दा कोही समातिन पुगेको खण्डमा *सिफोद्यः* अघिल्तिर लगेर क्षमा-याचना गर्न लगाई, दक्षिणा चढाउन लगाई मुक्त गरिन्छ।[११८]

*दुम्बः*को *डा लाकेगु* प्रदर्शनसम्म आइपुग्दाको समयलाई नाचको पूर्वार्द्धको रूपमा मान्न सकिन्छ। *दुम्बः*को सो लोकप्रिय प्रस्तुतीकरणपछि नाचको उत्तरार्द्ध *महाकाली-नृत्य* (चित्र संख्या २३ क,ख) बाट आरम्भ हुन्छ। महाकालीले आफ्नो पहिलो चरण ('*छ खः*') को नाचमा खड्ग र खट्वाङ्ग लिएर त्रिकोणाकार रूपमा नाच्छन्। सो पहिलो चरणको नाच पूरा भएपछि नृत्य-वृत्तबाट बाहिर गई केही क्षण विश्राम लिन्छन्। अनि सोही समयमा त्यहाँ *सिति भैलद्यः पिकाय्गु* (श्वेतभैरवको एकल *द्योः ब्वयेकेगु*) विधान गरिन्छ। सो विधानमा श्वेतभैरवलाई सेतो खास्टो ओढाई, सेतो कुखुरा चढाई अनेक उपचारसहित पूजाकर्म चलाइन्छ (चित्र संख्या २४)।

त्यसपछि महाकालीको दोश्रो चरण (*न्य खः*) को नाच शुरु हुन्छ। यस दोश्रो चरणमा महाकालीले खड्ग मात्र लिएर नाच्छन्। सोही क्रममा श्वेतभैरवले नृत्य-वृत्तभित्र प्रवेश गरी *डा लाकेगु*

११५। सम्बद्ध वनमाला एवं स्थानीय बासिन्दाहरूका अनुसार सो *पुलु*मा पहिले जिउँदा-माछा नै टाँस्ने चलन थियो; आजभोलि त्यसका चारैतिर माछाका चित्रमात्र लेखिएका हुन्छन्।
तन्त्रप्रधान नेवारी धर्म-संस्कृतिमा *पुलु* -'भैरव' वा सोही सदृश मान्य, पूज्य छन्। यसो हुँदा मानिस मर्दा पनि 'मान्द्रो' मा बेन्हेर मसान लगिन्छ; मान्द्रोसहित चितामा राखिन्छ; टौमढीटोलको *भैरवमन्दिर*को बाह्यभित्तामा झुण्डयाइएको *मसानभैरवको चित्र* 'मान्द्रो' मा लेखिएको छ। *नवदुर्गा गण*का *श्वेतभैरव* र *दुम्बः*ले माछा मार्न फाल्ने 'पुलु' ले पनि यो *भैरव*सितै सम्बद्ध छ भन्ने कुराको पुष्टि मिल्छ।
- रमापतिराज शर्मा, "हामीकहाँका भैरव - एउटा अध्ययन" *पासूका,* वर्ष ३, अंक १०, आषाढ, वि.सं. २०५६, पृ.५

११६। नवदुर्गानाच एक सफल 'लोक-नाट्य' को रूपमा पनि प्रदर्शित हुँदै आएको कुरा यसमा देखापर्ने रम्यताका आधारमा पनि जानिन्छ। यसले *भरत नाट्यम्*को 'काव्यषू नाटकम् रम्यम्' भन्ने उक्तिलाई स्मरण गराउँछ।

११७। यहाँनिर विचारणीय कुरो के छ भने (यसरी लखेट्दा) *दुम्बः* वा *श्वेतभैरव* सम्बद्ध टोलको निश्चित इलाकाभन्दा बाहिर गएर लखेट्दैनन्। यताबाट पनि कुन टोलको सिमाना कहाँसम्म फैलिएको छ भन्ने कुरा थाहा पाउन सकिन्छ।

११८। माछा-जीवलाई झुक्याएर समात्नु परे जस्तै मनुष्य-जीव रुपी माछालाई पनि श्वेतभैरव र दुम्बःले भीडबाट झुक्याएरै समात्छन्। चंचल र असंयमित हुँदाको परिणाम नराम्रो हुन्छ भन्ने सत्य उद्घाटित गरे झैं यसरी पक्राउमा पर्नेको 'दशा बिग्रन्छ', 'अशुभ हुन्छ' भन्ने जनविश्वास रहेको पाइन्छ। त्यस्तै, *सिफोद्यः*कै अनुमतिमा *दुम्बः* र *श्वेतभैरक्ले* 'माछा मार्ने' औ समातेका 'माछा' पनि तिनलाई नै बुझाउने कुरा भावात्मक रूपले बुझिन्छ। त्यसरी नै मान्छेरूपी माछा मार्ने यस खेलमा *नवदुर्गा गण*को उद्भव एवं मान्छेको भोगबलि लिने कथाको प्रतीकात्मक-झलक मिल्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाच प्रस्तुतीकरणका निमित्त महाकाली छेउ अनेक हाउभाउ गरी खुशी पार्ने प्रयत्न गर्छन् (चित्र संख्या २५)।[११९]

चित्र संख्या : २१ इच्छुको आफ्नो निर्धारित इलाकामा मान्छेरूपी माछालाई लखेटेर फर्कंदै > दुम्बः।

तर महाकाली चाहिँ श्वेतभैरवको पटक-पटकको हाउभाउबाट झन्-झन् रिसाउँदै रिसको आवेशमा श्वेतभैरवको खास्टो नै खोस्न पुग्छन्।[१२०] अन्तमा केही सीप नलागेर स्वेतभैरवले कुखुरा देखाएर महाकालीलाई फकाउँछन्।

११९। आजभोलि प्रायः एकै चरणमा मात्र सीमित हुनपुगेको देखिन्छ। शायद यसैकारण महाकाली र श्वेतभैरव समष्टिरूपमा एउटै चरणमा देखापर्न थालेका छन्।

१२०। नवदुर्गानाच 'भाव-नृत्य' पनि हो। यस प्रकारको नृत्यमा संवाद नभएर सांकेतिक भाव-दृश्यकै प्रस्तुतीकरणको प्रधानता रहने परिप्रेक्ष्यमा महाकाली रिसाउनुको मूल अभिप्राय - आफ्नो पहिलो चरणकै नाचमा महाकालीले 'खड्ग' र 'खट्वाङ्ग' ट्वाक ...ट्वाक् ... जुधाउँदै (तीनपटक सम्मन्) श्वेतभैरवलाई माछा मार्नका लागि बोलाइरहेका हुन्छन्। अतः यसरी बोलाउँदा पनि छिटो नआएको हुँदा वा ढिलासुस्ती गरेको हुँदा सोही कारण श्वेतभैरवदेखि महाकाली रिसाएकी हुन् भन्ने कुरा जानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र संख्या :२२ इच्छुटोलको आफ्नो निर्धारित इलाकामा पुनः लखेटदै *दुम्बः* । यस क्रममा *दुम्बः* वा *श्वेतभैरवले* सीमा-इलाका नाघेर चाहिँ लखेटदैनन् ।

चित्र संख्या :२३ (क) नाचको उत्तरार्ध्दमा *सिफोबः* अघिल्तिर नृत्य प्रदर्शन गर्दै महाकाली । *(स्थान : इच्छुटोल)*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र संख्या :२३ (ख) "*थंयु राजकुल* (*थायु लाय्कु*) को राजकीय चहल पहल अब छैन; सो राजकुल मात्र नभएर यसको अहिले म उभिएको परिसरको सुन्दर '*सिद्धि चुक* ' (*पिथु*) पनि छैन; तर पूर्व-स्मृति र राजकुलप्रतिको सम्मान चाहिँ अहिलेसम्मन् पनि जीवितै छ; हाम्रो नाच र हामी *नवदुर्गा गण* यसका साक्षात् प्रमाण छौं । अनि म यसरी नै हरेक वर्ष यस ठाउँमा देखा परेको हुन्छु ; यसरी नै आफ्नो विशिष्ट नृत्य देखाउन ....।" तत्कालीन *थंयु राजकुल*को '*पिथु*' (राजकुलको पूर्वपट्टिको बाह्यस्थान) वा '*सिद्धि चुक*' (राजा जितामित्र मल्लले राखेको नाम) परिसरमा (हाल यालाछेंटोल परिसर) नृत्य-आरम्भको क्रममा महाकाली । (स्थान :) *थायु लाय्कु / यालाछेंटोल* (वैशाख,२०५९) (चित्र साभार :) सूर्य प्रसाद श्रेष्ठ ।

चित्र संख्या: २४ प्रायः इच्छुटोलमा गरिने 'सिटि भैलचोः पिकाय्गु' विधानको क्रममा । प्रस्तुत चित्रमा स्वेतभैरवले सेतो खाष्टो आढेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सो कुखुरा पाएपछि महाकाली फुरुङ्ग हुँदै वृत्तबाट बाहिर जान्छन्। त्यसपछि (नाचको अन्तिम चरणमा) श्वेतभैरवको *डा लाकेगु* नाच (नक्सा संख्या १४) आरम्भ हुन्छ।



चित्र संख्या :२५ रिसाएकी *महाकाली*लाई अनेक हाउभाउद्वारा खुशी गर्ने प्रयत्न गर्दै *श्वेतभैरव*, अनि *महाकाली* चाहिँ उनको हाउभाउबाट झन् बढ्ता रिसाउँदै ओढेको खास्टो नै खोस्न लागिरहेकी छिन्। स्थान : *थाथु लाय्कु/ यालाछें* (वैशाख, ०५९)। (चित्र साभार): सूर्य प्रसाद श्रेष्ठ

"*डा लाकेगु*" नाच शुरु हुनुपूर्व श्वेतभैरव बाजा-गण समक्ष विशेष मुद्रामा उपस्थित हुन्छन्।[१२१] अनि श्वेतभैरवलाई सर्वप्रथम दक्षिणा चढाउन उनको प्रतीक्षा गरिरहेका भीडमा तँछाड-मछाड चल्न थाल्छ। भीडले भरिएको आफ्नो निश्चित सीमाभित्रका मार्गमा उनी आफ्ना सहायकका साथमा सवारी हुँदा श्रद्धालु भक्तजनहरूबाट अझ बढ्ता दक्षिणा चढाइन्छ। (चित्र संख्या २६ क,ख) यो प्रक्रिया पूरा भएपछि अन्तमा उनी आफ्नो रोचक '*डा लाकेगु* ' नाच प्रदर्शनका निमित्त '*पुलु* ' लिन आफ्नो गण भएका स्थानमा फर्कन्छन् र यो दोश्रो वा अन्तिम चरणको श्वेतभैरवको सन्ध्याकालीन '*डा लाकेगु* ' नाच-प्रदर्शन यसै रोचक क्षणलाई निकै आतुरीका साथ पर्खिबसेका चञ्चल भीडमा '*पुलु* ' फालेर आरम्भ हुन्छ। त्यसपछि मध्यान्ह कालको *सिम्ब: दुम्ब:*को नाचमा झैं यस चरणको नाचमा पनि जिस्क्याउने (भीडले), लखेट्ने (श्वेतभैरवले), तितर वितर हुने गरी अत्तालिएर भीड भाग्ने, समात्ने, फुत्कने जस्ता *भीड* र *भैरव* बीचका ती जोशपूर्ण गतिविधि[१२२] (चित्र संख्या २७ क,ख,ग) मा एउटा

१२१। नाच संगीत - नियत छ; श्वेतभैरव 'नृत्यनाथ' सदृश छन्। यस अर्थमा बाजागण समक्ष उनको त्यस प्रकारको विशेष उपस्थितिले बाजागण प्रतिको आदर सम्मान एवं नृत्य-प्रस्तुतिका लागि औपचारिक अनुमतिका गूढ भावनालाई दर्साएको प्रतीत हुन्छ।

१२२। यसको चर्चा माथि भइसकेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परम्परागत नाच सँगसँगै वर्तमानमा पनि एउटा जीवन्त रूपको मध्यकालीन स्वस्थ एवं स्वाभाविक मनोरञ्जनपूर्ण खेल समेत दृष्टिगोचर हुन्छ ।



नक्सा संख्या : १४ मूल नगरका २१ टोलमा *डा लाकेगु* नाचका प्रसङ्गमा *सिफोद्यः*को खट राखिने स्थान सम्बद्ध टोलको मात्र नभएर *दुम्बः*को साथै *श्वेतभैरव*को लखेट्ने कार्यको पनि मूल विन्दुको रूपमा रहेको हुन्छ । लखेट्ने क्रममा *दुम्बः*ले झैं *श्वेतभैरव*ले पनि *सिफोद्यः*लाई केन्द्र मानेर सम्बद्ध टोलको निर्धारित निश्चित सिमाना उल्लंघन गरेका हुँदैनन् । तथापि तचपालटोल, याछेंटोल र मुलाखुटोलका सन्दर्भमा चाहिँ परम्परागत मार्ग हुँदै लखेट्ने क्रममा *जेंला, भोलाछें* र *भार्वाचोटोल*का सिमाना समेत समेटिन पुग्छन् । नक्सा साभारः गुश्चो र वासुकला, १९८५ ई.स. पूवोक्त, पृ. २८ संख्या १०)

'प्वाः स्याकेगु'/'वसः हेयगु' (पेट दुखाउने/लुगा धुने)

श्वेतभैरवले "*डा लाकिगु*" नाच सम्पन्न गरिसकेपछि अन्तमा अर्को रोचक विधान शुरु हुन्छ । त्यस विधानमा उनलाई 'पेट दुख्न थाल्छ' जुन '*प्वाः स्याकिगु*' नामले लोकप्रिय रहेको छ । अनि 'दोष पन्छउन' उनको पेट दुखेको निको पार्न *बालकुमारी* आइपुग्छिन् । तिनले केही अक्षता *श्वेतभैरव*लाई ढोग्न लगाई चारै दिशातिर छर्छिन् । त्यसपछि *श्वेतभैरव*को पेट दुखेको निको हुन्छ र उनी खुशी हुँदै *बालकुमारी*लाई छोरीलाई जस्तै माया गरी बोक्छन् आफ्नो खास्टो समेत तिनलाई स्नेहपूर्वक दिन्छन् ।[१२३] अनि त्यसपछि टोलवासीहरूले *श्वेतभैरव* र *बालकुमारी*लाई सँगै राखी पूजा गर्छन् ।

१२३।

क) आधुनिक रोग-उपचार पद्धतिको आगमन, प्रयोग एवं प्रचार सर्वव्यापी बन्न पुगे तापनि अनेक प्रकारका रोग निवारणकां लागि निश्चित देवदेवीको पूजा गरी 'दोष पन्छाउने;' स्नान तीर्थ गर्न जाने आदि केही परम्परा चाहिँ लोकजीवनमा अहिलेसम्मन् पनि जीवन्त रूपमा प्रचलित रहँदै आएको देखिन्छ । *श्वेतभैरव*को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र संख्या :२६(क) "दक्षिणा देऊ । रिसाएकी महाकालीलाई फकाउन कुखुरा ल्याईहाल्छु ।....." श्रध्दालु भक्तजनहरूबाट दक्षिणा ग्रहण गर्ने तरखरमा हात फैलाइरहेका श्वेतभैरव । स्थान : *थाथु लाय्कु*/वैशाख ०५९ (चित्र साभार :) सूर्य प्रसाद श्रेष्ठ ।

द्यःछें फिर्ती सवारी

सम्बद्ध टोलमा '*डा लाकेगु* ' नाचका क्रम पूरा गरिसकेपछि *सिफोद्यः* अघिल्तिर सबै गण एकपल्ट सामूहिक रूपमा नाच्छन् र त्यसपछि टोलबासीहरूबाट पूजा मान ग्रहण गरी "*धौबजि वालेगु*" आदि विधान गरी विसर्जन गरिन्छ ।[१२४] अनि अन्तमा *द्यःछें* फिर्ती सवारी चल्छ । यस क्रममा सम्बद्ध टोलवासीहरूले आदर सम्मान गरी *नवदुर्गा गण*लाई *द्यःछें*सम्मन् पुऱ्याउन जाने चलन छ ।[१२५] यसरी

'पेट दुख्ने' रोग *बालकुमारी*ले निको पारिदिने यस विधान वा प्रकरणमा पनि हाम्रो समाजमा पूर्वकालदेखि प्रचलित रहँदै आएको *परम्परागत उपचार-पद्धति* रोग निको हुन्छ' भन्ने प्रबल मनोवैज्ञानिक आस्था र विश्वास आदि दृष्टिगत् हुन्छ ।

ख) *श्वेतभैरव*को खुशीको एउटा अभिव्यक्ति 'वसः हियेगु' (लुगा धुने) विधानलाई पनि मान्न सकिन्छ । उनले आफ्नो प्रिय वस्त्र *बालकुमारी*लाई नधोइकन 'मैलो' पनि दिन सक्थे; तर त्यसो नगरी उनले धोएरै (धोएको अभिनय-प्रदर्शन) 'सफा' वस्त्र दिन्छन् । यताबाट पनि *नवदुर्गा गण*ले समाजमा *स्नेह, त्याग, उपकार एवं सम्मान तथा सुखी पारिवारिक जीवनका निश्चल भावना* आदि प्रकारान्तरमा प्रस्तुत गरिरहेको आभास हुन्छ ।

१२४। सामान्यतया टोलबासिन्दाद्वारा *'किसलि-रोटी,* फलफूल, *सम्हय् ब्व'* आदि चढाइन्छ । इच्छा हुने वा भाकल गरेकाले *मू बाहां* (सुंगुर) प्रसाद पनि चढाउँछन् । अनि कालभैरवको पूजा चल्छ र सबैलाई 'धौ बजि' प्रसाद बाँड्छन् ।

१२५। कतै कतै बाजा बजाएर पनि द्यःछें सम्मन् पुऱ्याइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवदुर्गा गण देवगृहतर्फ प्रस्थान हुँदा पनि समूहको अनुशासन र मर्यादालाई पालन गरी पंक्तिबद्धरूपमा अघि बढेका हुन्छन् ।

चित्र संख्या :२६(ख) "अब चाहिँ रिसाउन पाइन्न । यो *बाहां* लेउ र मलाई '*डा लाकेगु* ' गर्न देउ ।" रिसाएकी महाकालीलाई फकाउन सेतो कुखुरा लिएर आउँदै श्वेतभैरव । स्थान : *थायु लायकू* । (चित्र साभार) : सूर्यप्रसाद श्रेष्ठ ।



चित्र संख्या : २७(क) माछारूपी चञ्चल भीडका माझमा 'डा लाकिगु' नाच प्रस्तुत गर्दै श्वेतभैरव । स्थान : *थायु लायकू* । (चित्र साभार :) सूर्य प्रसाद श्रेष्ठ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चित्र संख्या :२७ (ख) *श्वेतभैरवलाई जिस्क्याइरहेका बालक-भीड*। स्थान : *थापु लाय्कू*। (चित्र साभार :) सूर्यप्रसाद श्रेष्ठ

चित्र संख्या :२७ (ग) "भीड पातलै छ अझै । तैपनि फनक्कै यसरी हुत्तिएर फर्कंदा एउटा फुच्चे 'माछो' कसो हात नपर्ला । (चित्र साभार :) सूर्य प्रसाद श्रेष्ठ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्य:छें पुगेपछि *नवदुर्गा गण* पुन: एकपल्ट आफ्नो टोल-आवास इलाकाको उत्तरी किनारामा पुग्छन्। अन्तमा, *महाकाली* र *वाराहीले द्यो:छें* अगाडिको खुल्ला चोक-बाटोमा नृत्य प्रस्तुत गरेपछि सबै देवगणले गृह-प्रवेश गर्छन्। सर्वप्रथम *सिफोद्य:* प्रवेश गर्छन् र अन्तमा *गणेश* र *बाजागण* प्रवेश गर्छन्। अनि तत्कालै *नवदुर्गा गण* आफ्नो मूल कक्षमा पुगिहाल्छन्।[१२६]

बुढेसकाल

प्राकृतिक मृत्युको निकट-पूर्वकाल 'बुढेसकाल' मा पाइला टेकेपछि 'सिद्धि हराउने', रिसाउने, कचकच गर्ने, पूर्ववत् जीवनका सुरताल नमिल्ने, आफैमा बिर्सने र हराउने, अन्तिम कालको कल्पना गर्दै दिन गन्न थाल्ने, अनि आफ्ना आफन्त, इष्टमित्र सबैसित भेट्ने, बिदावारी हुने इच्छा पलाउने आदि अनुभव लोकजीवनले देख्दै अनुभव गर्दै बटुल्दै ल्याइरहेको परिप्रेक्ष्यमा *नवदुर्गा गण*को 'मृत्यु' पूर्वका निम्नलिखित क्रियाकलाप वा तन्त्र प्रधान विधानहरूमा पनि सोही सदृश: जीवनको उत्तरार्द्धकाल - 'बुढेसकाल' हाम्रो सामुन्नेमा (प्रतीकात्मक रूपमा) दृष्टिगोचर हुन आइपुग्छ।

'गुरु लितेगु' (गुरुबाट प्राप्त गरेको तान्त्रिक सिद्धि पुन: गुरुलाई फिर्ता गर्ने)

अघि गुरुबाट प्राप्त गरेको मन्त्र दीक्षा वा गुह्य तान्त्रिक सिद्धि *नवदुर्गा गण*का निमित्त यथार्थमा 'गुरुको नासो' को रूपमा दृष्टिगोचर हुन्छ। *नवदुर्गा गण*ले आफ्नो वार्षिक कार्यतालिका अनुरूप *सिठि नखा अष्टमी*का दिन मूलनगरको २१ औं टोल -'*इच्छु*' मा वर्षको अन्तिम '*डा लाकेगु*' नाच प्रदर्शन गरिसकेपछि सोही स्थानमा तत्कालै '*गुरु लितेगु*' विधान शुरु गरिन्छ।[१२७] यस विधानमा *नवदुर्गा गणका आचाजु*ले तान्त्रिक पूजा अनुष्ठानद्वारा *नवदुर्गा गण*लाई 'शक्तिविहीन' तुल्याई मन्त्र शक्तिको वशमा पारेर '*कलांली*' मा राख्ने विधि गरिन्छ।[१२८] त्यस क्षणमा *आचाजु*ले गुह्य कर्म गरिरहँदा केही समय अघिसम्मन् स्वतन्त्र रूपमा विचरण गरिरहेका र निकै शक्तिसम्पन्न देखापर्ने *नवदुर्गा गण*का स्वभाव र व्यवहारमा अचानक परिवर्तन हुन थाल्छ।[१२९] अनि शिथिल, तर अझै उत्तेजित र *आचाजु*प्रति आक्रामक देखिने ती *नवदुर्गा गण*ले पूजा अनुष्ठान गर्न व्यस्त भइरहेका *आचाजु*लाई उनको पिठ्यूँ पछाडिबाट उनलाई 'सिध्याइहाल्ने' नियतले (भाव अर्थमा) थिच्न पुग्छन्। यो रोचक प्रकरण '*आचाजु*

१२६। तथापि केही क्षण भैरव चाहिँ चोकमा प्रसाद बाँड्न तल्लीन रहेका हुन्छन्।

१२७। 'राजोपाध्याय' ब्राम्हण परिवारहरूको परम्परागत बासस्थान इलाकाको दक्षिण-पश्चिम कुनाको 'फल्चा' (पाटी) सामुन्नेको खुल्ला चोकमा *सिफोद्य:* विराजमान हुने आधारमा सो स्थान परिसर *'नवदुर्गा छें'* अन्तर्गत रहेको दृष्टिगत् हुन आएको परिप्रेक्ष्यमा पनि (गुरुको इलाका) यसै स्थानमा सो विधान किन गर्नुपरेको हो भन्ने आशय खुल्छ।

१२८। नवदुर्गानाचको आविर्भावसित यो विधान सम्बद्ध रहेको ज्ञात हुन्छ। यसको चर्चामायि 'किंवदन्ती' उपशीर्षकमा भएको छ।

१२९। यस्तो आभास हुन्छ मानौं *नवदुर्गा गण* तान्त्रिक बन्धनमा फँस्न पुगेका छन् र सो बन्धनबाट मुक्त हुन उनीहरू अनेक असफल प्रयत्न गर्दैछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेलेगु नामले लोकप्रिय छ। तर *नवदुर्गा गण*ले जति पल्ट थिच्न, तर्साउन आएतापनि कत्ति पनि विचलित नभई निर्धक्क भएर '*होस याङ बिज्याके .....!*" (होस गरी सवारी होस् !) भनी *डमरु* बजाउँदै, चेतावनी दिँदै *नवदुर्गा गण*मा निहित 'मन्त्र शक्ति' फिर्ता लिने गुह्य अनुष्ठान गरि नै रहेका हुन्छन्। अनि अन्तमा *आचाजु*को त्यस प्रकारका गुह्य कारवाहीका कारण झगडालु एवं आक्रामक बन्न पुगेका *नवदुर्गा गण* आफ्नो 'शक्ति' क्षीण हुँदै गएपछि *आचाजु*लाई थिच्न समेत नसक्ने गरी 'कमजोर' बन्न पुग्छन् र त्यस अवस्थामा 'मन्त्र शक्तिले बाँधिएका' *नवदुर्गा गण*लाई *आचाजु*ले एउटा '*कंलाली*' मा राखेको भावले गुह्य विधि पूरा गर्छन्।

'शक्ति' नै नभएपछि बाँचेर पनि 'जीवन' अघि जस्तो चल्दैन। प्रतीकात्मक-दार्शनिक परिप्रेक्ष्यमा यही कुरा *नवदुर्गा गण*को 'मृत्यु' पूर्वको पहिलो विधान -'*गुरु लितेगु*' मा दृष्टिगत हुन्छ। अनि जीवनका चाल पनि सोही अनुरूप 'काल' (मृत्यु) का ढोकातर्फ चल्न थाल्छन्।[१३०]

'सी जा नकेगु' (मृत्यु अघिको अन्तिम भात-भोजन खुवाउने)

अघि '*मोहनी*' का बेलामा जीवत्व वा देवत्व प्राप्तिको औपचारिक मान्यताका निमित्त *तलेजु भवानी*बाट 'मन्त्र शक्ति' लिई साक्षात् - 'जीवित देवता' का रूपमा देखापरेका *नवदुर्गा गण*ले आफ्ना गुरुलाई 'मन्त्र दीक्षा' फिर्ता (*गुरु लितेगु* विधान) गरेको ९ दिनपछि *तलेजु मूलचोक*मा गई 'भौतिक देह' त्याग गर्नु ४ दिन अघि वर्षको अन्तिम मृत्युको भात - '*सीजा*' ग्रहण गरी मन्त्र शक्ति पनि फिर्ता गर्न वा गुमाउन पुग्छन्। मृत्युअघिको यो दोश्रो महत्वपूर्ण विधान पूरा गर्न साँझतिर *नवदुर्गा गण द्यःछें*बाट नवदुर्गा गण *ख्वप लाय्कूत*र्फ प्रस्थान गर्छन्। त्यहाँ *तलेजु आगम मन्दिर*स्थित *मूलचोक*मा पुगेपछि उक्त विधान शुरु हुन्छ। तलेजुबाट *नवदुर्गा गण*लाई बलिको शिर-भाग प्रसाद सहित '*सी जा*'[१३१] खुवाई सो विधान पूरा गरिन्छ। यसपछि *मूलचोक*मा नृत्य प्रस्तुत गरी *द्यःछें*तर्फ लाग्छन्।[१३२]

१३०। यस अर्थमा यस विधानलाई 'मृत्युको पहिलो सांकेतिक लक्षण' र यसको ९ दिनपछि गरिने दोश्रो महत्वपूर्ण विधान *(सिजा नकिगु)* लाई 'सुनिश्चित मृत्युको यथार्थ-बोध' का रूपमा पनि मान्न सकिन्छ।

१३१। यहाँ यस विधानका प्रसङ्गमा कालो तिल मिसाएर पकाइएको विशेष प्रकारको भातलाई *'सी जा'* भनिन्छ। 'कालो' वा 'खैरो' तिलको अपरिहार्य प्रयोग एवं अभिप्राय विशेष पूजा कर्म, उत्सव आदिमा विशेष रूपमा तन्त्रप्रधान नेवार सांस्कृतिक जीवनमा रहँदै आएको परिप्रेक्ष्यमा यसरी भातमा मिसाइएको कालो तिल *नवदुर्गा गण*का लागि चाहिँ 'अन्त्यकाल' को प्रतीकका रूपमा देखापर्न आएको छ। किनकि *नवदुर्गा गण*को आफ्नो जीवनकालको पहिलो र अन्तिम भोजन 'सी जा' हो। यसो हुँदा मृत्युलाई निम्त्याउने मृत्युको प्रतीक सो भात लोकजीवनमा सोही अनुरूप 'सिजा' (अन्तिम भोजन) प्रचलित रहेको जानिन्छ।

१३२। तलेजु भवानीकै एक उच्चतम् तान्त्रिक स्वरूप वा अंश जीवित रूपका *नवदुर्गा गण* पनि हुन्; *नवदुर्गा गण*को 'जीवन' र 'मृत्यु' को केन्द्रीय श्रोत तलेजु भवानी हुन् भन्ने कुरा यस विधानबाट पनि खुल्छ। अनि त्यस्तै *नवदुर्गा गण*ले मूलचोकमा प्रस्तुत गर्ने नृत्य तलेजुप्रतिको सम्मान् एवं वर्षको अन्तिम विदाइ भेटघाटका रूपमा पनि दृष्टिगोचर हुन्छ। विचारणीय कुरा के छ भने त्यसरी 'सिजा' खाएर 'मन्त्रसिध्दि' गुमाइसकेपछि 'मृत प्रायः' हुनपुगेका *नवदुर्गा गण*को नृत्य र संगीतका सुरताल आदि पनि अघिजस्तो जीवन्त लाग्दैन; असामान्य रूपमा अन्तर आइसकेको हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'भेलु तं चाइगु' (महाकाली रिसाउने)

तलेजुमा '*सी जा*' खाई मन्त्र शक्ति गुमाएर मरणासन्न अवस्थामा पुगेका *नवदुर्गा गण* सोही कारण *द्यो:छ्रेंतर्फ* फर्कंदा अघि झैं *डमरु* बजाएर गएका हुँदैनन्; *बाजागण*ले तीन मुख्य बाजा चाहिँ बजाएरै गएका हुन्छन् तर बाजाबाट निस्कने धुन अघि जस्तो सामान्य र साबिक नभएर 'सिद्धि विहिन' वा निष्प्राण भावका सुनिन थाल्छन्। त्यस्तै *द्य:छ्रेंभित्र* प्रवेश गर्दा *नकीं*बाट पहिलेको जस्तो स्वागत सत्कार पनि तिनले पाउँदैनन्।[१३३]

यसरी सरासर *द्य:छ्रेंभित्र* पसेपछि अन्य गणहरूले *महाकाली*लाई जिस्क्याउन थाल्छन्।[१३४] अनि त त्यसै पनि परिवारका अन्य सदस्यभन्दा बढ्ता उग्र स्वभावकी *महाकाली*लाई त्यसरी सबैले जिस्क्याउन थालेपछि निकै भयानक रूपमा क्रोध उत्पन्न गर्दै रीसको आवेगमा बजाउन निषेधित भइसकेको *डमरु* समेत बजाउँदै देवगृहको मूल प्रवेशद्वार खोली आफ्नो सामुन्नेमा गणका वा अन्य जोसुकै पर्न आएतापनि तत्कालै त्यहीं सिध्याइहाल्ने वा भोगबलि नै लिइहाल्ने घातक अभिप्रायले हान्निएर बाहिर निस्कन्छन्।[१३५]

यसरी *महाकाली* रिसाउने यो डरलाग्दो खतरापूर्ण विधान लोकजीवनमा '*भेलु तं चाइगु*'[१३६] नामले प्रसिद्ध छ। त्यसरी *महाकाली* रिसाउन थालेपछि अन्य गणहरूमा भय र आतङ्क मच्चिन थाल्छ; अनि यताउति सुरक्षित ठाउँमा लुक्न पुग्छन्। त्यस खतरनाक स्थितिमा सुरक्षाका लागि *नकीं*ले ढोका

१३३। हरेक महत्वाकांक्षी जीवनको उत्कर्षकाल 'शक्ति' मा अडेको हुन्छ; समाजले यथार्थमा त्यसबखत उसलाई नभएर ऊसित रहेको (कुनै पनि स्वरूपका) 'शक्ति' लाई मानिरहेका हुन्छन्। अनि शक्ति नहुँदाको ओह्रालो लागेको जीवन जतिसकै 'ठूलो' रहिसकेको भएतापनि थन्क्याउन थाल्छन्। यस्तै आशयका सामाजिक-व्यवहारीक जीवनका झलक् यस मार्मिक क्षणमा दृष्टिगोचर हुन्छ। त्यस्तै त्यस क्षणमा नकींले *नवदुर्गा गण*लाई घचेट्दै 'किन अबेला गरी आएका।' भन्ने भावमा उल्टो हेप्ने व्यवहारले पारिवारिक जीवनको झलक्लाई समेत दर्शाइरहेको आभास हुन्छ।

१३४। त्यसरी जिस्क्याउनुको मूल तात्पर्य यस्तो छ - "तलेजुमा हामीले मात्र अन्तिम भोजन-ग्रहण गरेका होइनौं क्यारे। तिमीले पनि खाएका छौ। तिमी पनि चट्।....."

१३५।

क) *महाकाली*को चढ्दो रिस र डरलाग्दो व्यवहार अनि *डमरु* बजाउँदै देवगृह बाहिर आउनुको मूल आशय अन्य गणका लागि निम्न रूपमा प्रत्युत्तरात्मक देखिन्छ - "के भन्ठानेका छौ तिमीहरूले मलाई। त्यस्तो जावो भोजन गरेर चट् भइहाल्ने चानचुने हुँ र म। लौ हेर, यो डमरु पनि बजाउन सक्छु। अनि हेरी बस्नु, तलेजुबाट मन्त्रसिध्दि लिएर म तुरुन्त आइहाल्छु; मेरो मार्गमा मलाई छेक्न आउने कसैलाई पनि बाँकी राख्दिन।....."

ख) यसै प्रसङ्गमा केही दशकअघि (२०१८-१९ ?) *महाकाली*ले आफ्नै गणमध्येका एकजनालाई घाइते तुल्याइदिएको कुरा सुन्नमा आएको छ। यताबाट कहिलेकाहीं गण-समूहबीचका आपसी सल्लाह र नियन्त्रणभन्दा बाहिरका गतिविधि पनि हुनसक्ने सन्दर्भतर्फ दृष्टिगत् गर्दा *नवदुर्गानाच* 'नाटक प्रधान' वा अभिनयमा मात्र सीमित नरहेर 'दैवीय शक्ति' का आधारमा चल्ने नाच पनि हो भन्ने कुरा जानिन्छ। यस कुराको थप पुष्टि '*ख:भेय् ब्वाकिगु*' बाट पनि गर्न सकिन्छ। सो जात्राका बेलामा भीडको माझमा भीडले लखेटिएको, रक्सी खुवाएर मत्ताइएको उत्तेजित राँगोका कारण जो कोही पनि घाइते मात्र होइन मर्न पनि सक्छन्।

१३६। 'भैरव' लाई नेवारीमा 'भैल:' भनिन्छ। भैरवकै शक्ति 'भैरवी' *(महाकाली)* लाई सोही अनुरूप नवदुर्गानाच लगायतका अन्य गणनाचहरूमा 'भेलु' पनि भनिएको पाइन्छ। भक्तपुरमा *महाकाली*लाई व्यवहृत हुने यो प्राकृत नाम अब निकै कम बूढापाकाहरूका माझमा मात्र प्रचलित रहेको देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बन्द गर्छिन्; *महाकालीले* चाहिँ घचघच्याएर फोर्ने दुष्प्रयास गर्छिन्। अन्तमा नहडबडाइकन *नर्कलि* विधिपूर्वक पूजा गरी, सम्झाई बुझाइकन *महाकालीको* रीसलाई शान्त पारी उनलाई देवगृह भित्र्याउँछिन्।

मृत्यु*

तान्त्रिक दृष्टिमा *नवदुर्गा गणको* मृत्युवरण '*सी जा नकिगु*' विधानमै दृष्टिगत हुन्छ। '*मृत्यु*' लाई जीवले मात्र नभएर जीव र जगतका रक्षक देवताले समेत कति असहज रूपमा स्वीकार गर्नु पर्दोरहेछ भन्ने कुराको प्रतीकात्मक दार्शनिक उदाहरण '*भेलु तं चाइगु*' प्रकरणबाट प्रस्तुत हुन आउने प्रसङ्गतर्फ विचार गर्दा *नवदुर्गा गणको* 'मृत्यु' भइसकेको कुराको औपचारिक संकेत/मान्यता '*भेलु तं चाइगु*' विधानलाई मान्न सकिन्छ। अनि भौतिक रूपको 'मृत्यु' चाहिँ *भगस्थी* (आषाढ कृष्ण अष्टमी/भलभल अष्टमी) का रातमा वरण गर्न पुग्छन्।[१३७]

अन्तिम यात्रा - '*न्हयसः त्वः चाहिकेगु*'[१३८]

१३७। हाम्रो समाजमा प्रायः निश्चित उमेर पुगेपछि हुने (स्वाभाविक वा सहजावस्थाको) 'प्राकृतिक -मृत्यु' को आदर्श सिध्दान्त एवं मान्यतालाई प्रकारान्तरमा नवदुर्गा गणले आफ्नो यस 'भौतिक-मृत्यु' को माध्यमबाट पालना गर्दै आइरहेको दृष्टिगत् हुन्छ। भगस्थी - रोपाइँ कार्य ('सिन्हाज्या') को औपचारिक आरम्भ दिन पनि हो। यसकारण नवदुर्गा गणका निमित 'जल-प्रवेश' गरी यथेष्ट जल वृद्धि गराइदिन पनि त्यस रातको आफ्नो 'मृत्यु' नैतिक आदर्शका कुरा मात्र नभएर कृषक समाजका निमित्त समेत पनि व्यवहारमा अनिवार्य आवश्यकता हुन जाने कुरा दृष्टिगोचर हुन्छ।

१३८। *नवदुर्गा गणको* यो यात्रा आफ्नो अघिल्लो औपचारिक नगर आगमनका बेला निर्धारित २१ टोलको निश्चित इलाका (*मूल-नगर*) को अन्तिम परिक्रमाका रूपमा देखापर्छ। सामान्यतः '*न्हय्सः त्वः*' को अर्थ ह्वाट्टै - 'सातसय टोल' भन्ने लागेतापनि मूलतः २१ टोलको मूलनगरबस्तीबाट त्यस कुराको व्यवहारिक पुष्टि मिल्दैन। नेपालभाषामा '*सः*' को अर्थ 'तैल्यशाला' (कोल) भन्ने पनि लाग्छ। यसलाई आधार मानेर 'न्हय्सः त्वाः' को अर्थ निकाल्दा 'सातवटा तेल पेल्ने *सः* भएका टोल' भन्ने बुझिन्छ। प्रकारान्तरमा यस कुराको व्यवहारिक पुष्टि नगरभित्रका टोलहरूलाई - १. ***ब्रम्हायणी क्षेत्र*** (नगरको माथिल्लो भाग) २. ***चण्डेश्वरी क्षेत्र*** (मध्यभाग) र ३. ***वाराही क्षेत्र*** (तल्लो भाग) मा केन्द्रीकृत गरी - 'धःनेया न्हय्सः त्वाः', 'दथुया न्हय्सः त्वाः' र 'कोनेया न्हय्सः त्वा' का रूपमा मान्ने धार्मिक मान्यताबाट पनि मिल्छ। यसरी यस प्रमाणले पनि तीन मुख्य धार्मिक क्षेत्रमा विभक्त नगरमा समग्रमा '२१ वटा तेल पेल्ने *सः* भएका मुख्यटोल' रहेको देखाएको छ। यस कुराको पनि थप प्रामाणिक पुष्टि - तीन चरणमा २१ टोलमा प्रस्तुत गरिने *नवदुर्गा गणको* 'डा लाकेगु' नाच (नक्सा संख्या ११) बाट मिल्छ।
अहिलेको भक्तपुर नगरमा मुश्किलैले केही संख्यामा मात्र तैल्यशाला (*सः*) अस्तित्वमा छन्। तर उहिलेको *भक्तपुर राज्य* तेलका लागि आत्मनिर्भर थियो भन्ने कुरा माथिका प्रमाणले पनि देखाएको छ। बत्ती बाल्न वा उज्यालोका लागि, खानाका लागि, स्वास्थ्यका लागि, नित्य नैमित्तिक पूजा/पर्व आदिका लागि तेल नभई नहुने हुँदा तेल उत्पादन गर्ने *सःमि* (मानन्धर) वर्ग पनि *नवदुर्गा गणकै* दृष्टिमा समेत सांस्कृतिक रूपमा महत्वपूर्ण छन्। अनि यसरी नेवार-सामाजिक रहन सहनमा 'तेल-संस्कृति' पनि दृष्टिगत् हुन्छ। विचारणीय कुरो के छ भने *नवदुर्गा गणको* वासस्थान (*घःछें*) पनि शायद सोही अनुरूप *सालमिहरूकै* बस्ती-परिसरमा रहेको छ। आधुनिक जमानामा बिजुली बत्तीको आधिपत्य कुनाकाप्चा सर्वत्र फैलिएको छ र *नवदुर्गा घःछें* सम्मन् पनि पुगेको छ; तर स्मरण रहोस् अहिलेसम्मन् पनि नवदुर्गा गण विराजमान हुने 'मूल कक्ष' मा चाहिँ बिजुलीबत्ती निषेधित रहेको छ; परम्परागतरूपमा मधुरो प्रकाश छर्ने तेल-बत्ती नै उपयोग हुँदै आइरहेको छ। मौलिक परम्परा संरक्षणको उत्कृष्ट उदाहरण यसले प्रस्तुत गरेको छ।

---

* *मेरो लागि विचित्र संयोगको कुरो छ। यो भाग लेख्ने क्रममा पुग्दा मेरा भाउज्यू मृत्युशैय्यामा हुनुहुन्थ्यो। यसो हुँदा यो भाग श्रद्धेय स्व. भाउज्यू मीरा श्रेष्ठप्रति श्रद्धासुमन समर्पित गर्दछु।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

 CC-0. In Public Domain. Digitization by eGangotri

*नवदुर्गा गण*ले अन्तिम-यात्राका लागि देवगृहबाट प्रस्थान गर्नु पूर्वसम्म पनि सर्वसाधारण भक्तजनहरू आ-आफ्ना गच्छे अनुसार भोगबलि प्रसाद (*मू बाहां*) सहित वर्षको अन्तिम दर्शन पूजन गर्न जान्छन्। अन्तमा देवगृहका *नर्की*बाट अन्तिम विदाइको औपचारिक मान्यता प्राप्त गरेपछि मूल प्रवेशद्वारबाट अन्तिमपल्ट बाहिर निस्कन्छन्। अनि यसरी 'अन्तिम यात्रा' आरम्भ हुन्छ। यस यात्राका क्रममा *नवदुर्गा गण* आफ्नो परम्परागत प्रदक्षिणा-मार्ग हुँदै आफूले मान्नुपर्ने उच्चतम देवदेवीलाई अन्तिमपल्ट सम्मान/मान्यता एवं दर्शन गरी, नगरवासीलाई अन्तिम विदाई दर्शन दिई अन्तिम यात्रा ('*डा लाकेगु*' नाच प्रस्तुत गरिने २१ वटा टोलका परिप्रेक्ष्यमा - मूल नगर वा देश परिक्रमा) पूरा गरेपछि पुनः एकपल्ट आफ्नो वासस्थान (*द्यःछें*) सामुन्ने आइपुग्छन् र देवगृहभित्र पस्ने व्यर्थ प्रयास गर्छन्।[१३९] *नर्की*ले *द्यःछें*को ढोका बन्द गरी पस्न नदिएपछि अन्ततः अन्तिम संस्कारका निमित्त घाट चलाइन्छ।

'ख्वापा उयेगु' > 'जले बिज्याइगु' (मुकुण्डो जलाउने > जल-प्रवेश गर्ने)

यसप्रकार उक्त प्रसङ्गमा 'प्राकृतिक मृत्यु' ले रन्थनिएका *नवदुर्गा गण* त्यसपछि आफ्नो अन्त्येष्टि कर्म (प्राकृतिक मृत्युको संस्कारगत अन्त्य)[१४०] का क्रममा ढुनमुनिँदै सर्वप्रथम *सुजमाह्नी*टोलमा आइपुग्छन्। अनि १३ वटै '*ख्वाःपाः*' *सुजमाह्नी दबु*[१४१] मा विधिवत् रूपले राखिसकेपछि अघि महाअष्टमीका दिनमा जस्तै सम्बद्ध वनमालाहरूले यसपल्ट पनि एउटा भेंडालाई त्यसको गर्दन छिन्न मात्र बाँकी हुनेगरी घिटी-घिटी पारी झण्डै-झण्डै हिरिक्कै हुने अवस्थामा पुऱ्याइसकेपछि सबैले आफ्नो समूहभित्रका गुह्य कुरा प्रकाशमा नल्याउने र यदि कसैले ल्याएको खण्डमा उसको पनि त्यस्तै दुर्दशा हुनेछ भनी '*पा फय्केगु*' (शपथ लिने) विधान गर्छन्। यसपछि *च्यामासिंह ध्वाखा* पुग्दा-नपुग्दै सम्बध्द वनमालाहरूले आभूषण उर्ताछन्।[१४२] अनि १३ वटै शवरूपी *ख्वाःपाः*लाई विधिवत् सेतो वस्त्रले ढाकी,

---

१३९। *ब्रम्हायणी, माहेश्वरी* र *विष्णुवी*ले चाहिँ त्यस्तो प्रयास गर्दैनन्। किनकि उनीहरूलाई थाहा छ - 'लासको यात्रा घरमा होइन, घाटमा चल्छ!'

१४०। सभ्यताको सूचक संस्कारलाई पनि स्वीकार गर्दा यस दार्शनिक अर्थमा प्राकृतिक अवस्थालाई समेत पार गरी विकसित हुनपुगेको दोश्रो रूप 'संस्कार' मै दृष्टिगत् हुन्छ। प्राकृतिक जन्मपछि गरिने संस्कार कर्मद्वारा जसरी 'दोश्रो जन्म' हुन्छ; त्यसरी नै प्राकृतिक मृत्युपछि गरिने अन्तिम संस्कार कर्मले पहिलो अवस्थाको मृत्यु (प्राकृतिक) लाई 'दोश्रो अवस्था (संस्कार)' दिएको हुन्छ।

१४१। नवदुर्गा गणले पहिलो नाच प्रस्तुत गर्ने नगर इलाकाभित्रको पूर्वी छेउमा पर्ने यस *सुजमाह्नी* टोलको (ब्रम्हायणीपीठ जाने) केही भिरालो परेको मूलमार्गको दक्षिणपट्टि झण्डै जमीन सतहबाट एकतल्ला माथि उठ्ने गरी बनाइएको डबलि स्थानीय जनजीवनमा 'सुजमाह्नी दबु' नामले प्रसिद्ध छ।

१४२। ने.सं. ५७३ मा तात्कालिक राजधानी नगर भक्तपुरलाई बाह्य आक्रमणबाट सुरक्षित तुल्याउन राजा यक्ष मल्लले पूरै नगरवस्तीलाई खाई पर्खालले घेरी ठाउँ ठाउँमा किल्ला रूपका मजबुत ढोकाहरू पनि बनाउन लगाएका थिए। तीमध्ये पूर्वतर्फबाट नगर पस्ने एउटा ढोका 'च्यामासिंह ध्वाखा' पनि हो। सुजमाह्नी टोलको केही भिरालो परेको मूलमार्गमा सो ढोकाको प्रस्तर-अवशेष मात्र अहिले छ। यहाँनिर दृष्टिगत् हुने महत्वपूर्ण कुरो के छ भने ढोकाको त्यस प्रस्तर अवशेषले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बद्ध वनमालाहरूले (मलामीका रूपमा) ती *ख्वा:पा:* आ-आफ्ना काँधमा बोकी, मुखमा रुमाल च्यापी (नबोल्न), '*सी बाजं*' बजाउन लगाई नगर इलाका बाहिरको पूर्वमा अवस्थित *ब्रम्हायणीपीठ*को मसान घाटमा (चित्र संख्या २८) दाह संस्कार कर्म गर्न लैजान्छन्।[१४३] सो मसानमा *नवदुर्गा गण*का *ख्वा:पा:*लाई चितामा राखेपछि '*काल भैरव*' को भूमिका निर्वाह गरेका वनमालाले दागबत्ती दिन्छन्। अनि *ख्वा:पा:* जलाइन्छ। यसरी नेवार समाजमा मानिसको मृत्यु हुँदा सम्पन्न गरिने अन्त्येष्टि संस्कार सदृश *नवदुर्गा गणका ख्वा:पा:* जलाउने वा दाह संस्कार गर्ने विधानलाई '*ख्वा:पा: उयेगु*' भनिन्छ।

ख्वा:पा: जलाइसकेपछि खोलामा 'भष्म-प्रवाह' गरिन्छ; कलशभित्रको जल र माछा खोलामा छाड्ने 'जल-प्रवेश' विधान (*जले बिज्याकेगु*) गरिन्छ। यसरी खोलामा माछा छोड्ने प्रकरणलाई '*डा तोतेगु*' भनिन्छ। यसप्रकार अन्तमा *नवदुर्गा गण*को 'जल-प्रवेश' पश्चात् सबैले खोलामा स्नान गरी परालको आगो तापेर फर्कन्छन्। यता कृषक जनजीवनमा चाहिँ त्यसपछि मन-मस्तिष्कमा नवदुर्गाभवानीको स्मरण गर्दै *अष्टमातृका/ नवदुर्गा*को लोकलयमा गीत गाउँदै 'वर्षभरिलाई पुग्ने' अन्न उत्पादन गर्ने आकांक्षा दिई निश्चिन्त भएर रोपाईं कार्यमा जुटिसकेका हुन्छन्। दिन बित्दै जान्छ र फेरि '*गाथामुग: चन्हे*' आइपुग्छ; '*सिन्हाज्या*' (रोपाईं कार्य) पनि औपचारिक रूपमा सकिन्छ; अनि यसरी घुमिफिरी 'मर्त्यलोक' मा नयाँ *नवदुर्गा गण* 'लोकको रक्षा गर्न' पुन: जन्मन्छन्।[१४४]

मूल नगर बस्तीको 'भित्र' र 'बाहिर' को लाई छुत्याउँछ (यसैकारण सो ढोका परिसरलाई 'ध्वाखासि (सीमान्त ढोका) भनिन्छ। *नवदुर्गा गण*ले यसै 'ध्वाखासिं' सम्मन्मा आइपुग्दा त्यसरी आभूषण उतार्ने चलनले पनि सोही कुराको पुष्टि मिल्छ। हाम्रो समाजमा झकिझकाउ वस्त्र आभूषणले सजिएर मलामी जाने चलन छैन। *नवदुर्गा गण*को 'शवयात्रा' मा पनि यही कुरा चरितार्थ हुन आउँछ।

१४३। माथिल्लो नगरका ७ टोल - 'थ:नेया न्हय्स: त्वा:' को क्षेत्र *ब्रम्हायणी* मान्य रहँदै आएको परिप्रेक्ष्यमा सोही अनुरूप *ब्रम्हायणीपीठ* सँगैको मसानघाट पनि 'सात वटा मसानको समूह' का रूपमा प्रचलित रहँदै आएको पाइन्छ। यसरी सात भागमा विभक्त यस मसानघाटको क्रमश: **पहिलो भागको मसानमा** - *नवदुर्गा गणका ख्वा:पा:*, **दोश्रो भागको मसानमा** - *नाय् (कसाही)*, **तेश्रोमा** - *कौ (नकर्मी)* + *पुं (चित्रकार)*, **चौथोमा** - *स:मि (मानन्धर)*, **पाँचौंमा** - *पानी चल्ने जात (सबै)*, **छैठौंमा** - *खुस* र **सातौं भागको मसानमा** - *क:मि (सिकर्मी)* हरूका लास जलाइन्छन्। समाजशास्त्रीय र नृतत्वशास्त्रीय अध्ययन अनुसन्धानका दृष्टिले पनि उपयोगी र महत्वपूर्ण देखिन आउने यसप्रकारको यस्तो चलन अन्यत्रका मसानघाटमा चाहिँ विलुप्त भइसकेको देखिन्छ।

पूर्वीय दर्शनपद्धतिमा आधारित हाम्रो समाज र संस्कृतिमा सोही अनुरूप *सूर्य पूजा, स्नान तर्पण, पूजाकर्म* आदि 'पूर्व दिशा' तर्फ फर्केर गर्ने चलन छ। त्यस्तै घाट चलाउँदा पनि पूर्वतर्फ लानुपर्ने मान्यता प्रचलित रहेको पाइन्छ। यही कुरा *नवदुर्गा गण*को 'शवयात्रा' मा पनि दृष्टिगत् हुन्छ। त्यस्तै *अष्टमातृका नवदुर्गा गण*का प्रसङ्गमा *ब्रम्हायणी* 'प्रथम मातृका' हुन्। यताबाट *ब्रम्हायणीपीठ*कै मसानघाटमा दाह संस्कार गर्न लैजानुको अभिप्राय खुल्छ।

मौलिक विचार साभार: विनोदराज शर्मा

१४४। पुरानो जीवनयात्राको अन्त्य र नयाँ जीवनयात्राको आरम्भ 'मृत्यु' पश्चात् हुन्छ; पञ्चतत्वले बनेको नाशवान 'शरीर' *कहिल्यै नष्ट नहुने* अजर-आत्माको *अस्थायी वासस्थान* मात्र हो; यसकारण 'जीवन' र 'मृत्यु' रूपी शरीरमा 'आत्मा' को *अनन्त यात्रा क्रम* पनि चलिरहन्छ। चरम उत्कर्षमा पुगेको भौतिक विज्ञान जगत् अहिले पनि 'आत्मा' 'जीवन' र 'मृत्यु' का रहस्यलाई पत्ता लगाउन मै तल्लीन देखापर्छन्। तर पूर्वकालदेखि नै विकसित अध्यात्मवादी पूर्वीय दर्शनले शरीरमा बास गर्ने 'आत्मा' को सर्वोपरि सत्तालाई स्वीकार गरी 'मृत्यु' पछिको 'नयाँ' चोला वा 'जीवन' लाई - 'मृत्यु' अन्तिम सत्य होइन, मृत्युपछि पनि 'जीवन' छ भन्ने मान्यता एवं धारणालाई प्रस्तुत गरेको छ। दार्शनिक लोक-मान्यता र चिन्तन पनि सोही अनुरूप प्रचलित रहँदै आएको पाइन्छ। अनि यसैको एउटा सफल प्रयोगात्मक प्रस्तुतीकरण यसरी *नवदुर्गा गण*को 'मृत्यु' र 'पुनर्जन्म' मा पनि दृष्टिगत् हुन आइपुग्छ।

उक्त सन्दर्भमा *नवदुर्गा गण*को 'जीवन', 'मृत्यु' र 'पुनर्जन्म' चक्रका अनन्त यात्राक्रमका मूल आधार वा आत्मा *कलशभित्रको माछा* रहेछ भन्ने कुरा *डा तोतेगु* विधानबाट पनि ज्ञात हुन्छ। स्थानीय लोकमान्यतामा पनि यही छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसैकारण *नवदुर्गा गण* जीवित रहुन्जेलसम्मन् बडो जतनका साथ गुह्य रूपमा त्यस 'आत्मारूपी' माछालाई कलशमा राखी सो माछा (आत्मा) (काल नआएसम्मन् ; अप्राकृतिक मरण/दुर्गतिलाई छल्न) उम्कन नपाओस् भन्ने हेतुले सो कलशलाई *सिफोस्वाँ* (रक्त करवीर पुष्प) ले प्रायः पूरै छोपेर राखिएको हुन्छ। यसरी कलशलाई नदेखिने गरी ढाकेर राख्न *सिफोस्वाँ* नै किन चाहियो भन्ने कुरा पनि यहाँनिर विचारणीय हुन आउँछ। खास प्रकारका विशेष फल वा पुण्य प्राप्तिका लागि खास जातका पुष्पले सम्बद्ध देवदेवीलाई पूजाकर्म चलाउने मात्र नभएर त्यस्ता पुष्पलाई नै सम्बद्ध मूलदेवदेवी रूपमै मान्ने चलन विशेषगरी शाक्त तान्त्रिक कर्मकाण्डमा बढ्ता लोकप्रिय रहँदै आएको पाइन्छ। तन्त्रप्रधान नेवार-धार्मिक जीवनमा लोकप्रिय रहँदै आएका *सिफोस्वाँ, जिस्वाँ, धन्चास्वाँ, नलास्वाँ, हिफोस्वाँ, लाफोस्वाँ, मूस्वाँ, लक्ष्मीस्वाँ, पलेस्वाँ, अजिस्वाँ, अक्षस्वाँ, महाबःस्वाँ, जगानास्वाँ, उफोस्वाँ, गुनालुस्वाँ* आदि (डा. जगदीश चन्द्र रेग्मी 'फूलपाती धार्मिक दृष्टिमा' *नेपाली संस्कृति*, वर्ष ४, अङ्क ३, २०५५, पृ.५,६) उदाहरण स्वरूप छन्। (मुण्डमालातन्त्र, शारदातिलक, प्रबन्धसार, विश्वसारतन्त्र, पुरश्चरणसोल्लास आदि) अनेक तान्त्रिक ग्रन्थहरूमा वर्णित नामका पुष्पहरू (*करवीर पुष्प, जवा पुष्प, कमल, कुमुद, नवमालिका, पुन्नाग, मालती, कुन्द, मन्दार, पद्म* आदि - सोही, पृ.३-६) पनि उक्त कुराको साक्षीका रूपमा छन्। पुरश्चरणसोल्लास ग्रन्थमा *करवीर पुष्प* अर्थात *सिफोस्वाँ* तथा *जवापुष्प*लाई - "करवीरं जवा देवि / स्वयं काली न चान्यथा। तारा च अपरा चैव स्वयं त्रिपुरसुन्दरी॥" (सोही, पृ.४) भनेर साक्षात् *काली, तारा, अपरा* र *त्रिपुरसुन्दरी* नै मानिएको यस प्रमाणका आधारमा *नवदुर्गा गण*को अधिष्ठात्री देवी ***त्रिपुरसुन्दरी***को - 'गुह्य अस्तित्व' कलशमा विद्यमान *सिफोस्वा*मा दर्शनीय हुन आइपुग्छ। यसरी तान्त्रिक परिप्रेक्ष्यमा *नवदुर्गा गण*मा देखापर्ने *त्रिपुरसुन्दरी*का दुई गुह्य स्वरूपमध्ये *खिंवाजा*मा विद्यमान **'नृत्यश्वरी'** कै पहिलो र मूल स्वरूप कलशमा विराजमान ***सिफोस्वाँ*** नै हुन् भन्ने कुरो पत्ता लाग्छ। त्यस्तै *करवीर पुष्प* - 'सिफोस्वा' ले पूजाकर्म गरेमा कार्य कुशलता बढ्ने, नरकबासमा नपर्ने, देवीलोकमा जान पाउने, महाघोर, महाउत्पात, महाआपत्ति र संकटका अवस्था नाश हुने, साधक स्वयं शिवप्रिया जगत्माताका शिव सदृशः हुने, इच्छित मनोकांक्षा पूरा हुने आदि शास्त्रसम्मत र लोकसम्मत मान्यता प्रचलित रहेको पाइन्छ।

मरेपछि (शीरमा) चिना बेहि चिताकै साथमा जलाइन्छ। प्रतीकात्मक दार्शनिक परिप्रेक्ष्यमा सो चिनो मृत्युपछिको 'नयाँ यात्रा' का निमित्त नभई नहुने *परिचय-पत्र* सदृश देखापर्छ। (मौलिक विचार साभारः विनोदराज शर्मा) *नवदुर्गा गण*का परिप्रेक्ष्यमा चाहिँ सो 'परिचय-पत्र' जल (खोला) प्रविष्ट गराइएका माछामा दृष्टिगोचर हुन्छ। यस अर्थमा 'प्रकृति' रूपी जलमा 'आत्मारूपी' माछाको अनुवर्तनले समाजमा - *जहाँबाट आयौं : त्यहीं जाऊँ* भन्ने पारलौकिक भावको दार्शनिक सन्देश प्रस्तुत गरिरहेको प्रतीत हुन्छ।

प्रयोगात्मक तन्त्रको दार्शनिक संसारमा मानव शरीर स्वयं पनि 'तन्त्रमय' छ भन्ने कुराको एउटा उदाहरण *षट्चक्र चिन्तन सिद्धान्त* पनि हो। यस सिद्धान्तको प्रयोग योग साधना, तान्त्रिक पूजाकर्म आदिमा मात्र नभएर मानिसको मरणमा पनि व्यवहारिक रूपमै प्रयुक्त रहँदै आएको परिप्रेक्ष्यमा सोही अनुरूप तुलनात्मक रूपले *नवदुर्गा गण*को 'मृत्यु' मा पनि दृष्टिगत हुन्छ। यसकारण - 'मृत्यु' *नवदुर्गा गण* वा साधारण मानिस, जो सुकैको किन नहोस्; उक्त सिद्धान्तका आधारमा यसको व्यवहारिकतातर्फ चिन्तन गर्दा शरीरमा - *मृत्युको आगमन - विस्तार* र *प्रस्थान*का '६ मुख्य चरण' देखापर्छन् - १) *मूलाधार* (इडा पिङ्गला/घुँडा) पहिलो चरण हो। यस चरणमा 'मृत्यु' को शुरुवात खुट्टादेखि हुन्छ; खुट्टा चिसो हुन्छ; 'मृत्यु' गुप्तेन्द्रीय हुँदै > २) *स्वाधिस्थान* (नाभि प्रदेश) मा पुग्छ। यसै क्रममा > ३) *मणिपुर* (उदय प्रदेश) > ४) *अनाहत* (हृदय प्रदेश) हुँदै > ५) *विशुद्धि चक्र* (कण्ठ प्रदेश) मा 'प्राणवायु' वा 'मृत्यु' अड्किन आइपुग्छ। कण्ठ प्रदेशमा 'प्राणवायु' नअड्किई स्वात्तै गएमा वा हिरिक्कै भइहालेमा 'सरल-मरण' भएको मानिन्छ। तर यस चरणमा पनि मृत्यु नभएमा प्राण वायु > ६) *आज्ञा चक्र* (दुई नेत्र वा मस्तक) मा पुग्छ; सामान्यतया यस चरणमा आइपुग्दा 'मृत्यु' हुन्छ; नेत्र बन्द हुन्छ। शायद यसैकारण लास जलाउँदा सो लासको *मस्तक* पड्किनुपर्छ; त्यसो नभएसम्मन् पूर्ण रूपमा मृत्यु भएको हुँदैन; किनकि प्राण वायु मस्तकमा अड्किएको हुन्छ र *मस्तक* पड्केपछि मात्र 'प्राण मुक्त हुन्छ' भन्ने मान्यता प्रचलित रहेको पाइन्छ। त्यस्तै जलिरहेको लासको खुट्टा र मस्तकतिर नभएर सो *'लासको दायाँ बायाँतर्फ बस्नुपर्छ'* भन्ने धारणा पनि रहेको पाइन्छ।

*नवद्वार*ले युक्त चलायमान मन्दिररूपी मानव शरीरका ती 'नवद्वार' (*आँखा, कान, नाक, मुख, मुत्रद्वार, गुदद्वार*) मध्य कुनैपनि द्वारबाट प्राण त्याग हुनसक्छ। तर *गुप्तेन्द्रिय*बाट (मुत्रद्वार, गुदद्वार) प्राण त्याग भएमा चाहिँ लौकिक जीवनमा 'साऱ्है नराम्रो वा निम्न कोटीको मरण' मानिन्छ। त्यस्तै साधारण मानिसमा प्राणवायुलाई *आज्ञा चक्र* भन्दा पनि उच्चस्तर *सहस्रार चक्र* (समाधि स्थल) मा पुऱ्याउने क्षमता हुँदैन ; तर *षट्चक्र*लाई सक्रिय रूपले संचालन गरी आफ्नो वशमा राख्न सक्ने सच्चा सिध्द योगी साधकहरूले चाहिँ - 'मृत्युलाई समेत छली *सहस्रारचक्र*मा प्राणवायुलाई पुऱ्याउन सक्छन्' भन्ने सिध्दान्त एवं मान्यतातर्फ दृष्टिगत् गर्दा 'परापर' वा 'जड चेतन' अवस्थामा पुगेको शरीरलाई आधुनिक चिकित्सा विज्ञानले **'clinically dead'** भनेतापनि *षट्चक्र चिन्तन सिद्धान्त* र व्यवहारले तत्काल त्यसरी 'मृत्यु' को औपचारिक मान्यतालाई स्वीकार गर्दैन; त्यस्तो अवस्थामा शरीरलाई हठात् जलाइहालेमा 'जघन्य अपराध हुनेछ'; *किनकि साधकले आफ्नो प्राणवायुलाई सो अवस्थाबाट तल झार्दै पुनः पहिलेकै अवस्था वा जीवनमा फर्कन सक्छन्* भन्ने प्रयोगात्मक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मान्यतालाई अघि सारेको देखिन्छ । यहीं *षट्चक्र चिन्तनको सिद्धान्त* लाक्षणिक रूपमा *नवदुर्गा गण*को 'मृत्यु' र 'पुनर्जन्म' मा पनि प्रयुक्त रहँदै आएको दृष्टिगोचर हुन्छ । भौतिक रूपमा *नवदुर्गा गण*को मृत्यु भएतापनि त्यस अवस्थामा यो *सहश्रारचक्र* वा *परापर* अवस्थामै स्थिर रहने कुरा यसको सिद्धान्त एवं सर्वोच्च तान्त्रिक स्वरूप कर्म आदिका आधारमा ज्ञात हुन्छ । *परापर* स्वरूपका सर्वोत्कृष्ट उदाहरण सदाकाल अस्तित्ववान् *सिफोद्यः* र *कलश* हुन् । यसै प्रसङ्गमा *ख्वाःपाःधारी गण*का 'परमात्मा' का रूपमा देखापर्ने *सिफोद्यः* र *कलश* - 'भौतिक देहरूपी' गणका 'नयाँ यात्रा' वा 'पुनर्जन्म' का 'मूल' वा जीवनदायिनीका रूपमा देखापर्छन् । प्रतीकात्मक दार्शनिक परिप्रेक्ष्यमा पनि *सहश्रारचक्र*का **जड** - *सिफोद्यः* र **चेतन** अवस्था *कलश*लाई मान्न सकिन्छ । यसै परिप्रेक्ष्यमा *सिफोद्यः* **पुरुष** तथा *कलश* **प्रकृति**का रूपमा मात्र नभएर पात्र र गणहरूको अवतार दिनसक्ने *अवतारी* पनि हुन् भन्ने कुरा जानिन्छ ।

क) *उर्ध्वगामि* र *अधोगामि* गरी दुई प्रकारले 'मृत्यु' हुने मान्यता छ । *नाभि*भन्दा माथिबाट 'प्राणवायु' निस्की मृत्यु भएमा *उर्ध्वगामि* र त्यसभन्दा मुनिबाट निस्केमा *अधोगामि* मानिन्छ । *उर्ध्वगामि* मृत्युलाई 'भाग्यमानी' मानी सद्गतिमा पर्ने र *अधोगामि मृत्यु*लाई 'अभागी' ठानी अधोगतिमा पर्ने धार्मिक लोक विश्वास प्रचलित छ ।

ख) मौलिक विचार साभार : विनोदराज शर्मा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ३

जनजीवनमा नवदुर्गा गण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवदुर्गा गण आफ्नो आविर्भावकालदेखि नै जनजीवनमा विशेषगरी सुरक्षा र समृद्धि प्रदान गर्ने साक्षात् जीवित देवताका रूपमा प्रसिद्ध रहँदै आएको छ । अनिकाल, महामारी, भूकम्प जस्ता प्राकृतिक प्रकोपबाट बच्न, युद्धताका सैन्य तथा जनताका हौसला बढाई मनोबल उँचा पार्न र आफ्ना कुनै खास अभिष्ट सिद्धिका लागि पनि विशिष्ट रूपमै उपासित रहँदै आएको दृष्टिगोचर हुन्छ । पूर्वकालदेखि नै देश, समाज र लोकसंस्कृतिका यावत् पक्षलाई यस भित्रकै एक अभिन्न अङ्गका रूपमा समाविष्ट गरी आफ्ना नाच एवं अनेक विधान/संस्कारका माध्यमबाट ऐनासदृश: यथार्थ प्रस्तुतीकरण *नवदुर्गा गण*ले स्वाभाविक ढङ्गले सफलतापूर्वक गर्दै आइरहेको परिप्रेक्ष्यमा पनि समग्र देश (तत्कालीन स्वतन्त्र भक्तपुर राज्यका प्रसङ्गमा) र यसभित्रका जनजीवन एवं तिनका यावत् पक्ष पनि **नवदुर्गामय** रहँदै आएको आभास हुन्छ । यताबाट पनि यसको अपार लोकप्रियताको पुष्टि मिल्छ ।

'९' संख्याको समूहको मान्यता प्रयोग र महत्व

*नवदुर्गा गण*का सन्दर्भमा निश्चित संख्याको प्रयोग विशिष्ट प्रयोजनका निमित्त प्रतीकात्मक एवं बहुअर्थीय दार्शनिक महत्वका आधारमा समेत व्यापक रूपले प्रचलित रहँदै आएको कुरा निम्नलिखित अनेक थरीका ९ संख्याका समूहले पनि स्पष्ट हुने जानिन्छ -

संख्यात्मक महत्वका दृष्टिले १ देखि ८ अङ्कको समूहमा विशिष्ट संयोजनका रूपमा पूर्णरूपको ९ अङ्क दृष्टिगत् हुन आउने कुरा निम्नलिखित प्रयोगात्मक उदाहरणबाट मिल्छ -



माथि प्रस्तुत त्रिकोणमय मालारूपी चित्रमा १+८ = ९ , २+७ = ९ , ३+६ = ९ र त्यस्तै ४+५ = ९ दृष्टिगत् हुन आउने प्रसङ्गले पनि प्रकारान्तरमा *अष्टमातृका* + *त्रिपुरसुन्दरी* = *नवदुर्गा* प्रकट हुने कुरा जानिन्छ । यसरी *नवगदुर्गागण*को यन्त्राकार-अवस्थितिले कहिल्यै नछुट्टिने शक्तिशाली संयुक्त परिवारको अवधारणालाई पनि प्रस्तुत गरिरहेको प्रतीत हुन्छ ।

प्रचलित लोकवादका आधारमा २४ तथा *नवदुर्गा गण*का परिप्रेक्ष्यमा २१ मुख्य टोल र ३ उपटोल गरी समग्रमा २४ टोलले युक्त यन्त्राकारमय भक्तपुरको मूल नगरबस्ती नौवटा प्रमुख स्थानमा अवस्थित मातृकागणका आधारमा समग्र बस्ती सोही अनुरूप निम्नलिखित नौवटा प्रमुख इलाकामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभक्त रहेको विदित हुन्छ - १.ब्रम्हायणी इलाका *(वाताडो)* २.माहेश्वरी इलाका *(कुल्माडो)* ३.कुमारी इलाका *(क्वाछेंडो)* ४.वैष्णवी इलाका *(नकिंजुडो)* ५.वाराही इलाका *(याकतिडो)* ६.इन्द्रायणी इलाका *(इलमाडों)* ७.महाकाली इलाका *(अजिमाडो)* ८.महालक्ष्मी इलाका *(मसांडो)* ९.त्रिपुरसुन्दरी इलाका *(तुवुजुडो)* = **नवदुर्गा ।**

उक्त प्रसङ्गमा सम्बद्ध इलाकाका मातृकासित सम्बद्ध टोल इलाकाका जनजीवनका अनेक सुखद् वा दुःखद् सांस्कृतिक उत्सव वा क्रियाकलापहरू पनि विशेष रूपमा आबद्ध रहँदै आएको पाइन्छ । त्यस्तै सांस्कृतिक सान्निध्यता एवं विकासको एउटा उत्कृष्ट उदाहरण सम्बद्ध मातृकापीठ इलाकामा देखापर्ने निम्नलिखित घाट र मसान पनि हुन् [१]-

१. ब्रम्हायणीपीठ ➤ ब्रम्हायणीघाट + मसान
२. माहेश्वरीपीठ ➤ कुमाखुसीघाट + मसान
३. कुमारीपीठ ➤ पसिंख्यघाट + मसान
४. वैष्णवीपीठ ➤ चुपिंघाट + मुदीप (मूल मसान)
५. वाराहीपीठ ➤ मूलतीर्थघाट + मसान
६. इन्द्रायणीपीठ ➤ भैलह्यूघाट + मसान
७. महाकालीपीठ ➤ कालीघाट + मसान
८. महालक्ष्मीपीठ ➤ पेंकीचोलाघाट + मसान
९. त्रिपुरसुन्दरीपीठ ➤ हनूमान्घाट + मसान[२]

यसरी उक्त परिप्रेक्ष्यमा तन्त्रप्रधान नेवार सांस्कृतिक जनजीवनका जन्मदेखि मृत्युसम्मन्का अनेक विधिविधान/संस्कार, दीक्षाग्रहण, पीठपूजा आदि आ-आफ्ना सम्बद्ध मातृका र घाट एवं मसानसित पनि अभिन्न रूपमा सांस्कृतिकृत रहँदै आएको आधारले नगरबस्ती बसाईको स्वरूप/संरचना आदि मात्र नभएर जनजीवनका अनेक पक्ष पनि नवदुर्गामय रहेको दृष्टिगोचर हुन्छ ।[३]

नेपाल उपत्यकाका गणनाचहरूमा (*मनमैजु* - इन्द्रायणीदेवीको नाच, *खोकना* - रुद्रायणी वा शिकालीदेवीको नाच, भक्तपुरको नवदुर्गानाच आदि) मुकुण्डोधारी गणसंख्या सामान्यतया १३ वटा देखापर्छन् । विचारणीय कुरो के छ भने नेवार-भोज खान प्रयोगमा ल्याइने पातका थाली (*भ्वय् लप्ते* पनि १३ वटै पात गाँसेर बनाउने चलनमा पनि सोही सदृश प्रतीकात्मक रूपमा मातृकागणको झझल्को

१। डा. पुरुषोत्तम लोचन श्रेष्ठ – भक्तपुरका घाट एवं पोखरीहरू, श्री ५ को सरकार पुरातत्व विभाग तथा भक्तपुर नगरपालिकाको प्रयोजनका निमित्त आइ.डि.आर.एस.मा प्रस्तुत स्थलगत अनुसन्धान प्रतिवेदन, काठमाडौं, वि.सं.२०५७, पृ.३ ।

२। दक्षिणपूर्वबाट *भद्रा*, उत्तरपूर्वबाट *वीरा* नदी बहँदै ती दुई नदीका दोभानमा जमीन मुनीबाट उद्भव हुने *तमसा* नामका नदीका जलसित मिसिएर बहने हुँदा यसै धार्मिक महत्व एवं विशेषताका कारण ती तीन नदीका संगमस्थल *त्रिवेणी* – परिसरमा बनेको यो घाट सोही अनुरूप त्रिपुरसुन्दरीपीठसित सम्बद्ध रहेको दृष्टिगत् हुन्छ ।

३। जीवित देवता नवदुर्गा गणको वासस्थान "द्यःछें" ब्रम्हायणीपीठ इलाका अन्तर्गत पर्छ । यसो हुँदा सर्वसाधारणका सन्दर्भमा मात्र नभएर नवदुर्गा गणकै मृत्यु हुँदा अन्यत्र नलगी ब्रम्हायणीघाटको आफ्नै मसानमा दाहसंस्कार गर्ने चलनबाट पनि उक्त कुराको प्रामाणिक पुष्टि मिल्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिल्छ ।[४]

देश (अहिलेसम्मन् पनि व्यवहृत हुँदै आएको पूर्वकालिक मूलनगर/उपनगरका परिप्रेक्ष्यमा) का चार दिशा चार कोण र मध्यभागमा तान्त्रिक सुरक्षार्थ *अष्टमातृका/ नवदुर्गा* प्रतिष्ठापित गरिए झैं सोही सदृश भौतिक देहको सुरक्षार्थ स्त्रीहरूका चोलो र पुरुषहरूका दौरामा बाँध्ने ८ संख्याका तुना *अष्टमातृका*का प्रतीकका रूपमा देखापर्छन् । अनि त्यस प्रकारको पहिरनले सुसज्जित र सुरक्षित तुल्याइएको भित्रको भौतिक देहलाई पनि संख्यात्मक रूपमा समाविष्ट गर्दा शाक्त दर्शनको *अहं देवी न चान्योस्मि...* को स्मरण मात्र नभएर प्रत्यक भौतिक देहमा जीवित रूपका रक्षकदेवता नवदुर्गा पनि प्रतीकात्मक दार्शनिक भावले दृष्टिगत हुन्छ ।

भक्तपुरका सर्वोच्च देवता भैरवनाथलाई *नवदुर्गा गण*कै रूपमा पूजा चलाइने कुराको चर्चा माथि पनि भइसकेको छ । यस कुराको एउटा जीवन्त झलक प्रयोगात्मक रूपले बिस्केटजात्रा ताका पनि दर्शनीय हुन आउँछ । उक्त जात्रा ताका भैरवनाथको रथ र सोही अनुरूप लिङ्गो ठड्याउन र ढाल्न त्यसमा बाँधिने ८ वटा डोरी (चित्र संख्या २८) जनजीवनमा *अष्टमातृका*का प्रतीकका रूपमा प्रसिद्ध छन् । ती ८ डोरी र लिङ्गबीचको संख्यात्मक वैशिष्ट्यतर्फ दृष्टिगत गर्दा एकीकृत रूपका सर्वोच्चदेवी - नवदुर्गाभवानीको भाव पनि प्रकट हुन आउँछ ।

स्थानीय जनजीवनमा ९ संख्याको प्रतीकात्मक पक्षको प्रयोग नवौं पूर्णिमा (*गुन्हि पुन्हि* - जनै पूर्णिमा) का दिनमा पनि दृष्टिगोचर हुन्छ । त्यस दिनमा ९ प्रकारका वस्त्र धारण गरी, ९ प्रकारका भोजन/गेडागुडी ग्रहण गरी, ९ वटा पूर्वाभिमुख ढुङ्गेधारामा[५] तीर्थस्नान गर्ने चलन मान्यता रहेको पाइन्छ । यस चलनको मूल अभिप्राय भौतिक देहको सुरक्षा एवं पुण्यप्राप्तिसित रहेको जानिन्छ ।

उक्त परिप्रेक्ष्यमा जनजीवनका विविध पक्षमा बेग्लाबेग्लै महत्व पाउँदै आएका ९ प्रकारका अनेक विषयमध्ये केही निम्नलिखित नाम पनि प्रसङ्गवश यहाँ प्रस्तुत गरिन्छ ।[६]

नवरत्न – सुरक्षा र समृद्धि हेतु लिङ्गनिर्माण देखि गृहनिर्माण गर्दा पनि धन लगायत नवरत्न राख्ने चलन अहिलेसम्मन् पनि रहँदै आएको पाइन्छ । शिवमहापुराण अनुसारका नवरत्न यसप्रकार छन् - १.माणिक २.मोति ३.मुगा ४.हीरा ५.पुष्पराज ६.पन्ना ७.नीर ८.गोमेद (लाव) ९.करकेतन ।

त्यस्तै *शुक्रनीतिसारमा वर्णित नवमहारत्न* यसप्रकार छन् - १.वज्र (हीरा) २.मोती ३.मुंगा ४.गोमेद ५.इन्द्रनील ६.वैदूर्य ७.पुखराज ८.पाचि ९.माणिक्य ।

नवग्रह र तिनका प्राप्तिका लागि प्रयुक्त नवरत्न :- १.सूर्य-माणिक्य २.चन्द्र-मोती ३.मङ्गल-मुंगा ४.बुध-पाचि ५.वृहस्पति-पुखराज ६.शुक्र-वज्र ७.शनिश्चर-इन्द्रनील ८.राहु-गोमेद ९.केतु-वैदूर्य ।

४। मौलिक विचार साभार - हरिराम जोशी - हिन्दू देवी देवता, पूर्वोक्त, पृष्ठ २२ ।

५। ती पूर्वाभिमुख ढुङ्गेधारा निम्न स्थानमा देखापर्छन् - १.सूर्यविनायक मन्दिर जाने उकालो बाटोको पश्चिममा २.बजिगांचाहिटी - भार्वाचो टोलको दक्षिण पुछारमा ३.भुलभुलुहिटी - नासमना टोलको मूलबाटोको उत्तर किनारमा सानो दबूसँगै ४.भौध्वाखाहिटि - चण्डीभगवतीस्थान अगाडि ५.टिबुक्छें टोलको दुरूपोद्यो: देखि पश्चिममा चोकभित्र ६.बुलबुलहिटी - टिबुक्छें-सुकुलढोका ७.तुलाछें - त्रिपुरसुन्दरीपीठबाट पश्चिमपट्टि ८. सुकुलढोकास्थित त्रिपुरविद्यापीठ आगमचोकको पश्चिमपट्टि ९.भिन्चोहिटि - तचपालटोलस्थित भीमसेनमन्दिर पछाडि ।

६। मौलिक विचार एवं श्रोत साभार - हरिराम जोशी – अभिनव संस्कृति कोष, काठमाडौं, नवीन्द्रराज जोशी, सुशीलराम जोशी, वि.सं .२०५८, पृ.२७९-२९४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवआसन – १.स्वस्तिक २.गोमुख ३.पद्म ४.वीर ५.सिंह ६.भद्र ७.मुक्त ८.मयूर ९.सुख ।

प्रतिमा निर्माणका लागि आवश्यक नवधा द्रव्य – १.हिरण्य २.रजत ३.ताम्र ४.शिला ५.काष्ठ ६.सुधा ७.शर्करा ८.आभास ९.मृत्तिका ।

नवगोप्य कुरा – १.आयु २.धन ३.गृहच्छिद्र ४.मन्त्र ५.मैथुन ६.औषधी ७.दान ८.मान ९.अपमान ।

नवविध मनुष्य – निम्नलिखित नौ प्रकारका मानिसहरूसित वैर गर्नु कल्याणकारी हुँदैन – १.शस्त्री (शस्त्रधारी) २.मर्मी (भेद थाहा पाउने) ३.प्रभु (समर्थ स्वामी) ४.शठ (मूर्ख) ५.धनी ६.वैद्य ७.बन्दी ।

नवरस – १.श्रृंगार २.वीर ३.करुणा ४.अद्भुत ५.हाँस्य ६.भयानक ७.वीभत्स ८.रौद्र ९.शान्त[७]।

नवलोक-कामनानुसार प्राप्त हुने लोक – १.पितृलोक २.मातृलोक ३.भातृलोक ४.स्वसृलोक ५.सखिलोक ६.गन्धमाल्यलोक ७.अन्नपानलोक ८.गीतवादित्रलोक ९.स्त्रीलोक ।

नवधा कुललक्षण – १.आचार २.विनय ३.विद्या ४.प्रतिष्ठा ५.तीर्थदर्शन ६.दर्शन ७.वृत्ति ८.तप ९.दान ।

नवद्वार – १.दुई नेत्र २.दुई कान ३.नाकका दुई छिद्र ४.मुख ५.मलद्वार ६.मूत्रद्वार ।

नवअंश – १.दक्षिण नेत्र-आदित्य, २.वाम नेत्र-चन्द्र, ३.दक्षिण कर्ण-अग्नि, ४.वाम कर्ण-वायु, ५-६.द्विनयन-अहोरात्र (दिन रात), ७-८.शीर्ष कपालहरू (दक्षिण र वाम)-दिति, अदिति ९.शिर-संवत्सर ।

नवनाथ [८]– १.नागार्जुन २.जडभरत ३.हरिश्चन्द्र ४.सत्यनाथ ५.भीमनाथ ६.गोरक्ष ७.चर्पट ८.कन्याधारी ९.जालन्धर ।

नेपालमा प्रचलित नवनाथ – १.प्रकाश २.विमर्श ३.आनन्द ४.ज्ञान ५.सत्य ६.पूर्ण ७.शोभा ८.प्रतिभा ९.सुभग ।

नवनाग – ने.सं.५३५ मा तत्कालीन नेपाल उपत्यकामा पानी नपरेर हाहाकार मच्चिएको थियो । यसो हुँदा त्यसबखत ललितपुरका सिद्ध तान्त्रिक अष्टसिद्धि गुरु तुहुदेव वज्राचार्यले नागसाधनसहित गरेको पुरश्चरणका प्रभावले जलवृष्टि भई लोकको रक्षा भएको कुरा ने.सं.५३५ को ताम्रपत्रका आधारमा थाहा पाइन्छ ।[९] उक्त ताम्रपत्रमा वर्णित नवनागका नाम निम्नलिखित छन् – *"... गोमुखनाग ॥ मेघमुखनाग ॥ सिंघमुखनाग ॥ व्याघ्रमुखनाग ॥ मृगमुखनाग ॥ गजमुखनाग ॥ भुजंगनाग ॥ भुजंगमहावृक्ष ॥ भुजंखालनाग"*

वास्तुरचना सम्बन्धी ने.सं.८४८ को एक हस्तलिखित ग्रन्थको "वास्तुनागपूजाविधि" पटलमा

---

७ *शृंगारवीरकरुणाद्भुतहास्यभयानकाः ।*
वीभत्सरौद्रशान्ताश्च नवधा कीर्तिता रसाः ॥
- शृङ्गारपद्धतिः

८। पुरुषोत्तम लोचन श्रेष्ठ - भक्तपुरमा तान्त्रिक शक्तिको युग, पूर्वोक्त, पृ.६१ ।

९। *...जलवृष्टि मजुयाओ ...अष्टसिद्धि गुरु श्री वज्राचार्य तुहूदेवजुन पुरश्चर्ण संपूर्ण्ण ॥ रातोदिन ९२ ध्व पुण्यनं जल उत्पत्ति जुयाव धरित्रीन जलवृष्टि जुस्यं हाहाकालजुओ लोक सत्व प्राणी जगत् उद्धार जुलो*
- हेमराज शाक्य, टि.आर.वैद्य, मेडिभल नेपाल, काठमाडौं, टि.आर.वैद्य, ई.सं. १९७०, पृ.७२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चित्र संख्या २८ : *अष्टमातृका*का प्रतीक आठवटा डोरीका जनजीवनरूपी एकीकृत शक्तिले तानेपछि आकाशभैरव वा विश्वनाथ भैरवको लिङ्ग यसरी ठडिन्छ । हरेक वर्ष चैत्र मसान्तको दिनमा लिङ्ग ठडाई नयाँ वर्षको दिनमा ढाल्दा शत्रु नाश हुन्छ, देशमा सुख, समृद्धि र सहकाल आउँछ भन्ने प्रबल जनविश्वास चलेको छ ।

भगवान इन्द्रका ध्वजा 'इन्द्र-ध्वजा' नामले प्रसिद्ध रहे झैं विश्वनाथ वा विश्वेश्वरको लिङ्गका टुप्पामा त्यसरी फहराइने एकजोडी ध्वजा पनि सोही नाम विशेषताका आधारमा 'विश्वध्वजा' वा 'विश्वकेतु' वा 'वीरध्वजा' नामले प्रचलित रहँदै आएको कुरा ध्वजाभिलेख-प्रमाणका आधारमा समेत ज्ञात हुन्छ । यसै परिप्रेक्ष्यमा लिङ्ग उभ्याउने र ढाल्ने दुई दिने जात्रा विशेष गरी पूर्व मध्यकालमा 'विश्वजात्रा' नामले प्रचलित रहेको जानिन्छ । ने.सं. ५०० को नेवारी *अमरकोष* 'विश्वकेतु' शब्दको पर्न्याय 'विसिक' दिइएको भेटिन्छ । 'विश्वजात्रा' को पहिलो उल्लेख (हालसम्मन्मा प्राप्त) टौमढीटोलको यक्ष मल्लको ने.सं.५६१ को अभिलेखमा परेको छ । ने.सं.६४१ को भूमिसम्बन्धी एउटा तमसुक-ताडपत्रमा *'विसक जात्रा'* र त्यस्तै क्रमशः भक्तपुर राजदरबारस्थित ने.सं.८०८ र ने.सं.८१८ को जितामित्र मल्ल र भूपतीन्द्र मल्लका अभिलेखमा *'विस्कयात'* उल्लेख छन् । अहिलेको नेवार लोकजीवनमा 'विस्का' र नेपाली राष्ट्रिय जीवनमा 'विस्केट' नाम प्रचलित छ । यसरी संस्कृत शब्द 'विश्वकेतु' कै परवर्तीरूप विषुवकेतु>विसिक>विषुवकेतु यात्रा>विसिकयात>विसिक्यात हुँदै विस्केट प्रचलित रहेको जानिन्छ । यस विषयमा छुट्टै अध्ययन हुनु जरुरी छ । 'विस्कयात' > विस्का > विस्केट हो भन्ने बुझिन्छ । मल्लकालको अन्त्यतिर आइपुग्दासम्म उक्त दुई दिने जात्रामा अनेक उपजात्रा विधान विभिन्न कालका राजाहरूद्वारा थपिँदै जाँदा ८ रात ९ दिन लामो जात्राको रूप लिन पुगेको देखिन्छ । यसो हुँदा स्थानीय जनजीवनमा यो जात्रा 'च्याचा गुन्हुया जात्रा' नामले पनि प्रसिद्ध छ । चित्र साभार : सुमी बनेपाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आकर्षक चित्र सहित निम्नलिखित *नवनागका* नाम, तिनका वर्ण एवं अवस्थान उल्लेख छन् [१०]–

१. *महापद्मनाग* - पीतवर्ण, इशाण्य २. *अनन्तनाग* - निलवर्ण, पूर्व ३. *शंखपारनाग* - रक्तवर्ण, आग्नेय ४. *वासूकिनाग* - श्यामवर्ण, उत्तर ५. *पद्मनाग* - शुक्रवर्ण, दक्षिण ६. *कूरीकनाग* - कूंकूमवर्ण, वायव्य ७. *तक्षकनाग* - रक्तवर्ण, पश्चिम ८. *कर्कोटकनाग* - नैऋत्य, नीलवर्ण ९. *वरुणनाग* - श्वेतवर्ण, मध्य ।

नववाद्य - प्राचीनकालमा प्रचलित - १.भेरी २.मृदंग ३.पणव ४.काहल ५.आनक ६.गोमुख ७.ताल ८.घर्घर ९.दुंदुभि । *नेवार-लोकजीवनमा प्रचलित* – १.लालाखिं २.धां ३.धलक ४.धिमे ५.नाय्खिं ६.कोखिंचा ७.नगरा ८.पछिमा ९.तातालि ।

भक्तपुरका परम्परागत नौ दाफामा बजाइने नौ प्रकारका मुख्य बाजा एवं सहायक बाजा [११]–

मुख्य बाजा	सहायक बाजा
१. करखीं	सिंस्या, पोंगा
२. पस्ताखिं	भुछ्या, सिंस्या, तं, बबु, पोंगा
३. तातालिखिं	तं:, बबु, महालिं ताय्चा
४. नाय्खिं	सिंस्या, बेकोमालिं, पोंगा
५. कोखिं	तं:, बांसुरी
६. धिमे	बबु, तं:, सिंस्या, भुछ्यांय
७. पछिमाखिं	सिंस्या, तं:, बबु, पोंगा, महालिं
८. नगरा	सिंस्या, तं:, बबु, पोंगा, महालिं
९. ढलक	सिंस्या, महालिं, बाँसुरी

नवदिग्दुर्गा – १.प्रकृति-पूर्व २.चण्डिका-आग्नेयकोण ३.भद्रकाली-दक्षिण ४.माहेश्वरी-नैऋत्यकोण ५.वाराही-पश्चिम ६.सर्वमङ्गला-वायव्यकोण ७.वैष्णवी-उत्तर ८.शिवप्रिया-इशानकोण ९.जगदम्बिका - जल, थल र आकाश ।

भक्तपुरको नेवार-जनजीवनमा अष्टमातृका र नवदुर्गाका नेपालभाषामा निम्नलिखित नाम प्रचलित रहेको जानिन्छ । [१२]

१०। उक्त अप्रकाशित ग्रन्थ इताछेंटोल निवासी श्री बाबुकाजी वज्राचार्यज्यूसँग छ । सो ग्रन्थ उहाँले मलाई वि.सं.२०५९ साल वैशाख २९ गते देखाउनुहुँदा मुश्किलैले ३० मिनेटजति सर्सर्ती हेर्ने मौका पाएँ । त्यस क्षणमा मेरो ध्यान विशेष रूपमा यसै नवनागका आकर्षक चित्रले तानेको हुँदा उहाँको अनुमति लिई तिनका नाम, वर्ण एवं स्थान यहाँ जस्ताको तस्तै प्रस्तुत गरिएको हो ।

११। स्मारक क्षेत्र निर्धारण, अध्ययन, अनुसन्धान र सुझाव टोलीबाट भक्तपुर नगरपालिकामा प्रस्तुत प्रतिवेदन, भक्तपुर, संख्या १४८, माघ, वि.सं.२०५६, पृ.२६ ।

१२। विमल ताम्राकार - "ख्वपया नवदुर्गाया नेपालभाषां नां", लुंघ्वाखा, दं-४, ल्या:-७, थिंला, ने.सं.११२१, पृ.३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टमातृका

संस्कृत भाषा	नेपालभाषा
ब्रम्हायणी	वाता अजिमा
माहेश्वरी	बाता अजिमा
कुमारी	पसि अजिमा
भद्रकाली	खुसिं अजिमा
वाराही	याकति अजिमा
इन्द्रायणी	इलमा अजिमा
महाकाली	मसां अजिमा
महालक्ष्मी	भोति अजिमा

नवदुर्गा

संस्कृत भाषा	नेपालभाषा
ब्रम्हायणी	?
माहेश्वरी	सालोङ
कुमारी	क्वनिमा
भद्रकाली	लुमाढे
वाराही	याकाति
इन्द्रायणी	इलिमा
महाकाली	मसानताङि
महालक्ष्मी	लंगुमादु
त्रिपुरसुन्दरी	तुपलजु

तन्त्रप्रधान जनजीवनमा नवदुर्गाका अनेक भेद प्रचलित छन् । यस विषयमा माथि पनि चर्चा भइसकेको छ । उदाहरणका निमित्त ब्रम्हाण्यादि *अष्टमातृका*मा कात्यायनी वा त्रिपुरसुन्दरी, जयादि *अष्टमातृका*मा जयदुर्गा[१३], रुद्र चण्डादि *अष्टमातृका*मा उग्रचण्डा[१४] र त्यस्तै शैलपुत्रादि *अष्टमातृका*मा सिद्धिदात्री वा तुम्बरेश्वरी जस्ता अधिष्ठात्रीदेवीको उपस्थितिले पूर्णरूपको नवदुर्गाभवानी सिद्ध वा प्रकट हुने कुरा जानिन्छ । अनि सोही अनुरूप *मोहनीता*का (दशैं) नेवार सांस्कृतिक जनजीवनमा प्रतिपदा तिथिदेखि महानवमीसम्मन्का नौ रातमा - *नवरात्र दर्शन, नवरात्र आरति, नवरात्र पाठ, नवरात्र अनुष्ठान* आदि प्रयोगात्मक रूपमा दृष्टिगत् हुन्छ ।

जनविश्वास

कृषिकार्यको समाप्तिको साथसाथै क्रमिकरूपमा अनेक विधिविधान पश्चात् लोकजीवनमा *नवदुर्गा गण*ले पदार्पण गरेपछि कम्तीमा पनि ८ महिनासम्मन् त्यसरी जीवितदेवताका साथमा रहँदा जनजीवनले आफूलाई अनेक दृष्टिबाट सुरक्षित ठानेका हुन्छन् ।[१५] त्यसरी नै कृषिकार्यका व्यस्त समय आरम्भ हुने बेलातिर *नवदुर्गा गण*ले विधिवत् सबैसित विदा लिई जल-प्रवेश गर्दा एकातिर असुरक्षित ठान्न पुग्छन् भने अर्कातिर जलगमनमा लीन हुनपुगेका अदृश्य - *नवदुर्गा गण*ले जलवृष्टि गरी

१३। १.जया २.विजया ३.अजिता ४.अपराजिता ५.जंभनी ६.स्तंभनी ७.मोहिनी ८.आकर्षिणी ९. जयदुर्गा = नवदुर्गा
विनोदराज शर्मा - " भक्तपुरको नवरात्र दर्शन ", जानकारी , अङ्क ८ , वि.सं.२०५८ , पृ. ३ ।

१४। १.रुद्रचण्डा २.प्रचण्डा ३.चण्डोग्रा ४.चण्डनायिका ५.चण्डा ६.चण्डवती ७.चण्डरूपा ८.अतिचण्डिका ९.उग्रचण्डा = नवदुर्गा
- सोही, पृ.३ ।

१५। आफ्नो देश (गृहनगर - भक्तपुर) भित्र मात्र नभएर आफू प्रस्थान हुने देशबाहिरका प्रदेशका जनताका हृदयमा पनि नवदुर्गा गणले रक्षकदेवताका रूपमा प्रबल विश्वास जित्दै आएको कुरा साङ्ग, नाला, पनौति, बनेपा, धुलिखेल, श्रीखण्डपुर टोखा आदि स्थानका बूढापाकाहरूसित यस विषयमा भएका कुराकानीका आधारमा पनि ज्ञात हुन आएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृषकहरूलाई अन्न उत्पादन गर्नमा सघाउ पुऱ्याइरहेका हुन्छन् भन्ने जनविश्वास पनि प्रचलित रहेको पाइन्छ । शायद यसैकारण सृष्टि र जीवनसित प्रतीकात्मक दार्शनिक रूपले सान्निध्यता राख्ने रोपाईं कार्य - सिन्हाज्यामा व्यस्त कृषकहरू त्यसबेलामा गीत गाउँदै धान-रोपाईं गर्दा *अष्टमातृका* एवं *नवदुर्गा गण*का लोकगीत पनि गाउँछन् ।[१६] अनि शायद जलमा अनुप्रविष्ट गरेका *नवदुर्गा गण*कै सम्मानमा हुन सक्छ, सो विधानपश्चात् *खिं* बाजा बजाउन हुदैन भन्ने जनधारणा पनि छ ।

*नवदुर्गा गण*ले लोकजीवनमा रोमाञ्चक एवं भयमिश्रित ढङ्गबाट अविस्मरणीय प्रभाव पार्ने देवताका रूपमा पनि विशेष श्रद्धा एवं ख्याति पाउँदै आएको विदित हुन्छ । आफ्नो अधिनस्थ इलाकाका सम्बद्ध टोल वा प्रदेशका कुनै पनि घरभित्र *नवदुर्गा गण* वा गणका नायो प्रवेश गर्दा सो घर परिवारमा भयमिश्रित श्रद्धा मनौवैज्ञानिक तवरले स्वतः बढ्ने कुरा जानिन्छ । अनि आफ्नो घरमा आएका देवतालाई सन्तुष्ट पारेर पठाउन सक्नु अहोभाग्य, प्रतिष्ठा एवं गौरवका विषय बन्नपुग्छन् ।[१७]

सामान्यतया *सिफोद्यः*लाई महालक्ष्मीको रूपमा मान्ने परम्परा प्रचलित रहेतापनि इच्छित अनेक विशिष्ट तान्त्रिक स्वरूपमा पूजा उपासना गर्न सकिने अभिप्रायले पनि यिनको शरीर शिर वा मुखाकृति विहीन हुने गरी बनेको कुरा प्रतीकात्मक तान्त्रिक विज्ञानका परिप्रेक्ष्यमा जान्न सकिन्छ । यहाँनिर चाखलाग्दो कुरा के छ भने शिरविहीन लासलाई मुर्कट्टा मान्ने हाम्रो परम्परागत समाजका सन्दर्भमा शिरविहिन *सिफोद्यः*लाई सर्वसाधारणले सोही सदृश मुर्कट्टा ठानी गर्भवतीहरूले यसलाई छुन हुँदैन; छोएको खण्डमा गर्भ तुहिन्छ भन्ने विश्वास पनि प्रचलित रहदै आएको पाइन्छ ।[१८] अनि शायद यो कुरा थाहा भएका गर्भवतीहरू यिनका सामुन्ने प्रायः जादैनन् ।[१९]

समाजकै एक अभिन्न सदस्यका रूपमा देखापर्ने *नवदुर्गा गण* र यसका अनेक क्रियाकलापहरूसित प्रत्यक्ष वा प्रकारान्तरमा जनजीवनका अनेक अविस्मरणीय अपत्यारिला घटनाहरू

१६। स्थानीय तेखाचोटोलनिवासी कृषक रामजी किलम्बुका अनुसार अहिलेका युवापुस्तामा त्यसरी *अष्टमातृका नवदुर्गा गण*का गीत गाउने चलन हराइसकेको छ ।

१७। तुलाछें टोलको एउटा घरकी गृहिणी प्रमिला कर्माचार्यका अनुसार - *वि.सं. २०५९ साल वैशाख ८ गतेका दिन आफ्नो टोलइलाकामा आएका नवदुर्गा गणको पूजा गर्न घरबाट बाहिर निस्कँदा दैलोमै सो गणका गणेश सुतिरहेको देख्दा एकैचोटि श्रद्धा, खुशी एवं डर चिन्ता लागेको थियो । ती गणेश क्षणभरका लागि ब्युँझे र फेरि सुतेछन् । अनि नवदुर्गा गणको पूजा गरी फर्कंदा सो गणका ९३ वर्षीय नायः - म यस गणका नायो हुँ । प्रसाद दिन आएको* भनी घरभित्रै पसेछन् । *मलाई ता उनी साक्षात् देवता नै आएको जस्तो लाग्यो । माथि कोठासम्म आएर उनले मोहनी र प्रसाद दिए । अनि उनको आग्रह अनुसार कुखुरा, कपडा र तेल (खा, गा, चिकं) किन्नका लागि आफ्नो छोरोले पहिलोचोटि कमाएको पैसाबाट दक्षिणा चढाएँ । उनले धेरै आशिर्वाद दिए; त्यताबाट मनको शान्ति र खुशी मिलेको छ ।*
तापालाछीटोलका योगेशराजका अनुसार केही वर्षपूर्व *डा लाकिगु* नाचका क्रममा श्वेतभैरवले आफनो घरमा अचानक प्रवेश गर्नु नै पुरै परिवारका निमित्त एक अभूतपूर्व, विस्मयकारी एवं अविस्मरणीय क्षण बन्नपुगेको छ । एक जीवितदेवताको त्यस किसिमको प्रविष्टिले परिवारमा अज्ञात रूपमै भय, कौतुहलता र हर्ष मिश्रितरूपमा जागृत गरेको थियो । उनी केही क्षण बसी भलाकुसारी गरी त्यसपछि सन्तुष्ट हुदै आफनो कर्मस्थलतर्फ फर्के ।

१८। मौलिक विचार साभार – विनोदराज शर्मा ।

१९। *गुह्यश्वरी*का बारेमा पनि यिनलाई छोएमा गर्भ तुहिन्छ भन्ने यस्तै जनधारणा प्रचलित रहेको पाइन्छ । यस जनधारणाले पनि सिफोद्यःको एउटा तान्त्रिक गुप्त रूप गुह्यश्वरी हो भन्ने माथि चर्चा भइसकेको कुराको थप प्रकारान्तर पुष्टि मिल्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समावेशित हुँदै सत्यभन्दा पनि अधिक विश्वसनीय बनेर रोचक एवं रोमहर्ष - सत्यकथाकै रूपमा चलेर आएको पनि पाइन्छ । प्रामाणिक पुष्टिका लागि निम्नलिखित केही उदाहरण प्रस्तुत गरिन्छ -

नालाका *'मगधोवा'* परिवारसित सम्बद्ध कथा[२०]

"उहिले *नवदुर्गा गण* नालामा आउने चलन शुरु हुनु अघिको कुरा हो । ***ब्रम्हायणी ज्वल***मा *नवदुर्गा गण* नाचिरहेको देखेपछि यहाँका नामी तान्त्रिक आचाजु ज्ञानसिंहले आफ्नो मन्त्रशक्तिले चल्नै नसक्ने गरी उनीहरूलाई बाँधेछन् र *कंलाली*मा हालेछन् । अनि त्यसरी बन्धनमा पारेका गणलाई "नालामा पनि एकपल्ट सवारी हुनैपर्छ" भनी अनुरोध गरे । प्रत्युत्तरमा *नवदुर्गा गण*ले उनको अनुरोधलाई स्वीकार गर्दै, तर "हामी छयाके परेका, आँखा टेढो भएका गलगाँड निक्लेका, खुट्टा फुलेका आदि अनेक रूप विरूपमा आउनेछौं; सो क्षणमा हामीलाई कसैले पनि हेर्न र गिज्याउन नपाउन्; यसका निमित्त त्यहाँ तिम्रो देश (नाला) मा कसैले पनि बाहिर नआई आ-आफ्ना घरका झ्यालढोका थुनी भित्रै बस्नुपर्नेछ; कसैले हेरेको खण्डमा हामीजस्तै रूप विरूपका हुनेछन्" भनी वाचा गराई चेतावनी पनि दिए । सोही अनुसार ती आचाजुले *नायखिं च्वेके* (सार्वजनिक सूचना प्रवाह गर्ने पुरानो चलन) गरी आफ्ना देशका सर्वसाधारण सबैलाई सूचित गराई नालामा *नवदुर्गा गण*को सवारी चल्दा घरका झ्यालढोका बन्द गर्न पनि अनुरोध गरे । अनि नालामा *नवदुर्गा गण*को सवारी पनि चल्यो । तर त्यसबेलामा *मगधोवा* परिवारले उत्सुकतावश आफ्ना घरका झ्याल खोली हेरेछन् । *नवदुर्गा गण*ले यस कुराको चाल पाइहाले । अनि ता त्यसैबेलादेखि सो *मगधोवा* परिवारमा दुर्दशा शुरु हुनथाल्यो । *नवदुर्गा गण*को कोपभाजन हुनपुगेका कारण उनीहरूका घरमा सन्तान-दरसन्तानसम्मन् पनि खुट्टा फुल्ने, गलगाँड आउने, छ्याके हुनेहरू खाली नै भएनन् । हामीले थाहा पाएसम्मन् पनि त्यस किसिमको दुर्दशा वा समस्याबाट सो परिवार मुक्त हुन नसकेका मात्र नभएर हामीले देख्दादेख्दै केही दशक अघिमात्रै पुस्तैनी रूपले त्यसरी कायल भएका सो परिवार घरै खाली हुनेगरी यस नाला शहरबाटै विस्थापित हुन पुगे ।"

भक्तपुर इनाचो टोलका *'साचिनिया'* परिवारको कथा[२१]

अहिलेभन्दा झण्डै पाँच दशक अघिको कुरो हो । *साचिनिया* परिवारमा एकजना लाटो पनि थियो । ती लाटाले कुनैबेला *नवदुर्गा गण*को घंगला घरमा ल्याएर राखेका रहेछन् । यो कुरा परिवारका कसैलाई पनि थाहा भएन । त्यसपछि घरमा दुर्दशा र सत्यानाश्को भयावह सिलसिला पनि शुरु हुन थालेछ । हैजाले एक एक गर्दै परिवारका लाटा लगायत सबैलाई लान थालेपछि बाँकी बचेका आफ्ना छोरा बलरामसहित सो परिवारका मूलव्यक्ति विवेकदास अन्तै घरमा बसाईं सर्न बाध्य भएछन् । अनि

२०। नालानिवासी गोपीकृष्ण श्रेष्ठ, कृष्णगोपाल श्रेष्ठहरूबाट सुनेको कथाका आधारमा ।

२१। इनाचोटोलनिवासी केशवनारायण शर्माज्यूबाट सर्वप्रथम मैले यो कथा सुनेको हुँ । त्यसपछि यस "कथा" भित्रका बलराम साचिनियाज्यूबाट पनि यसको पुष्टि मिलेपछि उहाँहरूकै भनाईलाई मूल आधार मानी यहाँ यो कथा प्रस्तुत गरिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसरी घर ह्वाङह्वाङती खाली हुँदा भूताहा-घरजस्तो देखिई घरभित्र छिर्ने आँट पनि कसैले गर्न सकेनन् । त्यहाँ *घंगला*का घोष बराबर सुनिन थाल्यो । घरपरिवार मात्र नभएर टोल इलाकाको जनजीवनसमेत भयाक्रान्त बन्न पुगेपछि *जोशी*लाई देखाइयो । सो घरमा अघि लाटाले *नवदुर्गा गण*को *घंगला* ल्याएर राखेको रहस्यको चुरो पनि पत्ता लाग्यो । त्यसपछि शान्तिस्वस्ति/क्षमापूजा गरी सो घंगला *नवदुर्गा गण*लाई फिर्ता दिएपछि स्थिति सामान्य भयो ।

बनेपा अग्निकाण्ड, वैशाख, वि.सं. २०१७

ठूल्ठूला आगलागीका घटनाहरूका बारेमा चर्चा चल्दा वि.सं. २०१७ सालमा बनेपा शहरमा मच्चिएको भयङ्कर आगलागी पनि ऐतिहासिक रूपमै चर्चित हुनपुगेको छ । अनि यसरी जनजीवनमा सो आगलागीको कुरा चल्दा *नवदुर्गा गण* पनि उल्लेख्य रूपले आबद्ध हुन आइपुग्छ -

"बनेपामा नाच प्रस्तुत गर्न गएका *नवदुर्गा गण* र स्थानीय वासिन्दाहरूका बीचमा त्यस दिन आगलागी शुरु हुनुभन्दा अघि कारणवश ठाकठुक भई गम्भीररूपले झगडाकै स्थिति उत्पन्न भएपछि *नवदुर्गा गण* नाचका सारा कार्यक्रम नै रद्द गरी आफ्नो गृहनगर फर्केछन् । त्यसरी फर्कने क्रममा अत्यन्त रिसाएका भैरवले आफूले लगाइराखेको मू बाजु फुकाली शहरबस्तीतिर हुत्याइदिए ।[२२] त्यसपछि अचम्मैसित बनेपा शहरका घरहरू दनदनी बल्न थाले ।[२३] त्यसरी आगो फैलँदै घरैघरमा सल्कँदै जाँदा एक *कायस्थ* परिवारका घरका बूढीले *नवदुर्गा गण*लाई स्मरण गर्दै अक्षता चढाएका कारण तिनको घर आगलागी हुनबाट जोगिएको थियो ।[२४] धेरै घर जले, ठूलोमात्रामा क्षति भएको थियो ।"

२२। यस विषयमा चलेको अर्को एकथरी लोकवाद चाहिँ भक्तपुर-त्रिपुरविद्यापीठनिवासी, तलेजुका पूजारी सुरेन्द्रवीर कर्माचार्यज्यूका अनुसार यसप्रकार छ – *नवदुर्गा गण* फर्केको तत्कालै पश्चात् आगलागी भएको थिएन । रिसाएका गण सांगामा पुगेपछि गणका *नर्की*ले अक्षता लिई धूप /बत्ती बाली बनेपातर्फ फर्की मन्त्रोच्चारण गरेर त्यतातिर फालेपछि आगलागि भएको थियो । यसैगरी यसविषयमा चलेको अर्को व्यापक चर्चा चाहिं विनोदराज शर्माज्यूका अनुसार - *झगडाका क्रममा आफनो मू बाजु खोसेर लगेपछि क्रोधित हुनपुगेका श्वेतभैरवले त्यतैतिर लक्षित गरी बत्ती बाली भुईमा राखेर आफना गणसहित भक्तपुर फर्केको लगत्तैपछि बनेपा शहरमा आगलागि भएको थियो ।*

२३। स्थानीय बासिन्दाहरूका अनुसार बनेपा बकुटोल,वडा नं २, दक्षिणकालीस्थानका रामचन्द्र वादेश्रेष्ठको घरबाट आगलागि शुरु भएको थियो । झगडाको शुरुवात् पनि सोही घरबाट भएको थियो । यसविषयमा सम्बद्ध परिवारको प्रतिक्रिया जान्न र अझ बढ्ता कुरा थाहा पाउन ८।१।०५९मा म र मेरी धर्मपत्नी बविता सो घरमा गयौं । सो घरपरिवारका रामेश्वर वादेश्रेष्ठहरूका अनुसार त्यसबेला आगलागिको शुरुवात् उनीहरूको घरबाट भएको थियो; सो आगलागि साह्रै भयानक एवं विस्मयकारी थियो; घरका झयालढोका आदि त्यत्तिकै पनि बल्नथालेका थिए । अचम्मलाग्दो अर्को कुरो के पनि देखियो भने त्यसबेला बालकृष्ण कायस्थको एउटा घरमात्र जलेन । सो घरसित जोडिएका दायांबायाँ र आसपासका घरहरूचाहिं जलिरहेका थिए । ...अर्को वर्ष हामीले *नवदुर्गा गण*को क्षमापूजा गरी राम्रैसित स्वागत गर्‍यौं , सवारी पनि भयो । अनि त्यसपछि *नवदुर्गा गण*का कृपाले अहिलेसम्मन् राम्रै भईरहेको छ ।

२४।

क. बनेपाका रामेश्वर वादेश्रेष्ठ लगायतका स्थानीय बासिन्दाहरूबाट प्राप्त जानकारीका आधारमा

ख. भक्तपुरका एकथरी स्थानीय बासिन्दाहरूका अनुसार ती बूढीले त्यसरी देवतासित झगडा नगर्न बनेपाका सर्वसाधारणलाई सम्झाउने बुझाउने प्रयास गरेकी थिइन् । अतः सोही कारण ती बूढीको घर आगलागि हुनबाट जोगिएको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल-भोट युद्धका मैदानमा *'धिं ...ताल्ल !!!'*

"धिं ...ताल्ल !!!" का लोकप्रिय मौलिक ध्वनि वा उच्चारण मात्रले पनि जनजीवनमा *नवदुर्गा गण* स्मरणीय भइहाल्छ । मनोरञ्जनमा मात्र सीमित नभएर मनोवैज्ञानिक तवरले समेत शक्ति, सुरक्षा, आत्मबल वृद्धि गर्ने एक मूल सहारा वा प्रेरणाश्रोतका रूपमा पनि यो संगीतमय ध्वनि जनजीवनमा निकै नै प्रसिद्ध रहँदै आएको कुराको जानकारी नेपाल-भोट युद्ध (वि.सं.१९११-१२) का प्रसङ्गमा चलेको निम्न कथाबाट पनि मिल्छ –

"त्यसबेला (भोट हान्न गएका) नेपाली सेना र भोटेहरूका बीचमा घमासान युद्ध मच्चिइरहेको थियो । बिस्तारै नेपाली सेनाहरूलाई भोटेहरूले पेल्दै लगेछन् । त्यसरी पेल्दै वा जित्दै लगेको खुशियालीमा भोटेहरूले एउटा ठूलो खाल्टो जस्तो ठाउँमा बसेर भोज पनि खाएछन् । त्यसैबेला अकस्मात् *"धिन् ...ताल्ल !!!"* का घोष घन्किन थाल्यो । जीत बाजी नेपालको हातमा पार्न त्यस दैवीय ध्वनिले ठूलो बल मिल्यो । "लौ अब *नवदुर्गा गण* नै हाम्रो सहायता गर्न आईपुगेका छन् ; हाम्रो जीत निश्चित छ" भन्दै पछि हट्न बाध्य भएका नेपाली सेना फेरि जोश र जाँगरका साथ भोटेहरूमाथि जाईलागे । यसरी *नवदुर्गा गण*ले नेपाली सेनालाई भोटयुद्धमा जिताईदिए ।"[२५]

दैवीय विपत्ति र *नवदुर्गा गण*

रक्षकदेवताका रूपमा पूर्वकालमा मात्र नभएर आधुनिक कालमा पनि *नवदुर्गा गण* दैवीय विपत्तिका बेलामा उत्तिकै उपासित रहँदै आएको पाइन्छ । वि.सं.२०१७ साल, वैशाखमा एकातिर बनेपामा भयानक आगलागी भएको थियो भने अर्कातिर अनावृष्टि एवं महामारी (हैजा) का कारण हाहाकार मच्चिएको थियो । त्यसो हुँदा दैवीय विपत्ति निवारणका निमित्त जेठ २८ गते भक्तपुर-टुँडिखेलमा जनस्तरबाट *नवदुर्गा गण*को भव्यरूपले *"द्य:ब्वयेकेगु"* गरिएको थियो ।[२६] जनजीवनमा अहिलेसम्मन् पनि सो पूजाले ऐतिहासिक रूपमै अविस्मरणीय चर्चा पाउँदै आएको छ । त्यस्तै वि.सं.२०१८ सालमा ८ वटा ग्रहहरू एकै ठाउँमा पर्न आएकोले त्यताबाट जनजीवनलाई भयमुक्त तुल्याउन "अष्टग्राहि शान्ति" का निमित्त भक्तपुर राजदरबारको विशाल प्राङ्गणमा

त्यस्तै बनेपामा त्यसदिन भएको आगलागी निभाउन गएका तीनवटै शहरका दमकल समेत कारणवश् अचानक इन्जिन नै बन्द भई बनेपा पुग्न सकेका थिएनन् भन्ने चर्चा पनि प्रचलित रहेको पाइन्छ ।

२५। नेपाल-उपत्यका र आसपासका जनजीवनमा यसप्रकारको कथा विशेष लोकप्रिय देखिन्छ । यो कथा मैले पनौती, पमाडिटोलनिवासी ९५ वर्षिया तुलसीमाया कर्माचार्यबाट सुनेको हुँ । सो कथाको अन्तमा तिनले आफनो मनको उद्गार यसरी पोखेकी थिइन् - *हामी नेपाली कसैसित हार्न जान्दैनौं, किनकि हाम्रो साथमा सदा आदिशक्ति नवदुर्गा छन् ।*
कथाको मूल अभिप्राय प्राय:उही हो; तर भक्तपुरको लोकजीवनका सन्दर्भमा चाहिं सो कथानक यसप्रकारले प्रचलित रहेको देखिन्छ - *...नेपाली सेनाले विशाल भोटे-फौजलाई झुक्याउन असंख्य भेंडा, च्यांग्राका सिङमा तेलले भिजाइएका कपडाले बेही आगो लगाई शत्रु भएका ठाउँतिर खेदेछन् । त्यसैबेला युद्धमैदानमा जतातत "धिन...ताल्ल !!!" का ध्वनि पनि साथसाथै सुनिन थाल्यो । अनि अत्तालिएका शत्रुहरू ज्यान बचाउन यत्रतत्र भाग्नथाले ।*

२६। स्थानीय बूढापाकाहरूका अनुसार त्यसरी जनस्तरबाट गरिएको यो पहिलो भव्य एवं ठूलो पूजा थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवकुण्ड-यज्ञ[२७] र "*ह:व्वयेकेगु*" गरिएको थियो ।

केही अन्य रोचक पक्ष

कान्तिपुरको *नरदेवी* (ङातापुलु), ललितपुरको *हरसिद्धि* र भक्तपुरको *नवदुर्गानाचका गणहरू* एकै ठाउँमा जम्काभेट भएको खण्डमा साह्रै नै अनिष्ट पर्नसक्छ भन्ने एकथरी लोकवाद पनि चलेको पाइन्छ । मल्लकालमा तीन स्वतन्त्र राज्यका राजाहरूबीच बेलाबखतमा चलिरहने राजनैतिक प्रतिस्पर्धा, बेमेल आदिको मनोवैज्ञानिक सांकेतिक प्रभाव यस लोकवादमा दृष्टिगोचर हुन्छ ।

भक्तपुरको परम्परागत जनजीवनका परिप्रेक्ष्यमा दाहसंस्कार गर्दा प्राय खप्पर पड्कनुपर्छ भन्ने मान्यता रहेको पाइन्छ । तर त्यसरी खप्पर पड्किने कुरा ता परै जाओस्; केही चालै नपाईकन त्यसको चिनो-अंश समेत नरहने गरी पूरै भष्म भएको खण्डमा "कस्तो अचम्म ! यसको ता खप्परै छैन कि क्या हो !" भनी "कतै *नवदुर्गा गणले* सो खप्पर नयाँ पात्र प्रयोजनका लागि लागि लगेको त हैन !" भन्ने जन-चर्चा पनि यदाकदा सुन्नमा आएको पाइन्छ ।[२८]

गृहनगर बाहिरका प्रदेशमा *नवदुर्गा गणको* आगमन एवं यसको नाचलाई सम्बद्ध प्रदेशका स्थानीय वासिन्दाहरूले धूमधामका साथ *नवदुर्गाजात्राकै* रूपमा मनाउँदै आएको पाइन्छ ।[२९] त्यसरी नै सम्बद्ध प्रदेशको बस्ती बसाईका स्वरूप (जस्तै - साधारण गृहस्थीका घर, प्रमुख देवस्थल आदि) का अवस्थिति एवं भौगोलिक स्थितिसित *नवदुर्गा गणको* आविर्भाव-कथा एवं विधिविधान वा संस्कृति आदि आबद्ध हुँदै सोही अनुरूपका मौलिक संस्कृति, जनविश्वास आदि पनि इतिहासको कालप्रवाहमा विकसित हुनपुगेको दृष्टिगोचर हुन्छ । यस कुराको पुष्टिका लागि केही उदाहरण प्रस्तुत गरिन्छ –

सम्बद्ध प्रदेश प्रवेश गर्ने सिमाना वा नाकामा पुगेपछि *नवदुर्गा गण* आफूलाई लिन नआएसम्मन् पर्खेर बस्छन् । त्यहाँ त्यस प्रयोजनका निमित्त *फल्चा* (विश्रामस्थल) पनि बनेका हुन्छन् । (चित्र संख्या २९) अनि सो प्रदेशका सम्बद्ध सर्वसाधारणले बाजागाजासहित स्वागत गरी *नवदुर्गा गणलाई* आफ्नो

२७। ती यज्ञका प्रतीक प्रस्तर-चिन्ह अद्यापि पनि आफनो पूर्ववत् मौलिकस्थानमै देखापर्छन् । तर मध्यभागको *मूल-कुण्ड* अङ्कित प्रस्तरचाहिं आफनो मौलिकस्थानबाट विस्थापित भईसकेको छ ।

२८। भक्तपुर इपाछेंटोलका विद्वान पण्डित रत्नराज शर्माज्यूबाट सुनेको जानकारीका आधारमा ।

२९।

क) *विभिन्न जात्राहरूमध्ये नवदुर्गा जात्रा पनि धुमधामसंग हर्ष र खुशियालीको साथ मनाइने जात्रा हो । प्रत्येक वर्ष होली पुन्ही पहिले भक्तपुरको नवदुर्गा नाच धूलिखेलमा आउने चलन छ ।*

- हरिभक्त खोजु श्रेष्ठ, धूलिखेलको सांस्कृतिक सर्वेक्षण, कीर्तिपुर, नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं.२०४३, पृ.५०

ख) *बनेपामा मनाइने विभिन्न देवदेवीका पूजाहरूमध्ये एउटा प्रसिद्ध पूजाको नाम हो - नवदुर्गा पूजा । यसैलाई नवदुर्गा जात्रा पनि भनिन्छ ।*

- आशाकाजी सेवक, बनेपाका चाडपर्वहरू, नाला, रत्नप्रसाद श्रेष्ठ अनामणि प्रकाशन, वि.सं. २०५५, पृ.१०६

ग) *नवदुर्गा गण हाम्रो देशमा आएपछि दशैं/विस्केट जस्तै गरी ठूलो जात्राका रूपमा मनाउछौं ।*

- रामलाल कर्माचार्य परिवार, पनौती, पमाडिटोल

यसप्रकार माथिका उदाहरण - प्रमाणका आधारमा पनि भक्तपुरका *नवदुर्गा गण* जनजीवनमा नाचको रूपमा मात्र नभएर आ-आफ्ना स्थानबस्तीमा मनाइने प्रमुख जात्राका उच्चतम देवताकै रूपमा पनि उपासित रहँदै आएको कुरा थाहा पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देशमा लैजान्छन् । त्यसपछि देश परिक्रमा गर्दै (अधीनस्थ इलाका निर्धारण) सर्वसाधारणबाट पूजामान ग्रहण गरेपछि तलेजु वा *लाय्कू* (मध्यभागमा अवस्थित) सामुन्नेका *दबू* (डबलि) मा *'खः जुकेगु'* गरी सांस्कृतिक रूपले केन्द्रीकृत हुन पुग्छन् । आफ्नो गृहनगरका टोलइलाकामा झैं सम्बद्ध प्रदेशमा पनि *नवदुर्गा गणले चा पूजा* वा *चा प्याखं* (रात्रिपूजा वा नाच) प्रस्तुत गर्ने क्रममा "छा छा पिं चों । मछा मछा पिं हुं" (मुटु दह्रो हुनेहरूले मात्र हेर्नु वा बस्नु, डरछेरुवाहरू चाहिँ गइहाल्नु !) भनेर अघिबाटै चेतावनी दिन्छन् । अनि त्यसरी चेतावनी दिंदादिंदै पनि हेरेर बस्ने कोही डरछेरुवा तर्सिहालेमा छ महिनाभित्रमा उसको मृत्यु हुनसक्छ भन्ने जनधारणा रहेको पाइन्छ ।[३०]



चित्र संख्या २९(क) : भक्तपुरका *नवदुर्गा गण* आफ्नो परम्परागत मार्ग हुँदै धुलिखेल 'देश' आइपुग्दा विश्राम गर्ने *नवदुर्गा-फल्चा*, वि.सं. २०४५ सालमा जीर्णोद्धार भएपछि पुरानो मौलिक स्वरूप, नाम समेत परिवर्तन भई यसरी आधुनिक रूपको 'श्री नवदुर्गा विश्राम पाटी' को रूपमा खडा भएको छ ।

धुलिखेलको दक्षिणपूर्वमा अवस्थित जंगल *ज्वल गुं* (चित्र संख्या ३०) नामले प्रसिद्ध छ । स्थानीय वूढापाकाहरूका अनुसार पूर्वकालमा *नवदुर्गा गणले* मध्यरातमा प्रस्तुत गर्ने *चा प्याखं* सोही जंगलको मध्य

३०। सो *चा प्याखंका* क्रममा धुलिखेलमा चाहिँ - *मध्य रातको नाच ...चारै टोलको अन्तिम सीमासम्म गै नाची बीच बाटोमा फेला परेका पशु, जन्तु, मानिस, भूत, प्रेत, सबैलाई प्रहार गर्दै विहानीपख पहिलो प्रहरमा सकिन्छ । त्यसैले नवदुर्गा नाचभरि धुलिखेलमा खसी, बाख्रा, बोका, सबै लुकाई धुनेर राखिन्छन् ।*

– पूर्वोक्त, पाद्टिप्पणी संख्या २९,क, पृ. ५० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भागमा प्रस्तुत गर्दथे ।[३१]



चित्र संख्या २९(ख) : धुलिखेलस्थित जरुन डाँडाको यस खुला स्थलमा सुंगुर छाडेपछि *नवदुर्गा गण*ले लखेटेर समात्छन् । सो रोचक विधान *'फाचा वाहन लिकेगु'* नामले लोकप्रिय छ ।

स्थानीय प्रदेशका जनजीवनमा पनि विशेषगरी *नवदुर्गा गण*को *डा लाकेगु* र *मू बाहां लिकेगु*[३२] निकै लोकप्रिय रहेको देखिन्छ । *मू बाहां*को मुटुलाई निकै विशिष्ट प्रसाद *(नुग-प्रसाद)* मान्छन् । त्यस्तै *मू बाहां*को रगत, अक्षता र धूपलाई सँगालेर राखेका हुन्छन् । अनि कतै जाँदा र खाँदा आत्मरक्षार्थ साथमै लिएर जाने चलन छ ।

*चा पूजा*का विशिष्ट क्षणमा सामुन्ने पर्न आएका जो कोहीको *नवदुर्गा गण*ले नरबलि लिनसक्छ भन्ने लोकधारणा पनि चलेको पाइन्छ । त्यस्तै *डा लाकिगु* नाचका क्रममा कोही समातिएमा दशा लाग्ने मात्र नभएर मर्नसक्छ भन्ने धारणा पनि रहेको पाइन्छ ।

*नवदुर्गा गण*लाई रातो कपडा बिछ्याई *(बासा लाय्गु)* स्वागत गरी लैजाने क्रममा सो कपडा प्रसादको रूपमा लिन लुछाचुँड पनि चल्छ । सो कपडाले कम्मर बेह्रेको खण्डमा ढाड दुख्ने रोग निको

३१। *स्थानीय बुढापाकाको भनाइमा यस ठाउँ नवदुर्गा रहेको ठाउँ हो । माथि जंगलमा ठूला ठूला ढुंगाहरू छन् । तल फेदमा एउटा ठूलो ढुंगा छ । यसलाई नवदुर्गाको सन्दुस भनी भनिन्छ । यसलाई ठोक्दा भित्र खोक्रो परे झैं मादलमा जस्तै आवाज आउँछ । नवदुर्गा धुलिखेलमा आउनु एक महिना पहिले मानिसहरू यस क्षेत्रमा जान डराउँछन् । चरन पनि यस वरपर लगिदैन । ...यहाँ प्राचीनकालदेखि नवदुर्गा अष्टमातृका गण रहेको ठाउँ भनी राखिएको छ ।*
- सोही, पृ. ५०, ५१ ।

३२। गृहनगरबाहिरका प्रदेशमा यो रोचक विधान *फाच्चा वाहान लिकेगु* नामले लोकप्रिय रहेको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ भन्ने जनविश्वास पनि प्रचलित रहेको पाइन्छ ।[३३]

नवदुर्गा गण सम्बद्ध प्रदेशमा जाँदा त्यस स्थानका प्रमुख देवीदेवतालाई मान्यता प्रकट गर्छन् । नाच सम्पन्न गरी सम्बद्ध प्रदेशबाट प्रस्थान गर्दा स्थानीय सर्वसाधारणले आफ्नो इलाकाको सीमासम्म पुऱ्याई विदा गर्न जान्छन् ।

शासक वर्ग र *नवदुर्गा गण*

जनजीवनमाझकै एक अभिन्न, राजनैतिक रूपमा सक्रिय रहने शक्तिशाली अङ्ग शासकवर्गले पनि अन्य सर्वसाधारणले झैं, तर विशेष अवसर वा परिस्थितिमा विशेषगरी *नवदुर्गा गण*को विशेष पूजा *द्यो:ब्वयेकेगु* विशेष अभिप्रायले यसको आविर्भावकालदेखि वर्तमानकालसम्मन् पनि गर्दै आइरहेको विदित हुन्छ ।

तलेजुब्राट मन्त्रसिद्धि प्राप्त गर्न र फिर्ता गर्न, भक्तपुर राजदरबार परिसरका तीन प्रमुख स्थान *थाथु, दुथु* र *कुथु* (माथिल्लो, मध्य र तल्लो) *लाय्कू*मा नाच प्रस्तुत गर्न जाने परम्परा मल्लकालमै प्रचलित एवं विकसित भइसकेको र त्यसैगरी *मोहनी* (दशैं) ताका मल्ल शासकहरूका इष्टदेवता तलेजु भवानी तान्त्रिक तवरले चलायमान नवदुर्गाभवानी वा गणकै रूपमा पनि दर्शनीय हुने आदि उल्लेखनीय सन्दर्भ-प्रमाणका आधारमा शाक्त मतका प्रबल उपासक मल्ल शासकहरूले *नवदुर्गा गण*लाई पनि आफ्ना स्वेष्टदेवता (मानेश्वरी), इष्टदेवता सरह नै उच्च राजकीयस्तरमा मान्दै पूज्दै आएका थिए भन्ने कुरा थाहा पाइन्छ ।

लाय्कु परिसरमा *नवदुर्गा गण* नाच प्रस्तुत गर्न आउँदा शासकवर्गद्वारा राजकीय पूजाभाग पाउँथे; वस्त्र प्रदान गरिन्थ्यो भन्ने इत्यादि कुरा तत्कालीन मल्लकालीन *धर: पौ* (लगत) का आधारमा पनि थाहा हुन्छ ।[३४]

मल्लकालको धार्मिक समाजमा विकसित हुनपुगेका असंख्य तन्त्रप्रधान संस्कार एवं विधिविधानहरू निकै नै संवेदनशील र जटिल हुँदा बेलाबखतमा अनेक समस्या पनि उत्पन्न हुन्थ्यो; तर समस्याका समाधान सामाजिक मर्यादालाई ध्यानमा राखी गरिन्थ्यो । यो कुरा नवदुर्गानाचका पूजा *लाय्कूलि*मा छेकिएको (जुठो परेर) तात्कालिक एउटा उद्धरण-प्रसङ्गबाट पनि ज्ञात हुन आउँछ ।[३५]

शाक्त तान्त्रिक मतको प्रबल प्रवाह एवं नेवार-मौलिक संस्कृतिको अनवरत् विकास मल्लकालको समाप्तिसितै अवरुद्ध हुनपुग्यो । एक स्वतन्त्र राज्य र राजधानीनगरको रूपमा भक्तपुरको

३३। पनौती, पमाडिटोलका श्री रामलाल कर्माचार्यहरूबाट प्राप्त जानकारीका आधारमा ।

३४। प्रामाणिक पुष्टिका निमित्त यसै ग्रन्थको पृष्ठ संख्या ३३ मा दिईएको उद्दरण हेर्नुहोस् ।

३५। *...सम्वत् ७०० आश्विनी शुद्दि ५ ॥ ॥ इषुनि प्याष , या पूजा , राजया पाङ धकं , गाथातोस, मर्ज्जातायें याक, - यात कुन्हु ...*
संवत् ७०० असोज शुक्ल ५ ॥ ॥ नवदुर्गा गणनाचको पूजा लाय्कूलिमा छेकियो (जुठो परेर) भनेर गाथाहरू मर्यादा अनुसार गराइयो - जात्राका दिनमा ...)
- योगेशराज, "अहिलेसम्म प्रकाशमा नआएको एउटा घटनावली", पासुका, वर्ष ४, अंक ५, माघ, वि.सं.२०५६, पृ.५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजनैतिक महत्व पनि रहेन । तर सांस्कृतिक मूलथलो वा सांस्कृतिक-राजधानीनगरको रूपमा यसको महत्वमा कुनै कमी वा खास परिवर्तन आएन । मल्ल वंश र यसको शासन/राजनीति अस्त भएको दुई शताब्दीभन्दा पनि बढी समय बितिसकेको छ; तर सो समयभन्दा पनि धेरै अघिदेखि चलेका र विकसित हुँदै आएका संस्कृति अहिलेसम्मन् जीवित मात्र नभएर ती समग्र सांस्कृतिक चहलपहलको मूलथलो वा केन्द्रको रूपमा भक्तपुर राजदरबार रहँदै आएको छ । जीवित *नवदुर्गा गण* र यसका नाच पनि यस कुराको सांस्कृतिक-पुष्टिको एउटा उत्कृष्ट उदाहरण हो । किनकि अहिलेसम्मन् यसले पनि विधिवत्



चित्र संख्या ३० : नेवारहरूले आफ्नो बस्ती र सो परिसरका भौगोलिक अवयव अवस्थिति - वन जङ्गल, नदीनाला, पहाड पर्वत आदिलाई पनि साँस्कृतिकिकरण गर्न जानेका रहेछन् भन्ने कुराको एउटा उदाहरण धुलिखेल 'देश' बस्ती (मूल बस्ती) को दक्षिणपट्टि अवस्थित यो रमणीय डाँडा पनि हो । धुलिखेलको स्थानीय जनजीवनमा 'नवदुर्गा-ज्वल गुं' नामले प्रसिद्ध यो डाँडा वा जङ्गल *नवदुर्गा गण*को आद्य स्थलको रूपमा मान्य रहँदै आएको कुरा यस विषयको रोचक किंवदन्तीको आधारमा ज्ञात हुन्छ ।

भक्तपुर राजदरबार आवतजावत गर्ने बाटो बिराएको छैन ।

विशेषगरी शक्ति, सुरक्षा, स्थिरता एवं संकट निवारण आदिका लागि बेलाबखतमा *नवदुर्गा गण*को विशेष पूजा *द्यो:ब्वयेकेगु* गर्ने चलन चाहिँ आधुनिक्रकालका शासकवर्गमा पनि लोकप्रिय रहँदै आएको देखिन्छ ।

राजेन्द्रविक्रम शाहले अघि आफ्ना बुबाज्यू (गीर्वाणयुद्धविक्रम शाह) ले *नवदुर्गा थानमा पंचबाजा बजाउने कुसल्या १३ घरलाई प्रदान गरेको जग्गामा ५३ रोपनी थपी झारा माफ गरिदिएको वि.सं. १८८७ को एउटा गुथिपत्र* (परिशिष्ट संख्या ६) हालै प्रकाशमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आएको छ ।[३६]

वि.सं. १८२६ देखि नेपाल-उपत्यकामा एकछत्र राज चलेपछि र स्थायीरूपमा राजकीय बसाई पनि गोरखाबाट यतै (हनुमानढोका राजदरबार) सरेपछि यहाँका (नेपाल-उपत्यका) उच्चतम देवदेवीलाई मान्दै विशेष अवसरमा पूजा उपासना गर्दै आएको कुरा प्रकारान्तरमा यस गुथिपत्रका आधारमा पनि जान्न सकिन्छ ।[३७]

*नवदुर्गा गण*को लोकप्रियता राणाकालमा पनि विशेष रूपमा रहेको दृष्टिगत हुन्छ । विभिन्न समयका राणा प्रधानमन्त्रीहरू (तथा रोलवाला जर्नेल) ले अनेक अवसरमा, अनेक अभिप्रायले *नवदुर्गा गण*को विशेष पूजा उपासना - *द्यो:ब्वय्केगु* गरेका थिए भन्ने कुरा अहिलेसम्म चलेर आएको यस विषयका लोकवादका आधारमा विदित हुन्छ । यस प्रसङ्गमा जनरल धीरशमशेर तथा प्रधानमन्त्रीहरूमा - वीरशमशेर, चन्द्रशमशेर, भीमशमशेर, जुद्धशमशेर, मोहनशमशेर आदि स्थानीय बूढापाकाहरूका माझमा उल्लेख्य रहेको देखिन्छ ।

राणा प्रधानमन्त्री जङ्गबहादुरका पालामा भोटसित नेपालको युद्ध हुँदा नेपाली सेनाले आफ्नो मनोबल बढाउन शक्तिदायिनी *नवदुर्गा गण*को उपासना गरेका थिए भन्ने कुराको संकेत माथि चर्चित यस विषयको कथाले गरेको छ । सो युद्धताका भक्तपुरबाट पनि दुई पल्टन फौज पठाइएको थियो र त्यसको नेतृत्व तत्कालीन पूर्वतर्फका कमाण्डिङ्ग जनरल धीरशमशेरले गरेका थिए । यसो हुँदा कम्तीमा पनि भक्तपुरबाट पठाइएका सेना र स्वयं धीरशमशेरबाटै नेपाली सेनाको आत्मबल बढाउने शक्तिका रूपमा *नवदुर्गा गण* सो युद्धताका प्रचारमा आएको दृष्टिगोचर हुन्छ । अनि त्यसरी युद्ध जितेका हुँदा धीरशमशेरले *नवदुर्गा गण*को विशेष पूजा द्यो:ब्वयेके गर्न लगाएका थिए ।

वि.सं.१९४२ सालको षडयन्त्रपूर्ण पारिवारिक हत्याकाण्ड (...४२ साल-पर्व) पश्चात् प्रधानमन्त्री भएका वीरशमशेरले आफ्नो सत्ता-स्थिरताका लागि *नवदुर्गा गण*को विशेष पूजा गर्न लगाउनुका साथै मुकुण्डो झुण्ड्याउन प्रयोगमा ल्याइने "मटु" जीर्णोद्धार गरिदिएका थिए भन्ने लोकवाद पनि चलेको छ ।

वि.सं.१९८५ मा चन्द्रशमशेरले नवदुर्गा गणलाई नयाँ वस्त्र चढाई अनेक उपचारसहितले पूजा गर्न लगाएका थिए (परिशिष्ट संख्या ७) । स्थानीय बूढापाकाहरूका अनुसार त्यसबखत राणा शासनविरुद्ध जनचेतना बढ्दै गएको हुँदा उनले त्यसरी *नवदुर्गा गण*को पूजा उपासना गरेका थिए ।[३८]

जुद्धशमशेरका पालामा, वि.सं.१९९० सालको महाभूकम्पले भक्तपुरमा पनि धनजनको ठूलो क्षति भएको थियो । सो भयानक विनाशका कारण त्यसपछि शुरु भएको जीर्णोद्धार कार्यले विशेषगरी

३६। योगेशराज - "केही गुथिपत्रहरू", *पासूका*, वर्ष ४, अंक ५, वि.सं.२०५६, पृ.११ ।

३७। गीर्वाणयुद्धविक्रम शाहको पालामा नेपालले युद्ध (नेपाल-अंग्रेज युद्ध, वि.सं.१८७१-७३) र महामारी (शीतला-रोग) को मार एकैपल्ट खेप्नुपरेको(उनी स्वयंको मृत्यु शीतला-रोग लागेर भएको थियो) थियो । यसो हुँदा सैनिकको आत्मबल बढाउन र महामारीको प्रकोपबाट बच्न भक्तपुरको नवदुर्गाभवानी वा गणको पूजा उपासना गरेका थिए भन्ने कुराको अनुमान यस गुथिपत्रका आधारमा हुन्छ ।

३८। श्रेष्ठ - भक्तपुरमा तान्त्रिक शक्तिको युग, पूर्वोक्त, पृ.१२२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुर राजदरबार आफ्नो पूर्व मौलिक स्वरूपमा आउन कम्तीमा पनि ३ वर्ष लागेको देखिन्छ ।[३९] यसरी जीर्णोद्धार एवं सुधारकै क्रममा भक्तपुरमा बिजुलीबत्तीको प्रचलन पनि जुद्धशमशेरकै पालामा भएको हुँदा वि.सं.१९९४ मा उनी भक्तपुर आउँदा पंचबलिसहित *नवदुर्गा गणको द्यःब्वयेकेगु* पूजा पनि भव्य रूपमै गरिएको थियो ।

राणा शासनविरुद्ध जनचेतना तीब्ररूपमा बढ्दै गएको मात्र नभएर अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति समेत प्रतिकूल हुँदै गएको र विशेषगरी *नाबालक ज्ञानेन्द्रलाई नेपालका महाराजाधिराज घोषित गरेको अवसरका परिप्रेक्ष्यमा मोहनशमशेरले पुरश्चरणका साथै नवदुर्गा गणको द्यःब्वयेके गर्न लगाएका थिए* भन्ने लोकवाद चलेको छ ।

*नवदुर्गा गण*को विशेष पूजा उपासना गर्ने शाहवंशीय राजाहरूमा स्व. श्री ५ त्रिभुवन, स्व. श्री ५ महेन्द्र एवं स्व. श्री ५ वीरेन्द्र पनि स्थानीय जनजीवनमा विशेष स्मरणीय छन् ।

*वि.सं.२००७ सालको राजनैतिक परिवर्तन पश्चात् स्व. श्री ५ त्रिभुवन*ले भक्तपुर राजदरबार सामुन्नेको विशाल प्राङ्गणमा भव्यरूपले चण्डीपाठसहित *द्योःब्वयेके* गर्न लगाएका थिए । *स्व.श्री ५ महेन्द्रले वि.सं.२०१३ सालमा राज्याभिषेक समारोहका अवसरमा* र त्यसैगरी *वि.सं.२०१७ सालमा निर्दलीय शासन व्यवस्था सूत्रपात गरेको अवसरमा द्यःब्वयेके* गर्न लगाएका थिए । *त्यस्तै, वि.सं.२०३२ सालमा स्व श्री ५ वीरेन्द्रको राज्याभिषेक उत्सवका अवसरमा पनि पञ्चवलिसहित द्यःब्वयेके गरिएको थियो ।*[४०]

भक्तपुरको *नवदुर्गा गण* र स्व. राजा वीरेन्द्र[४१]

वि.सं. २०१७ देखि २०४५ सालसम्मन्को राष्ट्रिय राजनैतिक इतिहासतर्फ दृष्टि दिंदा २०१७ देखि नै निर्दलीय पञ्चायती शासन व्यवस्थाको विरुद्धमा उर्लदै गएको जनअसन्तोषको उत्कर्षकाल २०४५ साललाई मान्न सकिन्छ । सोही वर्षको भाद्र ५ गते गएको भूकम्पले धनजनको पनि क्षति भएको थियो । यसप्रकार देशमा राजनैतिक असन्तोष बढ्दै गएको र प्राकृतिक मारले पनि जनजीवन मर्माहत एवं भयाक्रान्त हुनपुगेको परिस्थितिमा स्व. राजा वीरेन्द्रले त्यसै सालदेखि हरेक वर्षको कोजाग्रत पूर्णिमा (आश्विन शुक्ल पूर्णिमा) का दिन भक्तपुरको *गछेंटोल*स्थित *नवदुर्गा गण*को देवगृहमा सवारी भई नवदुर्गाभवानी *(नवदुर्गा गण)* को दर्शनपूजन गर्ने नयाँ परम्परा बसाले ।[४२] (चित्र संख्या ३१)

३९। डा.पुरुषोत्तम लोचन श्रेष्ठ,- त्रिपुर र युथुनिमम् राजकुल, *भक्तपुर*, भक्तपुर नगरपालिका, वि.सं.२०५८, पृ.६९ ।

४०। डा.पुरुषोत्तम लोचन श्रेष्ठ - "भक्तपुरका नवदुर्गा गण र स्व. राजा वीरेन्द्र", *खोपृङ*, वर्ष ११, वि.सं.२०५९, पृ.३५ ।

४१। सोही, पृ. ३६, ३७ ।

४२।

क) परम्परागत रूपमा पूर्वकालदेखि प्रचलित रहँदै आएका प्रमुख धार्मिक, सांस्कृतिक (नाच, जात्रा, चाडपर्व, पूजाविधान आदि) उत्सवहरूमा राजाको प्रत्यक्ष 'राजकीय उपस्थिति' वा सो सम्भव नभएमा राजकीय प्रतीकका रूपमा समावेशित 'राजखड्ग' ले अपरिहार्य रूपमा राजाको धार्मिक एवं सांस्कृतिक नेतृत्व वर्तमानमा पनि रहँदै आएको जानिन्छ । तथापि राजाको प्रत्यक्ष उपस्थिति वा सांस्कृतिक नेतृत्वका परिप्रेक्षमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र संख्या ३१ : ऐतिहासिक पाइलाले अघि बढाएको सांस्कृतिक गरिमा - वि.सं. २०५७ साल, कोजाग्रत पूर्णिमाका अवसरमा नवदुर्गा गणको पूजा अर्चना गरी देवगृह (नवदुर्गा द्यःछें) को मूलद्वारबाट प्रसन्न मुद्रामा फिर्ती सवारीका क्रममा - स्व. राजा वीरेन्द्र । चित्र साभार : सुमी बनेपाली

चाहिँ मल्लकालपश्चात् उपत्यकाका तीनवटै मूलनगरहरूमध्ये कान्तिपुर र ललितपुरका प्रमुख धार्मिक सांस्कृतिक उत्सवहरूमा मात्र राजाको प्रत्यक्ष उपस्थिति हरेक वर्ष रहँदै आएको कुराको पुष्टि - *कान्तिपुरमा इन्द्रजात्राताका* गणेश, भैरव र कुमारीको दर्शन गर्न राजा राजपरिवार स्वयं सवारी हुने, *पचलिभैरवको बाह्रवर्षे जात्रामा भैरवसित खड्ग साट्ने तथा ललितपुरमा रातो मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रामा सवारी हुने* आदि सांस्कृतिक -उदाहरण प्रमाणका आधारमा गर्न सकिन्छ । तर **भक्तपुर**का कुनै पनि प्रमुख धार्मिक सांस्कृतिक उत्सवमा राजा स्वयं सवारी हुने, दर्शनपूजन गर्ने परम्परा चाहिँ वि.सं.१८२६ देखि वि.सं.२०४५ सालसम्मन् रित्तै रह्यो । यसो हुँदा *स्व.राजा वीरेन्द्रले* यस नगरका राजोपाध्याय विद्वान पण्डित रत्नराज शर्मा लगायतका स्थानीय बासिन्दाहरूका सुझाव,सल्लाह जिल्लाका तत्कालीन पदाधिकारीहरूमार्फत लिई अन्ततः *वि.सं.२०४५ सालदेखि हरेक वर्ष कोजाग्रत पूर्णिमाका दिन भक्तपुर सवारी भै नवदुर्गा गणको दर्शन एवं पूजा उपासना गर्ने परम्परा बसाले ।* निसन्देह भक्तपुरको सांस्कृतिक इतिहासमा यसप्रकारको नयां परम्पराको थालनी गर्ने उनी प्रथम शाहवंशीय राजाका रूपमा देखापर्छन् ।

ख) वि.सं.२०४५ साल,भाद्र ५ गते गएको भूकम्पको लगत्तैपश्चात् भक्तपुरमा घटेको एउटा निकै चर्चित राजनैतिक घटना 'भक्तपुर काण्ड' पनि थियो । अनि स्थानीय राजनीतिमा अभिरुचि राख्ने राजनैतिक कार्यकर्ता, बुद्धिजीवी लगायतका सर्वसाधारणमा - सोही काण्डदेखि राजा /राजपरिवारले हरेक वर्षको कोजाग्रत पूर्णिमाका दिन *नवदुर्गा गण*को दर्शनपूजन गर्न भक्तपुर सवारी आरम्भ गरेका हुन् भन्ने अभिमत रहेको बुझिन्छ । वि.सं.२०५७ सालको कोजाग्रत पूर्णिमाका दिनमा स्व.राजा वीरेन्द्र *नवदुर्गा गण*को दर्शनपूजन गर्न भक्तपुर सवारी हुँदा यहाँबाट प्रकाशित हुने मजदूर दैनिक पत्रिकामा छापिएको **श्री ५ को भक्तपुर सवारी** शीर्षकको निम्नलिखित समाचार उद्धरणबाट पनि उक्त कुराको पुष्टि मिल्छ - *२०४५ सालको भक्तपुर काण्डदेखि नियमित रूपमा कोजाग्रत पूर्णिमाको दिन नवदुर्गा दर्शनको लागि राजपरिवारको भक्तपुरमा सवारी भइरहेको छ ।*

- मजदूर दैनिक, वर्ष :२, अंक : २६४, २७ असोज, वि.सं.२०५७, पृ.१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथिका प्रसङ्गमा स्व. राजा वीरेन्द्रको शासनकाललाई तुलनात्मक रूपमा मूल्याङ्कन गर्नुपर्दा नियमित रूपमा *नवदुर्गा गण*को दर्शन पूजन थालनीपश्चात्का अवधि नै ऐतिहासिक रूपमा सर्वाधिक लोकप्रिय, उपलब्धिपूर्ण एवं अविस्मरणीय रहेको जानिन्छ । २०४६ सालको जनआन्दोलन, जनभावना र चाहना अनुरूपको संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्रात्मक संविधान-२०४७ आदि उक्त कुराको पुष्टिका लागि उदाहरणस्वरूप देखापर्छन् । त्यस्तै, त्यसपछिका वर्षहरूमा उनी नेपाली जनजीवनका माझमा निकै लोकप्रिय राजाका रूपमा पनि देखापरे ।

*नवदुर्गा गण*ले आफ्नो निश्चित वार्षिक कार्यक्रम अनुसार गत वर्ष अर्थात् वि.सं.२०५८ साल जेष्ठ १९ गते शुक्रबार राति ९ बजेसम्मन्मा आइपुग्दा वर्षको अन्तिम नाच प्रस्तुत हुने इच्छुटोलमा सो अन्तिम नाच प्रस्तुत गरी आफ्नो 'भौतिक मृत्यु' को पहिलो गुह्य विधान पनि सम्पन्न गराई 'शक्तिविहीन' हुनपुगिसकेका थिए । आश्चर्यपूर्ण संयोगको कुरो छ, उता साह्रै नै विभत्स एवं हृदयविदारक 'नारायणहिटी हत्याकाण्ड' पनि सोही रातको ९.१५ बजेतिर भएको थियो । उक्त हत्याकाण्डमा परी सोही रात राजा वीरेन्द्रसहित निधन हुने राजपरिवारको संख्या पनि '९' नै थियो ।[४३]

उक्त वर्षमा *नवदुर्गा गण*ले आफ्नो 'मृत्यु' अघिको अन्तिम भोजन भक्तपुर राजदरबारको मूलचोकमा जेष्ठ २८ गते आइतबार ग्रहण गरेको थियो; जेष्ठ ३२ गते बिहिबार देश परिक्रमा (नगर परिक्रमा) गरी देशवासी (नगरवासी) लाई अन्तिम विदाई दर्शन दिइसकेपछि आफ्नै वासस्थान (नवदुर्गा देवगृह) अघिल्तिरको बाटो हुँदै शवरूपी १३ वटा मुकुण्डोलाई सेतो वस्त्रले ढाकी, शवयात्राका बेला बजाइने *नायखिं* बाजा बजाई शवयात्रा गरी नगरको पूर्वतर्फको ब्रम्हायणीघाटमा लगी दाहसंस्कार गरिएको थियो ।

उक्त प्रसङ्गले यस्तो प्रतीत गराएको छ; मानौं *त्यसबेला नवदुर्गा गणले समाजका साधारण गृहस्थीका नभएर नयाँ परम्पराको थालनी गरी नवदुर्गा गण र नाचकै सांस्कृतिक गरिमा बढाउने आफ्ना एक असल मित्र एवं भक्त स्व. राजा वीरेन्द्र र उनका परिवार अनि शाही नातेदारहरूकै 'मृत्यु' को मार्मिक क्षणलाई सजीव रूपले प्रस्तुत गरेको थियो ।*

त्यसपछि, *नवदुर्गा गण*ले लौकिक जीवनमा भौतिकरूपले नयाँ जन्म लिइसकेको परिप्रेक्ष्यमा स्व. राजा वीरेन्द्रले थालनी गरेको ऐतिहासिक परम्परालाई थाम्दै, निरन्तरता दिने क्रममा २०५८ सालको कोजाग्रत पूर्णिमा (१५ गते, बुधबार) का दिन नयाँ राजा श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सपरिवारसहितले श्री नवदुर्गाभवानी *(नवदुर्गा गण)* को देवगृहमा सवारी भै दर्शन पूजन पनि गरिबक्सेका छन् । त्यसैगरी अहिले अन्तिम पंक्ति लेख्दासम्ममा २०५९ साल कोजाग्रत पूर्णिमाका दिनमा पनि **मौसूफ सरकार**बाट नवदुर्गा भवानीको दर्शन, पूजा अर्चना गरिबक्सेको छ । (चित्र संख्या ३२) यसरी स्व. राजा वीरेन्द्रले थालनी गरेको परम्पराले निरन्तरता पाउँदै आएको छ ।

४३। १.वीरेन्द्र २.ऐश्वर्य ३.निराजन ४.श्रुति ५. शान्ति ६.कुमार खड्गविक्रम ७.शारदा ८.धीरेन्द्र ९.जयन्ती ।
वि.सं २०५७ सालको कोजाग्रत पूर्णिमाका दिनमा स्व. राजा वीरेन्द्र भक्तपुर सवारी भै गरेको नवदुर्गा गणको दर्शनपूजन उनको जीवनकै अन्तिम रह्यो । यसरी उनले वि.सं.२०४५ देखि ०५७ सम्मन्का १३ वर्षमा १३ पटक *नवदुर्गा गण*को दर्शन, पूजा उपासना गर्न भक्तपुर सवारी भएका थिए भन्ने कुरा देखिन आएको छ । यस कुरामा पनि आश्चर्यपूर्ण संयोग के छ भने *नवदुर्गा गण*का मुकुण्डोहरूको संख्या पनि १३ नै छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चित्र संख्या ३२ : श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकार २०५९ साल कोजाग्रत पूर्णिमाका अवसरमा नवदुर्गा देवगृहमा सवारी भई नवदुर्गा गणको पूजा अर्चना गरी फिर्ती सवारीका क्रममा, परम्परालाई थाम्दै, निरन्तरतातर्फ अग्रसर, प्रसन्न मुद्रामा मौसूफ सरकार। चित्र साभार : सुमी बनेपाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ४

उपसंहार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोगात्मक तान्त्रिक विधिविधानका माध्यमबाट मानव शरीरमा विधिवत देवत्व प्रतिष्ठापित गरी जीवित देवताका रूपमा मान्ने नयाँ प्रवाहको सफल शुरुवात्सँगै अनाकृत रूपमा स्थापित अचल मातृकागण पनि मानव शरीरका माध्यमबाट जीवित वा चलायमान हुँदै सोह्रौं शताब्दीको तेश्रो चरणसम्मन्मा आइपुग्दा अनेक रोचक कथा उपकथासहित गणनाचका गणका रूपमा लौकिक जीवनमा साक्षात्कार हुँदै, वर्तमानमा पनि उत्तिकै लोकप्रिय अवस्थामा प्रचलित रहँदै आएका नेपाल-उपत्यकाका अन्य गणनाचहरू लगायत भक्तपुरको *नवदुर्गानाच* र यसका *गण* मातृमतको विकासक्रमकै परिप्रेक्ष्यमा नौलो आयामका रूपमा देखापर्छन् ।

यसमा नीहित कथानक, तान्त्रिक विधान, प्रचलित सैद्धान्तिक मान्यता आदिका आधारमा मात्र नभएर १९ गण वा सदस्यले परिवारित हुँदाहुँदै पनि मूल नवमातृकागण वा *नवदुर्गा गण* रहेकै आधारमा समेत नवदुर्गाभवानी दर्शनीय हुन आउने परिप्रेक्ष्यमा लौकिक जीवनमा प्रचलित *नवदुर्गा प्याखं* एवं *नवदुर्गा गण* नाम विशेषताको औचित्य खुल्छ । तथापि आधुनिककालमा यो नाम बढ्ता प्रचलनमा रहेको देखिए तापनि मल्लकालीन समाजमा चाहिँ *इकुं प्याखं* नाम नै विशेष रूपमा चलनचल्तीमा रह्यो ।

प्रशस्त तान्त्रिक विधिविधानले युक्त र संस्कारित तन्त्रप्रधान नवदुर्गानाच महिषासुरमर्दिनीको मूलकथासित सम्बद्ध नाच मात्र नभएर पूर्वीय नाट्यशास्त्र परम्परामा आधारित यस्तो एउटा भावप्रधान नृत्य-नाटक पनि हो जसमा बोलेर होइन, निश्चित भाव-संकेतद्वारा संवाद प्रकटित हुन्छ ।[1] त्यस्तै चरणबद्ध रूपमा प्रस्तुत गरिने यस नाचको विशेषतातर्फ विचार गर्दा मल्लकालीन *ख: प्याखं* [२] को प्रभाव पनि दृष्टिगोचर हुन्छ ।

समाज र संस्कृतिकै एक अभिन्न अङ्गको रूपमा रहेको *नवदुर्गा गण* सोही अनुरूप परम्परागत नेवार समाजका सर्वसाधारण परिवार सदृश: पारिवारिक नियम, अनुशासन अनुसार चल्ने *शक्तिशाली संयुक्त परिवार* हो । संयुक्त परिवारमा घरमूली *(नाय:/नकीं)* को महत्व, दायित्व र भूमिका अनेक दृष्टिले उच्च रहेको हुन्छ । १८ गण सदस्यहरूले परिवारित *नवदुर्गा गण*का घरमूली चाहिँ *नकीं* हुन् । *नवदुर्गा गण*लाई *मोहनी* लगाइदिएर घर (देवगृह) भित्र्याउनेदेखि लिएर निष्काशित गर्ने पनि *नकीं* नै हुन् । यस अर्थमा नेवार समाज र संस्कृति *नकींप्रधान* पनि हो भन्ने कुरा थाहा पाइन्छ ।

१। तान्त्रिक पूजाविधानका आरम्भमा बीजमन्त्र उच्चारण गर्ने चलन रहे झैं यस नाचमा पनि नाटकको संवादका आरम्भमा मन्त्रोच्चारण गर्ने परम्परा पनि प्रचलित रहेको देखिन्छ । अनि सो बीजमन्त्र प्रयोग गरेपछि सर्वसाधारणले बुझ्ने सहजभाषामा संवाद गर्ने *(भाषा ल्हायगु)* चलन रहेको बुझिन्छ ।

२। चरणबद्ध रूपमा प्रस्तुत गरिने रङ्गमञ्चीय नाटकलाई **ख:प्याखं** को रूपमा मान्न सकिन्छ । मूल नगरबस्तीका मूल डबलिहरूमा देखाउनुपर्ने यी *ख:प्याखं* हरेक ४ वर्षमा एकपल्ट प्रदर्शित गर्नुपर्ने चलन रहेको बुझिन्छ । तत्कालीन धार्मिक , ऐतिहासिक एवं धिरोदात्त व्यक्तित्वहरूका जीवनी, पराक्रम आदि विषयवस्तु *ख:प्याखं*का मूल विशेषताका रूपमा देखापर्छन् । **कोलासुर वधोपाख्यान, मधुमालती, मधुकरोपाख्यान, शिवकृष्ण - द्वन्दोपाख्यान** आदि अनेक शीर्षकका *ख:प्याखं*हरू उदाहरणका रूपमा देखापर्छन् । यस्ता अनेक शीर्षकका *ख:प्याखं*मा पात्रहरूको चयन गर्दा देवदेवीका भूमिका -राजोपाध्याय ब्राम्हणले, राजा/राजपरिवारको भूमिका - मल्ल/प्रधानाङ्गले तथा अन्य भूमिका सर्वसाधारणले गर्ने मान्यता प्रचलित रहेको पाइन्छ । -

- डा.पुरुषोत्तम लोचन श्रेष्ठ, भक्तपुरका सांस्कृतिक नाचगान, दबु, पहिरन एवं अलङ्कार, श्री ५ को सरकार पुरातत्व विभाग तथा भक्तपुर नगरपालिकाको प्रयोजनको निमित्त आइ.डि.आर.एस.मा प्रस्तुत अनुसन्धान प्रतिवेदन, काठमाण्डौं, वि.सं.२०५७, पृ.३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*नवदुर्गा गण*मा दृष्टिगत हुने संयुक्त परिवार नितान्त मल्लकालीन हो । मूलतः शक्ति र सुरक्षाकै लागि लिच्छविकालमा भन्दा पनि मल्लकालमा संयुक्त परिवार प्रथा धार्मिक दृष्टिले मात्र नभएर राजनैतिक अवस्थाले गर्दा पनि अत्यावश्यक हुनपुगेको थियो ।[३] कालचक्रले वर्तमान आधुनिक-जनजीवनमा उहिलेको जस्तो मिलेर बस्ने भावना ओझेलमा परिसकेको मात्र नभएर अनेक पारिवारिक झमेलाका कारण छुट्टिएर बस्ने - एकल परिवार प्रथाले प्रश्रय पाउँदै आएको देखिन्छ । तर *नवदुर्गा गण*को संयुक्त परिवार अहिले पनि जस्ताको तस्तै शक्तिशाली र अविच्छिन्न छ । निःसन्देह अहिले पनि कत्ति पनि विचलनमा नआएको *नवदुर्गा गण*को संयुक्त परिवार, अनि उनीहरूका चालचलन, विधि व्यवहार आदिमा पनि सिङ्गो मल्लकालीन नेवार-जनजीवनका संयुक्त परिवार, सामूहिक रूपमा मिलेर बस्ने, काम गर्ने भावना, आफूभन्दा ठूलालाई आदर सत्कार र सानालाई स्नेह एवं माया गर्ने भावना (सामाजिक मर्यादा, नैतिकता एवं शिष्टाचार आदि), रीति-स्थिति/विधि-व्यवहार (जन्मदेखि मृत्युसम्मन्का संस्कार आदि), भेषभूषा, रहनसहन, खाना-पाना, मनोरञ्जन आदि मौलिक रूपमै बाँचिरहेका छन्; उहिलेकै रीतले अहिले पनि आफ्नो कठोर नियम अनुशासनमा रहेर, अदम्य जोश र जाँगर देखाई, निकै चनाखो भएर आफ्नो देश-प्रदेशका जनताको रक्षा गर्दै, अधीनस्थ देश-प्रदेशका भूभाग एवं सिमानाको सुरक्षा र निगरानी गर्दै आइरहेकै छ । यसप्रकार 'तान्त्रिक तवरले' *नवदुर्गा-अधीनस्थ* देश-प्रदेश, गाउँ बस्ती, टोल, परिवार, समाज, संस्कृति आदि समग्रमा *नवदुर्गामय* रहेको कुराको पुष्टि मिल्छ ।

मध्यकालीन भक्तपुरको मूलनगरबस्ती कहाँसम्मन् फैलिएर रहेको थियो र यहाँ कति टोल थिए; एउटा टोलको इलाका कहाँसम्मन् फैलिएर रहेको थियो र यसको मध्यभाग कहाँ पर्दथ्यो; बस्तीभित्रका परम्परागत मूल-मार्ग कहाँ-कहाँ थिए; अनि त्यसैगरी तात्कालिक स्वतन्त्र भक्तपुर राज्यअन्तर्गत कुन-कुन ग्रामप्रदेश पर्दथ्यो;[४] केन्द्र ग्राम, प्रदेश जोड्ने मूल मार्ग कहाँ-कहाँ थिए; अधीनस्थ प्रदेशको मूलबस्तीक्षेत्र कहाँसम्मन् फैलिएर रहेको थियो; सो प्रदेशका टोल इलाकाको मध्यभाग कहाँ पर्दथ्यो भन्ने इत्यादि स्थान, क्षेत्र वा इलाकाविशेषका महत्वपूर्ण भू-राजनैतिक/प्रशासनिक स्वरूप, अवस्थितिका बारेमा पनि वैज्ञानिक ढङ्गले जान्न सकिने सजीव सांस्कृतिक प्रमाण - *नवदुर्गा गण*को देश-परिक्रमा (मूलनगर एवं ग्रामप्रदेश) *दे चा म्हुकेग,* (नगर वा प्रदेश आगमन एवं प्रस्थानका क्रममा आफ्नो प्रचलित यात्रापथका आधारमा निर्धारण हुन आउने निश्चित इलाका), *डा लाकिगु त्वः* तर्फ प्रस्थान एवं *त्वः मुंकेगु* (टोल इलाका

३। *मध्यकालमा नेपाल उपत्यकामा संयुक्त परिवार प्रथा झन् दरिलो बन्यो । यसमा राजनैतिक, धार्मिक कारण थिए । मध्यकालको राजनैतिक अवस्थाले गर्दा परिवार छुट्टिएर , छरिएर बस्नुभन्दा गढ, किल्लारूपका शहर, बस्तीभित्रै मिलेर बस्नामा बढी सुरक्षा थियो । गुठी आदि धार्मिक रीतिस्थितिले गर्दा पनि एकै ठाउँमा मिलेर रहनामा सुबिधा थियो ।*

- धनवज्र वज्राचार्य, "मध्यकालीन नेपाल", नेपाल परिचय, काठमाण्डौ, पाठ्यक्रम विकास केन्द्र, वि.सं.२०३२, पृ.१

४। मल्लकालमा - १.सांगा २.नाला ३.बनेपा ४.पनौती ५.धुलिखेल ६.चौकोट ७.श्रीखण्डपुर (खडपु) यी सात ग्रामप्रदेश *(न्हे गां)* भक्तपुर राज्य अधीनस्थ थिए भन्ने कुरा अन्य श्रोतसामग्रीका आधारमा मात्र नभएर ती प्रदेशमा *नवदुर्गा गण* प्रस्थान भई नाच् प्रस्तुत गर्ने सांस्कृतिक चलन-प्रमाणका आधारमा पनि पुष्टि हुन्छ । त्यस्तै *नवदुर्गा गण* ती प्रदेशमा प्रस्थान हुँदा त्यहाँका *लाय्कू* वा तलेजु अगाडिका *दबू* (डबलि) मा *सिफोद्यः*को विमानखट बसाल्छन् वा *खःजुकेगु* गर्छन् । यताबाट तत्कालीन समयमा सो स्थान वा टोल इलाका सम्बद्ध प्रदेशको मध्यभागमा पर्दथ्यो भन्ने कुरा थाहा पाइन्छ । यसै परिप्रेक्षमा सो मध्यभाग (तलेजु वा लाय्कू परिसर) तत्कालीन मूल केन्द्र - भक्तपुरको प्रशासकीय-मुकामको रूपमा पनि रहेको दृष्टिगोचर हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्धारण), *खः जुकेगु* (सम्बद्ध टोल इलाकाको मध्यभाग), दुम्ब र श्वेतभैरवले सम्बद्ध टोलमा *डा लाकिगु* नाच प्रस्तुत गर्ने क्रममा भीडलाई लखेट्दा सो टोलको निर्धारित सिमानाभन्दा बाहिर नजाने वा अतिक्रमण नगर्ने आफ्नो निश्चित नियम र अनुशासनको पालना आदिका आधारमा जान्न सकिन्छ ।

*नवदुर्गा गण*लाई सुंगुरको भोगबलि दिने चलन किन र कसरी चलेको होला ? भन्ने प्रश्न यहाँका सर्वसाधारणसित सोधेको खण्डमा माथि प्रस्तुत किंवदन्ती अनुरूपकै यस्तो उत्तर मिल्छ - "इपाछेंटोलका सोमरा' (सोमराज) ब्राम्हणको आगमकोठामा गुह्य रूपमा राखिएका *नवदुर्गा गण*लाई उनका मठ्याहा स्वास्नीले चियाएर हेरेपछि गोप्यता भंग भयो र सोही कारण क्रुद्ध हुनपुगेका *नवदुर्गा गण* त्यहाँ नबसी आफ्नो सामुन्नेमा जो कोही पर्न आएतापनि सिध्याइहाल्ने नियतले सो घरबाट बाहिर निस्कन लाग्दा ढोका सामुन्ने नै सुंगुर पर्न आएकोले सो जीवको भोगबलि लिएछन् । त्यसैबेलादेखि *नवदुर्गा गण*लाई सुंगुरको भोगबलि चलेको हो ।"

यस लोककथामा *नवदुर्गा गण*ले ढोकासामुन्ने सन्मुख पर्न आएका सुंगुरको भोगबलि लिएको रोचक वर्णन राजनैतिक, धार्मिक दृष्टिले विचारणीय मान्न सकिन्छ । पूर्वमध्यकालतिर भारत तथा नेपालका हिन्दू एवं बौद्ध धर्मावलम्बीहरूमाथि मुसलमान आततायीहरूले बारम्बार (अनेक देवमन्दिर, विहार, घर भत्काउँदै, बिगार्दै, मूर्तिहरू तोडफोड गर्दै, आगो लगाउँदै, लुटपिट आदि गर्दै) भयङ्कर आतङ्क मच्चाएका थिए ।[५] यसरी अनेकपल्ट भएका मुसलमान आक्रमण एवं आतङ्कका असर अनेक दृष्टिले पछिसम्म रह्यो ।

५। उत्तरपूर्वी भारतमा मुसलमानहरूको मारबाट बच्न हिन्दू एवं बौद्ध पण्डित विद्वान्हरू आफ्ना सायमा अनेक दुर्लभ धार्मिक ग्रन्थ आदि लिई (धर्म, परम्पराको रक्षार्थ) शरणार्थीका रूपमा नेपाल पसेका थिए । खासगरीकन उत्तर भारतमा मुसलमानहरूको ठूलो मार तान्त्रिक बौद्धधर्म (वज्रयान) माथि पर्न गयो; त्यहाँ उनीहरूले यस धर्मको अन्तर्राष्ट्रिय स्थल वा मूल केन्द्रकै रूपमा प्रसिद्ध हुनपुगेका *विक्रमशील महाविहार, नालन्दा, ओदन्तपुरी, सोमपुरी, जगद्ला,* आदि विश्वविद्यालयहरू ध्वस्त पारेका थिए । त्यसपछि नेपाल हिन्दू एवं तान्त्रिक बौद्धधर्मको केन्द्र र कार्यक्षेत्र नै बन्नपुगेको थियो । (श्रेष्ठ,-भक्तपुरमा तान्त्रिक शक्तिको युग, पूर्वोक्त, पृ.७३-७५) अनि यसै परिप्रेक्ष्यमा विशेषगरी विक्रमको बाह्रौं शताब्दीमा सिम्रौनगढलाई राजधानी बनाई खडा भएको स्वतन्त्र तिरहुत राज्यले *धार्मिक क्षेत्रमा पनि योगदान दिंदै ... एक किसिमले हिन्दू धर्मको पुनरुत्थान नै गर्न खोजेथ्यो ।* (धनवज्र वज्राचार्य - 'जनकपुरलाई पुनः प्रकाशमा ल्याउनमा सेन राजाहरूकों योगदान', सिंहावलोकन नेपालीय मैथिली विशेषाङ्क, भदौ, वि.सं.२०४६, पृ.३४,३५) यसै प्रसङ्गमा सो राज्य खडा भएको करीब ५० वर्षपछि यता केन्द्रका शासकहरूले भक्तपुरलाई राजधानी सारेपछि लगातार आफनो राजनैतिक दबावका साथसाथै धार्मिक सांस्कृतिक प्रभाव एवं सम्बन्ध कायम गर्नमा पनि सफलता पाउँदै आएका थिए । यसो हुँदा हिन्दूहरूको एक प्रमुख गढको रूपमा भक्तपुरको महत्व पनि बढ्न थालिसकेको थियो । यसप्रकार समग्रमा नेपाल-उपत्यका हिन्दू एवं तान्त्रिक बौद्धधर्मावलम्बीहरूको चहलपहलको प्रमुख केन्द्र वा तीर्थस्थलकै रूपमा विकसित हुनपुगेका कारण पनि शायद - *वि.सं.१४०६ मा बङ्गालका सुलतान शमसुद्दीनले नेपाल-उपत्यकामा भयानक आक्रमण गरेका थिए । त्यसबेला नेपालको राजधानी भक्तपुरमा भएको हुँदा सो आक्रमणको मार पनि पहिले यहीं नै पऱ्यो । मुसलमानी सैन्यले यहाँ यथेच्छा लुटपीट गरी, देवमन्दिर भत्काई आगो लगाए, ठूलो हाहाकार मच्चाए ...नेपाल-उपत्यकाका शासक र दुनियाहरूले शमसुद्दीनको सैन्यसँग सोझै मुकाबिला गर्न नसकेका र संरक्षणको लागि वनदुर्गभित्र पस्नु आदि मात्र गरेका हुनाले मुसलमानी सैन्यले निर्धक्कसँग नेपाल-उपत्यकाका तीनै शहर उजाड पार्ने अवसर पायो । अनि ७ दिनसम्म यहाँ बसी शमसुद्दीन फर्केर गए ।* (वज्राचार्य, 'शमसुद्दीनको आक्रमण' पूर्वोक्त, पृ.७-११) यो घटना घटनु भन्दा २५ वर्षअघि अर्थात् वि.सं.१३८१ मा दिल्लीका सुलतान गयासुद्दीन तुगलकले तिरहुत वा डोयराज्यको सिम्रौनगढ ध्वस्त पारिसकेका थिए । त्यस घटनापछि डोय राजा हरसिंहदेवकी पत्नी देवलदेवीले आफना दाजु रुद्रमल्लको भक्तपुर राजदरबारमा शरणार्थीको रूपमा प्रवेश पाईन् । वि.सं.१३८३ मा दाजुको मृत्युपछि नेपालको राजकाजमा हात हाल्ने मौका पाएकी देवलदेवीले विशेषगरी शाक्तमत र मैथिली-संस्कृतिलाई नेपाल-उपत्यकामा र अझ विशेषगरी भक्तपुरमा राजकीयस्तरमै विकसित गर्ने अवसर पनि पाएकी थिइन् भन्ने कुरा दृष्टिगोचर हुन्छ । किनकि डोय शासकहरू शाक्त मतका प्रबल उपासक थिए । यसो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुसलमानहरूले अति नै घृणा गर्ने जीव सुंगुर हो । नेपाल भारत लगायतका अन्य देशहरूमा पनि इस्लाम धर्म इतरका अन्य धर्मका अनुयायीहरूले आ-आफ्नो कुल, सम्प्रदाय अनुसार देवदेवीलाई सुंगुरको भोगबलि दिई प्रसादको रूपमा ग्रहण गर्ने वा खाने चलन रहँदै आएको जानिन्छ । नेपालकै परिप्रेक्ष्यमा पनि यसप्रकार तात्कालिक समयमा मुसलमानहरूको मारबाट बच्ने एउटा प्रभावकारी उपायका रूपमा त्यसप्रकारको चलन (देवदेवीलाई सुंगुरको भोगबलि चढाउने) विकसित हुनपुगेको अनुमान हुन्छ । अझै पनि मिथिलाको मैथिल परिवारमा कुलदेवीको पूजा गर्दा देवगृहको ढोकामा सुंगुरको बलि चढाइन्छ ।[६] गोरखाको गोरखकालीलाई पनि सुंगुरको बलिसहित पूजा चलाइन्छ । भक्तपुरकै सन्दर्भमा *नवदुर्गा गण*का अतिरिक्त बोलाछें टोलस्थित *तालादफो* नामको थुम्कोमा स्थापित गोरखनाथको पादुका पछाडिका भैरव[७] र त्यस्तै भेलुखेल टोलको *नासःद्यः* वा नृत्यनाथ *(भेलुख्यः नासः)* मन्दिरमा सुंगुरको बलि चढाइन्छ ।[८]

नेपाल-उपत्यकामा मुसलमान सैन्यले मच्चाएको आतङ्कले पछिसम्म पनि जनजीवनलाई झस्काइरहेको परिप्रेक्ष्यमा[९] धर्म संस्कृति र मानवनिर्मित सम्पदाकै रक्षार्थ पनि मल्लकालमा विना भेदभाव सबै जातले सुंगुरको मासुलाई पवित्र मानेर खाने चलन अझ बढता लोकप्रिय हुँदै गएको दृष्टिगोचर हुन्छ । मासु नै नखाने ब्राम्हणवर्गलाई समेत सुंगुरको मासु राखेर ब्राम्हणभोज खुवाउने चलन तात्कालिक समाजमा प्रचलित रहेको प्रसङ्गले पनि उक्त कुराको पुष्टि मिल्छ । हिजोआज नेवार समाजको 'पानी चल्ने' जातमा सुंगुर शायद फोहरी जीव भएको कारणले अभक्ष मात्र नभएर अस्पृश्य समेत हुनपुगेको छ । तर *नवदुवर्गागणका* परिप्रेक्ष्यमा यसप्रकारको सामाजिक निषेध ग्राह्य नभएर अद्यापि पनि मल्लकालीन अभेदत्वकै सामाजिक, सांस्कृतिक मान्यता एवं निष्ठा गणका कालभैरवले लिने *मू बाहां* (सुंगुर) को भोगबलिमा एकीकृत रूपले दर्शनीय हुन आइपुग्छ ।

हुँदा देवलदेवीले ल्याएका स्थितिमल्लको पालादेखि वा नयाँ मल्ल वंशको शुरुवात्को साथै त्यसपछिका सारा मल्ल शासकहरू पनि शाक्तमतका प्रबल अनुयायीका रूपमा देखापरे ।

६। *मैथिल परिवारमा सुंगुरको बली पनि कुलदेवीको पूजा गृहको ढोकामा दिइन्छ । तात्पर्य थियो, सुंगुरसित घृणा गर्ने मुसलमान आततायीहरूलाई कुलदेवताको घरमा प्रवेश गर्नुबाट रोक्नु ।*
- डा. राजेन्द्र प्रसाद विमल, 'मिथिलाको संस्कृति', "जनकपुरको इतिहास र संस्कृति " विषयको राष्ट्रिय गोष्ठी, इतिहास विभाग, रा.रा.ब.क्या., जनकपुरधाम, वि.सं.२०५६, पौष ११-१३, पृ.४

७। यहाँका कुस्ले र खड्गीहरूले बिस्केटजात्राताका (चैत्र मसान्तका दिन) गोरखनाथको पूजा गर्ने क्रममा सो गोरखनाथको पादुकासँगै स्थापित भैरवलाई सुंगुरको बलि चढाउँछन् । यसबारेमा माथि पनि चर्चा भइसकेको छ ।
- श्रेष्ठ, भक्तपुरमा तान्त्रिक शक्तिको युग, पूर्वोक्त, पृ.३०४

८। एकतले यस मन्दिरमा स्थापित अनाकृतरूपका नृत्यनाथसँगै दायाँबायाँ 'सिकाली' र 'मूतिकाली' नामले प्रसिद्ध देवीहरू पनि स्थापित छन् । सामान्यतया *नृत्यनाथ* सांगीतिक विधा (गीत, वाद्य र नृत्य) सित सम्बद्ध रहेतापनि यस मन्दिरका *नासद्यो:* चाहिँ संगीतका अतिरिक्त पनि स्थानीय जनजीवनमा विशेषगरी उच्चकोटीको असल रक्सी पार्न उपासित रहँदै आएको पाइन्छ । त्यसैगरी असल *ह्याउं ध्वं* (रातो जाँड) बनाउनका लागि 'सिकाली' र सेतो जाँडका लागि 'मूतिकाली' जगाउने चलन छ । जाँड बनाउँदा पहिलो खेपमा निस्कने मीठो जाँडको रसलाई *'मूति ध्वं'* भनिन्छ । सोही परिप्रेक्ष्यमा *मूतिकाली* नाम प्रचलित रहेको जानिन्छ । भेलुख्यटोलका स्थानीय *द्यःला* (पोडे) हरूले *मूतिकाली*मा सुंगुरको बलिसहित पूजा गर्ने चलन छ ।

९। वज्राचार्य, 'शमसुद्दीनको आक्रमण', पूर्वोक्त, पृ.११-१२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त प्रसङ्गमा तान्त्रिक पद्धतिमा जसरी सम्प्रदायभेद रहँदैन, त्यसरी नै तान्त्रिक - चक्रपूजामा पनि जातीय भेद रहँदैन । चक्रपूजा चलिरहेको अवस्थामा ब्राम्हण, क्षेत्री, चाण्डाल आदि सबै जात एकाकार हुनपुग्छन् ।[१०] चक्रपूजाका अनेक भेदमध्येको एउटा 'भैरवी चक्रपूजा' पनि हो । *नवदुर्गा गण*का कालभैरवले *सिफोद्यः* अघिल्तिर सुंगुरको भोगबलि लिने विधिविधानलाई सो पूजाको उत्कृष्ट उदाहरणको रूपमा लिन सकिन्छ । कालभैरवले सुंगुरको भोगबलि लिएपछि सो सुंगुरको रगतले लतपतिएको हातले दहीच्यूरा मुछी सर्वसाधारणलाई प्रसाद बाँड्ने कार्य अनिवार्य हुन्छ । अनि सो प्रसाद त्यहाँ उपस्थित सबै जातका सर्वसाधारणले श्रद्धापूर्वक ग्रहण गरेका हुन्छन् । त्यसैगरी वर्षका नयाँ *नवदुर्गा गण*लाई सर्वप्रथम सुंगुरको भोगबलि प्रसाद चढाउने अरु कोही नभएर समाजमा सम्मानपूर्ण स्थान पाउँदै आएका उच्च जाति *राजोपाध्याय* ब्राम्हण नै हुन् । यताबाट पनि माथिका कुराहरूको पुष्टि मिल्छ ।

महानवमीका दिनमा नवदुर्गा देवगृहबाट ब्रम्हायणीपीठसम्मन् दौडाएर जात्रा गरिने *'खःमेय्'* नामको राँगोका बारेमा माथि चर्चा भइसकेको छ । मल्लकालमा टिपिएको वर्षकृत्ति ठ्यासफूमा नवमी विधानका क्रममा 'खण्डमेस' को उल्लेख आएको छ ।[११] यताबाट खण्डमेसकै परवर्ती रूप *खःमेय्* प्रचलित रहेको जानिन्छ ।

तन्त्रपद्धतिमा सम्प्रदायभेद त्यति रहँदैन भन्ने कुराको एउटा उदाहरण *नवदुर्गा गण*का *ख्वाःपाः* बनाउने चित्रकारका प्रसङ्गमा पनि थाहा पाइन्छ । *नवदुर्गा गण*सित सम्बद्ध चित्रकारले वज्राचार्य पुरोहितबाट दीक्षा लिएको हुन्छ । दीक्षा नलिएका चित्रकारलाई त्यसरी *ख्वाःपाः* बनाउने गुह्य अधिकार पनि हुँदैन । त्यस्तै *नवदुर्गा गण*का केही विधिविधानहरू तान्त्रिक बौद्ध धर्म वा वज्रयानसित पनि सम्बद्ध रहँदै आएको परिप्रेक्ष्यमा *नवदुर्गा गण* सबै सम्प्रदाय र जातका सर्वसाधारणले साझा रूपमा मान्दै पुज्दै आएका लोकप्रिय देवता हुन् भन्ने कुरा पनि थाहा पाइन्छ ।

हरेक वर्ष *नवदुर्गा गण*को जन्म वा उत्पत्तिको क्रमसँगै शुरु हुने (घण्टाकर्ण चतुर्दशी) सुखद् नेवार जात्रा उत्सव आदि *नवदुर्गा गण*को जल-प्रवेशसँगै *(भगस्थी)* समापन हुनपुग्छन् । कृषिमा आधारित नेवार समाज र संस्कृतिको निरन्तरताका लागि जल-प्रवेश र त्यसपछिका समय *(सिन्हाज्या)* रोपाई कार्यमा व्यस्त हुनुपर्ने कृषकहरूका लागि साह्रै मूल्यवान् हुन्छ । यसरी *नवदुर्गा गण*कै प्रसङ्गले पनि नेवार संस्कृति कृषिमा आधारित रहेको कुरा जानिन्छ ।

परम्परागत रूपमा चल्दै आएका यावत् नेवार सांस्कृतिक जीवनका मूल आधार कृषि वा भूमि - अर्थव्यवस्था हो । तर आधुनिककालमा अनेक कारणले भूमि व्यवस्थामा आएको ह्रास तथा खेतीयोग्य गुठीजग्गाहरू म्हासिदै गएका कारण नेवार संस्कृति संकटापन्न अवस्थामा पुगिसकेको देखिन्छ । यसको

१०। मौलिक विचार साभार –

क) धनवज्र वज्राचार्य, शाहकालका अभिलेख, काठमाण्डौं, नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं.२०३७, पृ.६९-७२

ख) विनोदराज शर्मा, पुरोहित, इपाछेंटोल

११। *...नवमिपूजा याय ॥ ... खण्डमेस,स्याययात ...खण्डमेसपूजा, मेस स्याय धुनङाव ...*

- धनवज्र वज्राचार्य, 'वर्षकृत्ति : एक अप्रकाशित ठयासफू' कन्ट्रिब्युसन्स् टु नेपलिज् स्टडिज्, भोलम् १४, नं.१, डिसेम्बर,१९८६, पृ.८४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*नवदुर्गा गण*मा *नर्किलाई* पनि पूजाभाग राखी जम्मा १९ पूजाभागले पूजा गर्ने चलन पछि मात्र चलेको र सोही आधारमा १९ गणको अवधारणा पनि पछि मात्र प्रचलित रहन पुगेको कुरा ज्ञात हुनआएको परिप्रेक्ष्यमा[१४] सो नयाँ चलन *नवदुर्गा गण*को पूर्व मौलिक प्रतिमालक्षणको आदर्श परम्परा वा *नवदुर्गा परिवार*को तान्त्रिक स्वरूपसित चाहिँ प्रतीकात्मक रूपमा मेल खाएको देखिदैन । महिषासुरमर्दिनी नवदुर्गाभवानीका १८ हात छन् भन्ने कुरो त सर्वविदितै छ । सोही सदृश संयुक्त शक्तिका रूपमा *नवदुर्गा गण*को कुल संख्या पनि मूलतः १८ रहेको जानिन्छ । यो कुरा *नवदुर्गा गण*को अन्नप्राशन संस्कारका क्रममा पनि दृष्टिगत् हुन्छ । भक्तपुर इपाछेंटोलका राजोपाध्यायहरूले पूर्वकालदेखि चलिआएको परम्परा अनुसार १८ पूजा-भाग (१८ हातले युक्त महिषासुरमर्दिनी नवदुर्गाभवानीको प्रतीकस्वरूप) सहितले *नवदुर्गा गण*को सो संस्कार कर्म अहिलेसम्मन् पनि चलाउँदै आएका छन् । यताबाट पनि माथिका कुराको पुष्टि मिल्छ ।

भक्तपुरको मूलनगरबस्तीमा स्थापित अचल रूपका मूर्त/अमूर्त देवदेवी (*अष्टमातृका/ नवदुर्गा, भैरव, गणेश* आदि) कै चलायमान शक्तिस्वरूपा ***नवदुर्गा गण*** हुन् भन्ने कुरा प्रतीकात्मक दार्शनिक परिप्रेक्ष्यमा दृष्टिगत हुन्छ । किनकि हामीलाई थाहा भइसकेको कुरा हो, *नवदुर्गा परिवार*मा पनि ती नै देवदेवी छन् । अनि शायद यसैकारण पनि नगर, बस्तीबसाई, देवदेवी, मानिस, समाज, संस्कार, संस्कृति आदि यावत् कुरा **नवदुर्गामय** रहेछ भन्ने कुराको थप पुष्टि मिल्छ । यस कुराको एउटा प्रकारान्तर पुष्टि बिस्केट जात्राताका (हरेक वर्षको वैशाख ४ गते) दर्शनीय हुन आउने *'घ:सगं बियगु'* (परिशिष्ट ८ संख्या, चित्र संख्या ३४ क,ख,ग) प्रसङ्गबाट पनि मिल्छ ।

भक्तपुरको सांस्कृतिक जीवनका ढुकढुकी *नवदुर्गा गण* मल्लकालीन इतिहास, धर्म र संस्कृतिका प्रत्यक्षदर्शी पनि हुन् । शान्त, समृद्ध एवं सुरक्षा व्यवस्थाले सुदृढ देश, निश्चित नियम, कर्तव्य र अनुशासन, नैतिकता, सदाचार र आपसी सद्भाव अनि स्नेह र आदर गरी सबैसित मिलेर संयुक्त शक्तिका रूपमा चल्न सक्ने असल र आदर्श समाजका प्रतीक मात्र नभएर सिङ्गो नेपाली सामाजिक सांस्कृतिक जीवनका राष्ट्रिय धरोहर पनि हुन् ।

धिं ...ताल्ल ।।।

१४। इपाछेंटोलका श्रीविनोदराज शर्माबाट प्राप्त जानकारीका आधारमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र संख्या ३४ (क) : तलेजु भवानी सदृश् भक्तपुर राजदरबारको मूल प्रवेशद्वार 'लुं ध्वाखा' (स्वर्णद्वार) मूल प्रदक्षिणा-पथमै पर्ने हुँदा सोही अनुरूप 'द्यो सगं वियगु' - सांस्कृतिक मेला - यसरी विकसित हुनपुगेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र संख्या ३४(ख) : 'गु मूल कौमालि' वा नवगण कौमारीका एकीकृत-प्रकटित-तान्त्रिक-स्वरूप-'गुन्चा बालकुमारी' । अवस्थान इलाका: ग:छेंटोलको नवदुर्गा देवगृहको उत्तरपट्टिको 'ताहा फल्चा' । चित्र साभार: मारियाना क्रोफ, हाइडेलवर्ग विश्वविद्यालय, जर्मनी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



चित्र संख्या ३४ (ग) : 'द्यो सगं बियगु' का क्रममा ब्रम्हायणीको मूर्तिको पार्श्वभागमा यसरी पौभा चित्र प्रदर्शित गर्ने चलन छ । सो चित्रमा ब्रम्हायणीका तीन तान्त्रिक स्वरूप - 'ब्रम्हायणी' (मध्य), 'माहेश्वरी' (दायाँपट्टि - श्वेत वर्ण) र 'कुमारी' (कलेजी/रक्तवर्ण - बायाँपट्टि) दृष्टिगत हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१ संख्या

नवदुर्गा देवगृह प्रवेशद्वारको सिंढीको बायाँपट्टि रहेको बत्ती राख्ने ढुंगे थामको अभिलेख

१. (स्वस्ती) श्री ३ नवदुर्गाप्री

२. (तिन ?) कलशदेवता

३. (वि) ज्याके वेलस चिङा जय ..... न

४. .....

५. .....

६. .....

७. त .....

८. .....

९. विं .....

१०. .....

११. .....

१२. .....

२ संख्या

नवदुर्गा देवगृहको पहिलो तल्लाको माझको झ्यालको दायाँपट्टि तल भित्तामा टाँगिएको स्वर्णपत्र

१. श्री नवदुर्गा ..... ? श्री ३ भवानी

२. सम्वत १०३६ पौष शुक्ल १५ रोज ५ माघ गते (.....?) मध्य खुन्हु क्वाठण्डौ

३. तोल सालां चोस चोङम्ह कुलमान मानन्धर स्वर्गवास जुवम्हया स्त्री (?)

४. ती काय पृथ्वीमान लहमानं मंजुमान मानन्धर सकलं जाहान

५. समुच्चयन इहलोकस सुख परलोकस बैकुण्ठ रास कामना

६. न १ या सैसलियागु लुखा सिजापाता संलुपाङा न यागु २

७. या मूर्ति दवगु प्रतिमा १ प्रोतिन दुताजुल शुभ्मभ्यात

३ संख्या

नवदुर्गा देवगृहको पहिलो तल्लाभित्रको मूल गर्भगृह प्रवेश गर्ने पश्चिमाभिमुख ताम्रद्वारको तोरणमा उत्कीर्ण अभिलेख

१. श्री ३ नवदुर्गादिवोनम ॥ श्री ५ महाराजाधिराजया श्री ३ महाराजया भालपा नेपालमण्डलभक्तपुरनगरे क्वाठण्डौ विश्वकुमाछेंवासिबुधाचाज्यं

४ संख्या

नवदुर्गा देवगृहको उत्तरपट्टि अवस्थित बालकुमारी (पीठ) मन्दिरको दायाँतर्फको भित्ताको अभिलेख । प्रकाशित । पासूका वर्ष ४ अङ्क ५, पृ.१० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रमा चिन्ह
पंचसमूचय तुपाङा ॥ ८
१. १ स्वस्ति ॥ श्री ३ गुमुलकौमालिदेता प्रीति
२. गच्छेटोल तिसा गुथिया कृषन
३. लमायं, पंच, त्वारया पंचन थ्वष्कादे
४. वताया, दोलकंच्छेया, दाधियासिंद, जुरोदे
५. वल.....? सं. ८५४ चैत्र शुदि ५ प्रतिष्ठा
६. याङ दिन, स्वाचया जगसिं, मा, नूरहनिप
७. तुराम्मोसिहद्न थ्वते समूच्चयनं प
८. डा ॥ शुभमस्तु ॥ गजु तिसा गु
९. वासिङ देवसि
१०. जगरिश्वर, चुंकससून नमो

५ संख्या

बालकुमारी (पीठ) मन्दिरको बायाँतर्फको भित्ताको अभिलेख । प्रकाशित । पासूका वर्ष ४ अङ्क ५, पृ.१० । पासूकाको पाठमा केही संशोधन गरेको छु ।

(चामर-चिन्ह)
१. शुभ सम्वत ८६८ फागुणवदि १४ वासुदे -
२. व, विश्वदेव, शिवदेव, रामदेव, धनदे -
३. व मानसिंदेव मानन्धर थ्व षुम्हसेन फ -
४. लचा दयका जुरी, थ्व षुम्हसेन ल्हो -
५. नेपाल जुरो पंचसमुचयन पनि द -
६. यका जुरी, पंचन ल्होनेमालजुरी शुभ ॥
७. साकरामया

६ संख्या

भक्तपुरको नवदुर्गा देवलमा बाजा बजाउने कुसल्या १३ घरलाई झारा माफ गरिएको कुरा परेको गुथिपत्र । प्रकाशित । पासूका वर्ष ४ अङ्क ५, पृ.१० ।

१. मार्फत सुबेदार सुमेट सीं कवंर
२. प्रसस्ती सौ
३. आगे सहर भादगाउका नवदुर्गाको थानमा पंचबाजा बजाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. ना नीमीत्य कुसलया घर १३ के झार बेठ बेगार माफ र १०७० घर
५. प्रजाछेउ मागी षानु परापूर्वका रीत देषी अर्घ्यालो नगर्नु श्री न-
६. वदुर्गाका थानमा बाजा बजाउ ज्याले समोषो नगर्नु भनी
७. श्री ५ वुवाज्यूबाट मोहर गरी वक्सनु भयाको सोही वमोजीं हामी
८. ले पनी थामी औ षानगी गुठ गौचर कं पल्ट कंपनी वीता वाहे-
९. कको बाझो वगर उकास रोपनी ५३ थपी वक्स्यौं आफना षातीर
१०. ज्मा संग नित्य बाजा बजाई परापूर्वका रीतसंग प्रजा छउ मा-
११. गी तपसीलवमोजीं बंदा गरी टहल्मारुनु रही षानु
१२. तपसील
१३. कीष्णराम गुजराती १ के चन्द्रपतीगुजराती १ के
१४. मागीषान्या घर १०० मागीषान्या घर १००
१५. माहुलाछे टोल घर ३० टौचपातोल घर ४०
१६. घाछे टोल घर २२ षाचातोल घर २०
१७. तेषाचो चोलाछेतो व्यासीडोल घर ३०
१८. ल घर ३७ ञाछे सालचो टोल
१९. जेला तोलको घर ६ घर १०
२०. ञाछे तोला घर ५ वाझो वगर रोपनी ३
२१. वाझो वगर रोपनी ३ सिवनंदगुजराटी १ के
२२. मुक्तानन्द गुजराटी १ के मागी षान्या घर १००
२३. मागी षान्या घर १०० डोकोछे टोल घर ४५ लम्को टोल घर ४०

७ संख्या

गोरखापत्र (भाग ३०, संख्या ३२, मार्ग १६, वि.सं.१९८५, पृ. १) मा छापिएको 'श्री ३ को भक्तपुर सवारी' शीर्षकको देश समाचार

श्री नवदुर्गाको सवारी चलाई ल्याई राज गराई अघि परापूर्वदेखि चलिआएका रीति-भांति विधि विधानसँग जो चाहिने नयाँ पोशाक फेराई बक्सी षोडषोपचारादि अनेक उपचारले पूजन - उपपाठ - हवन इत्यादि गराई बक्सियो ।

८ संख्या

घो:सगं बियगु यात्रा-तालिका

बिस्केटजात्राको सातौं दिन (वैशाख ३ गते) मा नगरका प्रत्येक टोलका देवदेवीलाई मूलस्थान वा देवगृहबाट बाहिर ल्याएर (छिंडी, दलान, पाटी आदि स्थानमा) राखिन्छ । सो विधानलाई *'त्वाचा घो: क्वहाँ बिज्याइगु'* भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जात्रा, मेला आदि भर्दा वा कर्म गर्दा खुशियालीका साथ त्यसको समापन सिन्दूरजात्रा,सगुन आदि दिएर गर्ने चलन पनि रहँदै आएको पाइन्छ । अतः उक्त प्रसङ्गमा लिङ्गो उभ्याउन ४ दिन अघि आरम्भ भएको बिस्केटजात्रा सो लिङ्गो ढाली ४ दिनपछि समाप्त हुनुभन्दा एक दिन अघि वा जात्रा-समापनको पूर्वसन्ध्यामा देवगृह वा स्वस्थानमा पुनः प्रवेश गराइने देवदेवीलाई साँस्कृतिक-जुलुस वा यात्राकै रुपमा नगरवासीहरुले वैशाख ४ गतेका दिनमा *धौःसगं* (दहीको सगुन), *ख्यें सगं* (फुलको सगुन) आदि चढाई दर्शनपूजन गर्छन् । यही साँस्कृतिक मेला *'द्योः सगं बियगु'* को रुपमा चर्चित रहेको छ । यसरी नगरवासीद्वारा उपासित देवदेवीका नाम एवं अवस्थान-सूची सो दिनमा दृष्टिगत् हुन आउने प्रदक्षिणा-क्रमका आधारमा निम्न रुपले प्रस्तुत गरिन्छ –

देवदेवी	अवस्थान-इलाका
१. भद्रकाली	*भुजिंकोखा फल्चा* (पाटी), टौमढी टोल
२. *बेताद्योः* (वीर बेताल)	गाहिटीटोलमा भैरवनाथको रथको *'अंसि'*
३. *सभुंग भैलद्योः* (क्रोधभैरव)	बोलाछेंटोलस्थित जंगममठको सामुन्ने स्वस्थान
४. आकासभैरव (विश्वनाथभैरव)	चपाछें, लाकोलाछें
५. *इनार गणेद्योः* (सूर्यविनायक)	तालाक्वटोल जाने बाटोको फल्चा
६. *बुल्चा भैलद्योः* (श्वेतभैरव)	चखुंचाछें, वोलाछेंटोल
७. *ज्याठा गणेश*	*तः ननी,* तालाक्वटोल
८. *लाहा मदु योसिंद्योः*	तालाक्वटोल
९. मनकामना	मलाछें गःचा
१०.वाराही	तेखाचोटोलस्थित देवगृहकै छिंडी
११.चोंगा गणेश	तेखाचोटोलस्थित तेखापुखु (पोखरी) सामुन्नेको फल्चा
१२. *फैत्वाका गणेश*	*हनुमान फल्चा,* तंक्वे
१३. *इनागा गणश*	*इताछें फल्चा*
१४.इन्द्रायणी	खौमाटोलको देवगृहको छिंडी
१५.तलेजु	स्वर्णद्वार, भक्तपुर राजदरबार (विगत केही वर्षदेखि चलेको)
१६. *पंध्वाखा* गणेश	स्वर्णद्वारको बायाँपट्टिको गणेश (विगत केही वर्षदेखि चलेको)
१७. *बालाखु गणेश*	*तांच्वय फल्चा,* यालाछेंटोल
१८.त्रिपुरसुन्दरी	तुलाछेंटोलको देवगृहको उत्तरपट्टिको *फल्चा*
१९. *छुमा गणेश*	देवगृह अगाडिको फल्चा
२०.महाकाली	*हिटीफुसे फल्चा,* लालाछेंटोल
२१.महालक्ष्मी	*थालाछें फल्चा*
२२. *ख्वाना भैलद्योः*	*मिलाकोछें फल्चा,* थालाछेंटोल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२३.बालकुमारी *(खि नाव द्योः)*	गुच्चात्वः, तचपालटोल
२४. *सालां गणेश*	*सालाने,* तचपालटोल
२५. *भाजं भैलद्योः*	मठफल्चा, क्वाठण्डौंटोल
२६. *कुतिप्वाक गणेश*	क्वाठण्डौटोलको पोखरी अगाडिको *फल्चा*
२७. *यातु गणेश*	*गुन्चा,* क्वाठण्डौंटोल
२८. *गुन्चा बालकुमारी*	*गःछेंटोल*को नवदुर्गा देवगृहको उत्तरपट्टिको *ताहाफल्चा*
२९. *यामिसिक बालकुमारी*	*त्वाचा फल्चा,* सुजमाह्रीटोल
३०. *ध्वाखासिं गणेश*	*सुजमाह्री फल्चा*
३१. *माचो भैलद्योः (रुरु भैरव)*	*जेंलाटोल*को *फल्चा*
३२. *तलातुन्थि गणेश*	*तौलाछेंटोल*को *दबुचा*
३३.ब्रम्हायणी	*तचपालटोल*स्थित *वाने लाय्कू* पस्ने खुला प्रवेशमार्ग सामुन्नेको पेटी वा *फल्चा* (हाल विलुप्त)
३४.माहेश्वरी	*ताहा फल्चा,* इनाचोटोल
३५. *चोरचा गणेश*	देवगृहको मूलढोका बाहिर, *चोरचा,* इनाचोटोल
३६. *तांच्वय् गणेश*	*गोलमढी*टोलको गणेश मन्दिरको दक्षिणपट्टिको *फल्चा*
३७. *याछें गणेश*	*याछें फल्चा* (विगत केही वर्ष अघिदेखि चलेको)
३८. *लालाछें गणेश*	*लालाछें*टोलको चारकुने *फल्चा*
३९.दहीविनायक	*टिबुक्छें*टोलको *फल्चा*
४०.कुमारी	*क्वाछें*टोलस्थित कुमारी देवगृहको छिंडी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ सूची

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

 CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भसूची

मूल श्रोतसामग्री

१. स्थलगत अध्ययन अवलोकन

२. सम्बद्ध वनमाला परिवार, पूजारीवर्ग एवं स्थानीय सर्वसाधारणबाट प्राप्त जानकारी

३. नक्सा, चित्र एवं अभिलेख आदि

अप्रकाशित सामग्री/अनुसन्धान प्रतिवेदन

१. जोशी, हरिराम - *हिन्दू प्रतिमा लक्षण*

२. विमल, डा.राजेन्द्रप्रसाद - *मिथिलाको संस्कृति,* जनकपुरको इतिहास र संस्कृति विषयको राष्ट्रिय गोष्ठी (जनकपुरधाम, इतिहास विभाग, रा.रा.ब.क्या., वि.सं.२०५६) मा प्रस्तुत प्रतिवेदन

३. शर्मा, विनोदराज - *भक्तपुरको तुलजा भवानी देवी - एक अध्ययन,* (स्नातकोत्तर शोध-ग्रन्थ), काठमाण्डौं, इतिहास केन्द्रीय शिक्षण समिति, वि.सं.२०४०

४. श्रेष्ठ, पुरुषोत्तम लोचन - क) *भक्तपुरमा तान्त्रिक शक्तिको युग,* (विद्यावारिधि शोधग्रन्थ), काठमाण्डौं, इतिहास केन्द्रीय शिक्षण समिति, वि.सं.२०५०

ख) *भक्तपुरका घाट एवं पोखरीहरु,*

ग) *भक्तपुरका साँस्कृतिक नाचगान, दबू, पहिरन एवं अलङ्कार,* पुरातत्व विभाग एवं भक्तपुर नगरपालिकाको प्रयोजनका निमित्त आइ.डि.आर.एस. (काठमाण्डौं) मा प्रस्तुत स्थलगत अनुसन्धान प्रतिवेदन, वि.सं.२०५७

प्रकाशित ग्रन्थ

नेपाली

१. खोजुश्रेष्ठ, हरिभक्त - *धुलिखेलको साँस्कृतिक सर्वेक्षण,* कीर्तिपुर, ने.ए.अ.के., वि.सं.२०४३

२. ज.ब.रा., धनशम्शेर - *मातृकाक्षरहस्यम्,* काठमाण्डौं, ने.रा.प्र.प्र., वि.सं.२०३० *शारदीयदुर्गापूजापद्दति,* काठमाण्डौं, ने.रा.प्र.प्र., वि.सं.२०३२

- *मन्त्रविद्यारहस्यम्,* काठमाण्डौं, ने.रा.प्र.प्र., वि.सं.२०३४

३. जोशी, सत्यमोहन - *नेपाली मूर्तिकलाको विकासक्रम,* काठमाण्डौं, ने.रा.प्र.प्र., २०३२

४. जोशी, हरिराम - *नेपालको प्राचीन अभिलेख,* काठमाण्डौं, ने.रा.प्र.प्र., २०३०

हिन्दू देवीदेवता, काठमाण्डौं, सूचनाविभाग, २०४०

अभिवन संस्कृति कोष, नवीन्द्रराज जोशी, सुशीलराम जोशी, २०५८

५. पौडेल, नयनाथ (सं) - *भाषा वंशावली* (भाग १,२), काठमाण्डौं, पुरातत्व विभाग, २०२०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. बाड्देल, लैनसिंह - *प्राचीन नेपाली मूर्तिकलाको इतिहास,* काठमाण्डौं, ने.रा.प्र.प्र., २०३९
७. योगी, नरहरिनाथ (सं) - *देवमाला वंशावली,* मृगस्थली, श्रीपीरमहन्त क्षिप्रानाथ २०१३
८. रेग्मी, डा.जगदीशचन्द्र - *नेपालको धार्मिक इतिहास,* काठमाण्डौं, रत्न पुस्तक भण्डार, २०३९
९. वज्राचार्य, गौतमबज्र - *हनुमान्ढोका राजदरबार,* काठमाण्डौं, नेपाल र एसियाली अध्ययन संस्थान, २०३३
१०. वज्राचार्य, चुन्दा - *जितामित्र मल्लकालीन धरःपौ,* कीर्तिपुर, ने.ए.अ.के, २०५३
११. वज्राचार्य, मनबज्र - *नेपालको मध्यकालीन कला,* काठमाण्डौं, सूचनाविभाग,
१२. वज्राचार्य धनबज्र - *लिच्छविकालका अभिलेख,* कीर्तिपुर, ने.ए.अ.सं.२०३०
- 'मध्यकालीन नेपाल', *नेपाल परिचय,* काठमाण्डौं, पाठ्यक्रम विकास केन्द्र २०३२
१३. वज्राचार्य, धनबज्र/श्रेष्ठ, टेकबहादुर - *नुवाकोटको ऐतिहासिक रुपरेखा,* कीर्तिपुर, ने.ए.अ.के.,२०३२
- *पाञ्चाली शासनपद्दतिको ऐतिहासिक रुपरेखा,* कीर्तिपुर, ने.ए.अ.के.,२०३५
- *शाहकालका अभिलेख,* काठमाण्डौं, ने.ए.अ.के., २०३७
१४. श्रेष्ठ, डा. पुरुषोत्तम लोचन - *सिद्धपोखरी एक ऐतिहासिक विश्लेषण,* भक्तपुर, भक्तपुर नगरपालिका, २०५४
- *त्रिपुर र युथुनिमम् राजकुल,* भक्तपुर, भक्तपुर नगरपालिका, २०५८

नेवारी ग्रन्थ

१. जुजु, बलदेव/श्रेष्ठ, सुरेन्द्रमान - *नेपाःया तान्त्रिक द्योः व तान्त्रिक पूजा,* यें, च्वमिपिं, ने.सं.११०५
२. वज्राचार्य, आशाकाजी - *मल्लकालीन गं प्याखं,* आशाकाजी वज्राचार्य, वि.सं.२०३९

हिन्दी ग्रन्थ

१. अवस्थी, शास्त्री डा.शिवशङ्कर - *मन्त्र और मातृकाओंका रहस्य,* वाराणसी, चौखम्बा विद्याभवन, ई.सं. १९६६
२. पाण्डेय, पं.श्रीरामनारायणदत्त (सं) - *श्रीदुर्गासप्तशति,* गोरखपुर, गीताप्रेस, वि.सं.२०५५
३. भण्डारकर, आर.जि. - *वैष्णव शैव और अन्य धार्मिक मत,* वाराणसी, भारतीय विद्याभवन प्रकाशन, १९७७
४. राघव, रांगेय - *गोरखनाथ और उनका युग,* दिल्ली, आत्माराम एण्ड सन्स, १९६३
५. सांकृत्यायन, राहुल - *पुरातत्व निबन्धावली,* इलाहाबाद, किताबमहल, १९६३
६. ज्ञानी, शिवदत्त - *वेदकालीन समाज,* वाराणसी, चौखम्बा विद्याभवन, १९६७

अंग्रेजी ग्रन्थ

१. गुश्चो, नेल्स र बासुकला, गणेसमान - *'दि नवदुर्गा अफ भक्तपुर स्पासियल इम्प्लिकेसन्स अफ एन अर्वान रिसुअल',* हेरिटेज अफ दि काठमाण्डू भ्याली, विशेनशेफ्टवरलाग सांक्ट अगस्टिन, जर्मनी, १९८७
२. चट्टोपाध्याय, सुधाकर - *इभोलुशन अफ हिन्दू सेक्ट्स,* न्यूदिल्ली, मुन्सीराम मनोहरलाल, १९७०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. जोशी, हरिराम - *पेजेज अफ दि फर्गटन पास्ट,* ललितपुर, सुशिलराम जोशी, १९९८
४. दास, एच. सि. - *तान्त्रिजम,* स्टर्लिङ पव्लिकेसन्स, १९८१
५. पाठक, भि.एस. - *शैव कल्ट्स इन नर्थन इण्डिया,* वाराणसी, डा. रामनरेश वर्मा, १९६०
६. बाड्देल, लैनसिंह - *दि स्कल्पचर्स अफ नेपाल,* न्यूदिल्ली, विकास पव्लिसिङ हाउस, १९८२
७. राइट, डेनियल - *हिष्ट्री अफ नेपाल,* न्यूदिल्ली, कस्मो पव्लिकेसन्स, १९८३
८. रेग्मी, डि.आर. - *मेडिभल नेपाल,* तेश्रो भाग, कलकत्ता, फर्मा के.एल.मुखोपाध्याय, १९६६
९. लेभि, रोवर्ट/राजोपाध्याय, केदार - *मेसोकोजम,* दिल्ली, मोतिलाल बनारसीदास, १९९२
१०.वज्राचार्य, धनबज्र/मल्ल, कमलप्रकाश - *दि गोपालराजवंशावली,* काठमाण्डौं, नेपाल रिसर्च सेन्टर, १९८५
११. बोस, ए.सि. - *दि कल अफ दि वेद्स,* भारतीय विद्याभवन, १९६०
१२. शाक्य, हेमराज/वैद्य, तुलसीराम - *मेडिभल नेपाल काठमाण्डौं,* टि.आर.वैद्य, १९७०
१३. सरकार, डि.सि. - *दि शाक्त पीठ्स,* दिल्ली, मोतिलाल बनारसीदास, १९७३
१४. हालाण्ड, ऐनि - *भक्तपुर अ टाउन चन्जिङ् प्रोसेस,* बैंकक, भक्तपुर डेभलपमेन्ट प्रोजेक्ट, १९८२
१५. हेमिल्टन, फ्रान्सिस बुचानन - *एन एकाउन्ट अफ दि किङ्डम अफ नेपाल,* न्यूदिल्ली, एसियन एजुकेशनल सर्भिसेज (सप्रिन्ट), १९७०

पत्रपत्रिका

१. *कन्ट्रिब्युसन्स टु नेपलिज स्टडिज,* नेपाल र एसियाली अनुसन्धान केन्द्र, भोलम ५, नं.१
२. *खोपृङ,* वर्ष ११, वि.सं. २०५९
३. *गोरखापत्र,* भाग ३०, संख्या ३२, मार्ग १६, वि.सं.१९८५
४. *जानकारी,* स्टुडेण्टस् लाइब्रेरी, भक्तपुर, अङ्क ६, ८
५. *पासूका,* सुथां, भक्तपुरबाट प्रकाशित विभिन्न अङ्कहरु
६. *फोलिया रारा* LXV, सन् १९७६
६. *प्राचीन नेपाल,* पुरातत्व विभाग, काठमाण्डौंबाट प्रकाशित विभिन्न अङ्कहरु
७. *पूर्णिमा,* संशोधन(मण्डल, काठमाण्डौंबाट प्रकाशित विभिन्न अङ्कहरु
८. *भक्तपुर,* भक्तपुर नगरपालिका, भक्तपुरबाट प्रकाशित विभिन्न अङ्कहरु
९. *मजदूर दैनिक,* वर्ष २, अङ्क २६४, २७ असोज, वि.सं. २०५७
१०. *रोलम्ब,* जोशी रिसर्च इन्सटिच्यूट, ललितपुरबाट प्रकाशित विभिन्न अङ्कहरु
११. *लुं ध्वाखा,* दं ४, ल्या:७, ने.सं.११२१
१२. *सिंहावलोकन* - नेपालीय मैथिली विशेषाङ्क, भदौ, वि.सं.२०४६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतिरिक्त खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

तान्त्रिक देवदेवीका आ-आफ्नै खास यन्त्र हुन्छन् र सोही अनुसार पूजा गर्ने परम्परा छ । अष्टमातृका र अष्टमातृकागणका अधिष्ठात्रिदेवी त्रिपुरसुन्दरीका पृथक-पृथक यन्त्रहरु र तिनै यन्त्रका आधारमा मूर्तिपूजा गर्ने चलनलाई उदाहरणका रुपमा प्रस्तुत गर्न सकिन्छ । प्रमाणका लागि ने.सं.८९२ (वि.सं.१८२९) मा लेखिएको **यन्त्रसार** नामक एउटा हस्तलिखित ग्रन्थलाई लिन सकिन्छ ।* सो ग्रन्थमा ब्रम्हान्यादि अष्टमातृका र त्रिपुरसुन्दरी आदिका यन्त्रचित्रहरु दिइएका छन् । तीमध्ये यहाँ नवदुर्गागणसित सम्बद्ध नवमातृकाका नव-यन्त्र चित्र प्रस्तुत गरिएको छ । यस अप्रकाशित ग्रन्थका चित्र भक्तपुर सुकुलढोका, त्रिपुरविद्यापीठ निवासी, तलेजुका पूजारी श्री सुरेन्द्रवीर कर्माचार्यज्यूबाट प्राप्त भएको हो ।

तान्त्रिक पूजामा प्रत्येक देवदेवीका यन्त्रमाथि सम्बद्ध देवदेवीलाई प्रतिष्ठापित गरेर मात्र पूजा अनुष्ठान गर्नुपर्ने परम्परा, मान्यता रहँदै आएको परिप्रेक्षमा नवदुर्गागणका प्रत्येक मातृकाको मुकुण्डो लगाउने पात्रले पनि सम्बद्ध मातृकाको पीठमा यन्त्र स्थापना गरी पूजा अनुष्ठान गर्नुपर्ने चलन रहेको बुझिन्छ । त्यसरी नै नवदुर्गागणको नाचमा सम्बद्ध मातृकाको यन्त्र आविर्भाव हुने गरी तदनुरुपको तान्त्रिक नाच वा यन्त्र नृत्य प्रस्तुत गर्नुपर्ने परम्परा रहेको जानिन्छ । तर अहिले यन्त्राकार नृत्य लुप्तप्राय: अवस्थामा पुगिसकेको देखिन्छ । यसो हुँदा यन्त्र नृत्यको संरक्षण एवं निरन्तरताका लागि समेत सघाउ पुग्ने अपेक्षासहित यहाँ नवमातृकाका यन्त्र चित्रलाई प्रस्तुत गर्नुपरेको हो । किनकि यन्त्रपूजाका आधार, निर्माणका सूत्र एवं नृत्य-निर्देशन आदि नै यन्त्रोद्धारबाट मात्र सम्भव हुने कुरा तान्त्रिक दृष्टिबाट ज्ञात हुन्छ ।

---

* यस ग्रन्थमा निम्नलिखित कुरा लेखिएको छ -

१. ॐशुभ संवत् ८९२ भाद्रपद शुक्लया, द्वितीया, उत्रफाल्गुणीनक्षत्र, आ

२. दित्यवाल, ध्वकुन्हु ध्व यन्त्रसार सफूल चोय सिघकाओ, लक्ष्मी

३. राज आचार्ययात, श्रीनारायण राजोपाध्यायन विया जुरो, शुभ ॥

उक्त परिप्रेक्षमा तत्कालीन नारायण राजोपाध्यायले त्रिपुरविद्यापीठका कर्माचार्यहरुका पूर्वज लक्ष्मीराज आचार्य (कर्माचार्य) लाई *यन्त्रसार* नामको सो ग्रन्थ ने.सं.८९२ मा लेखेर दिएका थिए भन्ने कुरा थाहा पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. ब्रम्हायणी यन्त्र

- विन्दु
- त्रिकोण
- वृत्त
- अष्टपत्र
- अष्टकोण
- द्वार, भूपुर





२. माहेश्वरी यन्त्र

- विन्दु
- त्रिकोण
- वृत्त
- अष्टपत्र
- अष्टकोण
- द्वार, भूपुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. कौमारी यन्त्र

- विन्दु
- त्रिकोण
- वृत्त
- अष्टपत्र
- अष्टकोण (प्रथम चरण)
- अष्टकोण (द्वितीय चरण)
- वृत्त
- द्वार, भूपुर





४. वैष्णवी यन्त्र

- विन्दु
- त्रिकोण
- षटकोण
- जलमण्डल
- अष्टपत्र
- षोडषपत्र
- अष्टकोण
- द्वार, भूपुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. वाराही यन्त्र

- विन्दु
- त्रिकोण
- जलमण्डल
- वृत्त
- अष्टपत्र
- अष्टकोण
- द्वार, भूपुर



६. इन्द्रायणी यन्त्र

- विन्दु
- त्रिकोण
- षटकोण
- अष्टकोण
- वृत्त
- षोडषपत्र
- द्वार, भूपुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



७. चामुण्डा (महाकाली) यन्त्र

- विन्दु
- त्रिकोण
- षट्कोण
- अष्टकोण
- वृत्त
- द्वादशपत्र
- षोडषपत्र
- वृत्त
- द्वार, भूपुर
- वृत्त
- वनमण्डल
- जलमण्डल
- आकाशमण्डल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



८. महालक्ष्मी यन्त्र

- विन्दु
- त्रिकोण
- षट्कोण
- वृत्त
- अष्टपत्र
- द्वादशपत्र
- द्वार, भूपुर
- वृत्त
- वनमण्डल



९. श्रीयन्त्र (त्रिपुरसुन्दरी यन्त्र)

- विन्दु
- त्रिकोण
- नवत्रिकोण
- वृत्त
- अष्टपत्र
- षोडषपत्र
- वृत्तमण्डल
- द्वार, भूपुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



नक्सा संख्या १ : अष्टगणेश, अष्टभैरव, अष्टमातृका

अष्टगणेश*		अष्टभैरव		अष्टमातृका	
१. त्वाचा गणेश	५. म:चो गणेश	९. असिताङ्ग	१३. उन्मत्त	१७. ब्रम्हायणी	२१. वाराही
२. जेंला गणेश	६. चोङ्गा गणेश	१०. रुरु	१४. कपालीश	१८. माहेश्वरी	२२. इन्द्रायणी
३. पँ भो गणेश	७. लाटा गणेश	११. चण्ड	१५. भीषण	१९. कौमारी	२३. महाकाली
४. कवँत्व गणेश	८. क्वाठण्डौ गणेश	१२. क्रोध	१६. संहार	२०. वैष्णवी	२४. महालक्ष्मी

(साभार : वर्नहार्ड कोल्भर 'अ रिचुयल् माय्प अफ् भक्तपुर' फोलिया रारा, १९७६, पृ.७२)

* गणेशका अनेक नाममध्ये आठ विशेष नाम पनि शास्त्र अनुसार पृथक-पृथक देखापर्छन् । ब्रम्हवैवर्त्त पुराण (३।४४।८५) अनुसारका अष्टगणेश यसप्रकार छन् : १.गणेश २.एकदन्त ३.हेरम्ब ४.विघ्ननायक ५.लम्बोदर ६.शूर्पकर्ण ७.गजवकत्र ८.गुहागज । त्यसैगरी अमरकोष (प्रथम काण्डम्) मा उल्लेखित अष्टगणेश निम्नानुसार छन् : १.विनायक २.विघ्नराज ३.द्वैमातुर ४.गणाधिप ५.एकदन्त ६.हेरम्ब ७.लम्बोदर ८.गजानन । (साभार : जोशी, अभिनव संस्कृतिकोष, पूर्वोक्त, पृ.२७२)

भक्तपुरमा गणेशका पनि प्राकृत नाम बढ्ता प्रचलित छ । कोल्भरले प्रस्तुत गरेको माथि उल्लेखित अष्टगणेशका नाम उदाहरणस्वरुप छन् । त्यस्तै विनोदराज शर्मा र म मिलेर गरेको यस विषयको एक सर्वेक्षणमा निम्नलिखित स्थानका गणेश 'अष्ट गणेश' रुपमा प्रचलित रहेको जानकारी पनि प्राप्त हुन आएको छ : १.जेंला गन्ध: - जेंला टोल/मन्दिर सामुन्ने २.पातिङ्ग गन्ध: - इनाचो टोल/माहेश्वरीपीठ सामुन्ने ३.तमाह्री गन्ध: - टौमढी टोल/पांच तल्ले मन्दिरको नैऋत्यकोणमा ४.पाताल गन्ध: - गहिटीटोल ५.मुलाखु गन्ध: - तेखाचोटोल ६.खौमा गन्ध: - खौमाटोल ७.लाटा गन्ध: - महाकालीपीठ ८. थालाछें गन्ध: - थालाछें टोल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



नक्सा संख्या २ : त्रिकोणमय मध्यभाग, महाविद्या

१. त्रिपुरसुन्दरी	त्रिकुण्ड गणेश*	महाविद्या	१०. भैरवी
२. भैरवनाथ	४. बालाखु गणेश	७. काली	१०. वगला
३. भद्रकाली (द्य:छें)	५. चलाखु गणेश	८. तारा	११. मातङ्गी
	६. मुलाखु गणेश	९. भुवनेश्वरी	१२. कमला

(साभार - उही, पृ.७०)

* 'त्रिकुण्ड गणेश' को अवधारणाको व्यवहारिक वा क्रियात्मक पक्ष नवदुर्गागणले याछें-गणेश, चोछें-गणेश र टिबुक्छें-गणेशस्थानमा आरति प्रदान गर्ने विधानबाट देखिन आएको आधारमा चाहिँ - १.याछें-गणेश २.चोछें-गणेश ३.टिबुक्छें-गणेश 'त्रिकुण्ड गणेश' रुपमा देखापर्छन्। (हेर्नुहोस् 'त्रिकोणमय डा लाकिगु त्व:')

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुर गणगयको वार्षिक डा लाकेगु तालिका *

मङ्गलाचरण (नृत्य)

▼

मूलचोक (भक्तपुर राजदरबार)

↓

विजया दशमी

गृहनगर

- सुजमाही
- तचपाः
- क्वाठण्डौ
- गःछें
- दथुत्वाःचा
- इनाचो
- गोमाही
- याछें
- तःमाही
- तालाक्वः
- मुलाखु
- गःहिटी
- क्वाछें
- टिबुक्छें
- विलाछें (मोरेचा)
- खौमा (यावी)
- इताछें
- यालाछें
- तुलाछें
- घोछें
- इच्छु

पहिलो दिन - ७ : मूलचोक > ८ : मूलचोक > ९ : बाहा लिकेगु ।

दोस्रो दिन - ७ : लाकेगु

समापन (नृत्य)

मूलचोक (भक्तपुर राजदरबार)

भगस्थीको ४ दिन अघि

प्रदेश ***

- देवपतन (ग्वलः)
- ठिमी
- गमदेश
- बोडे
- चोपुलि
- टोखा
- चपरि नु
- तुप्या
- गोकर्ण
- सांखु
- चांगु
- सांगा
- नाला
- घुलिस्थः (घुलिखेल)
- खड्पु
- भोतः (बनेपा)
- पलांति (पनौती)
- हाडिगाउं (५२ वर्जना एकपल्ट)

पहिलो दिन - ७ : गणेश > ८ : भैरवनाथ > ९ : बाहा लिकेगु ।

दोस्रो दिन - ७ : गणेश

* प्रस्तुत तालिका शिवराम वनमालाबाट प्राप्त जानकारीका आधारमा विनोदराज शर्मा र लेखक मिलेर तयार पारिएको हो । ** अष्टमातृका गणका प्रत्येक पीठ इलाका + सिम्बः ख्यः + दुम्बः ख्यः (माहेश्वरी पीठ इलाकामा मू बाहां लिकेगु गर्दा यी दुई ख्यःको पनि यसै साथ सो विधान गर्ने चलन प्रचलित रहेको जानिन्छ) + भैरवनाथको हलाका (चपिंघाट) = ११ इलाका । *** यस्तै खालको तालिका गुरुचो (ई.सं.१९८७, पृ.१५) र यसै पुस्तकको पृ.४९ पनि हो । उक्त तालिकामा परेका प्रदेश नाम यहाँभन्दा फरक रहेको तथ्य द्रष्टव्य छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्य अनुक्रमणिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अ

अपानपात ३
अग्नि ३,१०
अदिति ३
अश्विनौ ३
अम्बिका ६,३,११
अर्जुन ४
अहिल्या ५
अन्धकासूर ६
अष्टगणेश १७
अष्टवर्ग ८
असिताङ्ग १०
अष्टभैरव १७,२१
अपराजितापृच्छा १३
अष्टसिद्धि १२,२१
अणिमा १२
अग्निदुर्गा १३
आचार्य २५,२६
अन्नप्राशन २५,५४,५५,६६
अष्टमातृका ४,७,८,१०,११,१६,१७,२१,२२, २५,३१,६०,९३,९९,१०३,१०६,
अन्नपूर्णा यात्रा ६१
अष्ट भैरव १७,२१,६४
अन्त्येष्टि ९३
अप्राकृतिक मरण ९३
अपरा ९४
अवतारी ९५
अधोगामि ९५
अष्टग्राहि १०९
अप्सरा २९
अष्टमंगल २९
अष्टबाहुकुमारी ३०
अवलोकितेश्वर १६
अन्तर्याग १६
अष्टमसान १७,२१
अष्टगणेश १७,२१
अष्टकोण ३०
अष्टबाहु भैरव [illegible],४२

आ

आदि-गणेश ७४
आप: ३
आदित्य ३
आत्मपूजा २३
आदिपीठ २५,२७
आगम २७,३२,६६,१०१
आकाश भैरव १७,१०३
आगममन्दिर ६०
आत्मारुपी माछा ९३,९४
ओदन्तपुरी १२५

इ

इन्द्रायणी ५,६,१०,१६,२९,४०,५३,५४,१०५
इष्टदेवता ११३
इपाछें-आगम २५,२६,६६
इडा २३
इन्द्र ३,४,६,११,१६,१०३
इन्द्रजात्रा ११७
इन्द्र-ध्वजा १०३

ई

ईशित्व १२

उ

उषस् ३
उमा ५,८
उमामहेश्वर ८,९,१०
उन्मत्त १०
उत्तरप्राचीनकाल १४,१६,४५,४६,४७,४८
उप सम्प्रदाय १५
उपाध्याय ब्राम्हण २८
उर्ध्वगामि ९५
उपनगर १०१
उपजात्रा १०३
उग्रचण्डा १९,१०५

ऋ

ऋग्वेद ३,४,५

ए

एकान्तकुमारी २४

क/क्र

कर्माचार्य १६,३८,४६,६२
कल्पवृक्षत्व १२
कमला १९
कपाल (कपालपात्र) १०,४४,४५,४८
कनक सुन्दरी २४
करालमुखी काली ६
कल्याणी १४
कमल ९४
करवीर पुष्प ९३,९४
कलश ३,२३,९३,९४,९५
कनककुण्ड ५०
कपाली ५
कृष्ण ४
कापालिक १६,४५
कार्तिकनृत्य २३
कात्यायनी ५,१०५
कामकला १०
कालरात्रि १२
कान्तारबासिनी ५
कारण पूजा १४
कालीघाट ५०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालभैरव ५४,६६,६७,९३,१२६
कागाष्टमी ५०,५१
काली ५,१५,९४
कायस्थ १०८
कालिका ६,१४,२४
किल्ला २२,२९,१२४
कुखुरा ३१,४३,४६,५१,७९,८३,८५,८६,१०५
कुमारी/कौमारी ५,६,७,१६,४०,५०,५४, १०५,११७,१३२
कुलक्ष्मी ६४
कुलदेवी १२६
कुस्ले/कुसुल्या ४५,१२६
कुमुद ९४
कुन्द ९४,९५
कुमार ६,३१,३२
कुकुर ४२
कुन्ती ५
कुष्माण्डा १२
कुब्जिका १६
कुबेर ११
कुमारी/कुमारीपीठ ५
कोलासूर १२३
कोपभाजन १०७
कौशिकी ५,६
कंकाल ५९
क्रोध भैरव ६४

ख
खस १७,२८
खड्गाकार २२
खड्ग जात्रा ३३,५८,६१,६२,६३
खड्गचालन ६१
खड्गस्थापन ६१,७०
खप्पर ४६,११०
खर्पण ६२
खड्गी ६३,१२६
खुट्टा फुल्ने १०७
खेसमालिनी २४

ग
गणेश ९,१०,१६,१७,२१,२३,३१,३२,४०, ४१,५०,७४,१०६,११७
गजलक्ष्मी ६
गढ २९,१२४
गरुड २९
गर्भाधान ६६
गलगंड १०७
गजूर २८,३१
गणनाच १०,११,१६,२४,२५,४७,१२३
गण कौमारी २४
गणेश चतुर्थी ४२
गाईजात्रा ७०
गुरुमुखगम्य ४४
'गुरुको नासो' ८८
गोपालराज वंशावली १७,३६,२८,४८
गोरखकाली १२६
गोरखनाथ ४५,१२६
गौरीशंकर १०

घ
घण्टा ३२
घण्टाकर्ण चतुर्दशी ११,३९,४८,१२७
घण्टाकर्ण ११,४८

च
चण्ड ६,१०
चन्द्र १०,२९
चक्राकार २२
चक्रपूजा ४६,१२७
चन्द्रमा ४७,६२,६३
चन्द्रशेखर ४७
चतुर्दशी ५०
चन्द्राकार टीका ५४
चण्डी-भगवती ६०
चण्द्रघण्टा १२
चण्डिका १४,१६
च्यांग्रा १०९
चामर २९
चान्द्रमान ७२
चाण्डाल १३५
चामुण्डा ६,१०,२४
चिम्टा ४५
चित्रकार ४५,५१,५९,९३,१२८,१२९
चित्राकृति ४२
चिराख ६३
चूडाकर्म ६६
'चेतन' ९५
चोक/चोक-संस्कृति ३१

छ
छत्र २९
छत्रचण्डेश्वर ४८
छ्याके १०७
छिन्नमस्ता १९
छैटी ६६

ज
जन्मभूमि ४
जन्त्र ४७
जयबागेश्वरी ७,११,७२
जल-प्रवेश ५९,९१,९३
जवा पुष्प ९४
जड ९५
जयदुर्गा १९,१०५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जगद्ला १२५
जलवृष्टि १०२
जनआन्दोलन ११८
ज्येष्ठा १४
जायदस्तं ४
जात्रा २३,६१
जातकर्म ६६
जाँड/रक्सी ४४,४६,५१,५६,५७
जीवन्यास २३
जीवित देवता ७,२३,२४,१००
जोशी ३९,१०८
जंगममठ ४८

ट
टुणालदेवी ७
टुँडाल ३१

ठ
ठिंगाली २४

ड
डमरु १२,४५,४७,६३,८८
डाकिनी ४८
डोय २८,६२,१२५
डोय-संस्कृति ६३

ढ
ढुङ्गे सिंढी २९
ढुङ्गे जलपात्र १९,२९
ढुङ्गे धारा ३२,१०१

त
तलेजु/तलेजु भवानी १६,२३,३३,४०,५१,५८,६०,६२, ६५,६६,७१,७५,८९,१२९,१३१
तलेजु-आगम ६१,८९
तल्लो नगर ६२
तमसा १००
तलेजुका घोडा/सेतो घोडा ७१
तान्त्रिक विधि ५६,६२,६७
ताल्चाभडेल ६३
तातो रगत १६,६७
तान्त्रिक बन्धन १९,८८
तारा ५,२५,१०४
तांन्त्रिक बौद्धधर्म (वज्रयान) १४,१६,१२५
ताम्रद्वार ३२
तिलकधारी ५४
तुम्वरेश्वरी १०५
तुरही ६५
तेश्रो नेत्र ५४
तेल-संस्कृति ९१
तैल्यशाला ९१
तोरण २९,३०,३१

थ
थान गणेश २३
थंथु राजकुल ८२

द
दशमहाविद्या ८,१६,१९
दक्षिणा ७९
दमकल १०९
दशैं १४,६२,१०५,११०,११३
दहीविनायक गणेश ६०,७१
दत्तात्रेयनाथ ७५
दशकर्म विधान ६६
दही-च्यूरा ६७,१२७
दान (पाशुपत) १५
दागबत्ती ९३
दाहसंस्कार ९३,१००,११०,११८
दिपङ्कर महाविहार ३८
दीक्षाग्रहण/दीक्षा १००
दुम्व: १०,३९,४०,५०,५४,७९,८४,१२५
दुर्गा सप्तशती ११,६०
दुर्भिक्ष २४
देव्यो मातर: ८,९,१०
देवीमहात्म्य ६,१७
देवत्व/देवत्वसिद्धि ५४,६२,१२३
देशरक्षा १९
देवमाला वंशावली २०
देवी जात्रा २३
देश परिक्रमा १२४
दैवीय शक्ति ९०
दैवीय विपत्ति १०९
'दोष पन्छाउने' ८४
द्रौपदी ५
द्वन्दोपाख्यान १२३
द्वारदेव ३०
द्यो: ३

ध
धनविनायक/धनगणेश १४,४६
धमिनी २४
ध्वजा २९,१०३
धामी २४
धुमावती १९,२०
धूम्रलोचन ६०

न
नग्न शव १५
नदी सूक्त ४
नरमुण्ड-माला ६
नरसिंह ६
नववर्ग ८
नन्दी १०
नवार्ण मन्त्र ४१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नन्दा १३
नवचक्र नायिका १३
नवगौरी १३
नवरात्र पर्व ३४
नरबलि १६,४६,११२
नर-कपालपात्र ४६,४८
नगर प्रदक्षिणापथ/नगर परिक्रमा ६०,७५
नगरशान्ति ६३
नगर-आगमन ६८
नवग्रह ७४,१०१
नवमालिका ९४
नरकबास ९४
नवरत्न १०१
नवआशन १०२
नवधाद्रव्य १०२
नवगोप्य कुरा १०२
नवरस १०२
नवलोक १०२
नवधा कुललक्षण १०२
नवद्वार ९४,१०२
नवअंश १०२
नवनाथ १०२
नवनाग १०२,१०४
नववाद्य १०४
नवरात्र दर्शन १०५
नवदिग्दुर्गा १०४
नवरात्र आरति १०५
नवरात्र पाठ १०५
नवरात्र अनुष्ठान १०५
नरदेवी/नरदेवी नाच २३,११०,१२८
नरमुण्ड ३१,३२,३९,५२
नवकुण्ड यज्ञ ११०
नवदुर्गा जात्रा ११०
नवदुर्गा यन्त्र २०
नवदुर्गापीठ १५,२२
नवदुर्गाज्वल २५,२७,११४
नवदुर्गा सन्दुस ११२
न्यास २३
नारायणी ८
नाय्खिं बाजा ३९,६५,११८
नालन्दा १२५
नारायणहिटी हत्याकाण्ड ११८
नाथ शैव परम्परा २२
नाडी २३
नारसिंही ११
नीलकण्ठी १३
निशुम्भ ११,६६,६८
निष्क्रमण ७३
नेपाली सेना ११५
नेपाल-अंग्रेज युद्ध ११५
नैमित्तिक पूजा १४
नृत्यकार १०
नृसिंह अवतार ४२
नृत्यसिद्धि-विधान ४६,५६
नृत्यनाथ/नृत्यश्वर ३०,४७,८३,१२६
नृत्यश्वरी ४७,९४
नृत्यसिद्धि ३८,४७

प/प्र

पराशक्ति ३,८
पर्जन्य ३
पचास मातृका ८
परालक्ष्मी ८
पचली भैरव २३,३७,११७,१२८
पशुपतिनाथ १५,७२
परकायप्रवेशन १२
पद्माकृति ३०,३१
पञ्चतत्व ५७,९३
परम्परागत उपचार पद्धति ८५
परमात्मा २२,९५
पचली भैरवगण १२९
पशुवलि १६
परालको आगो ९३
पञ्चायती शासन व्यवस्था ११६
पार्थिव देवता ३
पार्वती ६,१२
पाशुपत १५,१६
पानी चल्ने ४७
पात्र ४६
पाँच मातृकागण ६४
पाँचतल्ले मन्दिर ७५
पृथ्वी ३,४,११
पिङ्गला २३
पिशाच ४८
पीठ/पीठदेवता ११,३२
पीठदर्शन २५
पुषा ३
पुनर्जन्म ६६,९३,९५
पुंसवन ६६
पुरानो रगत ६७
पुरोहित १९
पुरश्चरणसोल्लास ९४
पुगेल्नी २४
पुन्नाग ९४
पूर्वमध्यकाल ४६,४८,१०३
पूर्णयन्त्र ७४
पूर्ण मन्त्र ३९
पूर्ण कलश ४१,८८
पूर्वाभिमुख ढुङ्गेधारा १०१
पंचकन्या ५
पंचमातृका ५
पंचमकार १४,१६,४६
पंचामृत ५०
पंचरंगी जामा ४७,५३,५५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पंचसूत्र धागो ४५,४८
पंचाचार्य ४८
पंचतत्व ९३
पंचबाजा १२५
पंचबलि ११६
प्रजापति ३९
प्रथम मातृका ९३
प्रबन्धसार ९४
प्रधान १३२
प्राकाम्य १२
प्राणप्रतिष्ठा ५५,५९,६६
प्राचीनकाल ७,११,१४,१६
प्राकृतिक-मृत्यु ९१,९२
प्राकृतिक मार ११६
प्रेत १११

ब

बलि/बलिपूजा १६,५६
बलिदान पूजा १५
बहुदेवतावाद २२
बलिपात्र ६२
बहुदलीय प्रजातन्त्र ११८
ब्रम्ह २२
ब्रम्हाण्डपुराण ४
ब्रम्हा ६,११
ब्रम्हवैवर्त्त पुराण १२
ब्रम्हकुण्ड ५७,५९,६५,६६
ब्रम्हायणीपीठ ३३,३८,३९,९३,१००,१२७
ब्रम्हायणीघाट २१,१००,१२८
ब्रम्हायणी ५,७,१८,१९,३१,६४,६७,७२,७७,
९२,१००,१०५,१३३
ब्रतबन्ध ६६
बृहत्संहिता ६
बाजागण ४७,८३
बालकुमारी ८४,८५
बाखा १११
ब्राम्हण भोज ४३,१२६
ब्राम्ही ५,६
बिजुली बत्ती ११६
बिमिरा ६२
बीजमन्त्र १२३
बुढानिलकण्ठ ७२
बुध ७४
बुद्धाचार्य ३१
बेलविवाह ६६
बोका ४६,१११
बोक्सी ४०

भ

भट्टारिका १०
भगवती ११
भगवती विजेश्वरी १४
भलभल अष्टमी ३९,४९,६८
भद्रकाली १२९
भरतनाट्यम ७९
भष्म-प्रवाह ९३
भद्रा १००
भद्रकालीको नाच १२९
भक्तपुर काण्ड ११७
भक्तपुरको नक्सा १९
भ्रामरी १३
भाषा वंशावली १५,३१
भागवत पांचरात्र १६
भाकल ८५
भीमसेन/भीमसेन मन्दिर ११,२१,१०१
भीष्म पर्व ५
भीषण १०
भुवानी २४
भुवनेश्वरी १९
भूताहा घर १०८
भूपतेश्वर महादेव ७५
भूतप्रेत ४८,५९,१११
भेंडा/भेंडाको भोग ४६,९२,१०९
भैरवी २३,९०
भैरवचोक ६९
भैरव/भैरवनाथ १६,३१,३२,४२,४३,८८,
९०,१२६,१२९
भैरवकुण्ड ५०
भैरवी चक्र पूजा १२७
भोगबलि २६,४५,६६,६७,७७,७९,९१,१२५,१२६,१२७
भोटे १०९
भौतिक मृत्यु ९१,११८

म

मद्य १४
मन्त्र शक्ति/मन्त्र बल २५,८९,१०७
मकर २९
महासुख १६
महाकाल १६
मष्टा २४
मन मैजु २३
मन्त्रमहोदधि १३,३२
मकल ४८
महापात्र १६
महाअष्टमी ५४,५५,९२
मन्त्राक्षर ३१
महात्रिपुर भैरवी १३
मङ्गला १४
महादेव ९,१०,१६,२१,४०,४५,४६,४७,
४८,५०,५१,५३,५४
महाकालीपीठ १००
मध्यकाल १६,१७,४८
महेशकुण्ड ५०
महाकाली ५,१८,१९,२२,४०,४३,४६,५०,७९,८०,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८१,८२,८३,८५,८६,९०,१००,१०५
महालक्ष्मी ३,८,९,१३,१८,१९,२२,३२,५०,१००,१०५,१२७
महानवमी ५०,५१,५२,५५,५६,५८,५९,६१,१०५,१२७,
महादेवी ५०
महिषासुर ११,१४,३४,५७,५६
मन्त्रसिद्धि ४३,६२,६३,८९,९०,११३
मन्त्र दीक्षा ८९
मलामी ९३
मसान भैरव १७,६०,७९
मस्तक ६४,९४
महासरस्वती ८१
मसान ९३,१००
महाकाली-नृत्य ७९
मर्त्यलोक ९३
मसानघाट ९३
मन्दार ९४
महामारी ९९,१०९,११५
महालक्ष्मीपीठ १००
मत्स्येन्द्रनाथ २३,७३
महाभारतपुराण ४,५,११
मधु कैटभ ६०
महिषासुरमर्दिनी १४,३१,५२,६०,१२३,१३०
मल्लकाल ३३,६१,७२
मन्त्रोच्चारण १०,१२३
महाविहार १२५
मरुत ३
मन्दोदरी ५
मत्स्यपुराण ६
महाचन्दा १३
मधुमालती १२३
मधुकरोपाख्यान १२३
महाभूकम्प ११५
मनोजवा ५
मृत्युको भात ८९
मृत्युवरण ४०,९१
मृत्यु ८९,९१,९२,९३,९५,
महायान १६
मातङ्गी १९
मातृकापीठ २२
महास्नान २३
मालिका २४
माली ३७
माथिल्लो जात ४२
माहेश्वरी ५,६,७,१६,१८,७७,९२,१०५,१३३
माटोको घ्याम्पो ५१
माटोको महादेव ५१
माइतीघर ५७
माइती टोल ५६
माथिल्लो नगर ६२,९१
मानन्धर ३२,९३
मार्कण्डेय पुराण ६
माहेश्वर १६
मातृकान्यास ८
मातृसत्तात्मक ३
मातृदेवी ३,४,५,१८
मातृपूजा ३
मानेश्वरी ११३,१२९
माहेश्वर देह १५
माहेश्वरीपीठ १००
मालती ९४
मान्द्रो ७९
मान्छेरुपी माछा ७७,७९,८०
माघ स्नान मेला ७२
माघे संक्रान्ति ७२
मिश्रशैव १६
मित्रावरुण ३
मुण्डमाला १६,४१,४४,४५,४७
मुण्डशृङ्खलिकपाशुपत १६,४४,४५
मुसलमान आक्रमण २८
मुखनिर्मालिका १४
मुद्रा १४,४७
मुकुट ४५
मुख्य वाजा १०४
मुसलमान २३,२८,१२५,१२६
मुण्डकोपनिषद् ५
मुण्डमाला तन्त्र ९४
मुर्कट्टा १०६
मूलनगर १९,२९,३३,३७,४९,५९,६२,६८,७२,९१
मूल तलेजु ६०
मूलकुण्ड ११७
मेखला ४८,६७
मैथुन १४
मैथली-संस्कृति १२५
मंगलतीर्थ १९,५०

य
यन्त्र २३
यन्त्राकार ७३,९९
यजुर्वेद ३
यमराज ११
युधिष्ठिर ५
योनि ३,२३,१०,४१
योग साधना ९४

र
रांगो २६,४६,५१,५७,५९,६३
राजोपाध्याय ४६,६२,६३,६६,८८
राजपुरोहित ११७
राजधानी १७,७२,९२,१२५
रक्षकदेवता २९,१०५,१०९
कालरात्रिपूजा ४६
राक्षस ४८
रक्तबीज ६०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजचल ६३
रकमी ६३
राशि ६२
रगत ग्रहण/रक्तपान ४३,६६
रथ ३१,७३,१०१
राज्याभिषेक ७२,११६
राजराजेश्वरी ७२
राहु ७४
राणाकाल ११५
राजखड्ग ११६
रुद्र ३
रुद्रायणी ३,१६,२३,४१
रुद्र-शिव ६
रक्तविन्दु १०
रुरु ११,१०
रातो मच्छिन्द्रनाथ ११
रेवति १३
रुद्रांशा १३
रिपुमारिणी दुर्गा १३
रोहिणी १४

ल
लिङ्गायत ८८
लक्ष्मीपूजा ५९
लिच्छविकाल ८,१५,१६,१७,७२,१२४
लकुलीश १५,४८
ललितमहेश्वर १९
लक्ष्मी २४,५९
लोकनाथ ३१
लासको-यात्रा ९२
लिङ्गो/लिङ्ग १०३
ललिता १०,१४
लक्ष्मीनारायण १०
लघिमा १२

व
वनमाला २६,३२,३७,४४,४६,५१,
५४,७२,७४,७१,६८,९२,९३,१२८
वंशावली १५,३१
विजयस्वामिनी १४
वायुरुपी नृत्यदेव ३०
वासुदेव १६,३२
वज्रेश्वर १६
वज्रभैरव १६
वज्रयोगीनी १६
वगला १९
वेताल ३२,४२,४३
विष्णुमूर्ति ३२
वाहन ३३,४२
वंश (पाशुवत) १५
वेषभूषा ४७
वत्सलापीठ ५३
विमानखट ४७,७६,१२४
वीरशैव १५,४८
वैष्णवी ५,६,७,१९,२९,५४,६४,९२
वाराही ६,७,१९,२९,५३,५४,७७,७८,९१,१०५
वाद्यगण ५४
विजयादशमी ३३,६०,६१
विश्वनाथ भैरव १७,३१,१०३
विस्केटजात्रा ४९,६५,६८,१२६,१४०
विमानस्थल ७२
विश्वसारतन्त्र ९४
वैष्णवीपीठ १००
वाराहीपीठ १००
वीरा १००
विश्वेश्वर १०३
विश्वध्वजा १०३
विश्वकेतु १०३
वीरध्वजा १०३
विश्वजात्रा १०३
विषुवकेतु १०३
विषुवकेतु यात्रा १०३
वास्तुनागपूजाविधि १०२
वज्र १६
वज्राचार्य १४,१६,१२५
वज्रयान १६,४८,१२५,१२६
विक्रमशील महाविहार १२५
वनदुर्गा १३,१२५
वीरवेताल १३८,२२
वायु ३,३७
वरुण ३
विष्णु ३,६,११,१६,१७
वायुमण्डलीय देवता ३
वृहस्पति ३
विपाशा ३
वैदिककाल ४,५
विराटपर्व ५
विश्वरुचि ५
वशित्व १२
वराह ६,११
वसित्व १२
वाक्सिद्धि १२
विन्धवासी दुर्गा १३
विशालाक्षी १४
वाम १४

श
श्वेतभैरव ५३,५७,६१,८७,८५,८६,
४०,४८,४२,४१,४०,८३,१०८,
५४,१२५,८४,७९,९४,९५,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलिङ्ग ४८
शिव ११,१२
शक्तिपीठ १७,५२
शपथ ग्रहण ५४
शुम्भ ६,६८
शाखा नगर ६२
शुक्र ७४
शनि ७४
शीर-भाग ६७
शुन्यता १६
शंख २९
शृङ्खला १६
शृङ्खलिकपाशुपत १६
शवयात्रा ९२,९३
शक्ति संगमतन्त्र ४५
शारदातिलक ९४
शत्रुनाश ११२,५९
शाम्भव-दर्शन १०
शैलपुत्री १२
शिवदूति १३
शाम्भवी १४
शीतला रोग ११५
श्वेताश्वतरोपनिषद् ३
शुतुद्री ३

ष
षष्ठीदेवी/देवकुल १५,६६
षट्चक्र चिन्तन सिद्धान्त ९४,२३

स/श्र
स्कन्दमाता १२
स्कन्दपुराण ११
सिद्धिदात्री १२,१०५
सर्वमङ्गला १३
सोम ३,४७,८३
सिम्ब: १०,३९,४०,४७,५०,५४
संगीतसिद्धि ६१
सुकुटी ५९
सोमसिद्धान्त १५,४८
सप्तगण्ठकूट १७
सर्वेश्वरवाद २२
सुषुम्ना २२
सहकाल २४
सतिदेवी ४२
स्याल ४२
र्सप ४५
सत्वगुण ४४
संकेतविद्या ४४
सुंगुर २६,८५,११२,१२२,१२५,१२६,१२७,
स्वर्णद्वार ३३,६२,६४,६५
सीमन्तोनयन ६६
सूर्य ११,७४
सिद्धिलक्ष्मी ७५
सातसय टोल ९१
सूर्यपूजा ९३
सूर्यविनायक १०१
सात ग्राम प्रदेश १२४
सोमपुरी १२५
स्वेष्टदेवता १९,२५,२८,११३
४२ साल पर्व ११८
सविता ३
सिन्धु ३
सरस्वती ३
सर्वायणी ३
सप्तरश्मि ४
सप्तजिव्हा ४,५
सप्तमातृका ४,५,६,७,८,९,१०,४१,९३
सप्तअग्नि ५
सप्तऋषि ५
सप्तधाम ५
सप्तहोत्रा ५
सप्तयोनि ५
सुलोहिता ५
सुधुम्रवर्णा ५
स्फुलिङ्गिनो ५
सप्तवर्ग ८
स्वच्छन्दतन्त्र ८
सप्तमहामातृ ८
सप्तलोक ८
स्वच्छोन्दोद्योत ८
सर्वेश्वरी ३
सीताराम १०
सिंह १२,३१
श्रृङ्गारपद्धति १९,१०२
श्रीलक्ष्मी ६
श्री देवी १५
श्री मानेश्वरी देवी १५
श्रीयन्त्र २३,६०
श्री वत्स २९

ह
हाडमाला ४७
हाँस ४६
हरियो बाँस ६३
हरिसिद्धिनाच १३,१६,२३,११०,
१२८,१२९
हरसिद्धि १३,१६,२३,११०
हारीति ६
हात्ती २९
हरभैरव १६
हनूमान्घाट १९,२१,३३
हनुमन्ते २१
हिमालिनी २४
हस्तिहाड ४५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्ष
क्षमापूजा १०८
क्षेमंकरी १३
क्षेत्रपाल ६६

त्र
त्रिपुरसुन्दरी ८,११,१३,२०,२१,२४,७४,९९,१०५
त्रिमूर्ति १४,१०
त्रिपुर १७,१९
त्रिकुण्ड गणेश १७,२१
त्रिवेणी २५
त्रिकोण २०,२१
त्रिपुरसुन्दरी पीठ २७,६४,१००,१०१
त्रिभुमिक विद्यापीठ प्रतिष्ठाविधि २४
त्रिशूल ४५
त्रिखुट्टी-आसन ४६
त्रिपुरा १३
त्रिपुराश्री १३
त्रिपुरामालिनी १३
त्रिपुरासिद्धि १३
त्रिपुराअम्वा १३

ज्ञ
ज्ञान वल क्रिया ३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालभाषा अनुक्रमणिका/अर्थानुवाद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

 CC-0. In Public Domain. Digitization by eGangotri

अजाजु घः (३८, ३९) [< सं. आर्य + ने.जु + सं. देव]

भक्तपुर, बिकुमाछेँटोलको दिपङ्कर महाविहारका मूल देवता - *दिपङ्कर* लगायत पञ्चदान ग्रहण गर्ने *पञ्चबुद्ध*।

अजिस्वाँ (९४) [~ अजिरिस्वान]

स्वर्णजातिपुष्प । हेमपुष्पिका ? ।

असं चालं (६१) [< असनिमं + सं.चालन]

कान्तिपुरस्थित असनटोलको *पायोजात्रा* वा *खड्गजात्रा* वा *अन्नपूर्णा यात्रा*।

अक्षस्वाँ (९४) [< सं. अक्ष + सं. सुमन]

?

आचाजु (३८, ३९, ४५, ४६, ५५, ५४, ५६,६७, ८९, १०७) [< सं. आचार्य + ने. सम्मानबोधक जु]

गुह्य पूजा अनुष्ठान चलाउने *आचार्य*; दीक्षा प्रदान गर्ने *गुरु*; तान्त्रिक कर्मकाण्ड चलाउने नेवार जातिको एकथरी पूजारी वर्ग -*कर्माचार्य / पीठाचार्य* आदि ।

आचाजु तेलेगु (८८) [< सं. आचार्य + ने.जु + सं. त्यलेगु]

नवदुर्गागणको तान्त्रिक पूजा अनुष्ठान चलाउने *आचाजु* (कर्माचार्य - पूजारी) ले नवदुर्गागणलाई शक्तिविहिन तुल्याउने गुह्य विधान गरिरहेको क्रममा क्रोधित नवदुर्गागणले उनलाई सिध्याइहाल्ने नियतले (भाव अर्थमा) उनको पिठ्यूं पछिल्तिर थिच्न पुग्छन् । यसरी पूजारीलाई थिच्ने सो रोचक प्रकरण ***आचाजु तेलेगु*** हो ।

इकुं प्याखँ [*यिकुं प्याखन*] (३२, ३३, १२३) [< ने.इ (~ यि) कुन + सं. उपाख्यान ?]

नवदुर्गानाच । भक्तपुरको हनूमान्घाटपारि पूर्वतर्फको एक इलाका *इखुडो* नामले जानिन्छ । नवदुर्गानाच सर्वप्रथम सोही इलाकामा सिकाइएको हुँदा यसको नाम ***इकुं प्याखँ*** रहन गएको लोकवाद प्रचलित छ ।

इमु (६६) [< युमुनि, अमरकोश, ने.सं.६६२, ४२ कः०९ < युमनि, अमरकोश, ने.सं. ५०६, ५१ कः०५, < सं. यवानिका]

ज्वानु ।

इलमा अजिमा (१०५) [इलिमा हेर्नुस्]

इन्द्रायणी ।

इलिमा (१०५) [~ इनिमा (जु) ?] < सं. इन्द्रायणी + सं. माँ + ने.जु.]

इन्द्रायणी ।

इषुनि प्याखँ [*इकुं प्याखं*] (११३)

नवदुर्गानाच । भक्तपुरको हनूमान्घाटपारि *इखुडो* भन्ने ठाउँमा सर्वप्रथम यो नाच सिकाइएको हुँदा सोही स्थान-नाम विशेषताका आधारमा *इषुनि प्याखँ* (*इकुं प्याखँ*) प्रचलित रहेको जानिन्छ ।

इहि (४८, ५५, ६७, ५४, ६६) [< सं. विवाह]

नेवारहरूको दशकर्म-संस्कारमध्ये स्त्रीजातिको एक संस्कार ।

उजाजु (३७) [~ द्रष्टव्यः अजाजु भनेर भैरवलाई गरिने सम्बोधन]

गाथा (गथु) हरूलाई व्यवहृत गरिने सम्मानसूचक उपपद ।

उफोस्वाँ (९४) [< सं. उत्पलफुल + सं. सुमन]

नीलकमल ।

क्व न्हयाकेगु (६४) [~ क्वन्हयाकेगु]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शहरको तल्लो भागदेखि प्रदक्षिण गर्ने ।

क्वनिमा (१०५) [~ क्वलिमा (जु) < कुवारी मा (जु) < कुमारी माजु] < सं. कौमारी + सं. माँ + ने. जु]

कुमारी ।

क्वने (६२, ६३, ६४) [< ने.क्ववने]

तलतिर ;

क्वनेया न्हय्सः त्व (९१) [~ क्वःनेया न्हय्सः त्वाः]

शहरको तल्लो भागमा रहेका सातवटा तैल्यशाला भएका टोल ।

कय्तापुजा (३८) [< कस्ता (घरः पौ, ने.सं.७९३, ४०५ खः५) + सं.पूजा]

हिन्दू धर्मको दशकर्म संस्कारमध्ये एक प्रमुख संस्कार - *व्रतबन्ध* ।

कलांलि (२५, २६, ८९, १०७) [< सं. कलंडि (अमरकोश, ८०३ ने.सं., १७९ खः ०१)]

पूजा सामग्री सुरक्षित एवं गुप्त गरी राख्न धातु वा बाँस, नर्कट, निगालो आदिले बनेको भाँडो । खासगरी, धातुले बनेको *कलांलि* रात्रिपूजाका लागि र बाँस, नर्कट, निगालो आदिले बुनेर बनाइएको *कलांलि* चाहिँ दिवापूजाका लागि प्रचलनमा रहेको देखिन्छ ।

कहँ (काः/काहा) बाजा (६५) [< काहाल]

मुखले बजाइने बाजा - तुरही ।

काँय् [बाजा] (१०, ३८, ४०, ४३, ६३)

नवदुर्गागणका तीन बाजामध्ये ढलौट काँसले बनेको यो बाजा *त* बाजा भन्दा ठूलो र चाक्लो परेको हुन्छ । यो पनि दुवै हातले बजाइन्छ । *तः* बाजाको तुलनामा यसबाट निस्कने ध्वनि-तरङ्ग धेरै क्षणसम्म तरङ्गित भइरहन्छ । संयुक्त रूपमा *धिं* र *तः* बाजाबाट *धिं* ...प्रस्फुटन हुन्छ भने यस एउटै बाजाबाट *ताल्ल ///* को कर्णप्रिय स्वर लहरीको विशिष्ट संयोजनबाट उत्कर्षमा **धिन... ताल्ल ///** को साहै लोकप्रिय सुरताल गुञ्जायमान हुन्छ ।

कि क वानेगु (७४) [कि + ने.का. वनेगु]

चामल ग्रहण गर्न जाने ।

किसलि (८५) [< ने.कि 'चामल' + ने.सलि < सलै]

माटोको पालामा चामल भरी त्यसमाथि सिन्नो सुपारी र पैसा राखी तयार पारिएको ***पूर्ण पात्र***।

कुथु (११३) [< ने. कु + ने. थु]

तल्लो शहर ।

कुम्हः नायः (५१, ७३) [< सं. कुम्भकार नायक]

प्रजापति समाजका जेष्ठ, नाइके ।**ख्वाः हुसा** (४७) [< ने.ख्वाल + ने. छुसा]

मुख पुछ्ने रुमाल ।

कुमारी तुइकेगु (७६) [~ कौमारी त्वीकेगु] 'कुमारीद्वारा दिन थाल्ने ?'

कुमारी नृत्य । नवदुर्गागण सम्बद्ध टोलमा पुगेर *सिफोह्ः*को खट बिसाईसकेपछि सोही रातमा गरिने **चा पूजा** नामको रात्रिपूजामा कुमारीले **कुमारी-यन्त्र**का आधारमा प्रस्तुत गरिने ***यन्त्राकार-नृत्य***।

कौ (९३) [< कलि, पारसी प्रकाश, ने.सं. ८२०, ८ खः१ < सं. कलि]

नकर्मी । परम्परागत रूपमा फलामको पेशा अपनाउँदै आएका नेवार समुदायभित्रको एक वर्ग, लोहकार ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

 CC-0. In Public Domain. Digitization by eGangotri

क:मि (९३) [< सं. कर्मि]

कर्मी । नेवार समाजमा काठको काम गर्ने एकथरी वर्ग ; *सिकर्मी*।

खण्डमेस (१२७) [< सं. खण्ड + सं. महिष] ख:मेय् हेर्नुस् ।

निस्खत, निखुर ठूलो राँगो ।

ख्वप च: (६३) [ने.ख्वप + सं.देव]

विजयादशमीको रातमा तलेजुभवानीको विजययात्रा वा पायोजात्रा - जुलुसका एक सहभागी रकमी । यी उपाधिधारीलाई डोय राज्यका संस्थापक ***नान्यदेव*** भन्ने चलन पनि रहेको पाइन्छ । यो कुरा विचारणीय छ । ललितपुरमा जात्राताका, रातो मत्स्येन्द्रनाथको *दृष्टि खेलेगु* नामक विधान गर्न जाने पनि यिनी हुन् । यताबाट पनि तत्कालीन उपत्यकामा डोय-संस्कृतिको व्यापक प्रभाव रहेको दृष्टिगोचर हुन्छ ।

ख्वा:पा: उयेगु (९२, ९३)

मुकण्डो जलाउने । भलभल अष्टमीका दिनमा नवदुर्गागणका १३ वटा मुकुण्डोहरूलाई सेतो कपडाले ढाकी, ब्रम्हायणीपीठको मसानमा *कालभैरव* हुने पात्रले दागबत्ती दिई गरिने अन्त्येष्टी संस्कार अन्तर्गतको एक क्रिया ।

ख्वा:पा: खुया यँकेगु (५४, ५९) [~ ख्वा:पा: खुयायंकेगु]

मुकुण्डो चोरेर लैजाने । नवदुर्गागणको माइतीटोलको रूपमा प्रसिद्ध याछेंटोलमा सम्बद्ध चित्रकारले महानवमीको रातमा नवदुर्गागणका मुकुण्डोहरू गाथाहरूलाई विधिवत् प्रदान गरेपछि उनीहरूले पनि विधिवत् नै लिएर जाने भएतापनि लौकिक जीवनमा चाहिँ सो रोचक विधान *ख्वा:पा: खुया यँकेगु* नामले प्रसिद्ध छ ।

ख्वा: पा: ब्वयेगु (५६, ५९) [~ ख्वालपाल ब्वय्गु]

मुकुण्डो-प्रदर्शन । नवदुर्गागणको मुकुण्डोहरू प्रदर्शन गर्दा निम्न क्रमले राखिएका हुन्छन् - १.महादेव २.गणेश ३.ब्रम्हायणी ४.माहेश्वरी ५.कुमारी ६.वैष्णवी ७.वाराही ८.इन्द्रायणी ९.महाकाली १०.सिम्ब ११.कालभैरव १२.दुम्ब १३.श्वेतभैरव **ख्वा:पा:** (११,१०,३२,३८,४३,३९,४७,५१,५०,४८,५४,५६,५७,५८,५९,६०,७४,६५,७७,७४,९२,१२७) [< ने.ख्वालपाल, 'अनुहारको पहरेदार'!]

मुहारमा लगाइने - मुकुण्डो, गणनाचमा सम्बद्ध देवदेवीका पात्र हुनेहरूले धारण गर्ने मुकुण्डोलाई उदाहरणको रूपमा लिन सकिन्छ । नवदुर्गानाच लगायतका अन्य गणनाचका गण हुने पात्रहरूले धारण गर्ने यस्ता मुकुण्डोहरूमध्ये यस नाचमा चाहिँ नवदुर्गागणका निम्नलिखित १३ वटा मुकुण्डोहरु हुन्छन्, जसलाई ***ख्वा:पा:*** भनिन्छ - १. *महादेव* २. *गणेश* ३. *ब्रम्हायणी* ४. *माहेश्वरी* ५. *कुमारी* ६. *वैष्णवी* ७. *वाराही* ८. *इन्द्रायणी* ९. *महाकाली* १०. *सिम्ब* ११. *कालभैरव* १२. *दुम्ब* १३. *श्वेतभैरव* **खा** (१०६) [< ने.खा, गोरावं, ४८क:०२]

कुखुरा ।

खिं [बाजा] (१०, ३८, ४०, ४३, ४५, ६३)

नवदुवर्गागणका तीन प्रमुख बाजा (*खिं + त: + कांय्*) मध्ये पनि प्रमुख बाजाको रूपमा लिइने यो *खिं* बाजा छालाले मोडेर बनाइएको हुन्छ । दुवै हातले बजाइने यस बाजाको शीर्षमा विधिपूर्वक *श्रृङ्ग-स्थापन* गरिएको हुन्छ । यसरी सिङ् राखिएको बाजामा भोगवलि पनि चल्छ । यस बाजाको अग्रभागमा *ख:मेय्* नामको राँगोको छालाले बनेको एउटा सानो थैलोमा कालो टीका (*मोहनी*) साधन गरी राखिएको हुन्छ । सो मोहनी राखिएको छालाको थैलोको ठीक माथि *त्रिपुरसुन्दरीको धातुको सानो मुखाकृति* पनि राखिएको हुन्छ । यताबाट प्रतिकात्मक रूपमा यस खिं बाजामा महिषासुर मर्दिनी नवदुर्गाभिवानीको उच्चतम तान्त्रिक रूप दर्शनीय हुनुका साथै यो र यसकै सहायक *त:* र *कांय्* बाजाका संयुक्त सुरतालमा नवदुर्गागणको प्राण-संञ्चार हुने कुरा पनि दृष्टिगत हुन्छ ।

खुस: (९४) [< नें. खुंसल] जाति

नेवार जातिको एक तंडुकार वर्ग । भक्तपुरमा पनि *खुस:* वर्गका एकथरी नेवार जातिको परम्परागत बसोबास नगरको पूर्वी भेकस्थित *नगांचा* नामक स्थान र आसपासका गाउँमा रहेको तथ्य प्राय: यहींका अन्य धेरैजसो नेवारहरूको जानकारीमा नभएको कुरा अन्वेषणको क्रममा थाहा हुन आएको छ । ललितपुरमा चाहिँ त्यहाँका खासगरी च्यासलटोल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिसरमा बस्दै आएका *खुस* वर्गका बारेमा संख्यात्मक-भावले ठट्यौली गरी भन्नुपर्दा *च्यासले खुसःदु का* (च्यासलटोलमा खुस छन्) भन्ने लोक-कथन चलेको पाइन्छ ।

खुसिं अजिमा (१०५)

भद्रकाली ।

खः जुकेगु (७२, ७५, ७६, १११, १२४, १२५)

खट बिसाउने । देवता विराजमान विमानखट निश्चित स्थानमा बसाल्नुपर्दा **खः जुकेगु** भनिन्छ ।

खः प्याखँ (१२३) [< ने. खट + सं.उपाख्यान]

चरणबद्ध रूपमा प्रस्तुत गरिने पूर्णाङ्गी नाटक वा नाच ।

खःमेय् (३०, ४०, ५७, ५६, ६३, ६६, ६७, १२७) [खण्ड मेस < सं. खण्ड महिष ?]

घण्टाकर्ण चतुर्दशीदेखि महानवमीको दिनसम्म नवदुर्गा देवगृहको छिँडिमा पालेर राखिने *निष्खत वा निखुर, ठूलो (भीमकाय)* (राँगो) लाई *खःमेय्* भनिन्छ । सो राँगोलाई महिषासुरको प्रतीक मानी महानवमीको दिनमा नवदुर्गागणले भोगबलि ग्रहण गर्छन् । मल्लकालमा टिपिएको *वर्षकृति* नामको थ्यासफूमा *खण्डमेस* को उल्लेख परेकोले तात्कालिक लौकिक जीवनमा प्रचलित *खण्डमेस*कै परवतर्तीरूप *खःमेय्* प्रचलित रहेको जानिन्छ ।

खःमेय् ब्वाकेगु [महिष-जात्रा] (५७, ९०) ['खण्डमेष दगुराउने']

महिषासुरको प्रतीक मानिने *खःमेय्* नामको राँगोलाई महानवमीका दिनमा सुरापान गराई नवदुर्गा देवगृहबाट जात्रा गरी भीडले (लुछि-टोकी) ब्रम्हायणीपीठसम्म घिस्याउँदै दौडाउँदै लाने चलन वा जात्रालाई *खःमेय् ब्वाकेगु* (जात्रा) भनिन्छ । यसरी जात्रा गरी सो राँगोलाई ब्रम्हायणीपीठमा पुऱ्याएपछि नवदुर्गागणले नवमी-दशमीको रात आफ्नो गुप्त-पूजा अन्तर्गत भोगबलि ग्रहण गर्छन् ।

गथु प्याखं (३७) [< गाठा हेर्नुस्]

बाह्रवर्षे पचलिभैरव/भद्रकालीनाच आदि ।

गा (१०६) [ने. गा, अमरकोश, ने.सं. ५०६:७०क:०२]

खाष्टो, पछ्यौरा ।

गाथा [गथु] (३७, ३८, ३९, ५२, ५७? ५९, ११३) [द्रष्टव्य : गठवन, अमरकोश ने.सं. ५०१, २४क :४]

गणनाचमा सम्बद्ध देवदेवीको भूमिका निर्वाह गर्ने वर्ग । भक्तपुरको स्थानीय लोकजीवनमा *गाथा* (अन्यत्र - *गथु*) उपनामले चिनिने यस वर्गले तन्त्रप्रधान नवदुर्गानाचमा गणको भूमिका परम्परागत रूपमा निर्वाह गर्दै मौलिक रूपमा यसलाई जोगाउँदै, धान्दै आएका छन् । यसो हुँदा त्यही लोकजीवनमा *उजाजु* उपपदले पनि उत्तिकै सम्मानित छन् । तथापि उनीहरूले आफूलाई व्यवहृत गर्दै आएको आदर्श उपपद चाहिँ *वनमाला* (माली) हो । परम्परागत रूपमा, धार्मिक सांस्कृतिक उत्सवताका उनीहरूबाट प्राप्त हुने ऋतु अनुसारका फूल एवं फूलका माला पवित्र मानिन्छ । *नवदुर्गागण*को उत्पत्तिका क्रममा, *गाथा*को संस्कारगत सान्निध्यता *गाथामुग* (घण्टाकर्ण) सित रहेको देखिन आएको परिप्रेक्ष्यमा सोही संस्कारगत विशेषताको उपज उपपद *गाथा* प्रचलित हुनपुगेको अनुमान हुन्छ । गाथाहरूमा प्रचलित एक लोककथन अनुसार - *गथु/गाथाहरूका आद्य पूर्वज श्री आजाजु हुन् । त्यस्तै अन्तिम किरातकालका शासकवर्गका सन्तान गाथाहरू हुन् । सूर्यग्रहण फलानो दिनमा हुन्छ भनेर गाथाहरूका पूर्वजले तात्कालिक लिच्छवि राजालाई भनेतापनि पत्याउन नसकेको तर किटान गरेकै दिनमा सूर्यग्रहण भएपछि लिच्छवि राजा लगायतका साराले उनीहरूलाई शक्तिशाली तान्त्रिक मात्र नभएर सिद्ध-ज्योतिषकै रूपमा समेत मान्न थाले । समूहगत रुपमा देवगण भएर नाच्न र नचाउन सक्ने (गण खा) अद्भुत खुबी भएका कारण लिच्छविकालमै गाथा उपपदले लोकप्रिय भएका हुन् ।* यसरी यस लोक कथनले गाथाहरू पनि नेपाल उपत्यकामा बसोबास गर्दै आएका आदि-जातिमध्येका एक वर्ग हुन्; उपत्यकाको लौकिक जीवनमा प्राचीनकालदेखि नै यस वर्गले विशिष्ट लौकिक महत्व पाउँदै आएको थियो भन्ने संकेत-आभास मिल्छ ।

गाथामुगः चन्हे (४८, ५२, १०३)

घण्टाकर्ण चतुर्दशी, श्रावणकृष्ण पक्ष चतुर्दशी तिथि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुनालुस्वाँ (९४) ?

?

गुरु लितेगु (४०, ८९, ८८) [~ गुरू लितय्गु]

नवदुर्गागणले प्राप्त गरेको मन्त्रशक्ति आफ्नो मृत्युपूर्व पुनः गुरु सदृश *सिफो ब:* मा निहित हुने गरी समर्पण गर्ने तान्त्रिक विधान ।

गुन्हीपुन्ही (१०१) [< ने. गु + ने. न्हु + सं. पूर्णिमा]

श्रावणशुक्ल पूर्णिमा तिथि, जनै पूर्णिमा ।

गुमूल कौमालि [*गुन्चा बालकुमारी*] (३२, ४०, १२३) [< ने.गु + सं.मूल + सं. कौमारी]

नवकौमारी गण । नवदुर्गा देवगृहको उत्तरपट्टि *बालकुमारी*को पीठस्थापित एकतले मन्दिर छ । मन्दिरभित्र १२ वटा अनाकृत प्रस्तर देखापर्छन् । सो मन्दिरको भित्तामा राखिएको ने.सं.८५४ (वि.सं.१७९१) को अभिलेखमा **गुमूल कौमालि** उल्लेख छ । यताबाट ती १२ वटा अनाकृत-प्रस्तरमध्ये ९ वटा प्रस्तर *नवकौमारी*का हुन् भन्ने कुरा खुल्छ । अनि बाँकी ३ वटा प्रस्तरले चाहिँ नवकौमारीगणमा समाविष्ट *गणेश, भैरव* एवं *कुमार*को आभास दिन्छ । यहाँ ती *नवकौमारी*ले मन्त्रमहोदधिको निम्न कुमारी बालिकाहरूको स्मरण गराउँछ :- १. *कुमारी* २. *त्रिमूर्ति* ३. *कल्याणी* ४. *रोहिणी* ५. *कालिका* ६. *शाम्भवी* ७. *दुर्गा* ८. *चण्डिका* ९. *सुभद्रा* ।

गं प्याखं (२३) [< सं. गण + ने.प्याखँ]

बाजागणसहित देवदेवीको सामूहिक नाच - *गणनाच*

ग: कोल्हँ (५९)

पूरा एक हात उचाई भएको धेरै सामान अटाउने खर्पण । भक्तपुरको नेवार कृषक जीवनमा ४ प्रकारका निम्न नामका खर्पण प्रचलित रहेको पाइन्छ :- १. *ग: कोल्हँ* २. *बाचा कोल्हँ* ३. *चु कोल्हँ* ४. *चा कोल्हँ* ।

घाजि नं (४७, ४८, ४४) [~ घाजि लँ]

काँधदेखि खुट्टासम्म पुगेर कम्मरभागदेखि मुजा-मुजा परेको एक प्रकारको परम्परागत वस्त्र - जामा ।

घंगला (४७, ६३, १०८) [< घंला, घर:पौ, ने.सं.७९३, २६४ ख:०२] < सं.त्रा. घाघरा]

नुपूर ।

घंगला ल:ल्हाय्गु [*घंगला सि ल:ल्हाय्गु*] (४४, ४५, ४९, ५५) [द्रष्टव्य : घगुरा, अमरकोश, ने.सं.५०१, ३३ख :२]

महाष्टमीका दिनमा आचाजु (कर्माचार्य) ले नवदुर्गागणलाई नुपूर प्रदान गर्ने एक तान्त्रिक विधान । नुपूरलाई फल, फूल प्रसादको रूपमा वितरण गर्ने ।

ब:छें (१७, ४३, २८, ४६, ४८, ५७, ६७, ८५, ९२, ८९, १००) [< सं. देव + ने.छें]

देवगृह । परम्परागत नेवार-बस्ती सुरक्षात्मक वास्तुतन्त्रविधि-व्यवस्था सिद्धान्त अनुरूप बसेको देखिन्छ । उदाहरणको निमित्त उपत्यकाका तीनवटै मूलनगरबस्तीभित्र र बाहिरका निश्चित स्थानमा स्थापित सम्बद्ध देवदेवीका अवस्थितिबाट देखापर्न आउने तत्-तत् वास्तुतन्त्राकृति (*यन्त्राकार, खड्गाकार, चक्राकार*) उदाहरणस्वरूप छन् । खासगरी, सम्बद्ध देवदेवीका *आकृत अनाकृत्* दुईवटा तान्त्रिक स्वरूपमध्ये *आकृत-स्वरूप* स्थापित बासस्थान **ब:छें** नामले बढ्ता व्यवहृत् भएको पाइन्छ । उदाहरणका लागि बस्तीभित्र अवस्थित *अष्टमातृका, नवदुर्गागण* आदिका बासस्थान सोही अनुरूप *ब्रम्हायणी-ब:छे, वाराही-ब:छें, इन्द्रायणी-ब:छें, त्रिपुरसुन्दरी- ब:छें, नवदुर्गा-ब:छें* नामले प्रचलित रहेको पाइन्छ भने बस्तीबाहिरका ती नै देवदेवीका अनाकृत-स्वरूप स्थापित स्थान चाहिँ *ब्रम्हायणीपीठ, इन्द्रायणीपीठ, त्रिपुरसुन्दरीपीठ* नामले प्रचलित रहको जानिन्छ ।

ब: ब्वय्केगु (१०९, ११०, ११४, ११३, ११५) [< सं.देव + ने.ब्वय्केगु]

विशेष प्रकारको पूजा । इच्छा हुने जो कोही सर्वसाधारण भक्तजनले नवदुर्गागणलाई निमन्त्रणा गरी विभिन्न उपचारले सुसज्जित गरी विशेष पूजासहित भोजन गराउने प्रकरणलाई यसो भन्ने चलन छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घ:ला (१२६) [< सं. देव + सं. महिष] ख:मेय् हेर्नुस् ।

देवस्थानमा पालो बस्ने, पोडे ।

घ: सगं बिय्गु (१३०, १३१, १३३) [< सं. देव + सं. सगुण + ने.बिय्गु]

भक्तपुरको विस्केटजात्रा समापनको १ दिन अघि नगरव्यापि रूपमा देवदेवीहरूलाई सगुन प्रदान गर्ने एक लोकप्रिय सांस्कृतिक मेला ।

घ: ल्हाय्गु (७५) [< सं.देव + ने. ल्हाय्गु]

नवदुर्गागण कुनै निश्चित स्थान वा कार्यविशेषका लागि प्रस्थान गर्दा देवगृहको चोकमै बाजा बजाई मङ्गलाचरणको रूपमा सर्वप्रथम प्रस्तुत गरिने छोटो नाच ।

ङातापुलु (११०)

कान्तिपुरको नरदेवी ।

ङा लाकेगु (४३, ४७, ७६, ७४, ७७, ८३, ८५, ८४, ७१, ८८, ७८, ९२, ९१, ७२, १०६, ११२, १२५) [~न्या लाकेगु]

माछा समाउन लगाउने । नवदुर्गानाचको पहिलो चरणमा *दुम्ब:*ले र दोश्रो चरणमा *श्वेतभैरव*ले प्रस्तुत गर्ने यो अत्यन्त रोचक विधान यथार्थमा प्रतीकात्मक भावपरक दार्शनिकतामा आधारित दृष्टिगोचर हुन्छ । *नवदुर्गागण*का दृष्टिमा माछा झैं चञ्चले मन भएका जीव मानिस माछा सदृश देखापर्छन् । तसर्थ *ङा लाकेगु* को अर्थ ***मान्छेरूपी माछा*** समात्ने भन्ने जानिन्छ ।

ङा लाकेगु त्व: (२१, ६८, ७१, ७२, ७३, १२४, ७४)

ङा लाकेगु को सोझो अर्थ "माछा समात्न दिनु" हो । *त्व:* ले 'टोल' लाई जनाउँछ । नवदुर्गागणको नाच-प्रस्तुतीकरण प्रतिकात्मक र भावपरक छ । यसो हुँदा नवदुर्गागणका नेत्रमा हरेक मानिस माछा सदृश देखापर्छन् । अनि यसरी माछारूपी मान्छेलाई समात्न नवदुर्गागणले आफ्नो गृहनगरका २१ टोल लगायत अन्य अधीनस्थ प्रदेशका टोलमा सो रोचक पक्ष वा विधान प्रस्तुत गर्ने हुँदा सम्बद्ध टोल *ङा लाकेगु त्व:* नामले लोकजीवनमा व्यवहृत भएको जानिन्छ । **सिफो घ:** (३, ४१, ४६, ४३, ४७, ६३, ६६, ७९, ७७, ७३, ८८, ९४, ९५, १०६, १२४, १२७)

नवदुर्गागणकी एक मूल शक्ति *महालक्ष्मी* स्थानीय लोकजीवनमा ***सिफो घ:*** नामले प्रसिद्ध छिन् । मुखाकृतिलाई गुप्त पारी सो भागमा *प्वाल* मात्र दर्शाइएको यिनको रजतमूर्ति विमानखटमा पश्चिमाभिमुख हुने गरी राखिएको हुन्छ । यिनको सो रजतमूर्तिको पार्श्वभागमा एउटा कलश रहन्छ । सो कलश तान्त्रिक दृष्टिले त्रिपुरसुन्दरीतुल्य मानिने रक्त करवीर पुष्पका पातहरूले सधैं छोपेर राखिएको हुन्छ । रक्त करवीर पुष्पको नेवारी नाम *सिफो त्वाँ* हो । यस प्रकार ***सिफोत्वां*** ले सदा युक्त रहने हुँदा यी देवी ***सिफो घ:*** नामले प्रचलित रहेको जानिन्छ ।

ङा तोतेगु (९३) [~ न्या त्व:तेगु < ने. न्या + ने. त्वलतेजु]

नवदुर्गागणको मुकुण्डो जलाईसकेपछि, *सिफोघ:*को पार्श्वभागमा रहने कलशभित्रको जल र माछालाई ब्रम्हायणी खोलाको ब्रम्ह-कुण्डमा प्रवाहित गरिन्छ ।

ङापु सिख (४७) [~ न्यापु सिख:]

पञ्चनागको प्रतीक स्वरूप माछा पल्टे जस्तै पल्टिने गोलो सिक्री । नवदुर्गागणले धारण गर्ने यस्तो सिक्री चाँदीले बनेको हुन्छ ।

चक्र हिकेगु (४५) [~ चक्र हिइकेगु]

नरकपालपात्रमा जाँड राखी पालैपालो पिउने वज्रयान (तान्त्रिक बौद्ध धर्म) अन्तर्गतको एक विधान ।

चपलि (५१, ५८) [~ चपाइ < सं. चतुष्कोण पटल]

सत्तल, खुला दलान सहितको लामो पाटी ।

च्याचा गुन्हुया जात्रा (१०३)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८ रात र ९ दिनको जात्रा : *बिस्केट-जात्रा* । चैत्र मसान्तको दिनमा *विश्वनाथ भैरवको* **ध्वजा** (*विश्वकेतु/ वीरध्वजा/ विश्वध्वजा*) सहितको लिङ्गो ठड्याइ वैशाख संक्रान्तिका दिनमा ढाल्ने दुईदिने जात्रा उत्तर प्राचीनकालतिरै लोकप्रिय भइसकेको कुरा प्रकारान्तरले लेलेको शिवदेव + अंशुवर्माको अभिलेखमा परेका *इन्द्रगोष्ठी, ध्वजगोष्ठी, विश्वेश्वर* (विश्वनाथ) आदिका आधारमा चाल पाइन्छ । यसरी विश्वनाथभैरवको ध्वजासहितको लिङ्गो उभ्याउने र ढाल्ने दुईदिने जात्राले अनेक कालखण्डमा अनेक तान्त्रिक विधान एवं उप-जात्रा यस मूल जात्रामा थपिईं दै, सांस्कृतिकरूपले समुन्नत् हुँदै मल्लकालको उत्तरार्द्धसम्मन्मा आईपुग्दा *८ रात र ९ दिन लामो जात्रा* को रूप लिन पुगेको प्रसङ्गमा स्थानीय नेवार-लोकजीवनमा सोही अनुरूप *च्याचा गुन्हुया जात्रा* नाम पनि चलेको ज्ञात हुन्छ ।

चा प्यार्ब (१११) [< ने. चा + सं. उपाख्यान]

रात्रि-नृत्य । रातमा प्रस्तुत गरिने नाच ।

चा पूजा (१११, ११२) [< ने.चा + सं. पूजा]

रात्रिपूजा ।

चा फ्याये पुजा (५१) [< ने.चा + ने.फ्याये + सं.पूजा]

नवदुर्गागणको मुकुण्डो बनाउनको निमित्त चाहिने माटो पन्छाउने पूजा विधान ।

चालं (५९, ६०) [< सं. चालन]

खड्गचालन ; खड्गजात्रा ; विजयादशमी ; शत्रुनाशका लागि पूर्ण तयारीका साथको चलायमान् अवस्था ।

चाकु (६६) [< चाक्क वु, अमरकोश, ने.सं. ५०१, ०६७ क:०२]

उखुको रस वा सखरबाट बनाइएको गुलियो खाद्य पदार्थ ।

चि पालु (६६) [ने.चि < ची, अमरकोश, ने.सं. ५९१, ८५ ख:०१] + ने.पालो, अमरकोश, ने.सं. ५०१, १०क:०५]

नुन अदुवा ।

चिकं (१०६) [< चेकन < सं. चिक्कन]

(तोरीको) तेल ।

चिपं थिकेगु (६६) [< ने.चेपन थिइकेगु] चेप < बाँधिइने वस्तु । ।

अन्नप्राशन । लौकिक जीवनमा नव आगन्तुक नवदुर्गागणले आफ्नो अन्नप्राशन विधानका क्रममा इपाछें आगमका सम्बद्ध राजोपाध्याय नाइकेबाट वर्षको पहिलो दही चिउरा ग्रहण गराइने विधान ।

चौगुथि (६२) [< चवगुथि < सं.चतु: + सं.गोष्ठी]

भक्तपुरको एकथरी नेवार कृषकवर्गले कुल-परम्परादेखि धारण गर्दै आएको वंशानुगत उपपद ।

चन्हे पुजा (३१) [< सं. चतुर्दशी + सं. पूजा]

कृष्णपक्षको चतुर्दशी तिथिमा गरिने एक प्रकारको तान्त्रिक पूजा ।

छ ख: (७९) [~ छक्व:]

एक खेप । नवदुर्गागणले नगरका २१ टोलमा नाच प्रस्तुत गर्न जाने प्रसङ्गमा प्रत्यक पटकलाई *छ ख:* भन्ने चलन छ ।

छपा: झ्या: (३१) [< ने. छि + सं.पत्र + सं. जाल]

परम्परागत एकमुखे कलात्मक झ्याल

छाप्रि (७४) [< छाय्रे ?]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजासामग्री राख्ने भाँडो विशेष । नवदुर्गागणको तामाले बनेको छाप्रिमा चाँदीका ९ वटा सुन्दर आकृति कुँदिएका छन् । नवग्रहको प्रतीक मानिने ती आकृतिमा १.सूर्य २.सोम ३.मङ्गल ४.बुध ५.वृहस्पति ६.शुक्र ७.शनि ८.राहु ९.केतु देखापर्छन् ।

छें (२७)

सामान्यतया *छें* शब्दले *घर* भन्ने बुझिन्छ । त्यसैगरी घर मात्र नभएर अनेक घरहरू मिलेर बसेको टोलबस्ती, इलाका पनि *छें* शब्दले व्यवहृत हुँदै आएको पाइन्छ । खासगरीकन पूर्वमध्यकालतिर र त्यसपछि पनि अनेकपल्ट भएका बाह्य आक्रमण, प्रत्याक्रमणका कारण टोलबस्ती, नगर ग्राम आदि किल्ला वा गढरूपमा परिणत हुँदै गएको ज्ञात हुन आएको परिप्रेक्ष्यमा, जसरी एउटा घरले त्यस घरको व्यक्ति, परिवारलाई अनेक दृष्टिले सुरक्षा प्रदान गरेको हुन्छ, सोही सदृश घरहरूको समूहले पनि *छें* कै मान्यता सुरक्षा-प्रयोजनहेतु पाएको बुझिन्छ । भक्तपुर नगरका *इताछें, इपाछें, पसःछें, चोछें, याछें, तुलाछें, भोलाछें* आदि नामका टोलबस्ती यस कुराको पुष्टिका लागि उदाहरणस्वरूप देखापर्छन् ।

छुयाला [छ्वंयेला] (५७) [ने.छुया + ने.ला]

आगोमा पोलेको मासु ।

छेपु (४१) [~ छेकः]

कीर्तिमुख । तोरणको माथिल्लो भागमा दुवै हातले सर्प समाई निल्न लागिरहेको डरलाग्दो मुखाकृति ।

जगन्नास्वाँ (९४) [< सं. जगन्नाथ + सं. सुमन]

?

जनि (४७) [< ने.जनिखि, अमरकोश, ने.सं.७१८, ६३ खः०१]

कम्मरमा धेरै चक्का पारेर बेर्न पुग्ने लामो कपडा - पटुका । प्रायः बिजोर संख्याको चक्का पारेर पटुका बेर्ने चलन छ ।

जलय् बिज्याइगु (९२, ९३) 'पानीमा सवारी हुने'

जलसमाधि । नवदुवर्गागणको जलप्रवेश-विधान ।

जलाँ प्याखँ (४१) [~ जलप्याखँ]

ललितपुरको हरसिद्धिनाच । गणनाच ।

ज्वल (२७) [< जोर ~ सं.कन्दर (अमरकोश, ने.सं.५०६, ३७ खः०३)]

जङ्गल वा जङ्गलको यस्तो खोंच, जहाँ खोल्सो पनि बगेको हुन्छ । भक्तपुर नगरदेखि पूर्वमा अवस्थित नालागाउँको *नवदुर्गाज्वल* लाई उदाहरणको रूपमा लिन सकिन्छ ।

जव सुन्दरी, खव सुन्दरी (४२)

दायाँपट्टिकी सुन्दरी, बायाँपट्टिकी सुन्दरी । नवदुर्गागणको तान्त्रिक पूजा अनुष्ठानका क्रममा सम्बद्ध चित्रकारद्वारा बनाइएका भैरव, श्वेतभैरव, सिम्ब, दुम्ब आदिका साथै सुन्दर स्त्रीको मुखाकृतिका दायाँ बायाँ भागका भाव-भङ्गिमा एक अर्काको विपरित रूपले झल्कने गरी बनाइएका असामान्य भावका चित्राकृति पनि सम्बद्ध देवस्थलका भित्ता, ढोकाका खापा आदिमा टाँसेर राख्ने चलन रहेको पाइन्छ । उदाहरणका लागि नवदुर्गा देवगृहको पहिलो तलाको दक्षिणाभिमुख ढोकाका दायाँ बायाँ खापामा पूजा अनुष्ठानका अवसरमा टाँसेर राख्ने चित्राकृतिलाई लिन सकिन्छ । त्यसमध्ये दायाँ खापाको चित्राकृतिलाई ***जव सुन्दरी*** र बायाँ खापामा टाँसिएको चित्राकृतिलाई ***खव सुन्दरी*** भनिन्छ ।

जाँ घंगला (४७)

कम्मरपेटी जस्तै कम्मरमा लगाइने ठूलो आकारको नुपूर ।

जिस्वा (९४) [~ जिस्वाँ] < सं.जाति + सं.सुमन] [अमरकोश, ने.सं. ५०६:४५कः०१]

जातिपुष्प ।

जो पटु (६७)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक जोडा दही ।

जंको जा नकेगु (६६) [< ने.जा. नको (या) जा नकेगु ?]

अन्नप्राशन ।

झट्टप्वाः नासः घः (३९, ४२,४४,५४,५५) [द्रष्टव्य : पाटनको झतापोल, थँदे क्वदे सफुल, ने.सं. ८९९, ३क :३]

सुजमाह्रीटोलको झट्टप्वाः नामक स्थानमा रहेको पूर्वाभिमुख नृत्यनाथ । नवदुर्गागणले नृत्यसिद्धि एवं देवत्वसिद्धिका लागि यी नृत्यनाथलाई पूजा अनुष्ठान गर्दै, मान्दै आएका छन् ।

त्व मुकेगु (७२, ७४, ७५, १२४) [~ त्वाः म्हुइकेगु]

टोल परिक्रमा गर्ने ।

त्वाचाय् कुमारी तुलेगु (७२)

सुजमाह्री टोलको *त्वाचा* भन्ने स्थानमा 'ढुसी' उपथरका प्रजापतिहरुको घर/पेटीमा नवदुर्गा गणले *सिफो घः* बिसाई कुमारी नृत्य प्रदर्शित गर्ने एक रोचक विधान । सामान्य ढङ्गबाट गरिने यस विधानमा कामकलाको भाव झल्किन्छ ।

तिकि ह्याः (३०) [< ने. तिकि + सं.जाल]

आँखीझ्याल

तुपलजु (१०५) [< सं.त्रिपुर + ने. जु]

त्रिपुरसुन्दरी ।

तः [बाजा] (१०, ३८, ४०, ४३, ४५, ६३)

खिं बाजा र *काँयू* बाजाको तालमा ताल मिलाएर साथ दिने एक सहायक बाजा (ढलौट काँसको धातुले बनेको) *तः* बाजा हो । यो बाजा दुवै हातले बजाइन्छ ।

तःसि (६३, ६५, ६७) [< तवसि 'ठूलो फल ?']

बिमिरा ; मानपूर्वक प्रदान गरिने पवित्र फल ।

तःसि ल ल्हाय्गु (४९, ६३, ६५) [~ तवसि लवल्हाय्गु]

फलप्रसाद *बिमिरा* प्रदान गर्ने ।

। तल्लो भाग ; तल्लो टोल ।

तःसि हाकुतिनेगु (७२)

नेवार साँस्कृतिक जीवनमा मानपूर्वक प्रदान गरिने, पवित्र मानिने एउटा फल *तःसि* को नेपाली नाम 'बिमिरा' हो । धान राख्नको निमित्त *पिचा* नामक निगालोले बनेको भाँडोलाई *वापिचा* भनिन्छ । सो *वापिचा*मा धान भरेर त्यसमाथि *तःसि* राखिन्छ । नवदुर्गा गणले सो *तःसि* फल श्रद्धालु भीडतर्फ लक्षित गरी आकासतर्फ फ्याँक्ने विधान *तःसि हाकुतिनेगु* नामले लोकप्रिय छ ।

उक्त प्रसङ्गमा *तःसि* पाउन भीडमा लुछाचुँडि चल्छ, जस्ले पाउन सक्छ उसले छोरो नै पाउँछ भन्ने जन-विश्वास पनि चलेको छ । यस विधानमा लोक सम्मानको उत्कृष्ट सांस्कृतिक भाव एवं व्यवहार दृष्टिगत हुन्छ । त्यस्तै यस रोचक विधानले यहाँनिर मत्स्येन्द्रनाथको रथबाट श्रद्धालु भीडका माझमा फल प्रसादको रुपमा जटा-नरिवल फ्याँक्ने *नंक्याले लुइगु* नामक रोचक परम्परालाई पनि स्मरण गराँउछ ।

थनेया न्हय्सः त्व (९१, १०३) [~ थःनेया न्हय्सः त्वाः]

शहरको माथिल्लो भागमा रहेका सातवटा तैल्यशाला भएका टोल ।

थ्यासफू (२४) [< ने. थ्या + ने.सफुल]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरिताल लगाई शङ्खले घोटेर चिल्लो पारी, पत्र-पत्र सजिलैसित पट्याउन हुने गरी काँवो मड्याइएको कागज (*म: भ्वं*) मा लेखिएको पुस्तक ।

था न्ह्याकेगु (६४) [~ थन्ह्याकेगु]

माथिल्लो भागदेखि प्रदक्षिणा गर्ने । विजयादशमीको रातमा तलेजुभवानीको प्रतिरूप पायोसहितको जुलुसले भक्तपुर राजदरबारको मूल प्रवेशद्वार स्वर्णद्वारलाई केन्द्र मानी त्यसबखतको चन्द्रमाको गतिका आधारमा चन्द्रमालाई दायाँ पारेर माथिल्लो शहर वा तल्लो शहरमा प्रदक्षिण गर्ने चलन अनुसार माथिल्लो शहरमा प्रदक्षिण हुने निश्चित भएमा ***था न्ह्याकेगु*** भनिन्छ ।

थातेगु (३८) [< ने.थत + ने. तय्गु]

रीतपूर्वक समूह/विशिष्ट उपसमूह भित्र्याउने कर्म ।

थाथु (११३) [< ने. थ + ने. थु]

माथिल्लो शहर ।

थासा (५८) [ने.]

कुनै खास वस्तुको आकार ढाल्न प्रयोग हुने *साँचो* वा मूल ढाँचा । जस्तै नवदुर्गागणको मुकुण्डो बनाउने साँचोलाई ***थासा*** भनिन्छ ।

थंथु (६४) [ने.थं + ने.थु]

माथिल्लो । तत्कालीन स्वतन्त्र राज्य भक्तपुरका राजा जितामित्र मल्लले ने.सं.७९८ (वि.सं.१७३५) मा बनाउन लगाएको राजकुलको नाम - ***थंथु राजकुल*** ।

थ:ने (३७, ६३, ६४) [< ने. थवने]

मूलनगरबस्तीको माथिल्लो इलाका वा भाग ।

दथु लाय्कू (६४, ६८) [ने.दथु + सं. राजकुल]

राजदरबारको मध्यभाग । खासगरी, पूर्व पश्चिम लाम्चो परेर विस्तारित हुन पुगेको भक्तपुर राजदरबारका अनेक भाग पनि समग्रमा तीन भागमा विभक्त रहेको जानिन्छ । सोही अनुरूप पश्चिमतर्फको भाग *कुथु लाय्कू* पूर्वतर्फको भाग *थाथु लाय्कू* र त्यसैगरी मध्यभाग ***दथु लाय्कू*** नामले व्यवहृत हुँदै आएको जानिन्छ ।

दथुया न्हय्स त्व (९१) [~ दथुया न्हय्स: त्वा:]

शहरको मध्यभागमा रहेका सातवटा तैल्यशाला भएका टोल ।

दबू (१०१, १११, १२३) [< ने.दबुर ?]

डबलि ।

दाफा (१०४) [< प्रा. डफ्फा ?]

नेवार सांस्कृतिक जीवनमा अनेक प्रकारले भजन कीर्तन गर्ने आफ्नै विशिष्ट मौलिक परम्परा विशेषगरी मध्यकालदेखि व्यापक रूपले प्रचलनमा आएको जानिन्छ । भक्तपुरको प्रसङ्गमा त्यसरी पूर्वकालदेखि चलेर आएका अनेक भजनहरूमध्ये - ***दाफा, धल्चा, रासभजन*** आदि उदाहरणस्वरूप छन् । अन्य भजनका तुलनामा ***दाफा भजन*** का गीत गाउन र बाजा बजाउन सरल मानिन्छ । किनकी अन्य भजनमा जस्तै दाफा भजनमा *द्य: ल्हाय* (मङ्गलाचरणल) गर्ने, राग अनुसारको अलाप लिने, भजनियाहरूको निश्चित संख्याको उपस्थिति अनिवार्य नहुने आदि कारणले र शुरुवात्मै गाउन मिल्ने भएको हुँदा यसलाई सरल मानिएको ज्ञात हुन्छ । यसो हुँदा अन्य भजनका तुलनामा दाफा भजनहरूको संख्या पनि अधिक रहेको देखिन आएको परिप्रेक्ष्यमा संगठित रूपले अनेक नामका दाफा गुठीहरू पनि सरल रूपमै विकसित हुन पुगेको दृष्टिगत हुन्छ । दाफा भजनमा - ***लालाखिं, पछिमा, त:*** नामका बाजा प्रमुख मानिन्छन् ।

दिं छु वानेगु (७४) [~ दिन छुवानेगु]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन निश्चित गर्न जाने ।

दिसि चहे (४९) [< सं.दशमी + सं.चतुर्दशी]

पौष कृष्णपक्ष चतुर्दशी तिथि ।

दुगुह्य [ल्यः] (६३) [ने.दुगु + ने.ह्यः/ल्यः]

भक्तपुर तलेजुमा वर्षभरिको बलिपूजाका लागि चाहिने बोका चोखो, शुद्ध छ-छैन, खुट्टयाउने रकमी ।

दुथु (११३) [< ने. दु + ने. थु]

मध्यभाग ।

दुम्ब (१०, ४१, ४२, ४३, ४७, ५४, ७४, ७७, ७९, ८१, ८०, ७८, १२५) [~ दुम्बाः < दुंभार (ने.सं.७९३) < धुँ भट्टारक ?]

बघिनी सदृश व्याघ्र-मुखाकृति मुकुण्डो धारण गर्ने तथा पहिलो चरणको *डा लाकेगु* नामको विधान प्रस्तुत गर्ने नवदुर्गागणका एक रक्षक सदस्य ।

दुमाजु (१२९) [~ डुइँमाजु < डोयनियमाम् ?]

भक्तपुर राजदरबारमा इष्टदेवता/स्वेष्टदेवताका रूपमा राजादेखि सर्वसाधारणसम्मले पनि मान्दै पुज्दै आएका उच्चतम तान्त्रिक स्वरूपका देवीहरूमा *मानेश्वरी* ***दुमाजु*** र *तलेजु* तान्त्रिक दृष्टिमा कमशः *सरस्वती, लक्ष्मी* र *काली* सदृश देखापर्छन् । *मानेश्वरी* र *तलेजु* मूलचोकको दक्षिणपट्टिको आगम-मन्दिरमा स्थापित छन् भने मूलचोकको उत्तर-पश्चिममा रहेको पोखरीसहितको चोकमा स्थापित अनाकृत प्रस्तर चाहिँ ***दुमाजु*** नामले प्रसिद्ध रहेको कारणले चोकको नाम पनि ***दुमाजु चुक*** रहेको छ । गोपालराज वंशावलीमा **युथुनिमम् डोयिनीमाम नाम देवी** उल्लेख हुन आएको प्रसङ्गले अहिलेको दुमाजुपीठ स्थापित भक्तपुर राजदरबार पूर्व मध्यकालमा *युथुनिमम्* नामले प्रसिद्ध रहेको कुराको पनि पुष्टि मिल्छ । ***डोयहरू***ले मान्ने इष्टदेवता हुँदा ***दुमाजु*** प्रचलित रहेको मत धनवज्र वज्राचार्य लगायतका एकथरी इतिहासकारहरूको रहेको छ ।

दुरूपोद्यः (१०१) [< सं.दुग्ध + सं.पिण्ड + सं.देव]

धुमावती, भक्तपुर । दशमहाविद्यामध्येकी एक देवी ।

दे चा मुकेगु (७०, १२४) [< सं. देश + ने.चा. म्हुइकेगु]

देश परिक्रमा गर्ने ; नगर परिक्रमा गर्ने ।

देखा (३९) [< सं. दीक्षा]

दीक्षा मन्त्र दीक्षा ।

देस [देय्] (१९)

देश/नगर-बस्ती । प्राचीनकालदेखि नै नेपालमण्डल, नेपाल-उपत्यका र आसपासका बस्तीहरूमा व्यवस्थित एवं समृद्धरूपको नगर-सभ्यता र संस्कृतिलाई विकसित गरी बसोबास गर्दै आएका नेवारहरूमा, अहिले आएर आ-आफ्ना बस्तीका भौतिक, राजनैतिक स्वरूपमा जे जस्तोसुकै अन्तर आइसकेको भएता पनि ***देस/देय्*** नामले अभिव्यक्त गर्ने नागरीय जीवनशैली र स्वभावका परम्परागत चलन चाहिँ अझै पनि जीवन्तरूपले बाँचिरहेको आभास हुन्छ ।

दृष्टि खेलेगु (६३) [~ दृष्टि ख्यलेगु ?]

दिव्य-दृष्टि प्रदान गर्नु ।

धरःपौ (११३) [< धलक + सं. पत्र]

लगत ।

धिं ...ताल्ल !!! (४३, १०९)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धन्वास्वाँ (९४) [< सं. दमन + ने.छा- + सं. सुमन]

दमनपुष्प ।

धौ बजि (४२, ८५)

दही चिउरा ।

तातो रगत चुँई-चुँई पिउनु, जीवको जिउँदै बलि-ग्रहण ।

धौबजि वालेगु (८५) [~ दही + ने. बजि + ने. बालेगु]

दही चिउरा मुछ्ने । नवदुर्गागणले सर्वसाधारणबाट *मू बाहाँ* (सुंगुर) सहितको पूजामान ग्रहण गरीसकेपछि सोही अनुरूप दही चिउराको प्रसाद श्रद्धालु भक्तजनहरूमा बाँडनु पनि उत्तिकै अनिवार्य हुन्छ । यसरी दही चिउरा प्रसाद दिने क्रममा सर्वप्रथम कालभैरवले आफनो दाहिने हातको नङ्ग्राले पन्छाइएको सुंगुरको कोखा कोट्याई प्वाल पारी, हात भित्र घुसारी, सो जीवको मुटु बाहिर निकाली, *सिफोद्यः*लाई चढाउंछन् र त्यसपछि सो सुंगुरको रगतले लतपतिएको हातले दही चिउरा मुछ्दछन् । सोही विधान *धौबजि वालेगु* नामले लोकप्रिय छ । त्यसरी मुछेको दही चिउरा प्रसाद सबै जात र वर्गका भक्तजनहरूले श्रद्धापूर्वक ग्रहण गरेका हुन्छन् ।

न्यतभलु गजिमा [~ न्यतः मदु अजिमा] ?

भद्रकाली ?

न्या नं (६३) [ने.न्या + ने.लँ]

फलामे पोशाक ।

न्हय् गां (१२४) [< ने. न्हय् + सं.ग्राम]

सातग्राम प्रदेश, - १.सांगा २.नाला ३.बनेपा ४.पनौती ५.धुलिखेल ६.चौकोट ७.श्रीखण्डपुर (खडपु) ।

न्हय्सः त्व (९१) [< ने. न्हय् + सं. शत + सं. तल]

सातवटा तैल्यशाला भएका टोल ।

न्हय्सः त्वः चाहिकेगु (९१) [< ने. न्हय् + सं. तल + ने. चाहिकेगु]

७ × ३=२१ वटा तैल्यशाला (*चिकं सः*) भएका मुख्य टोल परिक्रमा गर्ने ; नवदुर्गागणको अन्तिम नगर वा देश - परिक्रमा । सामान्यतया नेवारी शब्द *न्हय्सः त्व* ले सातवटा तैल्यशाला भएका टोल भन्ने कुरा जनाएको जानिन्छ । भक्तपुरको परम्परागत मूलनगरबस्ती तीनभागमा विभक्त रहेको थियो भन्ने कुरा प्रत्येक भाग वा इलाकामा सातवटा तैःल्यशाला रहेको (**यनेया न्हय्सःत्वः, दथुया न्हय्सः त्वः क्वनेया न्हय्सः त्व**) प्रसङ्गले पनि पुष्टि गरेको पाइन्छ । नवदुर्गागणले आफनो नाच प्रदर्शन गर्ने टोलसंख्या अहिलेसम्म ***२१*** नै रहेको तथ्यले पनि उक्त कुराको थप पुष्टि गर्दछ । यस प्रकार यसै परिप्रेक्ष्यमा नवदुर्गागणले भलभल अष्टमीका दिनमा नगरका परम्परागत २१ टोलको मूल आदर्श अवधारणा अनुरूप ***देश परिक्रमा*** गरी नगरबासीलाई अन्तिम बिदाई-दर्शन दिने चलनलाई ***न्हय्सः त्वः चाहिकेगु*** भनिन्छ ।

नकीं (३५, ९०, १०८, १२३) [< सं. नायक + नी]

समूह वा परिवार वा गणनाचको नेतृत्व लिने मूल स्त्रीपात्र - *नायिका*।

नलास्वाँ (९४) [< सं. नवरात्र + सं. सुमन]

जमरा ।

नवदुर्गा छेँ (४०, ८८)

*इपाछेँ आगम*को पूर्वपट्टि, *पसलछेँ आगम*परिसरको एक घर । केही वर्ष अघिमात्र साढै नै जीर्णावस्थामा पुगेको सो घर (चित्र संख्या ४,क) अहिले पुरै भत्किएर पाताल भइसकेको छ । प्रचलित लोककथन अनुसार - *नवदुर्गागणलाई आरम्भमा सोही घरमा अति गुह्य गरी पूजा अनुष्ठान गरी राखिएको थियो । यसो हुँदा सो घर* ***नवदुर्गा छेँ*** *को रूपमा प्रसिद्ध छ ।*

नवदुर्गा प्याखँ (२४, १२३)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवदुर्गानाच । मल्लकालको सांस्कृतिक जीवनमा स्थान-नाम विशेषताको आधारमा चलेको *इकुं प्याखँ* नाम अहिले ओझेलमा परिसकेको छ । अनि त्यसको स्थानमा नाचको मूल कथानक विशेषताका आधारमा *नवदुर्गा प्याखँ* बढ्ता प्रचारमा आएको जानिन्छ ।

नासः द्यः (४२, ३०, ३८, ३९, ४४, ५४, ५५, १२६, ४९) [< सं. नाट्येश्वर + सं. देव]

गीत, वाद्य र नृत्य (संगीत) का देवता - *नृत्यनाथ* सनटराज

नायः (३७, ४२, ४५, ४९, ६५, ६७, १२३, ४६, १०६) [< सं. नायक]

समूह वा परिवार वा गणनाचको प्रमुख व्यक्ति - *नाइके*।

नाय् (३९, ४०, ६३, ९३) [< सं. नाय] ?

खड्गी, कसाई ।

नायखिं च्वेकेगु (४०, ४६, १०७) [~ नाय्खिँ च्वय्केगु]

सार्वजनिक सूचना प्रवाह गर्ने परम्परागत तरिका स भ्यालि पिट्नु ।

नायखिं बाजा (३९, ४०, ६५, ६६, ११८) [~नाय्खिँ बाजं]

अगुवाई गर्ने बाजा ।

नासः प्वाः (३०, ३१) [< सं. नाट्येश्वर + सं. प्वाल]

प्रायःजसो नेवारीशैलीका देवस्थल, दरबार, सत्तल, पाटी एवं सर्वसाधारण आदिका घरका भित्ता, पर्खाल आदिमा झण्डै खड्गको शीर्षभाग-आकारको झैं देखापर्ने, वायु प्रवाहित हुने, एक किसिमको प्वाल । नृत्यनाथ (*नासः द्यः*) का अनेक रूपमध्ये एउटा रूप *वायु* पनि मान्य रहेको जानिन्छ । यताबाट यस्ता प्वाल वायुरूपी नृत्यनाथका प्रतीकका रूपमा राख्ने चलन रहेको दृष्टिगत हुन्छ ।

नुग प्रसाद (११२) [~ नुगः प्रसाद < लुँग्वड प्रसाद, अमरकोश, ने.सं. ५०१:५५ खः०६]

मू बाहां (सुंगुर) को मुटु प्रसाद ।

प्वाकचा द्यः (७५) [ने.प्वाक + ने.चा + सं. देव]

भक्तपुर नगरका *तुलाछें, चोछें- खिछें गल्ली* र *तुछिमला* नामका चारवटै टोल-इलाका प्रस्थान गर्ने मार्गका संगमस्थलमा रहेको एक देवता उक्त नामले लोकप्रिय छ ।

प्याखँ (३३, ६७, ८६) [< सं. उपाख्यान ?]

नाच ।

पञ्जरां चन्हे (४९) [< सं. पञ्चदान + सं. चतुर्दशी]

भाद्रकृष्ण पक्ष चतुर्दशी । पाँच प्रकारका नयाँ अन्न, गेडागुडी एवं तरकारी दान गर्ने दिन ।

पलिसा छें (२६) [~ने.पलि]

*पलिसा*को अर्थ सट्टाभर्ना दिनु हो । भक्तपुर राजदरबारको दक्षिणपट्टि राजोपाध्याय ब्राम्हणहरूको परम्परागत बासस्थान ***पलिसा छें*** नामले प्रसिद्ध छ । राजोपाध्यायहरूमा प्रचलित रहँदै आएको परम्परागत धारणा अनुसार -*अहिलेको भक्तपुर राजदरबारको पश्चिमपट्टिको भागमा राजोपाध्यायहरूको मूल बासस्थान थियो, सो भागमा तत्कालीन राजाले बसन्तपुर नामको दरबार बनाउने हेतु त्यहाँ बसोबास गर्दै आएका राजोपाध्यायहरूलाई उठाई त्यसको सट्टाभर्नाका रूपमा अहिलेको* ***पलिसा छें*** *नामक क्षेत्रमा सारिएको हुँदा सोही कारण* ***पलिसा छें*** *नाम त्यसबेलादेखि प्रचलित रहँदै आएको हो ।*

पलेफो (३०) [< ~पलेफ्वः सं. पद्म + ने.फ्वः (< सं. फुल)]

कमल-फूलको आकृति ।

पलेस्वाँ (९४) [< सं. पद्म + सं. सुमन]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कमल ।

पस:छें (२६) [< सं. पण्यशाला + ने.छें ?]

भक्तपुर राजदरबारको दक्षिणपट्टि *राजोपाध्याय* ब्राम्हणहरूले परम्परागतरूपमा बसोबास गर्दै आएको एउटा ठाउँ **स्वाँमलागल्ली** पनि हो । सोही गल्लीको मध्यभागमा आगमचोकसहितको दक्षिणाभिमुख एक घर ***पस:छें*** नामले प्रख्यात छ । *गोपालराजवंशावली*को ४३ र ६१ पत्रहरूमा *पशलछें* र *पसलछें* क्रमश: उल्लेख भएको छ । *पसलछें*कै अहिलेको प्रचलित रूप ***पस:छें*** हो ।

पसि अजिमा (१०५)

कुमारी ।

पायो जात्रा (६१, ६३, ५८, ६७, ६८, ६९, ७०, ७२) [~ पाया: < पा यात)]

असुरहरू उपर विजयप्राप्तिको प्रतीक स्वरूप विजया दशमीको रातमा नवदुर्गागणसहित तलेजु भवानीको दलबलसहितको प्रतिरूप पायोको नगर-परिक्रमा (देश-परिक्रमा) जात्रा ।

पासूका (४८, ५४, ८३) [< सं. पञ्चसूत्रिका]

पञ्चसूत्र धागो ।**पायो** (६०, ६१, ६२, ६३, ६८, ७०, ७३) [< ~पाया: < पा यात 'खड्ग जात्रा']

पूरै दलबलसहितको तलेजुभवानीको प्रतीक प्रतिरूप । [पाउजु ?]

पा फय्केगु (६४, ९२) ~ [पा: फय्केगु] < सं.पाप + ने.फय्केगु]

धर्म-भाका गर्ने ; प्रतिज्ञा गर्ने ।

पायो द्य: (६१) [< ने. पायात + सं. देव]

शस्त्र-अस्त्रसहितको तलेजुभवानीको प्रतिरूप - ***देव प्रतिमा*** ।

पालि (७७) [~ पालि 'आगो ताप्ने ठाउँ विशेष' पन्ना प्र. बैद्य २०२१: १६१]

विश्रामस्थल ।

पासूका झ्या: (३१) [< सं. पञ्चसूत्रिका + ने. झ्याल]

पञ्चसूत्र (*पासूका*) को प्रतीक झ्याल ।

पात्र हिकेगु (४५, ६६) [सं.पात्र + ने.हिइकेगु]

नरकपालपात्रमा जाँड राखी पालैपालो पिउने विधान ।

पिथु (८२) [< ने.पि.+ ने.थु < संस्थान ?]

भवन, चोक, आगम आदि स्थानको बाहिरपट्टिको एक विशेष भाग ।

प्व: स: (४३) [~ पोस् < ?]

प्वंगा बाजा (५४)

मुखले फुकेर बजाइने एक प्रकारको बाजा - लाम्चो *तुरही*। काहाल बाजा विशेष ।

प्वा: स्याकेगु (८४) [< प्वात, अमरकोश, ने.सं. ५०६:६३क:०२ < सं. पेट ?]

पेट दुखेको अभिनय गर्ने । श्वेतभैरवले *ङा लाकेगु* नामक विधान सम्पन्न गरिसकेपछि देखाइने अर्को रोचक विधानमा उनलाई *पेट दुख्न थाल्छ* वा सो अभिनय-प्रकरण आरम्भ हुन्छ । यही प्रकरण ***प्वा: स्याकेगु*** नामले जनजीवनमा प्रसिद्ध रहँदै आएको छ ।

पिखालखु (६०) [ने.पि + ने.खा + ने. लखु]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संघार ; मूलढोका वा चोकबाहिरको जलाशयको प्रतीक कुमार देवताको पाषाण-चिन्ह ।

पुं (४५, ६५, ९३) [< ने.पुन, घरः पौ, ने.सं.७९३, ३९३ ख:०२]

चित्रकार ।

पुलु (७९, ८३) [< पुलु, अमरकोश, ने.स. ७१८: ८५क. ०१] < ने. पँलु ?

मान्द्रो । भावप्रधान नवदुगानाचमा *दुम्ब* र *श्वेतभैरव* ले मान्छेरूपी माछा समात्न जालोरूपी मान्द्रो मान्छेरूपी माछाको भीडतर्फ लक्ष गरी फाल्छन् । *नवदुर्गागण* लगायतका तन्त्रप्रधान नेवार धर्म संस्कृतिमा मान्द्रो ***भैरव*** सदृश नै देखापर्ने कुरा मानिस मर्दा मान्द्रोमा बेह्रेर शवयात्रा लैजाने, टौमढीटोलको भैरवनाथको मन्दिरको भित्तामा झुण्ड्याइएको मसानभैरवको चित्र पनि मान्द्रोमै लेखेर राख्ने चलन आदिका आधारमा पनि जानिन्छ ।

पौभाः (१३३) [< पतिभार < पति भट्टार < सं. भट्टारक]

कँपडामा लेखिएको विभिन्न देवदेवी र अविस्मरणीय घटनाक्रमका चित्रपट ।

फल्चा (७५, ८०, ११०) [< फले + ने.चा, अमरकोश, ने.सं. ५०१:७७क :०५] < सं.फलक ?

पाटी ।

फाच्चा वाहन लिकेगु (११२)

नवदुर्गागणले सुंगुर लखेट्ने, समात्ने ।

बाहाँ (४२, ८६) [< सं. वाहन]

देवदेवीलाई समर्पित गरिएको वा चढाइएको जीव ।

बेतालि (४५) [< बेंटर, अमरकोश, ने.सं.५०६, १४९ क:०३ < सं. वेष्टन]

पगरी । नवदुर्गागणमा बाजागणले शिरमा लाउने पञ्चसूत्र धागोले बनेको गोलाकार शिरपोश (पगरी) ।

बाजु (४७, ५५) [< हि. बाजु]

पाखुरामा लाउने एक आभूषण ।

बौःकुण्डा (६३) [~बौकुण्ड < सं. बलिकुण्ड]

तान्त्रिक पूजाका निमित्त प्रयोग गरिने एक सामग्री-विशेष ; मूल देवदेवीका तान्त्रिक पूजा प्रयोजनका लागि अग्रभागमा रहने ***बलिपात्र***।

बाता अजिमा (१०५)

माहेश्वरी ।

बासा लाय्गु (११२)

नवदुर्गागणको सवारी चलाउन बाटोमा बिछ्याइने कपडा ।

बाहां प्वः सः काय्गु (४२) [~ बाहां पोस् काय्गु]

समर्पित जीव (कुखुरा, राँगो आदि) को जिउँदै भोगबलि ग्रहण गरी रगत पिउनु ।

बाह्रा तय्गु (६६) [< ने.बार्घव, पारसीप्रकाश, ने.सं.८२० : ३ ख:०२]

नेवार कन्याहरूलाई गरिने *सूर्य-विवाह विधान* गुफा राख्ने ।

बुलबुलहिटी (१०१)

भक्तपुर, टिबुक्छें-सुकुलढोकास्थित पूर्वाभिमुख एक ढुङ्गेधारा । भक्तपुरको सांस्कृतिक जीवनमा महत्व पाएका पूर्वाभिमुख ९ वटा ढुङ्गेधारामध्ये यो पनि एउटा हो । जनै पूर्णिमाको दिनमा ९ प्रकारका वस्त्र धारण गरी, ९ प्रकारका भोजन/गेडागुडी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रहण गरी ९ वटा पूर्वाभिमुख दुङ्गेधारामा गई तीर्थस्थान गरेमा भौतिक देहको सुरक्षा अनेक प्रकारबाट हुने र पुण्यप्राप्ति हुने जनविश्वास प्रचलित रहेको पाइन्छ ।

बिकुं (३१) [< ने.बिकुन]

परम्परागत शैलीका चोक, पोखरी, दुङ्गेधारा, कुवा आदिमा जम्मा भएको पानी बाहिर प्रवाहित गर्ने र बढेको पानीको सतह मिलाउन राखिएको दुङ्गे-निकास । जनजीवनमा यस्ता *बिकुं* लाई क्षेत्रपालकै रूपमा मानी पूजा गर्ने चलन पनि छ ।

बिसिक (१०३) [< सं.विषुवकेतु, अमरकोश, ने.सं.५०१, ८ख:०२]

विस्केट-जात्राको वर्तमानमा प्रचलित नेवारी शब्द ***बिस्का*** को एक पूर्व रूप ।

बिसक जात्रा (१०३)

विस्केट-जात्रा । वर्तमानमा प्रचलित नेवारी शब्द ***बिस्क:जात्रा*** को एक पूर्व रूप । ने.सं.६४१ (वि.सं.१५७८) को भूमिसम्बन्धी एउटा तमसूक-ताडपत्रमा ***बिसक जात्रा*** को उल्लेख परेको छ ।

बिस्क्यात (१०३)

विस्केट-जात्रा । भक्तपुर राजदरबारस्थित ने.सं.८०८ (वि.सं.१७४५) र ने.सं.८१८ (वि.सं.१७५५) का अभिलेखमा ***बिस्क्यात*** उल्लेख भएका छन् ।

बिस्का: [*बिस्क:*] (१०३)

विस्केट-जात्रा । भक्तपुरका उच्चतम देवता विश्वनाथ भैरवको (आकासभैरव) - रथ तान्ने, लिङ्गो उभ्याउने र ढाल्ने, भैरव + भद्रकालीको रथ जुधाउने जात्रा ।

बिलंपति (३१) [< ने. बिलं~बिला + सं. पत्र]

कलात्मक टुंडाल

बी हि त्वंकेगु (४०, ५५, ६७) [< ने.बित + ने.हि ?]

महाष्टमीको कालरात्रिमा चढाइने असंख्य भोगबलि दिंदा थापिएको रगत तथा *ख:मेयू* नामक राँगोको जम्मा पारी राखिएको पुरानो रगत नवदुर्गागणले पिउने तान्त्रिक विधान ।

बी हि (६७, ५४) [< ने. बित + ने.हि] ?

पुरानो रगत ।

बेंक: नं (४७) [< ने.बेक्व + ने.लँ]

चौडाइतिरबाट सिलाइएको वस्त्र ।

भ्वय् लप्ते (१००) [< सं. भोज + ने.ला + सं. पत्र]

भोज खान प्रयोग गरिने सालको पात ।

भगस्थी (४९, ९१, १२७) [< सं. भलभल अष्टमी ?]

भलभल अष्टमी ।

भाषा ल्हाय्गु (१२३) 'भाषा बोल्नु' ।

सम्वाद-प्रस्तुतीकरण ।

भिन्च:हिटी (१०१) [< सं.भीमसेन देव +ने.हिति]

जनजीवनमा सांस्कृतिक महत्व पाउँदै आएका भक्तपुरका पूर्वाभिमुख ९ वटा दुङ्गेधारामध्ये एउटा यो पनि हो । शहरको माथिल्लो भागको तचपालटोलस्थित भीमसेन-मन्दिरको ठीक पार्श्व-स्थानमा रहेको यो दुङ्गेधारा *भीमसेन*को नेवारी नाम *भिन्च:* बाट रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भेलु तं चाइगु (८९, ९१) [< सं. भैरव + ने. तं < सं.तमस् + ने.चाइगु]

महाकाली रिसाउने । नवदुर्गागणले तलेजु-मूलचोकमा कालो तिल मिसाइएको भात-भोजन ग्रहण गरी मन्त्रशक्ति गुमाएर आफनो देवगृह फर्केपछि गणका अन्य सदस्यहरूले महाकालीलाई जिस्क्याउन थाल्छन् । सोही कारण महाकाली अत्यन्त क्रोधित भई आफनो सामुन्नेमा जो कोही पर्न आएता पनि सिध्याइहाल्ने नियतले गुमेको मन्त्रशक्ति पुनः लिएर आउने अठोट गर्दै देवगृहबाट हान्निएर बाहिर निस्कन्छिन् । यसरी महाकालीले रौद्ररूप धारण गरी रिसाउने सो डरलाग्दो प्रकरण *भेलु तं चाइगु* नामले लोकप्रिय छ ।

भैरवलाई नेवारीमा *भैलः* भनिन्छ । *भैलः* कै स्त्रीरूप वा शक्ति *भेलु* (भैरवी/महाकाली) सोही अनुरूप प्रचलित रहेको कुरा नवदुर्गागणमा रौद्ररूप धारण गरेकी महाकालीलाई *भेलु* भनिने माथि उल्लेखित प्रसङ्गले पनि पुष्टि गर्छ ।

भेलुख्यः नासः (१२६) [< सं. भैरव + प्रा.ख्यड + सं. नाट्येश्वर]

भक्तपुर, भलुख्यःटोलका नृत्यनाथ ।

भैलः (९०) [< सं. भैरव]

भैरव ।**भैल कोंचा** (४८, ५१) [< सं.भैरव + ने.कों + ने.चा]

भैरवको प्रतीक मानिने माटोको सानो घ्याम्पो । नवदुर्गागणका परिप्रेक्षमा यस्तो घ्याम्पोमा टीकाले ठूलो चन्द्राकार बनाइएको हुन्छ, त्यसभित्र जाँडले पनि भरिएको हुन्छ । यस सन्दर्भमा विचारणीय कुरो के छ भने वाममार्गी तान्त्रिकहरूले पञ्चमकारको प्रयोग गर्दा जाँडलाई *पुरुषभाव* (शिव) र रक्सीलाई *स्त्रीभाव* (शक्ति) को रूपमा मान्दै आएको ज्ञात हुन आएको परिप्रेक्षमा *भैलकोंचा* र यसभित्रको जाँडलाई भैरवको बाह्याभ्यन्तर रूपमा लिन सकिन्छ ।

भैलः खः झ्याः (३०, ३१) [< सं. भैरव खट + ने.झ्याल]

भैरवनाथको रथ कुँदिएको झ्याल । नवदुर्गा देवगृहको पहिलो तल्लाको उत्तरपट्टि भैरवनाथको रथअङ्कित एक सुन्दर र कलात्मक झ्याल (चित्र संख्या ७) *भैलखः झ्याः* नामले प्रसिद्ध छ ।

भैलचा गन्धः (४६) [< सं.भैरव + ने.चा + सं.गणेश देव]

भैरव र गणेशको संयुक्त रूपका देवता । भक्तपुर नगरको कोलाछें नामको गल्लीबाट *दुबसि बहा* जाने कुनामा गणेशका साथमा भैरव पनि सँगै रहेको हुँदा जनजीवनमा उक्त नाम प्रचलित रहेको जानिन्छ ।

भोति अजिमा (१०५)

महालक्ष्मी ।

म्वा हि (६७) [~ म्वाः हि]

तातो वा आलो रगत ।

म्वाहालि बाजा (५४)

तुरही/सनाई ।

स्यावजी

म्ह पुजा (२३)

आत्मपूजा वा *स्वदेह पूजा*लाई भनिन्छ । कार्तिक शुक्ल प्रतिपदाका दिन हिन्दू एवं बौद्ध नेवारहरूले समभावरूपले मनाउँदै आएको यस पूजालाई जीवितदेवता *नवदुर्गागण*ले पनि मनाउँदै आएका छन् ।

मगघोवा (१०७) ?

नालाप्रदेशका नेवार जातिका एक थर ।

मटु (४७, ११५) [< सं. मुकुट]

मुकुट ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मसानताङि (१०५)

महाकाली ।

मसां अजिमा (१०५) [< सं.श्मसान + सं. आर्य माँ]

मसानमा बस्ने देवी महाकाली ।

महाद्य:स्वाँ (९४) [< सं. महादेव + सं. सुमन]

धतुर पुष्प ।

माताति चङे (४९) [< सं.मातृतिथि + सं.चतुर्दशी]

मातृ औंसी, वैशाख कृष्णपक्ष अमावस्या ।

मिखा कांकेगु (५९) [< ने. मिखा+ने. कंकेगु]

दिव्य-दृष्टि प्रदान गर्नु । सम्बद्ध चित्रकारले नवदुर्गागणका मुकुण्डोहरू बनाइसकेपछि अन्तमा विधिपूर्वक ती मुकुण्डोहरूमा दृष्टि प्रदान गर्ने कर्म वा विधानलाई भनिन्छ ।

मि बाय् मू बाहाँ लिकेगु (७६)

मेथीबारीमा नवदुर्गागणले सुंगुर लखेट्ने, समात्ने रोचक विधान ।

मू बाहाँ (४२, ६६, ६७, ८५, ११२) [< सं. मूलवाहन]

नवदुर्गागणले भोगबलि ग्रहण गर्ने मुख्य जीव - सुंगुर ।

मू बाजु (४७, १०८) [< सं.मूल + हि.बाजु]

हातमा लगाइने विभिन्न आभूषणमध्येको मुख्य आभूषण । यस्तो आभूषण नवदुर्गागणले आफ्ना नाडिमा धारण गर्छन् ।

मू (४२) [< सं. मूल]

मूल, मुख्य ।

मूस्वाँ (९४) [< सं. मूल + सं. सुमन]

बासन्ति पुष्प ।

मू बाहाँ लिकेगु (७६, ११२)

नवदुर्गागणले सुंगुर लखेट्ने, समात्ने ।

मूतिध्वँ (१२६) [< सं. मूल + ने.ति. + ने.ध्वँ]

जाँड पार्दा पहिलो खेपमा निस्कने मोतिजस्तै सेतो, मीठो रस ।

मूतिकाली (१२६) [< सं.मूल + ने.ति. + सं. काली]

भक्तपुर, भेलुख्य:टोलको नृत्यनाथसँगैको मूर्ति । मीठो र मोतिजस्तै सेतो जाँड पार्नका लागि मूतिकालीको पूजा उपासना गर्ने चलन छ ।

मोहनी (४५, ५२, ५३, ५५, ६०, ६१, ६५, ६८, ८९, ११३, १२३, ५९) [< सं. मोहनी]

शोधन गरी राखिएको, शक्तिको प्रतीक कालो टीका, दशैं, सम्मोहन

याका मिसाया द्यो ब्वय्केगु (७२)

नवदुर्गागणले 'याका मिसा' बाट विशेष पूजाभाव ग्रहण गर्ने एक रोचक विधान । यस विधानलाई स्थानीय लोक जीवनमा 'याका मिसाया पुजा काय्गु' भन्ने चलन पनि छ । 'याका मिसा' भन्नाले एक्ली महिला (अविवाहित वा सन्तान नभएकी विधवा) भन्ने कुरा जानिन्छ । गोल्मढी टोलको *सितिखु गल्लीमा* सम्पन्न गरिने यस विधानमा नवदुर्गागणले विना भेदभाव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समभाव रुपमा समाजका सबै वर्ग जाति, स्त्री/पुरुषलाई बराबरी रुपले व्यवहार गर्ने सभ्य सामाजिक संस्कार दृष्टिगत हुन्छ ।

याकाति (१०५)

दक्षिण तीरमा बस्ने देवी । वाराही ।

याकति अजिमा (१०५)

वाराही ।

याबी (६८) [ने.या + ने.बी.]

पश्चिम । नवदुर्गागणको नाच प्रस्तुतीकरण हुने स्थानका परिप्रेक्ष्यमा भक्तपुर राजदरबारको पश्चिम तथा विलुप्त बसन्तपुर राजदरबार सामुन्ने ।

योम्हारी पुन्ही (४९) [~ ने.यःमह्नि + सं. पूर्णिमा]

धान्य पूर्णिमा । मार्ग शुक्लपक्ष पूर्णिमा ।

लक्ष्मीस्वाँ (९४) [< सं. लक्ष्मी + सं. सुमन]

लक्ष्मी पुष्प, लक्ष्मीपूजामा चढाइने मुख्य फूल ।

लाफोस्वाँ (९४)

?

लाय्कू (१११, ११३, १२४) [< सं.राजकुल]

राजकुल, राजदरबार ।

लुमाढे (१०५)

भद्रकाली ।

लुँ ध्वाखा (१०४, १३१) [< ने. लुँ + ने.ध्वा + ने. खा]

स्वर्णद्वार ।

लंगुमादु (१०५)

महालक्ष्मी ।

लः ल्हाये (५६, ५९) [~ लव ल्हाये 'हात माथि थिच्नु !']

प्रदान गर्नु/सुम्पनु ।

वसः हेय्गु (८४, ८५) [~ वसः हिइगु < सं. वस्त्र + ने. हिइगु]

लुगा धोएको अभिनय गर्ने । अभिनयप्रधान नवदुर्गानाचमा, बालकुमारीले श्वेतभैरवको पेट दुखेको निको पारीदिएपछि, खुशी भएर आफ्नो मनपर्ने सेतो वस्त्र बालकुमारीलाई दिनुअघि श्वेतभैरवले सो वस्त्र धोएको अभिनय-प्रदर्शन गर्छन् । यसरी वस्त्र धुने सो अभिनय-प्रदर्शनलाई ***वसः हेय्गु*** भनिन्छ ।

वाछि या छगु-छगु नखा वइगु (४८) [~ बाः छिया छगू छगू नखाः वइगु]

रोपाईंकार्य सकिएपछि, घण्टाकर्ण चतुर्दशीदेखि ***प्रत्येक १५-१५ दिनमा एउटा-एउटा चाड (भोज) बाउँछ*** भन्ने लोककथन नेवार समाजमा प्रसिद्ध रहँदै आएको छ ।

वापिचा पाछाय्केगु (७२)

नेवारीमा ***पिचा*** नामक निगालोले बनेको भाँडोमा धान र त्यसमाथि एउटा बिमिरा राखी नवदुर्गागणलाई चढाउने विधान ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तपुरको नवदुर्गा गण

वाता अजिमा (१०५)

ब्रम्हायणी ।

वंकुलि (१२९) [वंकुलि, अमरकोश, ने.सं. ५०६, ९क:०४ ?]

धान्यलक्ष्मी, भक्तपुर राजदरबारस्थित मूलचोकको इशानकोणमा अवस्थित पूर्व उत्तर कोण देवी ।

सम्हय् ब्व (८५) [< सं. सामिष +

माछा, भटमास, अदुवा, पोलेको मासु, स्याबजीसहित चिउराको एक भाग ।

सभुं (५७)

न्य ख (७९) [~ निक्व:]

दुई खेप ।

सभुंग: भैलघ: (६२, ६४)

क्रोधभैरव । भक्तपुर टौमढीटोलको जङ्गममठको सामुन्ने पूर्वपट्टि मूलबाटोछेउमै रहेको अनाकृत प्रस्तर । (चित्र संख्या १८)

सलां गन्घ: (७४)

भक्तपुर नगरको तचपालटोलस्थित दक्षिणाभिमुख गणेश । यी गणेश भक्तपुरका आदि-गणेशका रूपमा मान्य छन् । यसो हुँदा नवदुर्गागणले पनि कतै सवारी हुँदा यिनै गणेशलाई सर्वप्रथम ढोग दिने चलन छ ।

सम्हय्बजि (५९) [< सं.सामिष + ने.वजि]

माछा, भटमास, अदुवा, पोलेको मासु, स्याबजीसहित चिउराको संयोजन । तान्त्रिक पूजाक्रममा पञ्चमकार प्रयोग गर्दा सम्हय्बजि अपरिहार्य हुन्छ ।

स्वाँ क्वकाय्गु (६५) [सं. सुमन + ने. क्वकाय्गु]

कुनैपनि पूजा समापन गर्ने, विसर्जन-विधान । विजयादशमीको रातमा तलेजुभवानीको साथमा नवदुर्गागणले नगर परिक्रमा गरेर टौमढीटोलस्थित *सभुंग भैलघ:* रहेको ठाउँमा आइपुगेपछि नवदुर्गागणका कालभैरवले सो सभुंग भैलघ:लाई चढाएको फूल प्रसाद उतारी विधिपूर्वक ग्रहण गर्ने विधानलाई भनिन्छ ।

साचिनिया (१०७) [साचिनि + या] ?

भक्तपुरको नेवार समाजका एकथरी वर्ग ।

सालोङ (१०५)

माहेश्वरी ।

सिकाली (१३५) [< सं. शिवकाली]

भक्तपुर, भेलुख्य:टोलको नृत्यनाथसँगैको शिवकालीको संयुक्त मूर्ति । *हयाउँ ध्वँ* नामको रातो जाँड पार्नका लागि जनजीवनमा सिकालीदेवीको पूजा उपासना गर्ने चलन छ ।

सिकाली प्याखँ (४१) [ने.सि. < सं. शिव + सं. काली + सं. उपाख्यान]

खोकनाको रुद्रायणीनाच ।

सिंघिनी + व्यांघिनी (१०, ४१) दुम्ब: तल हेर्नुस्]

सिंही सदृश, सिंहाकृति-मुकुण्डो धारण गर्ने गणभित्रका एक रक्षक सदस्य *सिंघिनी* र यसकै दौंतर- बघिनी सदृश व्याघ्र-मुखाकृति-मुकुण्डो धारण गर्ने अर्को एक रक्षक *व्यांघिनी* हुन् । भक्तपुरको नवदुर्गा गण/नाच लगायत यहांको लोकजीवनमा चाहिँ *सिम्ब* र यसको दौंतरको रूपमा *दुम्ब:* प्रचलित रहँदै आएको पाइन्छ ।

सिठि नखा (४९) [< सं. षष्ठी + ने.नखा:]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जेष्ठ शुक्लपक्ष षष्ठी तिथि ।

सिन्हाज्या (९१, ९३, १०६, १२७) [?]

रोपाईं ।

सिम्ब (१०, ४३, ४७, ५४, ७४, ७७, ७८, ८३) [~ सिम्बः < सिंभार (ने.सं.७९३) < सं. सिंह भट्टारक]

सिंही सदृश सिंहाकृति मुकुण्डो धारण गर्ने नवदुर्गागणका एक रक्षक सदस्य ।

सिफो स्वाँ (४१, ९४) [< ने.सिफ्वल + ने.स्वान (<सं. सुमन)]

रक्त करवीर पुष्प । तान्त्रिक पूजा अनुष्ठानमा रक्त करवीर पुष्पलाई साक्षात देवी (त्रिपुरसुन्दरी, काली, तारा आदि) रूपमै मानी तान्त्रिक पूजा अनुष्ठान गर्ने चलन छ । नवदुर्गागणको परिप्रेक्षमा पनि महालक्ष्मीको पार्श्वभागमा रहने कलश रक्त करवीर पुष्पले युक्त रहने हुँदा *सिफो ह्र* रूपमै मान्य छिन् ।

सिंभार, दुम्भार (४७) [सिम्बः दुम्बः माथि हेर्नुस् ।]

सिम्बः, दुम्बः । वर्तमानमा प्रचलित *सिम्बः दुम्बः* मल्लकालीन लौकिकजीवनमा सिंभार दुभांर नामले प्रचलित थियो । जितामित्र मल्लकालीन धरः पौ (लगत) को एक ठाउँमा ***सिंभार दुंभार*** को उल्लेख आएको छ । त्यसकै पछिल्लो रूप *सिम्बः दुम्बः* हो भन्ने कुरा यताबाट पनि जानिन्छ ।

सिला चह्रे (४९) [< सं.शिव + ने.ला + सं.चतुर्दशी]

महाशिवरात्रि, फाल्गुन कृष्णपक्ष चतुर्दशी तिथि ।

सिलाचा छ्वयेके (३१) [< सं. शिव + ने.ला + ने.चा + ने.छ्वयेके]

फाल्गुन कृष्णपक्ष चतुर्दशी (शिवरात्रि) को रातमा भगवान शिवको अनुष्ठानस्वरूप काठ, दाउरा बाल्ने परम्परा ।

सिति भैलघः पिकाय्गु (७९, ८२) [< सं. श्वेत भैरब + सं.देव +ने. पिकाय्गु]

श्वेतभैरवलाई सेतो खाष्टो ओढाई, सेतो कुखुरा चढाई अनेक उपचारसहितले पूजाकर्म चलाइने विधान । ***ञ लाकेगु*** नाच प्रस्तुत गरिने सम्बद्ध टोलमा *श्वेतभैरवको विशेषरूपको ऐच्छिक, एकल - पूजा ।*

सी जा नकेगु (८९, ९१) [< ने. सी + ने.जा + ने.नकेगु] 'मृत्यु भात खुवाउने'

अन्तिम भात-भोजन खुवाउने । भक्तपुर राजदरबारस्थित तलेजु-मूलचोकमा नवदुर्गागणलाई कालो तिल मिसाइएको भात खुवाई, अघि तलेजुबाट प्रदान गरिएको मन्त्रशक्ति फिर्ता लिने एक तान्त्रिक विधान ।

सी बाजा (४०, ५१, ९३) [ने.सी + सं. वाद्य]

शवयात्राका बखतमा बजाइने परम्परागत बाजा ।

सी बाजं (९३) [< ने. सी + सं. वाद्य/वादन]

शवयात्राका बेलामा बजाइने बाजा ।

सी जा (४३, ८९, ९०) [< ने.सी + ने.जा]

अन्तिम भात-भोजन । अन्त्यकालको प्रतीकका रूपमा, आफनो अवसानपूर्व नवदुर्गागणले तलेजु मूलचोकमा गई ग्रहण गर्ने बलिको शिर-भाग प्रसाद सहित *कालो तिल मिसाइएको भात भोजन* ।

स्वं ब्यु वानेगु (७४) [~ स्वाँ ब्यू वानेगु]

फूल प्रसाद वितरण गर्न जाने ।

सःमि (६५, ९३) [< सं. शाला + ने. मि]

परम्परागत पेशाका रूपमा तेलको उद्योग धन्धा चलाउँदै आएका एक नेवार जाति - मानन्धर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्णरूपले संस्कारित नवदुर्गागणको तन्त्रमय जीवनमा जसरी हिन्दू बौद्ध संस्कार समभावरूपले दृष्टिगत हुन्छ, त्यसरी नै भक्तपुरको सांस्कृतिक जीवनमा हिन्दू जजमानका बौद्धमार्गी पुरोहित - वज्राचार्य र बौद्धमार्गी जजमानका हिन्दू पुरोहित पनि मान्य रहँदै आएको परिप्रेक्ष्यमा, समभाव-संस्कारको मिश्रित रूपको एउटा उत्कृष्ट उदाहरण ब्रतबन्ध संस्कार गर्दा वैदिक विधिअनुसार गोपुच्छप्रमाणको रूपमा टुपी राख्ने हिन्दूहरूको संस्कारभाव भएका मानन्धरहरले पुरोहितका रूपमा वज्राचार्यलाई मान्ने संस्कारलाई लिन सकिन्छ ।

सः (९१) [~ साल < सं. शाला]

परम्परागत रूपमा भुटेको तोरीको तेल पेल्ने कारखाना वा तैल्यशाला ।

ह्याउँ ज्या [*कुम्हाः*] (३९) [< ने.ह्याउँ + ने.ज्या + सं. कुम्भकार]

परम्परागत रूपमा रातो माटोको काम गर्ने प्रजापति उपपदका कुमाले ।

ह्याउँ थ्वँ (१२६) [< ने.हियाउन + ने. थ्वँ]

रातो जाँड ।

हाकु ज्या कुम्हः (३९) [< ने. हाकु + ने.ज्या + सं.कुम्भकार]

परम्परागत रूपमा कालो माटोको काम गर्ने *प्रजापति* उपपदका कुमाले । घण्टाकर्ण चतुर्दशीका दिन सम्बद्ध *हाकु ज्याः कुम्हः* ले नवदुर्गागणको मुकुण्डो बनाउनका निमित्त चाहिने माटो विधिपूर्वक सम्बद्ध *गाथाह*रूलाई प्रदान गर्छन् ।

हि कोँचा (६७) [< ने.हि + ने.क्चं, सद्यन्तकोश, ने.सं.६२० : ५क:०४ < सं. कमठ ?+ ने.चा]

रगत राख्ने माटोको भाँडो वा घ्याम्पो ।

हिफोस्वाँ (९४) [< ने.हि + सं. फुल + सं. सुमन] 'रक्तफूल' ।

लालीगुराँस ।

हैमा घः (४६) [< स. हैमवती देव (!)]

हैमवती (नृत्यनाथको शक्ति) । भित्ता, पर्खाल आदिमा देखापर्ने त्रिकोणाकार-प्वाल ।

होलिपुन्ही (११०) [< सं.होलीका + सं. पूर्णिमा]

फाल्गुन शुक्ल पूर्णिमा तिथि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्य स्थान-नाम अनुक्रमणिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क

कमलादी गणेशस्थान ६
कर्णाली प्रदेश ३३
कान्तिपुर १७,११०,१२९,३७,२४
काठमाण्डौं उपत्यका ६,५९
काशी ६४
कामरुप २३
कोटाल टोल ६
कीर्तिपुर ७,२३

ख

श्रीखण्डपुर १०५,१२४
खोकना १६,४१,१००

ग

गोलदेवल ३३
गोकर्ण ७२
गोरखा ११५,१२६
गौचरण ७२

च

चनिगल स्थान ७५
चण्डेश्वरी क्षेत्र ९१
चण्डी भगवती स्थान १०१
चावहिल ७
चागुनारायण ७
चौकोट ७२,१२४

ज

जयवागीश्वरी १७,७२
जरुन डाडा ११३

ट

टुडिखेल १०९
टौमढी टोल १९,१७,२६,६४,६५

त

तिरहुत ६२,१३४
टोखा ७२

द

दक्षिण भारत ४८
दक्षिणकाली स्थान १०८
देवपतन ४१,७२
देश ६७,६८,७०,७६,१०१,१११,११४, ११६,१२०,१२१
दोलखा ६८

ध

धुलिखेल ७२,११६,११०,१११,११२,११४,१२४,१३३

न

नवगृहस्थान ७२
नाला २५,७२,१०५,१०७,१२४
नेपाल उपत्यका १७,२२,२८,६२,१०१,१०९,११५,१२५

प

पनौति ७२,१०५,१०९,११०,१२४
पशुपती वनकाली १५
पाटन च्यासलहिटी ६
पाटन ७
पलाञ्चोक १४

ब

बङ्गाल २८,१२५
वल्खु ७
बगलामुखी ७
बनेपा ७२,१०५,१०८,१०९,११०,१२४
बनेपा बकुटोल १०८
ब्रम्हायणी स्थान ५६
ब्रक्हायणी क्षेत्र ९१
बालकृष्ण कायष्ठ १०८
बालाजु ६

भ

भक्तपुर १०,१६,१९,२२,२३,२५,२८,३७, ४१,४६,४८,५३,६१,६९,७०,७२,११०,११६,११७,११८,१२४,१२५,१२६, १२८,१२९,१३७,१३८,१३९
भक्तपुर राजदरवार ५९,११३,११४,१२८,१२९,१३१,११६,११८
भारत १२५,१२६
भोट १०९,११५

म

मनोहरा ७२
महाबौद्ध ७
मङ्गलतीर्थ १९,५०
मालिगाउ ७
मिथिला ३५,१२६
मूलचोक ६६,६२,८९

ल

ललितपुर २२,४१,११०,११७,१२८,१२९
लुम्बिनी वन्जरही ११

व

वान्दिमस्थान ७५

श

शिवगल स्थान ७५
शंखमूल सिक:वही ८

स

सांगा ४९,७२,१२४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सांखु ७२
सिकबही १८
सुवहालहिटी ७
सिम्रौनगढ २३,३०,६९,६२,१२५

ह
हनूमान्घाट १९,२१,३३,५०
हनूमान्ढोका राजदरबार ११५
हाँडीगाउ ६,७,१४,१५,६१
हौगल वाहाल ६

त्र
त्रिपुरविद्यापीठ आगम ७५,१०१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालभाषा स्थान-नाम अनुक्रमणिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अ

अजिमाडो १००

इ

इनाचो १९,३७,२८,४४,५४,६०,६४,७१,१०७,६८,७३
इच्छु २९,३३,४०,४५,८१,७०,७८,६८,७१,८०
इपाछें आगम २५,६०,६६,६७
इताछें ६४,६८,१०४
इपाछें टोल १०७,६७,६६,११०,२५,४६,२५,२६,१३०
इखुडो ३३
इलमाडो १००

क

क्वाठण्डौ ३७,७०,७१
क्वाछें आगम ४०,६६
क्वाछें २९,७५,६४,६०,७१,६६
क्वाछेंडो १००
कासां खुशी ५०
कुल्माडो १००
कुमाखुशी घाट १००
कुमाछें तालाक्व ४८
कुथुवहाल ७७
कोलाछें टोल ४६

ख

खड्पु ७२,१२४
ख्वप लाय्कू ६०,६२,६५,८९
खौमा वाहाल ७७
खौमा १९,६४,६८,७७
खं कुथि ६१
खंचा ३७

ग

ग:छें २५,२८,२९,७४,७३,३७,१३२,१४१,६८,७१
ग:हिटी ६८,७१,७०
ग्वल ७३
गोल देवल ३३
गोल्मढी ६०,६४,६८,७०,७२

च

चलाखु २१,७४
च्यामासिंह ध्वाखा ९२
चावहिल ७
चुपिंघाट २१,५०,७७,१०९
चुपिङ्गाल १९
चुचाछें २६
चोरचा ३७
चोछें २९,६८,७०,७१,७३,७४

ज

ज्वल गुं १११

जिस्वाचुक १२८
जेंला ६८

झ

झयासिमलाचा गल्ली ४६

ट

टिवुक्छें १९,७३,७०,१०१,६०,६४,६८,७१,७४,६५
टिवुक्छें सुखुध्वाखा १०१

ठ

ठिमी ७२

त

तचपा (तचपाल) ६७,७१,७३,७५,,६०,६५,६७,७१,६८८४
त:माह्नी (टौमढी) ६०,६८
त्वाचा ७२
ताहा फल्चा १३२,१४१
ताजाछें २६
तापालाछी ५४,१०६
तालादफो ४५,१२६
तालाक्व ६८,६९,७०
तुवुजुडो १००
तुप्या ६८,७२
तुलाछें १९,६४,६८,७०,७५,१०१,१०६
तुंगछें २६
तेखाचो १९,६५,१०६
तौलाछें १९,२९,४४,५५,६९

थ

थथुवाहाल ७७
थाथुलाय्कू ६४,७१,८२,८५,८६,८७
थेचो ३७
थालाछें ६५
थंथु राजकुल ८२

द

दथुत्वाचा ६८,६९,७३
दथु लायकू ७१
दथु वाहाल ७७
दुम्ह ख्य: ७७
दुवसी वाहाल ७७

ध

ध्वाखासिं ९२

न

नवदुर्गा छें ४०
नवदुर्गा च:छें २८,४०,४८,६४,६७,७२,९१,११७
नगदेश ७२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नकिंजुडो १००
नवदुर्गा फल्चा १११
नवदुर्गा ज्वल गुं ११४
नवदुर्गा ज्वल २५
नासमना ६५,१०५
नासमना वाहाल ७७

प
पसिंख्यघाट १००
पमाडि ११०
पसलछें/पसःछें २६
पुवहाछें २६
पेंकिचोलाघाट ५०,१००

ब
ब्रम्हायणी ध्वाखा ५९
ब्रम्हायणी ज्वल १०७
वाहाता ६०,६५
वजिगांचाहिटी १०१
वेको चुक ६२
वोलाछें ४५,६५,६९
वोडे ७२

भ
भार्वाचो ६८,८४,१०१
भुसननी ७५
भुलुभुलुहिटी १०१
भेलुखेल १२६
भोलाछें १९,२९,६४,६८,१२६
भैलह्यूघाट १००
भौध्वाखाहिटी १०१

म
मसांडो १००
मुलाखु २१,६८,६९,८४
मंगलाछें ६५

य
यालाछें ६५,६८,७५,८२
याकतिडो १००
यामिख्य ७७
याछें ५८,६८,७३,८४
यातुवहार ५०
योसिंखेल २१,५०

ल
लासकुस ध्वाखा ६६
लास्कु ध्वाखा ६५

व
वानेलायकू ६०,७५
वालाखु २१,६१,७४
वाताडो १००
विलाछें ६९,७१,७३
विजुक्छें आगम ४०,६६,६७
विकुमाछें ३८

स
सन्तन बहाल ७७
स्वांमला २६,४६
सिम्ह ख्य ७७
सिकःवही १८
सिद्धिचोक ८२
सुजमाह्री ७१,७२,९२
सुवहालहिटी ७
सुजमाऱ्ही दवु ९२
सुखु ध्वाखा (सुकुलढोका) ६०,६४,१०१
सोंगःल्होंह ७०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्ति-नाम अनुक्रमणिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क

कमलप्रकाश मल्ल १७
काजीलाल शाही ४०
कुलमान २९,३०
कुमार खड्ग विक्रम ११८
केशव नारायण शर्मा १०७
कृष्ण गोपाल श्रेष्ठ १०७

ग

गयाशुद्दीन तुगलक १२५
गीर्वाणयुद्ध विक्रम शाह ११४,११५
गुश्चो ४८,५५,६३,६०,६५,१८,७६,
गोपीकृष्ण श्रेष्ठ १०७
गौतम वज्राचार्य २४

च

चन्द्र शमशेर ११५
चुन्दा वज्राचार्य ३३,४२

ज

जयन्ती ११८
जगदीश चन्द्र रेग्मी १६,९४
जिष्णु गुप्त ४८
जितामित्र मल्ल ४६,४७,६४,१०३
जुलाल कर्माचार्य ३८,३९,६७,७१
जुद्ध शमशेर ११५,११६

ट

टि.आर.बैद्य १०२
टेक वहादुर श्रेष्ठ १७,२३

ड

डी.सी सरकार ३,६८
डेनियल राईट २०,२४
डी.आर.रेग्मी २४,३३

द

देवल देवी १२५,१२६

ध

धनवज्र वज्राचार्य १९,२३,८,१७,१२७,१२५,१२४,२८
धनदेव ३२
धनशमशेर १३,४१,४४
धीर शमशेर ११५
धीरेन्द्र ११८

न

नयनाथ पौडेल १५
नान्यदेव ६३
निराजन ११८

प

पाण्डेय पं श्री राम नारायणदत्ती जी शास्त्री ११
पुरुषोत्तम लोचन श्रेष्ठ१०,६२,४६,१२३,१०२,१६,१०८
पूर्ण चित्रकार ५१
प्रमिला कर्माचार्य १०६
प्रीथीमान २९,३०

ब

वलराम साचिनिया १०३
वल भद्र ४६
वलदेव गुरु ५७
वावु काजी वज्राचार्य १०४
वालचन्द्र शर्मा ३३
वासु कला ०५,३७,४८,५५,६०,६३,८४
विमल ताम्राकार १०४
वुद्धि वहादुर वनमाला ४६,४२

भ

भीम शमशेर ११५
भी.एस.पाठक १६,४८
भुवन मल्ल २४
भूपतीन्द्र मल्ल १०३

म

मन वज्र वज्राचार्य १५
मानसिंह देव ३२
मारियाना कोफ १३२
मीरा श्रेष्ठ ९५
मोहन शमशेर ११५,११६

य

यक्ष मल्ल २९,१०३
योगी नरहरिनाथ २०
योगेशराज १८,१९,२४,३१,१०६,११३,१०५

र

रमापति राज शर्मा ७९
रत्नराज शर्मा २१,२५,११०
रामजी किलम्बु १०६
रामचन्द्र वादे श्रेष्ठ १०८
रामलाल कर्माचार्य ११०,११३
राजेन्द्रविक्रम शाह ११४
राय मल्ल २४
राहुल सांकृत्यायन २३
राम देव ३२
रागेय राधव ४५
श्री राजरहस्पती २६
रुद्र मल्ल २६,१२५
रोवर्ट आई.लेभि १८

ल

लैनसिंह बाड्देल ६,७,१०,१४

CC-0. In Public Domain. Digitization by eGangotri

व
वासुदेव ३२
विवेकदास ११८
विनोदराज शर्मा ९४,९३,७१,१०५,१२७,१०८,
६७,१०६,९५,१३०,४६,६८,६६
विजयस्वामिनी १४
विश्वदेव ३२
विकुलाल वनमाला ७१
वीर शमशेर ११५
श्री ५ वीरेन्द्र ११६,११

श
श्याम सुन्दर राजवंशी १४
शमशुद्दीन २८,१२५
शारदा ११८
शान्ति ११८
शिवदेव ३२
शिवदत्त ज्ञानी ३
शिवङ्कर अवस्थी शास्त्री ४
शंकरमान राजवंशी ३३
शिवराम वनमाला १५९

स
स्थिति मल्ल ११,३३,१२६
सुधाकर चोटोपाध्याय ३
सुमन आचार्य २८
सुवर्ण मल्ल २४,३३
सुरेन्द्रमान श्रेष्ठ ५७
सुरेन्द्रवीर कर्माचार्य ७१,१०८
सूर्यप्रसाद ८२,८३८५,८६,८७
सूमी बनेपाली १०३,११७,११९
सोमराज २६,१२५
श्रुती ११८

ह
हरिराम जोशी ४,५,६,७,१४,६१,१०१
हरि भक्त खोजु श्रेष्ठ ११०
हरिसिंह देव १२५
हेमराज शाक्य १०२
हेमिल्टन ४६

त्र
श्री ५ त्रिभुवन ११६

ज्ञ
ज्ञानसिहं १०७
श्री ५ ज्ञानेन्द्र ११९
ज्ञानबहादुर कपाली ४५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

या देवी सर्वभूतेषु मातृरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ।।

दुर्गा सप्तसती, ५।७३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"..... नेपालको सांस्कृतिक नगर भक्तपुरको सांस्कृतिक इतिहासको वैभवता र अमूर्त संस्कृतिको बारेमा एक दुई दशकदेखि विद्वानहरूले कलम चलाउँदै आएका छन् । त्यसमा डा. पुरुषोत्तमलोचन श्रेष्ठको नाम सर्वप्रथममा नै पर्दछ । ..... भक्तपुर नगरको श्री नवदुर्गाको पूजा परम्परा, नाच र यससँग सम्बन्धित ऐतिहासिक, पुरातात्विक, धार्मिक, सामाजिक इतिहास, वर्तमान जनमानसमा यसप्रतिको धारणालाई विद्वान लेखकले सप्रमाण, सरल भाषामा लेखी भविष्यका सन्ततिलाई समेत ठूलो गुण लगाउनु भएको छ । ....."

प्राध्यापक डा. मुकुन्दराज अर्याल

प्रमुख, केन्द्रीय संस्कृति विभाग, त्रि.वि., कीर्तिपुर

"..... भक्तपुरको ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक अन्वेषणका क्षेत्रमा एउटा नौलो प्रयोग र प्रयास लिएर देखापरेको भक्तपुरको नवदुर्गा गण पहिलो अनुपम ग्रन्थ हो । यस ग्रन्थको अध्ययनबाट देश, मान्छे र देउता एउटै चाल, ताल र लयमा चलेका रहेछन् भन्ने कुराको चाल पाइन्छ - धिन् ताल्ल !!!"

विनोदराज शर्मा

पुरोहित, इपाछें टोल, भक्तपुर

"प्रामाणिक इतिहास लेखनका क्षेत्रमा कलम चलाउँदै आएका डा. पुरुषोत्तमलोचन श्रेष्ठद्वारा लिखित भक्तपुरको नवदुर्गा गण नामक अनुसन्धानात्मक ग्रन्थले भक्तपुरको धार्मिक र सांस्कृतिक वैभवलाई प्रकाशमा ल्याउन, संरक्षण गर्न र समग्रमा सिङ्गो नेपाली समाजलाई नवदुर्गा गण भैं एकीकृत शक्तिको रूपमा अघि बढ्न उल्लेखनीय योगदान पुऱ्याउनेछ भन्ने पूर्ण विश्वास लिएको छु । ....."

सुरेन्द्रवीर कर्माचार्य

तलेजु - पुजारी, भक्तपुर राजदरबार

त्रिपुर विद्यापीठ, सुकुलढोका, भक्तपुर

डा. पुरुषोत्तमलोचन श्रेष्ठ त्रिभुवन विश्वविद्यालय अन्तर्गत भक्तपुर बहुमुखी क्याम्पसमा प्राध्यापन गर्नुहुन्छ । उहाँले *भक्तपुरमा तान्त्रिक शक्तिको युग* (२०५०) विषयमा विद्यावारिधि गर्नुभएको छ । उहाँका *सिद्धपोखरी - एक ऐतिहासिक विश्लेषण* (२०५४), *त्रिपुर र युथुनिमम् राजकुल* (२०५८), *भक्तपुर राजदरबार* (२०५९, अंग्रेजी) आदि कृतिका साथै दर्जनौं फुटकर अनुसन्धानात्मक लेखहरु विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् ।

- प्रकाशक

US $20
ISBN 99933-34-40-5
9 789993 334408

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal